# बाइबलीय व्याख्याका नियमहरू

डा. पुऱ्याउन म्याकएल्विनद्वारा
तयार पारिएको

shepherds
GLOBAL CLASSROOM

प्रतिलिपि अधिकार © २०१४ सेफड्र्स ग्लोबल क्लासरूम
पहिलो संस्करण  ISBN:

सर्वाधिकार लेखकमा सुरक्षित छ । सेफर्डस् ग्लोबल क्लासरूम (SGC) बाट लिखित अनुमति नलिई जाँचका पृष्ठहरूबाहेक यो पुस्तकको कुनै पनि भाग विद्धुतीय, यान्त्रिक, फोटोकपी, रेकर्डिङ्ग वा अन्य कुनै पनि प्रकारले- पुनःप्रकाशित गर्न वा प्रसारण गर्न पाइँदैन । हाम्रो एस.जि.सि. अङ्ग्रेजी पाठ्यक्रमको खरिदमा यसले हामीलाई अनुवाद गर्न र त्यसपछि यस पाठ्यक्रमलाई संसारभरिका ख्रीष्टियान अगुवाहरूमा पुऱ्याउन सक्षम बनाउनेछ । एस.जि.सि. लाई सम्पर्क गर्न वा यो जोरदार दर्शनलाई सहयोग गर्न, यहाँ जानुहोस्: www.shepherdsglobal.org.

अन्यथा नलागेसम्म, यसका सबै बाइबलीय उद्धरणहरू अङ्ग्रेजीमा किङ जेम्स पवित्र बाइबलबाट लिइएका हुन् । “ESV(इ. एस.भि.)” को रूपमा जनाइएका बाइबलीय उद्धरणहरू इ.एस.भि. संस्करणको बाइबलबाट लिएका हुन् (द होलि बाइबल, इङ्लिस । स्ट्याान्डर्ड भर्सन®), प्रतिलिपि अधिकार ® २००१, गुड न्यूज पब्लिसर्सको प्रकाशन सेवाकाइ, क्रसवेद्वारा प्रकाशित । स्वीकृति लिएर प्रयोग गरिएको । लेखकमा सर्वाधिकार सुरक्षित छ ।

अवधारणा डिजाइन: ब्रान्डन हिलिगस
आवरण डिजाइन: शेन म्युर
सम्पादकीय लेआउट:  एज्रा मोर्ले

# विषय-सूची


**पाठ्यक्रमको संक्षिप्त विवरण** ५

१. बाइबलीय व्याख्याको परिचय ७

२. अवलोकन: पद हेर्नु १७

३. अवलोकनः ठुला खण्डहरू हेर्नु ३३

४. व्याख्या: परिचय ५३

५. व्याख्या: सन्दर्भ ६१

६. व्याख्या: शब्द अध्ययन ८३

७. व्यावहारिक प्रयोग ९७

८. व्याख्याका नियमहरू १०७

९. बाइबल अध्ययन पुस्तकालयको निर्माण ११७

१०. सबै कुराहरूलाई एकै ठाउँमा राख्नु १२५

**सिफारिस गरिएका स्रोत-सामग्रीहरू** १३५

**गर्नुपर्ने कार्यहरूको अभिलेख** १३७

**उद्धृत धर्मशास्त्र** १३८

**सूची** १४०

# पाठ्यक्रमको संक्षिप्त विवरण

यो पाठ्यक्रमले बाइबलीय व्याख्याका आधारभूत नियमहरूलाई परिचित गराउँछ। प्रत्येक पाठमा केही व्यावहारिक क्रियाकलापहरू छन्। तपाईंले प्रत्येक कक्षा सत्रमा कक्षा बाहिर गरिने गर्नुपर्ने कार्यहरू लागि अतिरिक्त ९०-२० मिनेटको समय छुट्याउनु पर्छ। किनभने यो पाठ्यक्रम मूलत: व्यावहारिक क्रियाकलापहरूमा आधारित छ, तपाईंले एउटा पाठलाई एक भन्दा बढी भेटघाटहरूका लागि विभाजन गर्न सक्नुहुन्छ। यसले विद्यार्थीहरूलाई क्रियाकलापहरू पूरा गर्न अतिरिक्त समय प्रदान गर्नेछ।

पाठमा सिकाइने नियमहरूको अभ्यासको लागि धेरै जसो पाठहरूमा विभिन्न **क्रियाकलापहरू** हुनेछन्। विद्यार्थीहरूले होसियारपूर्वक ती क्रियाकलापहरू गर्न पर्याप्त समय लिनु आवश्यक छ। ती क्रियाकलापहरू विभिन्न धर्मशास्त्रीय खण्डहरू हुँदै अघि बढ्छन्। पाठ सक्न हतार नगर्नुहोस्। किनभने धेरै क्रियाकलापहरू विद्यार्थीहरूका लागि नयाँ हुनेछन्, प्रत्येक विद्यार्थीलाई क्रियाकलापहरू कसरी पूरा गर्ने भनेर बुझाउन समय लगाउनुहोस्। यसको प्रमुख लक्ष्य कुनै खास उत्तर खोज्ने होइन; यसको प्रमुख लक्ष्य बाइबल अध्ययन गर्ने र व्याख्या गर्ने काममा सहजताको विकास गर्ने हो।

**छलफलका प्रश्नहरू** र **कक्षामा गरिने क्रियाकलापहरूलाई** बुँदा-संकेतहरूले जनाउँछन्। छलफलका प्रश्नहरूमा भने विद्यार्थीहरूलाई तिनीहरूका उत्तरमा छलफल गर्न दिनुहोस्। कक्षाका सबै विद्यार्थीहरूलाई त्यस छलफलमा सहभागी गराउने प्रयास गर्नुहोस्। आवश्यक परेको खण्डमा, तपाईंले विद्यार्थीहरूको नाउँ लिन सक्नुहुन्छ।

धेरै फुट नोटहरूले धर्मशास्त्रको सन्दर्भ-पदलाई जनाउँछन्। विद्यार्थीहरूलाई ती पदहरू हेर्न र समूहमा पालैपालो पढ्न लगाउनुहोस्।

प्रत्येक पाठमा **गर्नुपर्ने कार्य(हरू)** छन्। समूहमा प्रस्तुती गर्नु परेमा, त्यसलाई अर्को कक्षाको सुरुआतमै समय दिनुहोस्। प्रत्येक विद्यार्थीका नतिजाहरू माथि छलफल गर्ने समय दिँदै अन्य गर्न दिईएको कार्यहरूलाई समूहले समीक्षा गर्नुपर्छ।

सम्पूर्ण पाठ्यक्रमभरि प्रत्येक विद्यार्थीले **पाठ्यक्रम परियोजना** मा कार्य गर्नु पर्नेछ। पाठ १० को अन्त्यमा, तिनीहरूले यो परियोजना आ-आफ्ना कक्षा अगुवालाई बुझाउनु पर्नेछ।

## पाठ १

# बाइबलीय व्याख्याको परिचय

### पाठका उद्देश्यहरू

१. एक ख्रीष्टियानको लागि बाइबलको गहन अध्ययन किन महत्त्वपूर्ण छ भनेर थाहा गर्नु ।

२. बाइबल अध्ययनको लागि आवश्यक तीन कदमहरूको सूची बनाउन सक्षम हुनु ।

३. धर्मशास्त्रको रोजी खण्डको सावधानीपूर्वक अध्ययनको प्रक्रिया सुरु गर्नु ।

४. बाइबलको व्याख्यामा आत्मिक शक्तिको महत्त्वलाई सराहना गर्नु ।

## पाठ्यक्रम निर्देशनहरू

यो पाठ्क्रमले *सेफड्‌र्स ग्लोबल क्लासरूम* पाठ्यक्रमहरूका भन्दा भिन्नै स्वरूपलाई अनुसरण गर्छ । प्रत्येक पाठमा प्रश्नोत्तरहरूको साटो, धेरै कार्यहरू बाइबल अध्ययन परियोजनाहरूको स्वरूपमा हुनेछन् । यो पाठ्यक्रमको अन्त्यमा, तपाईंले बाइबलका धेरै खण्डहरू सावधानीपूर्वक अध्ययन गर्नु भइसकेको हुनेछ । पछिको प्रयोगका लागि यस जानकारीलाई एउटा पुस्तिकामा लेख्न म तपाईंलाई सिफारिस गर्छु । तपाईंले यो पाठक्रममा गर्नुहुने कार्य वचन प्रचार र बाइबलको पाठ तयारीका लागि उपयोगी हुनेछ ।

यी पाठहरू हवार्ड र विलियम हेन्ड्रिक्सद्वारा लिखित लोकप्रिय अभ्यास-पुस्तिका *लिभिङ बाइ दि बुक* मा आधारित छन् । यदि यो किताब तपाईंसँग छ भने, त्यसमा यस पाठ्यक्रममा सिकाइएका नियमहरू अभ्यास गर्ने र साथै, हरेक नियमबारे अरू छलफल गर्ने अभ्यासहरू भेट्नु हुनेछ । हुन त, यो पाठ्यक्रमको लागि अभ्यास-पुस्तिकाको आवश्यकता छैन । सबै आवश्यक सामग्री यसकै पाठहरूमा छन् ।

» तपाईंको अहिलेको बाइबल पढाइ अभ्यासहरूबारे छलफल गर्नुहोस् । यो तपाईंको समूहमा भएकाहरूको बारेमा धारणा बनाउने समय होइन; यो “परमेश्वरको वचनको कति गहिराइमा म पुग्दैछु?” भन्ने प्रश्नमा विचार गर्ने समय हो । आफैंलाई सोध्नुहोस्:

- कति चोटि म बाइबल पढ्छु?
- बाइबल पढ्न, मैले कति समय खर्च गर्छु?
- मैले धेरै बाइबल पढ्न नसक्ने २-३ कारणहरू के-के हुन्?

यो पाठ्क्रमको उद्देश्यको एउटा पाटो तपाईंको समूहको प्रत्येक सदस्यलाई परमेश्वरको वचनमा जरा गाडिएको जीवन जिउनलाई चुनौती दिनु हुनेछ। यसको पहिलो राम्रो कदम भनेको तपाईंको अहिलेको पढाइ अभ्यासहरूको इमानदारी पूर्वक मूल्याङ्कन गर्नु हो।

## परिचय

जिनि, एक ताइवानी ख्रीष्टियान हुन्, उ ख्रीष्टियान भएको पन्ध्र वर्ष भयो, तर उसले आत्मिक परिपक्वताको परिपक्वताको कम लक्षणहरू देखाउँछ। आफ्नो आत्मिक वृद्धिको कमीप्रति उ निरास थियो। एक साप्ताहिक आराधना-सेवा पश्चात्, उसले आफ्नो निरासा प्रकट पुऱ्याउन। "पास्टर, तपाईंले मलाई बाइबल पढ्न भन्नु हुन्छ। परमेश्वर आफ्नो वचनद्वारा मसँग बोल्नु हुनेछ भनेर तपाईं भन्नु हुन्छ। मैले त्यसै गरेँ! हरेक बिहान म बाइबल पढ्छु, र यसले मसँग कुनै कुरा गर्दैनँ। के भयो?"

अघिल्लो हप्ता नै सोध्नुपर्ने त्यो प्रश्न, प्रभुले त्यो आइतवार मेरो मनमा हालिदिनु भयो। "जिनि, तपाईंले बाइबल **कसरी** पढ्नुहुन्छ मलाई भन्नुहोस्।" उहाँको प्रतिक्रियाले उसको सङ्घर्षको एउटा महत्त्वपूर्ण तत्त्वतिर औंल्यायो। उसले जवाफ दियो, "हरेक बिहान काम गर्नु भन्दा अघि, म मेरो बाइबल खोल्छु र एउटा पद पढ्छु।" मैले सोधेँ, "के तपाईं काम गर्नु अघि, बाइबलको एउटा पुरै पुस्तक पढ्नु हुन्छ कि एउटा अध्याय पढ्नुहुन्छ?" "अहँ, हरेक बिहान बाइबल पल्टाउँदा जुन पृष्ठ आउँछ त्यहाँको एउटा पद मात्र म पढ्छु। र यसले खासै मदत गरेन!"

त्यस किसिमले बाइबल पढ्ने समस्याको बारे जिनिलाई बुझाउनमा मदत गर्न, मैले उनलाई मेरो बाइबल खोल्न र उसले देखेको पहिलो पद पढ्न भनेँ। त्यो बिहान, जिनिले पढे, "नेगेवका मानिसहरूले एसावका डाँड़ाहरू अधिकार गर्नेछन्, र डाँड़ाका फेदीका मानिसहरूले पलिश्तीहरूको देश अधिकार गर्नेछन्। तिनीहरूले एफ्राइम र सामरियाका खेतबारीहरू पनि अधिकार गर्नेछन्, र बेन्यामीनले चाहिँ गिलाद अधिकार गर्नेछ।"[१]

जिनिलाई मैले केही प्रश्नहरू सोधेँ। "नेगेव कहाँ छ?" डाँडाका फेदी कहाँ छ? एफ्राइमका खेत कहाँ छ? सामरिया नि? बेन्यामीन? अनि गिलाद?" यी प्रत्येक प्रश्नको उत्तर थियो, "मलाई थाहा छैन।" त्यसपछि अर्को हप्ता, "बाइबल कसरी पढ्ने" नामक बाइबल अध्ययन गर्न हामीले सुरु गर्यौं। त्यसपछिका केही हप्ताहरूमा जिनिले बाइबललाई व्याख्या गर्ने केही नियमहरू सिक्न सुरु गरे। हामीले परमेश्वरको वचनलाई कसरी ठीकसँग अर्थ्याउने र आजको समयमा धर्मशास्त्र कसरी बोल्छ भनेर थाहा गर्न सिक्यौं।

यो पाठ्यक्रमको लक्ष्य भनेको तपाईंलाई बाइबललाई व्याख्या गर्ने आधारभूत नियमहरू, जसलाई प्राय: "बाइबलीय व्याख्याशास्त्र" भनिने विषयबारे सिक्न र व्यवहारमा उतार्न सहायता गर्नु हो। ठुलो शब्दलाई लिएर नआत्तिनुहोस्; केवल पढाइ, व्याख्या गराइ र हाम्रो जीवनमा परमेश्वरको वचन व्यवहारमा उतार्ने काममा संलग्न हुनुहोस्। यी पाठहरू र अभ्यासहरू मार्फत, तपाईंले परमेश्वरको वचन बुझ्न, त्यसलाई तपाईंको जीवनमा व्यवहारमा उतार्न र अरूहरूलाई सिकाउनमा सहायता पुर्याउने औजारहरूको रूपमा पाउनु हुनेछ।


## मैले बाइबल अध्ययन किन गर्नुपर्छ?

"सम्पूर्ण धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम

१ ओबदिया १:१९

दिनलाई लाभदायक हुन्छ ।"[२] बाइबल परमेश्वरको वचन हो भन्ने तथ्य नै हामीले बाइबल सावधानीपूर्वक अध्ययन गर्नुपर्छ भन्ने यथेष्ट तर्क हो ।[३]

नयाँ सर्वेक्षणले अमेरिकी ख्रीष्टियानहरूले दिएको बाइबलको सैद्धान्तिक महत्त्वलाई देखाउँछ; दुर्भाग्यवश, यसले यिनै ख्रीष्टियानहरूले दिएको बाइबलको व्यावहारिक महत्त्वको कमीलाई पनि देखाउँछ ।[४]




धेरैजसो अमेरिकीहरू बाइबल परमेश्वरको वचन हो भनेर विश्वास गर्छन्, तर ५ जनामा एक जनाले मात्र हप्तामा चार चोटि वा सो भन्दा बढी चोटि बाइबल पढ्छ । बाइबल परमेश्वरको वचन हो भनेर विश्वास गर्ने लगभग आधा अमेरिकीले भने कहिलेकाहीँ मात्र बाइबल पढ्छन् ।

धेरै मानिसहरू बाइबल पढ्नबाट टाढै बस्न चाहन्छन् किनभने यो बुझ्न एकदमै गाह्रो छ भन्ने तिनीहरूलाई लाग्छ । बाइबल परमेश्वरको वचन हो भनेर विश्वास गर्ने धेरैलाई यसलाई कसरी व्याख्या गर्ने र व्यवहारमा उतार्ने भनेर थाहा छैन ।

बाइबल पढ्नको लागि धेरै मिहिनेत गर्नुपर्छ । के यो मिहिनेत लायक छ? हामीले किन बाइबल अध्ययन गर्नुपर्छ? धर्मशास्त्रले शब्दलाई चित्रहरूको रूपमा कोर्छ जसले किन बाइबल हाम्रो सचेत अध्ययनको लायक छ भनेर देखाउँछ ।

## बाइबल एउटा बत्ती हो ।

दाऊदले परमेश्वरको वचनलाई एउटा बत्तीसँग तुलना गरे; "तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति

---

२ २ तिमोथी ३:१६, *इङ्लिस । स्ट्यान्डर्ड भर्सन*

३ धर्मशास्त्रको प्रेरणा, धर्मशास्त्र-निर्धारक(क्यानोन)को गठन र धर्मशास्त्रको विश्वसनीयताको बारेमा अधिक जानकारीको लागि, सेफड्र्स ग्लोबल क्लासरूमको पाठ्यक्रम *ख्रीष्टियान विश्वासहरू*लाई हेर्नुहोस् ।

४ द बर्ना ग्रुप "स्टेट अफ दि बाइबल २०१३" को सर्वेक्षण https://www.barna.com/research/what-do-americans-really-think-about-the-bible/ नोभेम्बर २, २०२० बाट लिइएको ।

उज्यालो हो ।"[५] बाइबलले ख्रीष्टियान हिँडाइलाई निर्दिष्ट गर्छ ।

सुधारवादीहरूले *सोला स्क्रिप्टुरा (धर्मशास्त्रको पूर्णता)* को नियम सिकाए । यो नियमले मुक्ति र पवित्रताका लागि आवश्यक सबै ज्ञान बाइबलमा छ भनेर बताउँछ । यसको मतलब अरू कुराको अध्ययनबिना नै हामी धर्मशास्त्र बुझ्न सक्छौं भन्ने होइन । यसको मतलब परम्परा वा अध्ययन महत्त्वपूर्ण छैन भन्ने होइन । यसको मतलब विश्वासीको लागि परमेश्वरको वचन नै अन्तिम अख्तियार हो भन्ने हो ।

पुरातन इस्राएलका बत्तीहरू तेल राखेर बालिने सा-साना बत्तीहरू हुन्थे । त्यसले व्यक्तिको एक कदमको लागि मात्र प्रकाश दिन्थ्यो । तपाईंले दोस्रो कदम नबढाउनु भएसम्म त्यसलाई देख्न सक्नु हुँदैनथ्यो ।

यो एउटा ख्रीष्टियानको जीवनमा बाइबलको भूमिकाको एक उत्कृष्ट रूपक हो । केही ख्रीष्टियानहरू परमेश्वरसँग भविष्यको मार्गनिर्देशको लागि बिन्ती गरिरहेका छन्, तर परमेश्वरको वचनले आज तिनीहरूलाई जे गर्न भनेको छ त्यसको पालना तिनीहरूले गरिरहेका छैनन् । उहाँको वचन एक बत्ती हो; आज हामीले उहाँका आज्ञाहरू पालन गरेमा मात्र भोलिको लागि हामीले उहाँको मार्गनिर्देश पाउन सक्छौं ।

## बाइबल आत्मिक दूध हो ।

पत्रुसले बाइबलको अध्ययनलाई नवजात शिशुको दूधको तृष्णासँग तुलना गरे ।[६] बाइबल आत्मिक वृद्धिको लागि अत्यावश्यक छ । जसरी एउटा बच्चालाई शारीरिक रूपमा हुर्कन-बढ्न दूध चाहिन्छ, त्यसरी नै एउटा ख्रीष्टियानलाई पनि आत्मिक रूपमा हुर्कन-बढ्न धर्मशास्त्र चाहिन्छ । परमेश्वरको वचनको नियमित पोषकतत्त्वबिना, हामी कहिल्यै आत्मिक रूपमा परिपक्व हुने छैनौं ।

## बाइबल महजस्तै गुलियो छ ।

ख्रीष्टियानहरू भएर, हामीसँग त्यो भजनसंग्रहको लेखकको जस्तै प्रवृत्ति हुनु पर्छ जसले परमेश्वरको वचनलाई महसँग दाँजे ।[७] मह स्वास्थ्यकर अनि गुलियो दुवै छ । परमेश्वरको वचनको अध्ययनलाई बोझको रूपमा नभई, आनन्दको रूपमा लिनु पर्छ । जसरी युद्धमा गएको एउटा सिपाही उसको घरबाट आएको पत्र पढ्नमा आनन्दित हुन्छ, हामी पनि परमेश्वरले आफ्ना सन्तानलाई लेख्नु भएको पत्र, बाइबल पढ्नमा आनन्दित हुनु पर्छ ।

जब एउटा यहूदी केटोले व्यवस्था पढ्न सुरु गर्छ, उसले पहिला व्यवस्थाको पहिलो पृष्ठलाई छुन्छ र त्यसपछि गुलियो चाख्न आफ्नो औंलोलाई महमा डुबाउँछ । यो कुराले त्यो केटोलाई परमेश्वरको वचनको अध्ययन मधुमय छ भन्ने सिकाउँछ ।

## बाइबल आत्माको तरवार हो ।

हिब्रूका लेखकले भने, "किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड्को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।"[८] हामीले पहिले नै हेरिसकेका छौं कि २ तिमोथी ३:१६ ले सम्पूर्ण धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो भनेर सिकाउँछ । हाम्रो धर्मशास्त्रको अध्ययनको व्यावहारिक प्रभावबारे त्यसपछिको पदले बताउँछ,

---

५ भजनसंग्रह ११९: १०५

६ १ पत्रुस २: २

७ भजनसंग्रह ११९:१०३

८ हिब्रू ४:१२, *इङ्लिस । स्ट्यान्डड भर्सन*

"ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" प्रेरितहरूका सेवाकाइ धर्मशास्त्रमा आधारित थियो। त्यसैगरी, आज सेवाकाइको प्रभावकारिता परमेश्वरको वचनमा कायम छ।

परमेश्वरको वचन आत्माको तरबार हो जसद्वारा हामी शैतानको आक्रमणको जवाफ दिन्छौं।[९] आत्मिक युद्धमा यो हाम्रो हतियार हो। उजाड-स्थानमा येशुले परीक्षाको सामना गर्नु हुँदा, उहाँले व्यवस्थाको पुस्तकका वचनहरू उद्धृत गरेर शैतानको आक्रमणको जवाफ दिनुभयो।[१०]

धर्मशास्त्रले हामीलाई आत्मिक विजय र प्रभावकारी सेवाकाइको लागि सशक्त गर्छ। बाइबल अध्ययन मार्फत, झुटो धर्मसिद्धान्तलाई जवाफ दिन, साँचो धर्मसिद्धान्तमा हाम्रा मण्डलीहरू स्थापित गर्न र आजको संसारमा प्रभावकारी रूपमा सेवा गर्न हामी तयारी गर्छौं।

## मैले बाइबल अध्ययन कसरी गर्नुपर्छ?

» धर्मशास्त्रको खण्ड अध्ययन गर्नु हुँदा तपाईंले अहिले कुन पद्धतिको प्रयोग गर्नुहुन्छ? बाइबलको कुनै खण्डको अर्थ खोज्न तपाईंले उठाउनु भएका विशेष कदमहरूका बारेमा छलफल गर्नुहोस्।

बाइबल अध्ययन महत्त्वपूर्ण छ भन्ने कुरामा जिनि सहमत भयो। तर, उसलाई धर्मशास्त्र कसरी अध्ययन गर्ने भन्ने कुरा थाहा थिएन। परमेश्वरको वचनको गहिराइमा पुग्न उसलाई एउटा विधि चाहियो। यो पाठ्यक्रम प्रभावकारी बाइबल अध्ययनका लागि एउटा विधि प्रदान गर्नमा लक्षित छ। यी कदमहरू विभिन्न खालका बाइबल अध्ययनमा लागू हुन्छन्। पास्टरहरूले यी कदमहरूलाई वचन प्रचारको तयारी गर्दा प्रयोग गर्न सक्छन्। बाइबल शिक्षकहरूले यी कदमहरूलाई बाइबलका पाठहरू तयारी गर्दा प्रयोग गर्न सक्छन्। उपासनाको समयमा बाइबल अध्ययनमा यो विधिको प्रयोगबाट विश्वासीहरूलाई फाइदा हुनेछ।

यस पाठ्यक्रमा आउने विधिमा तीन वटा कदमहरू हुनेछन्।

## अवलोकन

यो कदममा हामी "बाइबलमा म के देख्छु?" भनेर सोध्छौं। यो कदममा हामी धर्मशास्त्रको बारेका हर सम्भव विस्तृत जानकारीहरूलाई अवलोकन गर्छौं। धेरै पाठकहरूले अवलोकनलाई छोडिदिनु हुन्छ र सीधै व्याख्यातिर अघि बढ्नुहुन्छ। धर्मशास्त्रको खण्डले के भन्छ भनेर हामीले सावधानीपूर्वक अवलोकन नगरेसम्म यसलाई साँचो तवरले बुझ्न सक्दैनौं। अवलोकनको कदममा, हामी धर्मशास्त्रको खण्डबाट हर सम्भव जानकारी बटुल्छौं। धर्मशास्त्रको सन्देशमा महत्त्वपूर्ण विस्तृत जानकारीहरूका पहिचान गर्न सिक्ने छौं। खास गरी, हामी पारिभाषिक शब्दहरू, संरचना, साहित्यिक संरचना र परिवेशका अध्ययन गर्नेछौं।

### पारिभाषिक शब्दहरू

कुनै पनि पुस्तकको अध्ययन गर्दाखेरि, हामी त्यस पुस्तकभरि दोहोरिएका शब्दहरूलाई हेर्छौं। १ यूहन्नाले यसका पाँच वटा अध्यायहरूमा *थाहा गर्नु* शब्दको कुनै न कुनै रूपलाई तीस पटक भन्दा बढी प्रयोग गर्छन्। यूहन्नाको पत्रलाई अध्ययन गर्दाखेरि, हामीले यस पुस्तकभरि यो शब्द पत्ता लगाउँदै अध्ययनलाई सुरु गर्न सक्छौं। यूहन्नाले *थाहा गर्नु* शब्द प्रयोग गरेका ठाउँहरूको सूचीले हामीलाई उनको सन्देशलाई व्याख्या गर्ने कामको सुरुआत गर्न मदत गर्नेछ। यूहन्नाको सन्देशलाई बुझ्न, हामीले यी प्रश्नहरू सोध्न सक्छौं, "हामीले के थाहा गर्न सक्छौं भनेर यूहन्ना भन्छन्?" र "थाहा पाउने व्यक्तिहरूको चारित्रिक

---

९ एफिसी ६:१७

१० मत्ती ४: १-११

गुणहरू के-कस्ता हुन्छन्?"

### संरचना

बाइबलका पुस्तकहरू पवित्र आत्माको प्रेरणा अन्तर्गत सावधानीपूर्वक निर्माण गरिएका थिए। यूहन्नाको सुसमाचारजस्ता पुस्तकको अध्ययन गर्दाखेरि, येशु को हुनुहुन्छ भन्ने देखाउने सात वटा अचम्मका कामहरू वरपर यूहन्नाले आफ्नो सुसमाचार केन्द्रित गरेको तपाईंले पाउनुहुनेछ। यो सुसमाचारको संरचनालाई अवलकन गर्दा, यसले हामीलाई यूहन्नाको उद्देश्यको एउटा राम्रो समझ प्रदान गर्छ।

### साहित्यिक संरचना

निष्कर्षमा पुऱ्याउने आफ्नो दलिल प्रस्तुत गर्ने वकिल जसरी आफ्नो तर्क राख्न पावलले अत्यन्तै क्रमवद्ध रूपमा पत्रहरू लेखे। रोमी वा अन्य पत्रहरूलाई पढ्दा, तपाईंले पावलको तर्कलाई होसियार भएर पत्ता लगाउनुपर्छ।

यसको ठीक विपरीत, योना, मानिसहरूका लागि परमेश्वरको प्रेमलाई चित्रित गर्न लेखिएको छोटो कथा हो। यसलाई राम्रोसँग पढ्न, तपाईंले यो प्रश्न गर्नुपर्छ, "के कुराले यो कथालाई अद्भुत बनाउँछ?" त्यसपछि तपाईंले "यो कथाले के बताउँछ?" भन्ने प्रश्न गरेर योनाको पुस्तकलाई व्याख्या गर्न तपाईं तयार हुनुहुन्छ।

### परिवेश

यहाँ हामीले यस्तो प्रश्न सोध्छौं, "आनन्दको सन्देशका साथ फिलिप्पीको पत्र लेख्दा पावल कहाँ थिए?" उनी सोधपुछ र सम्भावित मृत्युदण्डको प्रतिक्षामा रोममा थिए।

"प्रकाशको पुस्तकमा स्वर्ग उघारिएर युगौंको परमेश्वरको योजना प्रकट गर्दा यूहन्ना कहाँ थिए?" उनी पटमोस टापुमा निर्वासित थिए।

### व्याख्या

यो कदमा हामी "बाइबलले के भनेको हो?" भनेर प्रश्न सोध्छौं। हामीले हर सम्भव अवलोकन गरिसके पछि, हामी धर्मशास्त्रको सन्देशलाई हेर्छौं। एकल अध्यायहरू र पदहरूका सन्देशसँगै त्यो पुस्तकको वृहत विषय-वस्तुहरूलाई खोज्न हामी सिक्नेछौं। हामीले यो प्रश्न सोध्नेछौं, "सुरुका पाठकहरूका लागि यो पुस्तकको सन्देश के थियो?" हामी ती नियमहरूलाई हेर्नेछौं जुन युगानुयुग र संस्कृतिहरूभर सर्व-स्वीकार्य छन्।

## व्यावहारिक प्रयोग

यो कदममा हामी यो प्रश्न सोध्छौं, "बाइबललाई आजको जीवन र सेवाकाइमा कसरी व्यावहारिक रूपमा प्रयोग गर्ने?" धेरै पाठकहरूले अवलोकनको कदमलाई छोडिदिएजस्तै, धेरैले धर्मशास्त्रको व्यावहारिक प्रयोगलाई बेवास्ता गर्छन्।

व्यावहारिक प्रयोगको सम्बन्धमा हवार्ड हेन्ड्रिक्सले आफ्नो अभ्यास-पुस्तिकामा दुई वटा प्रश्नहरू सोध्न सल्लाह दिन्छन्।

१. मेरो लागि यो कसरी काम लाग्छ? यसले मेरो जीवनमा धर्मशास्त्रको व्यावहारिक प्रयोगको पक्षलाई हेर्छ।

२. यो कसरी अरूहरूका लागि काम लाग्छ? यसले मैले सेवा दिँदै गरेका मानिसहरूका जीवनमा धर्मशास्त्रको व्यावहारिक प्रयोगको पक्षलाई हेर्छ।

इङ्गल्याण्डमा, मेरो भेट एक जना विश्वविद्यालयको प्राध्यापकसँग भयो जो मण्डली इतिहासको सबैभन्दा सम्मानित विद्वान हुनुहुन्छ। शैक्षिक तवरले, उहाँलाई बाइबलको बारेमा एकदम राम्रोसँग थाहा छ; व्यक्तिगत तवरले, उहाँ परमेश्वर र उहाँको वचनमाथिको विश्वासलाई इन्कार गर्ने नास्तिक हुनुहुन्छ। उहाँलाई अवलोकन र व्याख्याको बारेमा धेरै कुरा थाहा छ। दुर्भाग्यवश, उहाँले आफ्नो जीवनमा कहिल्यै धर्मशास्त्रको सत्यतालाई व्यावहरिक रूपमा प्रयोग गर्नु भएको छैन।

यस किसिमको व्यक्तिको बारेमा याकूबले यो लेखे: "कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ।"[11] इङ्गल्याण्डमा मेरो एक जना साथी यसको उत्कृष्ट उदाहरण हुनुहुन्छ; तरैपनि, त्यहाँ धेरै मानिसहरू छन् जसलाई बाइबलले के भन्छ भन्ने थाहा छ, तर आफ्ना दैनिक जीवनमा त्यसलाई व्यावहारिक रूपमा लागू गरेर जिउन सक्दैनन्। साँचो बाइबल अध्ययनले व्यावहारिक प्रयोगको नतिजा दिनुपर्छ।

## व्याख्यामा पवित्र आत्माको भूमिका

» के गैर-ख्रीष्टियानले धर्मशास्त्रको अर्थलाई बुझ्न सक्छ?

यो प्रश्नको उत्तर हो, "सक्छ, तर आंशिक रूपमा मात्रै।" यो पाठ्यक्रममा, हाम्रो व्याख्यालाई निर्देशित गर्ने प्रक्रियालाई हामी अध्ययन गर्नेछौं। यी कदमहरूले हामीलाई परमेश्वरको वचनको सन्देश बुझ्न मदत गर्नेछ। अरू किताबजस्तै, बाइबलले पनि पाठकहरूलाई धेरै सत्यहरू प्रकट गर्नेछ।

यद्यपि, पवित्र आत्माको प्रकाश बिना, व्यक्तिको समझ सधैं सीमित हुनेछ। बौद्धिक स्तरको अध्ययनले मात्र कहिल्यै आत्मिक सत्यतालाई प्रकट गर्न सक्दैन। पावलले लेखे:

> मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन। अब हामीले संसारका आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं। जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरूको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर **पवित्र आत्माले सिकाउनुभएअनुसार हामी आत्मिक शब्दहरूमा आत्मिक सत्यताहरूको अर्थ खोल्दछौं।** जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ।[12]

गैर-ख्रीष्टियानले धर्मशास्त्रको केही सन्देशहरू बुझ्न सक्छन्, तर बाइबलका गहिरा सत्यताहरू भने पवित्र आत्माको प्रकाश मार्फत प्रकट गरिन्छन्। धर्मशास्त्रको अध्ययन जानकारी भेला गर्नु भन्दा अधिक कुरो हो; यसका लागि विश्वास र आज्ञाकारिता चाहिन्छ। परमेश्वरको वचनको अख्तियारको अधीनत्वमा नगएसम्म, परमेश्वरको आत्माले हाम्रो जीवनमा उहाँको परिवर्तनकारी काम गर्नुहुन्न। जसले गर्दा, हामीले धर्मशास्त्रको अध्ययन गर्दा दुई वटा कुराहरू गर्नुपर्छ:

१. धर्मशास्त्रको हाम्रो अध्ययन प्रार्थनाबाट सुरु गर्नुपर्छ। हाम्रो अध्ययनलाई मार्गनिर्देशन गर्न हामीले पवित्र आत्मालाई बिन्ती गर्नुपर्छ। याकूबले लेखे, "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की

---

११ याकूब १: २३-२४, *इङ्लिस। स्ट्यान्डड भर्सन*

१२ १ कोरिन्थी २: ११-१४, *इङ्लिस। स्ट्यान्डड भर्सन*

दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ ।"[१३]

२. धर्मशास्त्रको हाम्रो अध्ययनको अन्त्यमा व्यक्तिगत प्रतिक्रिया जनाइनु पर्छ । बाइबल अध्ययनको लक्ष्य बौद्धिक जानकारीहरू नभई; व्यक्तिगत रूपान्तरण हो । यदि हाम्रो अध्ययन मार्फत हामी परिवर्तन हुँदैनौं भने, हामीले अध्ययनको उद्देश्यलाई गुमाएका छौं । यो परिवर्तन केवल पवित्र आत्माद्वारा मात्र आउँछ ।

येशुले भन्नुभएको बिउ छर्नेको दृष्टान्तमा, छर्दा केही बिउहरू बाटोमा पर्यो र चराचुरुङ्गीहरूले खाए । केही बिउहरूले जरा राम्रोसँग गाँडेनन् र तातो बढ्दा मरे । केही काँडाका झाङले निसासिएर मरे । तर केही बिउहरूचाहिँ असल जमीनमा पुगे र प्रशस्त फल फलाए । असल जीवन परमेश्वरको वचन सुन्ने र बुझ्ने मानिस हो भनेर येशुले बताउनुभयो ।[१४] यो दृष्टान्तले परमेश्वरको वचन नबुझिकन पढ्न सम्भव छ भनेर देखाउँछ । जब हामीले पवित्र आत्माको आवाज सुन्नलाई हाम्रो हृदय खोल्छौं तब मात्र हामीले परमेश्वरको वचनलाई पूर्ण रूपमा बुझ्छौं ।

---

१३ याकूब १:५, *इङ्लिस । स्ट्यान्डड भर्सन*

१४ मत्ती १३:३-२३

## पाठ १ मुख्य बुँदाहरू

१. *बाइबलीय हर्मन्यूटिक्स ( व्याख्याशास्त्र)* शब्दले बाइबलीय व्याख्याको अध्ययनलाई जनाउँछ ।

२. बाइबलमा त्यस्ता केही शब्द चित्रहरू छन् जसले बाइबल अध्ययनको महत्त्वलाई देखाउँछ ।

- बाइबल एउटा बत्ती हो । यसले हाम्रो दैनिक यात्रालाई मार्गनिर्देशन गर्छ ।
- बाइबल आत्मिक दूध हो । यो आत्मिक रूपमा हुर्कन-बढ्नको लागि अत्यावश्यक छ ।
- बाइबल महजस्तै गुलियो छ । परमेश्वरको वचन अध्ययन आनन्दको विषय हो ।
- बाइबल आत्माको तरवार हो । यसले हामीलाई आत्मिक विजय पाउन र प्रभावकारी सेवाकाइ गर्न सशक्त गर्छ ।

३. बाइबल अध्ययन प्रक्रियाको त्यहाँ तीन वटा कदमहरू छन् ।

- अवलोकन: बाइबलमा म के देख्छु? यो कदममा, म यी कुराहरू हेर्छु:
  - पारिभाषिक शब्दहरू
  - संरचना
  - साहित्यिक संरचना
  - परिवेश
- व्याख्या: बाइबलले के भनेको हो?
- व्यावहारिक प्रयोग: बाइबललाई आजको जीवन र सेवाकाइमा कसरी व्यावहारिक रूपमा प्रयोग गर्ने? म सोध्छु:
  - मेरो लागि यो कसरी काम लाग्छ?
  - यो कसरी अरूहरूका लागि काम लाग्छ?

४. व्याख्यामा आत्मिक शक्तिको लागि मानसिक ज्ञानभन्दा अरू कुराको आवश्यकता पर्छ । यसलाई पवित्र आत्माको शक्ति आवश्यक पर्छ ।

- धर्मशास्त्रको हाम्रो अध्ययन प्रार्थनाबाट सुरु गर्नुपर्छ ।
- धर्मशास्त्रको हाम्रो अध्ययनको अन्त्यमा व्यक्तिगत प्रतिक्रिया जनाइनु पर्छ ।

## पाठ १ को गर्नुपर्ने कार्य

व्याख्याको प्रक्रिया सुरु गर्न, दिइएका धर्मशास्त्रको खण्डहरूमध्ये एकलाई छान्नुहोस्।

- व्यवस्था ६:१-९
- यहोशू १:१-९
- मत्ती ६:२५-३४
- एफिसी ३:१४-२१
- कलस्सी ३:१-१६

तपाईंले पाठ्यक्रमभरि यस धर्मशास्त्रका खण्डहरू अध्ययन गर्नुहुनेछ। यस पहिलो पाठको लागि, दिइएका धर्मशास्त्रका खण्डहरूलाई होसियारी पूर्वक पढ्नुहोस्। तीन वटा क्षेत्रहरूका विषयमा नोटहरू लेख्नुहोस्:

१. अवलोकन: तपाईंले अध्ययन गर्न छान्नुभएको धर्मशास्त्रको खण्डको बारेमा जति सक्दो धेरै विस्तृत जानकारीहरूलाई सूचीकृत गर्नुहोस्। धर्मशास्त्रको खण्डअनुसार, तपाईंका विस्तृत जानकारीहरूमा फरक पर्नेछ। तपाईंलाई मदत गर्न सक्ने केही प्रश्नहरू यहाँ छन्:

   - यस धर्मशास्त्रको खण्डमा अभिलेखन गरिएका घटनाहरू कहाँ घटे?
   - यस धर्मशास्त्रको खण्डका मुख्य पात्रहरू को-को हुन्?
   - यो धर्मशास्त्रको खण्डले के आज्ञा दिन्छ?
   - यस धर्मशास्त्रको खण्डमा कुन शब्दहरू दोहोरिएका छन्?

२. व्याख्या: २ देखि ३ वाक्यहरूमा, अध्ययन गरिएको खण्डको प्रमुख सन्देशको सारांश लेख्नुहोस्।

३. व्यावहारिक प्रयोग: तपाईंका जीवन र सेवाकाइमा यस धर्मशास्त्रको खण्डलाई व्यावहारिक रूपमा प्रयोग गर्न सकिने २ देखि ३ वटा तरिकाहरूको सूची बनाउनुहोस्।

# पाठ २

# अवलोकन: पदलाई हेर्नु

## पाठका उद्देश्यहरू

१. धर्मशास्त्रको होसियारपूर्ण पढाइको महत्त्वलाई बुझ्नु ।

२. अध्ययन गरिएका प्रत्येक पदलाई महत्त्वपूर्ण प्रश्नहरू सोध्नु ।

३. धर्मशास्त्रको सुव्यवस्थित अध्ययनको लागि एउटा योजना बनाउनु ।

४. छानिएका पदहरूमाथि विस्तृत अवलोकनहरू गर्ने अभ्यास गर्नु ।

## परिचय

» यो पाठ्यक्रमको लागि तपाईं भेला हुनुभएका ठाउँमा आउँदाको अनुभव बताउन तपाईंको समूहको हरेक सदस्यलाई लगाउनुहोस् । हर सम्भव विस्तृत रूपमा बताउन लगाउनुहोस् । के तपाईं रेस्टुराँ, मण्डली वा व्यवसायहरू पार गर्दै आउनुभयो? तपाईंले कति वटा सडक चिन्हहरू वा ट्राफिक बत्तीहरू पार गर्नुभयो? तपाईंले कति वटा मोडहरू लिनुभयो? के तपाईंले कुनै पहिले कहिल्यै नदेखेको कुरा पार गर्नुभयो, जुन तपाईं हिँड्दा सामान्यता त्यहाँ हुँदैन? जब तपाईंले आफ्ना कुरा भनिसक्नु हुन्छ, तपाईंले कत्तिको अवलोकन गर्नुभयो र कति कुराहरूलाई याद गर्नुभएन भनेर छलफल गर्नुहोस् ।

जब ग्लिन्नले बाइबल पढ्छ, उसले त्यसलाई एउटा मानिसक चित्रण गर्दै सक्छ । यदि तपाईंले ग्लिन्नलाई मर्कूस १:२९-३१ पढ्न र त्यसलाई सारांशमा बताउन भन्नुहुन्छ भने, उसले भन्ने थियो, “आफ्ना चार जना चेलाहरू(सिमोन, आन्द्रियास, याकूब र यूहन्ना)सँगै गालीलको सभाघरबाट येशु जानुभयो । तिनीहरू सिमोनको घरमा गए जहाँ सिमोनकी सासु जरोले थलिएकी थिइन् । येशुले तिनको हात समातेर उठाउनुभयो र तुरुन्तै जरोले तिनलाई छाड्यो । तिनी यसरी निको भइन् कि वहाँहरूका लागि तिनी भोजन पकाउन सक्ने भइन् । तिनलाई आराम गर्ने र पुन: स्वास्थ्य लाभ गर्ने समय समेत चाहिएन!”

> **“मेरो आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ ।”**
>
> **भजनसंग्रह ११९:१८**

जब जोनाथनले बाइबल पढ्छ, उसले शब्दहरू पढ्छ तर खासै विस्तृत कुराहरूलाई देख्दैन। यदि तपाईंले जोनाथनलाई मर्कूस १:२९-३१ पढ्न र त्यसलाई सारांशमा बताउन भन्नुहुन्छ भने, उसले भन्ने थियो, "येशु सिमोनको घरमा जानुभयो र एक जना व्यक्तिलाई निको पार्नुभयो।"

यी मध्ये कुनचाहिँ पाठकले अवलोकन गरेको छ? कुनचाहिँ पाठकले त्यो कथालाई लामो समयसम्म याद राख्नेछ? यो कथाको व्याख्यालाई आवश्यक जानकारी कुनचाहिँ पाठकसँग बढी होला? यसको उत्तर स्पष्ट छ। ग्लिन्नले मर्कूस १:२९-३१मा के हुँदैछ भन्ने कुरा देख्यो। जोनाथनले पनि त्यही अध्याय पढ्यो, तर उसले अवलोकन गरेन।

बाइबल अध्ययनको पहिलो कदम अवलोकन हो। यो कदममा, हामी यो प्रश्न सोध्छौं, "धर्मशास्त्रको यस खण्डमा म के देख्छु?" प्रभावशाली बाइबल व्याख्याको मुख्य कुञ्जी भनेको हर सम्भव धेरै अवलोकन गर्नु हो। यो पाठमा, हामी एक पदको महत्त्वपूर्ण विस्तृत जानकारीहरूलाई अवलोकन गर्न सिक्नेछौं। यो गर्दा धैर्यधारण गर्नुहोस्; जति धेरै तपाईंले अवलोकन गर्नुहुन्छ, त्यति धेरै व्याख्याका लागि तपाईंसँग सामग्रीहरू हुन्छन्।

## पदको अवलोकन

प्रेरित १:८:

> तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि
>     तिमीहरूले शक्ति पाउनेछौ,
> र तिमीहरू सबैतिर
>     यरूशलेममा,
>         सारा यहूदियामा,
>         सामरियामा
>         र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।

यो एउटा पदबाट हामीले के अवलोकन गर्न सक्छौं?

### पहिलो शब्द कुन हो?

"तर।" *तर* अघिल्लो पदहरूसँग सम्बन्ध देखाउने शब्द हो। प्रेरित १:६ मा, चेलाहरूले सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापना गरिदिनुहुनेछ?" अब तपाईं मृतकबाट जीवित हुनुभएको छ, के तपाईंले आफ्नो राज्य स्थापित गर्नुहुनेछ? दुई वटा अभिव्यक्तिहरूका साथ येशुले जवाफ दिनुहुन्छ:

- "त्यो बेला वा समय जान्ने तिमीहरूको काम होइन।" यो पिताको काम हो।
- "तर तिमीहरूले शक्ति पाउनेछौ... र तिमीहरू मेरा साक्षीहरू हुनेछौ।" यो तिमीहरूको काम हो।

### यसमा को संलग्न छ?

"तपाईं।" येशु को सँग कुरा गर्दै हुनुहुन्छ? प्रेरितहरूसँग (२ र ४ पद)। एकछिन समय लिएर यो प्रश्न सोध्नुहोस्, "यी प्रेरितहरू को हुन्?" प्रेरितहरूका बारेमा तपाईंलाई थाहा भएका सबै कुराहरूको एउटा सूची बनाउनुहोस्। यो पद कसको बारेमा हो भन्ने कुराले पेन्तिकोसको अद्भुत परिवर्तनकारी शक्तिलाई देखाउँछ।

- तिनीहरू यहूदी हुन्; येशुले तिनीहरूलाई सामरियामा पठाउँदै हुनुहुन्छ!

- तिनीहरू भूत आत्मा लागेको केटोलाई निको पार्न शक्तिहीन भए;[१५] तिनीहरूले शक्ति पाउनेछन्।
- येशुको पक्राउमा तिनीहरू डराएर भागे; पृथ्वीको अन्तसम्मै तिनीहरू उहाँका साक्षीहरू हुनेछन्।

**यो वाक्यको क्रिया कुन हो?**

"पाउनेछौ।" क्रियाले हामीलाई हुँदैगरेको कुरा बताउँछ। यस अवस्थामा, यसको कालले त्यो कुरातिर हेर्दैछ जुन तिनीहरूले भविष्यमा पाउनेछन्।

**तिनीहरूले के पाउनेछन्?**

"शक्ति।" प्रेरितको पुस्तकले प्रेरितहरूका सेवाकाइमा यो शक्तिलाई देखाउनेछ।

यसरी तपाईंले सुरु गर्नुहुन्छ। यस पदको बाँकी भागलाई यी प्रश्नहरू सोध्दै उत्तर दिनुहोस्:

**तिनीहरूले कतिखेर शक्ति पाउनेछन्?**

**तिनीहरूलाई कसले शक्ति दिनुहुनेछ?**

**त्यो शक्ति पाएपछिको नतिजा के हुन्छ?** (शक्ति पाएपछि साक्षी हुनेछन्। यो शक्तिको स्वभाविक नतिजा यसलाई अरूहरूमा बाँड्ने इच्छा हुनेछ।)

**तिनीहरूले कसको साक्षी दिनेछन्?**

**तिनीहरूले कहाँ-कहाँ साक्षी दिनेछन्?** (*सबैतिर* त्यो शब्द हो जुनले तिनीहरूले साक्षी दिने चार वटा ठाउँहरूको शृङ्खलालाई सुरु गर्छ। यी चार वटा ठाउँहरूका बारेमा तपाईंलाई के थाहा छ? सामरियाको विशेषता के हो? के यी यहूदी प्रेरितहरू त्यहाँ जान चाहन्थे?)

## तपाईंको अवलोकन शक्तिहरूलाई परिष्कृत गर्नुहोस्

मेरो आँखा कमजोर छ। मेरो प्राथमिक विद्यालयमा पढाउनुहुने शिक्षकहरूलाई म धमिलो देख्थेँ। कोक्षा-कोठाको कालोपाटीमा लेखिएका कुराहरू पढ्न मलाई अगाडि नै जानुपर्थ्यो। तीन कक्षाबाट मैले चस्मा लगाउन सुरु गरेँ। अचानक, मैले पहिला कहिल्यै नदेखेका कुराहरू देख्न थालेँ! अनुहारहरू स्पष्टसँग देखेँ; कालोपाटी देख्न सकेँ; संसारै उज्यालो भयो।

प्रेरित १:८ को अभ्यासले तपाईंले पढ्नुभएका कुराहरू अहिले तपाईं कति राम्रोसँग अवलोकन गर्नुहुन्छ भन्ने देखाउँछ। तपाईंको अवलोकनको शक्तिहरूलाई परिष्कृत गर्ने केही उपयोगी सुझावहरूको अध्ययन गरौं। तपाईंले धर्मशास्त्रको खण्डलाई स्पष्ट पार्ने प्रश्नहरू सोध्न सिक्नुहुनेछ। त्यसपछि तपाईंले अन्य पदहरू पढ्ने अभ्यास गर्नुहुनेछ।

तपाईंले बाइबलको पद पढ्दा, कृपया यस्तो नभन्नुहोस्, "मलाई पहिले नै यो पदको बारेमा थाहा छ!" बरु, उहाँको वचनप्रति नयाँ तवरले आँखा खोलिदिनुहोस् भनेर परमेश्वरसँग बिन्ती गर्नुहोस्। यो अध्यायका औजारहरूले तपाईंलाई नयाँ अन्तरदृष्टिकोणका साथ पढ्न मदत गर्न सक्छ।[१६]

---

१५ मर्कूस ९:१४-२९

१६ यो पाठका कदमहरू हवार्ड जि. हेन्ड्रिक्स र विलियम डि. हेन्ड्रिक्सद्वारा लिखित *लिभिङ बाइ दि बुक* (को अध्यायहरू ८-१७ बाट लिइएका हुन् (सिकागो: मुडी पब्लिसर्स, २००७)। त्यसका अध्यायहरू पढेर तपाईंले अतिरिक्त अभ्यास गर्न र व्याख्या थाहा गर्न सक्नुहुन्छ।

## बुझ्नको लागि पढ्नुहोस्

जब म दश वर्षको थिएँ, एक वर्षमा बाइबल पढिसक्छु भनेर मैले निर्णय लिएँ। त्यो एउटा राम्रो अठोट थियो; दुर्भाग्यवश, प्रभावकारी तरिकाले बाइबल कसरी पढ्ने भन्ने मलाई थाहा थिएन। हरेक दिन कति पढ्ने भनेर सूचित गर्ने मसँग एउटा पात्रो थियो, तर म अक्सर तालिका भन्दा पछाडि पर्दथेँ। एउटा आइतवारको दिउँसो, मैले तालिकालाई भ्याउने प्रयास गरेँ। मैले आफ्नो पात्रो हेरेँ र देखेँ कि म बीस अध्यायले पछि परेको थिएँ (लेवीको पुस्तकमा!)। त्यसैले, त्यो दिउँसो मैले सम्पूर्ण लेवीको पुस्तक पढेँ। मैले अन्तिम अध्यायतिर पुग्न खोज्दै सक्दो छिटो पढेँ। पढिसकेको दश मिनेटपछि, मैले तपाईंलाई लेवीको पुस्तकमा के पढेँ भनेर बताउन सकिनँ। केही नबुझे पनि मैले पढेँ।

बुझ्दै पढ्नु एउट मिहिनेतको काम हो। सत्यको खोजीको बारेमा बाइबलले यसरी बताउँछ: "यदि तैंले चाँदीँझै त्यसलाई खोजिस्, र गाड़धनझैं त्यो खनिस्भने, तैंले परमप्रभुको भय बुझ्नेछस्, र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस्।"[१७] सावधानीपूर्वक धर्मशास्त्र पढ्नुहोस। प्रश्नहरू सोध्नुहोस। नोटहरू लेख्नुहोस। ध्यान दिएर पढ्नुहोस।

कहिलेकाहीँ तपाईंले धर्मशास्त्रको खण्डलाई आफ्नै शब्दहरूमा पुन:वर्णन गरेर पनि नयाँ समझ प्राप्त गर्न सक्नुहुन्छ। तपाईंको पुन: वर्णन उत्कृष्ट अनुवाद नहुन सके तापनि, यसले त्यो खण्डको अर्थको बारेमा गहिरिएर विचार गर्न मदत गर्न सक्छ।

## तपाईंले पढ्दै गर्दा प्रश्नहरू सोध्नुहोस्

ध्यान दिएर पढ्नुको मुख्य कुञ्जी भनेको प्रश्नहरू सोध्नु हो। यो खण्डलाई निरन्तरता दिनु अघि लूका २४:१३-३५ पढ्नुहोस। यो पाठ पढ्दै गर्दा, हरेक प्रश्नको उत्तरका लागि लूका २४ अध्यायमा फर्केर जानुहोस। पढ्दाखेरि सोध्नुपर्ने केही प्रश्नहरू:

### १. को?

यस खण्डमा देखिने मानिसहरू को हुन्? ती प्रत्येक मानिसको बारेमा तपाईंलाई के थाहा छ?

लूका २४:१३-३५ मा देखिने मानिसहरू को हुन्? पुनरुत्थानको दिनमा क्लेओपास र नाउँ उल्लेख नगरिएको व्यक्ति[१८] इम्माउसतिर जाँदै थिए। तिनीहरू येशुका चेलाहरू थिए जसलाई उहाँका अचम्मका कामहरू र शिक्षाहरूका बारेमा थाहा थियो।[१९] त्यो आइतवार, तिनीहरू त्यस्ता पहिलो व्यक्ति थिए जसलाई येशु आफैले ख्रीष्टको दु:ख भोगाइ र पुनरुत्थानको बारेमा स्पष्ट पार्नुभयो; तिनीहरू उहाँको पुनरुत्थानको सुरुका साक्षीहरूमध्ये एक भए।

### २. के ?

यो खण्डमा के भइरहेको छ? यदि यो ऐतिहासिक खण्ड हो भने, के घटना घट्यो? र यदि यो एउटा पत्र हो भने, लेखकले के कुरा सिकाउने प्रयास गर्दैछन्?

लूका २४ को त्यो घटना, येशुको प्रकटिकरणको घटना हो। येशुको पुनरुत्थानको सत्यताप्रति ती दुई पुरुषहरूका आँखा खोलिदिँदा हामीलाई सबैभन्दा अगाडिको सीटमा बस्न दिइएको छ; "तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई चिने।"

१७ हितोपदेश २:४-५, *इङ्लिस। स्ट्यान्डड भर्सन*

१८ एउटा प्रचलित मतअनुसार त्यो नाउँ उल्लेख नगरिएका व्यक्ति लूका थिए, जसले यो कथालाई विस्तृत रूपमा व्याख्या गरे।

१९ लूका २४:२२, "हामी मध्येका को-कोही स्त्रीहरू;" २४:२४, "जो हामीहरूसँग थिए"

**३. कहिले?**

अघिल्लो प्रश्नजस्तै, ठीक समयले हाम्रो पढाइको लागि सन्दर्भ प्रदान गर्छ। बाइबल अध्ययनको अवलोकनको चरणमा, खण्डभित्रै हामी सुराकहरू खोज्छौं। लूका २४:१३ बाट, हामीले सिक्यौं कि जुन दिन चिहान रित्तो थियो भन्ने थाहा गरियो त्यही दिन इम्माउसको यात्रा गरिएको थियो।

चिहान रित्तो पाइएको केही घण्टाभित्रै यी दुई चेलाहरूले येशुलाई भेट्छन्। उनीहरूले एकअर्कासित गरेको बातचीत र तर्क गराइबाट तिनीहरूको मानसिक अवस्थाको बारेमा यसले हामीलाई बताउँछ।[२०] यी दुई मानिसहरूले तीन दिनदेखि महसुस गरिराखेका भावनात्मक उतार-चढावको बारेमा विचार गर्नुहोस्।

बिहिवारको दिन, तिनीहरू येशु पक्राउ पर्नु भएको देखेर निराश भए। शुक्रवारको दिन, येशुले आफ्नो अन्तिम सास फेर्नु हुँदा मसिहाको राज्य पाउने तिनीहरूको आशा चकनाचूर भयो। त्यसपछि आइतवारको दिन, चिहान रित्तो पाइयो, तर तिनीहरूले त्यो कुरो बुझेनन्। तिनीहरू इम्माउसतिर जाँदै गर्दा, तिनीहरूले यी रहस्यमय घटनाहरूको शृङ्खलालाई बुझ्ने प्रयास गरे।

**४. कहाँ?**

प्राय: यो प्रश्न गर्नु राम्रो हुन्छ, "यो कहाँ घट्यो?" यो "कहाँ" प्रश्नको उत्तर दिने त्यहाँ थुप्रै राम्रा स्रोतसामग्रीहरू छन्। थुप्रै बाइबलको पछाडितिर नक्साहरू पाइन्छन्। http://bibleatlas.org जस्ता इन्टरनेट स्रोतसामग्रीहरूले धर्मशास्त्रमा उल्लेखित हरेक ठाउँको नक्सा तपाईंलाई प्रदान गर्नेछ।

लूका २४ मा, क्लेओपास र उसको सहयात्री यरूशलेमबाट इम्माउसतिर जाँदै छन्, यो गाउँ यरूशलेमबाट करिब एघार किलोमिटर टाढा पश्चिमतिर पर्छ। तिनीहरू यो दुरी पार गर्दा साँझ परिसकेको थियो। तर तिनीहरूको आँखा खोलिएपछि, यी मानिसहरू आनन्दित हुँदै यरूशलेममा फर्किए। यो खबर सुनाउन तिनीहरूले अर्को दिनसम्म ढिला गरेनन्!

**५. किन?**

जब हामीले ठीक समयबारे सोधिएको प्रश्नको उत्तर पाउँछौं यी चेलाहरू किन त्यति धेरै निराश थिए भन्ने कुरा हामी बुझ्छौं। तिनीहरू हतोत्साहित छन् किनभने येशुको मृत्युले तिनीहरूको मसीहा आशामा धक्का लागेको तिनीहरूले देखे।

**६. कसरी?**

त्यो भेटसँगै कसरी ती चेलाहरूको जीवन परिवर्तन भएको थियो? येशु मृतकबाट जीवित हुनुभयो भन्ने कुरामा विश्वस्त हुँदै तिनीहरू यरूशलेममा फर्किए। लाखौं मानिसहरूका जस्तै त्यस दिनदेखि यता, त्यो पुनरुत्थानद्वारा तिनीहरूको जीवन सधैंको लागि परिवर्तन भएको थियो।

## बारम्बार पढ्नु होस्

जि. क्यमबेल मोर्गन बिसौं शताब्दीका सबैभन्दा ठुला प्रचारकहरूमध्ये एक थिए। मोर्गन कहिल्यै बाइबल कलेज गएनन्, तर उनी एक प्रभावशाली बाइबल शिक्षक भए। कुनै पनि खण्डबाट प्रचार गर्नुअघि, मोर्गनले बाइबलबाट आफूले छानेको खण्डसँगै त्यस पुस्तकलाई चालिस चोटि पढ्थे। त्यसो गर्ने क्रममा, मोर्गनले पुरै पुस्तकमा कसरी हरेक पद एकअर्कासँग मिल्दछन् भन्ने कुरा सिके। उनलाई त्यो पुस्तकको महत्त्वपूर्ण विषयवस्तु थाहा थियो; उनले लेखकको सन्देश बुझे। एक पटक मोर्गनले भने, "अल्छीसँग बाइबल आफै कहिल्यै बोल्दैन।" बाइबल अध्ययन मिहिनेतको काम हो।

---

२० लूका २४:१५

तपाईंले भन्नु होला, “कसरी मैले चालिस चोटि बाइबल पढ्न सक्छु? मैले बाइबल पढेर कहिल्यै सक्नेछैन ।” तपाईंले सोचेजस्तो गाह्रो यो नहोला । धेरैजसो वयस्कहरूले प्रति मिनेट २०० वटा शब्दहरू पढ्न सक्छन्; यिनीहरूले एक घण्टामा १२, ००० शब्दहरू पढ्न सक्छन । बाइबलका ४४ वटा पुस्तकहरूमा १२, ००० भन्दा कम शब्दहरू छन । यसमा पावलका पत्रहरू, सामान्य पत्रहरू, साना अगमवक्ताका पुस्तकहरू र पुरानो करारका रूथ, एज्रा, नहेम्याह, एस्तर र दानिएलका पुस्तकहरू पर्छन । हरेक दिन एक घण्टा पढ्दा, तपाईंले एफिसी, फिलिप्पी, कलस्सी र १ र २ थेसलोनिकीलाई ४० दिनमा ४० चोटि पढ्न सक्नु हुन्छ ।

पुरै पुस्तक पढाइले त्यो पुस्तक कसरी व्यवस्थित छ भन्ने कुरा देखाउँछ । पछिल्लो पटक, हामीले प्रेरित १:८ पढ्यौं जहाँ चेलाहरूलाई “सबैतिर यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्मै साक्षी हुन” पठाइयो । जब तपाईंले प्रेरितको पुस्तकलाई बारम्बार पढ्नुहुन्छ, यसले तपाईंलाई पुरै पुस्तकको लागि एउटा ढाँचा प्रदान गरेको तपाईंले देख्नुहुनेछ । प्रेरितको पुस्तकको लागि सुरुका खण्डमा, सतावटले चेलाहरूलाई यरूशलेमबाट यहूदियाभरि छरपष्ट पार्छ; प्रेरित ८ मा, फिलिपले सामरियामा सुसमाचार लगे; प्रेरितको पुस्तकको अन्त्यमा, पावलले रोममा प्राचार गरे, जहाँबाट संसारको अन्तिम छेउसम्म सुसमाचार पुग्ने थियो ।

## बारम्बार पढ्नाका लागि केही उपयोगी सुझावहरू

१. ठुलो स्वरले बाइबल पढ्नुहोस् वा पढ्दै सुन्दै गर्नुहोस । लिखित पृष्ठमा निर्भर आधुनिक संस्कृतिहरूले प्रायजसो यो कुरा बिर्सछन् कि अधिकांश सुरुका ख्रीष्टियानहरूले बाइबल पढेको सुन्थे । जब एफिसीको मण्डलीले पावलको पत्र पाए, तिनीहरूले आफ्ना प्रत्येक सदस्यका लागि त्यसको फोटोकपि गरेनन । बाँकी सबै सदस्यहरूका लागि अगुवाले त्यो पत्र पढेर सुनाउँथ्ये । अधिकतर इतिहासमा, धेरैभन्दा धेरै मानिसहरूले पढेर भन्दा सुनेर परमेश्वरको वचनलाई ग्रहण गरे । पावलका पत्रहरूलाई मण्डलीहरूमा पढिन्थ्यो; अगमवक्ताहरूले आफ्ना सन्देश सुनाउँथे । पत्रलाई ठुलो सोरमा पढेर वा एउटा श्रव्य किताबमा पढिएको जस्तै यसलाई सुनेर, तपाईंले जसरी सुरुको मण्डलीले धर्मशास्त्रको वचन सुन्थे त्यसरी बोलिएको परमेश्वरको वचनलाई सुन्नुहुनेछ ।[२१]

२. विभिन्न संस्करणको बाइबल पढ्नुहोस् (तपाईंको भाषामा एकभन्दा बढी संस्करण उपलब्ध भएमा) केही संस्करणहरू आफ्नो पद्धतिमा अलिक बढी प्राविधिक छन्; केही भने सरल समझका लागि लक्षित छन । एकभन्दा बढी संस्करणहरूको पढाइबाट, तपाईंले सन्देशबारे नयाँ अन्तरदृष्टिकोण पाउन सक्नुहुन्छ । यदि तपाईं एकभन्दा बढी भाषा जान्नुहुन्छ भने, दोस्रो भाषामा धर्मशास्त्र पढ्न यसले तपाईंलाई मदत गर्न सक्छ ।[२२]

## तपाईंको पालो

पहिलो हप्ताको लागि, हरेक दिन उत्पत्ति पढ्नुहोस । हरेक पल्ट, पतनको कथनलाई फरक-फरक दृष्टिकोणबाट विचार गर्नुहोस ।

सोमवार: स्वर्गीय पिताको दृष्टिकोणबाट उत्पत्ति ३ पढ्नुहोस । आफ्ना छोराछोरीहरूका पापलाई देखेर पिताले कस्तो महसुस गर्नुहुन्छ?

मंगलवार: यो अध्यायमा सबैभन्दा महत्त्वपूर्ण पद कुन हो?

बुधवार: शैतानको दृष्टिकोणबाट उत्पत्ति ३ पढ्नुहोस । उसले आफ्ना छोराछोरीहरूसितको परमेश्वरको सम्बन्धलाई बिगार्ने प्रयास गर्छ?

बिहिवार: येशुको क्रूसको बलिदानलाई विचार गर्दै उत्पत्ति ३ पढ्नुहोस ।

---

२१ https://www.faithcomesbyhearing.com मा ७०० भन्दा बढी भाषामा श्रव्य बाइबल पाउन सकिन्छ ।

२२ https://www.biblegateway.com मा तपाईंले थुप्रै भाषाहरूका बाइबलका संस्करणहरूलाई सित्तैमा उपयोग गर्न पाउनुहुन्छ ।

शुक्रवार: आदम र हव्वाको दृष्टिकोणबाट उत्पत्ति ३ पढ्नुहोस्। परमेश्वरको न्याय सुनेर तिनीहरूले के महसुस गरे?

शनिवार: पहिलो पटक बाइबल पढ्दै गरेको व्यक्तिको दृष्टिकोणबाट उत्पत्ति ३ पढ्नुहोस्। बाइबलका बाँकी कुराहरूलाई बुझ्न यो कथा कतिको महत्त्वपूर्ण छ?

www.bible.com मा एक वर्षभरि बाइबल पढ्ने योजनाहरू छान्न सक्नुहुन्छ। जि. क्याम्पबेल मोर्गनको नमूनामा आधारित अर्को योजना भनेको एक महिनामा थुप्रै पटक धर्मशास्त्रको कुनै एक पुस्तक पढ्नु हो। एक घण्टा वा सो भन्दा कम समयमा ४४ वटा बाइबलका पुस्तकहरू पढ्न सकिने भएकोले, हरेक दिन एक घण्टा पढेर महिनामा तपाईंले एउटा पुस्तक ३० चोटि पढ्न सक्नुहुन्छ। यो प्रकिया ढिलो भएजस्तो लागे पनि, कुनै एक पुस्तकको बारम्बार पढाइले तपाईंलाई परमेश्वरको वचनको गहिरो समझ दिनेछ। यस किसिमले पढेर तपाईंले छ वर्षमा ३० चोटि सम्पूर्ण बाइबल पढ्न सक्नुहुन्छ।[२३]

## व्याकरणको अध्ययन

थुप्रै तरिकाहरू, खास गरी लिखित शब्दहरूद्वारा परमेश्वर हामीसँग बातचित गर्नुहुन्छ। धर्मशास्त्रलाई बुझ्न तपाईंलाई भाषाविज्ञ हुनु आवश्यक छैन, जति धेरै तपाईंले लिखित भाषालाई बुझ्नुहुन्छ, त्यति धेरै तपाईंले परमेश्वरको वचनका गहिरा सत्यताहरू बुझ्नुहुन्छ।

उदाहरणको लागि, पावलको सबैभन्दा चर्चित पदहरूमध्ये एकको व्याकरणलाई हामी अध्ययन गर्नेछौं। "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।"[२४] यो पदको व्याकरणलाई निरीक्षण गर्न, हामी निम्न कुरा हेर्छौं:

### क्रियापदहरू

क्रियापदहरूले कार्य वा कार्यको स्थितिबारे बताउँछ। । रोमी १२:१ मा दुई वटा क्रियाहरू छन्।

- *अनुरोधको* अर्थ "अपील गर्नु," "निवेदन गर्नु," वा "बिन्ती गर्नु" हो। के तपाईंले पावलको अनुरोधको गम्भीरतालाई महसुस गर्नुभयो? यो एउटा सामान्य सुझाउ होइन; आफ्ना पाठकहरूले आफैलाई परमेश्वरकहाँ पूर्ण रूपमा समर्पण गर्न गरिएको पावलको अनुरोधमा त्यहाँ गहिरो भावना पाइन्छ।
- *अर्पण* एउटा सक्रिय क्रियापद हो (अङ्ग्रेजी व्याकरणमा)। यसको लागि प्रतिवद्धता चाहिन्छ। पावलले आफ्ना पाठकहरूलाई परमेश्वरमा समर्पित हुँदै आफ्नो शरीरलाई अर्पण गर्न अनुरोध गर्छन्।

### संज्ञाहरू

रोमी १२:१ मा, हाम्रो अध्ययनका लागि महत्त्वपूर्ण संज्ञाहरू हुन्:

- *भाइहरू*। पावलले विश्वासीहरूलाई लेख्दै छन्। उनले पापीहरूलाई पश्चात्ताप गर्न अनुरोध गरिराखेका छैनन्; उनले विश्वासीहरूलाई प्रगाढ पवित्रीकरण गर्न अनुरोध गरिराखेका छन्।
- *शरीर*। रोमी १२ को बाँकी अंशले देखाउँछ कि *शरीर*ले हाम्रो सम्पूर्ण अस्तित्वको प्रतिनिधित्व गर्छ। यसलाई हामीले यसरी पुन:वर्णन गर्न सक्छौं, "आफूलाई पूर्ण रूपमा देऊ।"

---

२३ पाईंले २३लामा पुस्तकहरू छोटो पुस्तकहरूजस्तै फिलेमोन र तीतससँग सन्तुलन मिलाएर केही दिनमै तीस चोटि पढ्न सक्नुहुन्छ।

२४ रोमी १२:१

- *कृपा*। पावलको अनुरोध परमेश्वरको कृपामा आधारित छ। हाम्रो भलाइ के हो भन्ने परमेश्वर जान्नुहुन्छ। हाम्रा लागि उहाँका योजनाहरू "उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, आशा र भविष्य दिनलाई हो।"[२५]
- *बलि*। मोशाको व्यवस्थामा, आराधकले बलिको लागि एउटा जनावर ल्याउँथ्यो। ख्रीष्टको राज्यमा, हामी आफैंलाई जीवित बलिको रूपमा अर्पण गर्न भनिएको छ।

## परिमार्जकहरू

विशेषणहरू र क्रियाविशेषणहरू वर्णनात्मक शब्दहरू हुन् जसले "तिनीहरूले परिमार्जन गरेका शब्दहरूको अर्थलाई बढाइदिन्छ।"रोमी १२:१ [२६] मा, *बलि* लाई शब्दहरूको एउटा शृङ्खलाले परिमार्जन गर्छ।

- हाम्रो बलि **जिउँदो छ**। अब हामी जनावरलाई मारेर बलि दिँदैनौं; हरेक दिन हाम्रो जीवन अर्पण गर्छौं।
- हाम्रो बलि **पवित्र** हुनुपर्छ। पुरानो करारको आराधकले लुलो लङ्गडो वा खोट लागेको जनावर बलि चढाउन सक्दैनथ्यो; नयाँ करारको विश्वासीले अपवित्र, अनाज्ञाकारी जीवनको बलि चढाउन सक्दैन।
- पूर्ण र इच्छापूर्वक चढाइएको बलि मात्र **परमेश्वरमा ग्रहणयोग्य** हुन्छ।

## सम्बन्धसुचक वाक्यांशहरू

*मा, माथि(मा), को माथि, द्वारा, लाई(लागि,को), मा(निम्ति), र द्वारा (को) जस्ता शब्दहरू सम्बन्धसुचक शब्दहरू हुन्।* यी स-साना शब्दहरूले ठुलो अर्थ बोक्छ। रोमी १२:१ मा, दुई वटा सम्बन्धसुचक वाक्यांशहरू महत्त्वपूर्ण छन्:

- "परमेश्वरको कृपालाई ध्यानमा राखी"ले हामीलाई पावलको अनुरोधको आधार दिन्छ। यो शत्रु सेनाको समक्ष एउटा सैनिकको इच्छा नभइ-नभइ गरिएको समर्पण होइन; बरु, यो एउटा सन्तानले स्वइच्छाले आफ्नो मायालु बुबाप्रति आनन्दित हुँदै गरेको समर्पण हो।
- हाम्रो बलि "परमेश्वरमा" ग्रहणयोग्य हुनुपर्छ। ख्रीष्टियानको लागि, परमेश्वरको स्वीकृति सबैभन्दा ठुलो इनाम हो।

## संयोजक शब्दहरू

*र* वा *तर* जस्ता संयोजकहरू शक्तिशाली छन्। एक जना लेखकले संयोजक शब्दहरूलाई इट्टाहरू जोड्ने सिमेन्टसँग तुलना गर्नुहुन्छ।प्रेरित १:८ [२७] मा, हामीले देख्यौं कि *तर* शब्दले चेलाहरूको गलत बुझाइतिर पुन: सङ्केत गर्छ।

रोमी १२:१ मा, *यसकारण* ले अघिल्लो खण्डतिर पुन: सङ्केत गर्छ। यदि तपाईंले पुरै रोमीको पत्र पढ्नुहुन्छ भने, तपाईंले दुई ठुला विभाजित खण्डहरू देख्नुहुन्छ:

- रोमी १-११ ले यी धर्मसिद्धान्त सिकाउँछ: पापको दण्डाज्ञा, विश्वासद्वारा धर्मीकरण, विश्वासीको पवित्रीकरण, आफ्ना छोराछोरीहरूका लागि परमेश्वरको अन्तिम उद्देश्यको रूपमा रहेको महिमितीकरण, र यो उद्देश्य पूरा गर्ने परमेश्वरको माध्यमको रूपमा रहेको चुनाउ।
- रोमी १२-१६ ले यो धर्मसिद्धान्तको व्यावहारिक प्रयोगलाई देखाउँछ। हामी परमेश्वरको अघि धर्मी ठहरिएको

---

२५ यर्मिया २९:११, *इङ्लिस। स्ट्यान्डड भर्सन*

२६ हवार्ड जि. हेन्ड्रिक्स र विलियम हेन्ड्रिक्स, *लिभिङ बाइ दि बुक* (सिकागो: मुडी पब्लिसर्स, २००७), १२१

२७ जे. स्कट ड्युभाल र जे. दानिएल हेज्, *ग्र्यास्पिङ गड्स वर्ड* (ग्र्याण्ड र्यापिड्स: जोनडर्भन, २००१), ३५

हुँदा, यसरी नै हामी बाँच्नुपर्छ। हामी जे विश्वास गर्छौं (रोमी १-११), त्यही हामी गर्छौं (रोमी १२-१६)। रोमी १२: १ संयोजक शब्द हो।

धेरैजसो पावलका पत्रहरूमा *यसकारण* एउटा महत्त्वपूर्ण सुचक चिन्ह हो। विश्वासद्वारा मात्र गरिने धर्मीकरणको महत्त्वपूर्ण सत्यताको बारेमा गलातीका विश्वासीहरूलाई स्मरण गराइसकेपछि, पावलले तिनीहरूको दैनिक व्यवहारमा धर्मीकरणको जीवन जिउन अनुरोध गर्छन्; "**यसकारण**, ख्रीष्टले हामीलाई दिनुभएको स्वतन्त्रतामा हामी दह्रा भएर खडा होओ।"ख्रीष्ट येशुमा गरिएको तिनीहरूका चुनाउको महत्त्वपूर्ण धर्मसिद्धान्तको बारेमा एफिसीका विश्वासीहरूलाई सिकाइसकेपछि[२८], पावलले त्यो बोलावटको योग्य जीवन जिउन तिनीहरूलाई अनुरोध गर्छन्; "**यसकारण**, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर।"[२९] पावलले कलस्सीका विश्वासीहरूलाई तिनीहरू मरेका थिए र तिनीहरूका जीवन परमेश्वरमा ख्रीष्टसँगै लुकाइएको थियो भनेर बताए। फलस्वरूप तिनीहरूले कस्तो जीवन बाँच्नुपर्थ्यो? "**यसकारण** तिमीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई मार।"[३०]

## पढिएको खण्डमा विशेष विस्तृत जानकारीहरूलाई हेर्नुहोस्[३१]

पढिएको खण्डमा बाइबलीय लेखकहरूले महत्त्वपूर्ण विचारहरूमा लाउने गरेका सुचक चिन्हको तरिकाहरूलाई पहिचान गर्नाले तपाईंको अध्ययनमा नयाँ अन्तरदृष्टिकोण पाउन सक्नुहुन्छ। हेर्नु पर्ने विस्तृत जानकारीहरूमा यी कुराहरू पर्छन्:

### दोहोरिएका शब्दहरू

जब लेखकले कुनै शब्दलाई बारम्बार पुर्याउन, यसले महत्त्वपूर्ण विचारलाई औंल्याउँछ। अवलोकनको चरणमा, दोहोरिएका शब्दहरूको गहन अर्थहरूलाई खोतल्न नसक्नु भएको हुनसक्छ, तर तपाईंले त्यो शब्दलाई चिन्ह लगाउँदै यो प्रश्न सोध चाहनुहुन्छ होला, "यो शब्द किन दोहोरिएको छ?"

» तलको खण्डहरू पढ्नुहोस् र दोहोरिएका शब्दहरूलाई चिन्ह लगाउनुहोस्:

२ कोरिन्थी १:३-७

*सान्त्वना/ढाडस* शब्द एउटै वाक्यमा चार चोटि दोहोरिएको छ र यसका पाँच पदहरूमा १० चोटि दोहोरिएको छ। सोध्नुहोस्:

- के *सान्त्वना/ढाडस* लाई हरेक पल्ट एकै अर्थमा प्रयोग गरिएको छ? कहिलेकाहीँ यसलाई संज्ञाको रूपमा प्रयोग गरिएको छ; कहिकाहीँ चाहिँ क्रियाको रूपमा।
- के कस्ता परिमार्जक प्रयोग गरिएको छ? *सबै* सान्त्वना; *हाम्रो* सान्त्वना; *तिमीहरूको* सान्त्वना।

यूहन्ना १५:१-१०

---

२८ गलाती ५:१

२९ एफिसी ४:१

३० कलस्सी ३:५

३१ यो सूची जे. स्कट ड्युभाल र जे. दानिएल हेज्को *ग्र्याप्सिङ गड्स वर्ड* बाट लिइएको हो (ग्र्याण्ड न्यापिड्स: जोनडर्भन, २००१)।

*रहनु* शब्द दश चोटि दोहोरिएको छ। सोध्नुहोस्:

- उहाँमा रहनुका लागि पूरा गर्नुपर्ने शर्तहरू के-के हुन्?
- के यो खण्डको चेतावनीले उहाँमा नरहन सम्भावना छ भन्ने अर्थलाई जनाउँछ?
- उहाँमा रहन असफल हुनुका परिणामहरू के-के छन्?
- उहाँमा रहनुका आशिष्‌हरू के-के छन्?

## भिन्नताहरू

थुप्रै बाइबलीय लेखकहरूले मानिसहरू वा विचारहरूसँग भिन्नता देखाउने काम गरे। जब तपाईंले कुनै पदको बीचमा *तर* भन्ने शब्द देख्नुहुन्छ, यसले दुई वटा भिन्ना-भिन्नै विचारहरूलाई जोडेको हुनसक्छ। धेरै हितोपदेशहरूले यस किसिमको भिन्नताको उपयोग गर्छन्।

- एक आलोचकलाई जवाफ दिने त्यहाँ दुई वटा तरिकाहरू छन्: "नम्र जवाफले क्रोधलाई शान्त पार्छ, **तर** कठोर वचनले रीस उठाउँछ।"[३२]

- महत्त्वपूर्ण निर्णयहरू लिने त्यहाँ दुई वटा तरिकाहरू छन्: "पथ प्रदर्शनको अभावले देशको पतन हुन्छ, **तर** धेरै सल्लाहकारहरूको कारण विजय निश्चित हुन्छ।"[३३]

- गरीब प्रतिको हाम्रो व्यवहारले परमेश्वर प्रतिको हाम्रो प्रवृत्तिलाई देखाउँछ: "गरीबलाई थिचोमिचो गर्नेले तिनीहरूका सृष्टिकर्ताप्रति अवहेलना देखाउँछ, **तर** दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ।"[३४]

नयाँ करारका लेखकहरूले पनि भिन्नताहरू देखाए। पावलले हाम्रो पुरानो जीवन(अँध्यारो) र नयाँ जीवन (उज्यालो) बीच भिन्नता देखाए; "किनकि एक पल्ट तिमीहरू अन्धकारमा थियौ, **तर** अब प्रभुमा तिमीहरू उज्यालो भयौ। ज्योतिका सन्तानझैं हिँड्डुल गर।"[३५]

यूहन्नाले अँध्यारो र उज्यालो बीच दुई किसिमले भिन्नता देखाए:

- परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कतै अन्धकार छैन।
- यदि हाम्रो सम्बन्ध परमेश्वरसँग छ भने, हामी अँध्यारोमा होइन, ज्योतिमा हिँड्नेछौं।[३६]

## तुलनाहरू

भिन्नताले अन्तरहरू हेर्छ; तुलनाले समानताहरूलाई हेर्छ।

- "सिर्काले दाँत कुँडिए र धूवाँले आँखा पिरिएँझै, अल्छी गर्ने मानिस आफूलाई पठाउनेको निम्ति त्यस्तै हुनेछ।"[३७]

- "थकित प्राणको लागि चिसो पानीँझै टाढा ठाउँबाट आएको शुभ समाचार हो।"[३८]

---

३२ हितोपदेश १५:१, *इङ्‌लिस। स्ट्यान्डर्ड भर्सन*, जोडदिने शब्द थपिएको।

३३ हितोपदेश ११:१४, जोडदिने शब्द थपिएको।

३४ हितोपदेश १४:३१, *इङ्‌लिस। स्ट्यान्डर्ड भर्सन*, जोडदिने शब्द थपिएको।

३५ एफिसी ५:८, जोडदिने शब्द थपिएको।

३६ १ यूहन्ना १:५-७

३७ हितोपदेश १०:२६, *इङ्‌लिस। स्ट्यान्डर्ड भर्सन*

३८ हितोपदेश २५:२५, *इङ्‌लिस। स्ट्यान्डर्ड भर्सन*

» याकूब ३:३-६ पढ्नुहोस्। जिब्रोलाई के कस्ता तीन वटा कुराहरूसँग तुलना गरिएको छ? तुलनाहरूबाट तपाईंले के सिक्न सक्नुहुन्छ?

» हितोपदेश २६:७-११ को हरेक पदमा *झैं* शब्द पाइन्छ। हरेक पदमा, तुलनाको अध्ययन गर्नुहोस्। उदाहरणको लागि (२६:७): "लङ्गड़ो मानिसका झुण्डिएका लुला गोडाहरूँझै मूर्खको मुखमा भएको हितोपदेश हुन्छ।" मूर्ख र लङ्गडोको झुण्डिएका लुला गोडाहरू बीच के-के समानताहरू छन्?

## सूचीहरू

बाइबल पढ्दा, तपाईंले सूचीहरूलाई चिन्हाङ्कित गर्नुपर्छ र यिनीहरूलाई महत्त्वपूर्ण पात्रहरूको अध्ययन गर्न प्रयोग गर्नुहोस्।

» पाठमा अघि बढ्नु अघि, तल दिइएका सूचीहरूलाई पढ्न समय दिनुहोस्:

- १ कोरिन्थी ३:६ मा, पावलले कोरिन्थमा आफ्नो सेवाकाइका अङ्गहरू देखाउँछन्।
- १ यूहन्ना २:१६ ले ती कुराहरूका सूची दिन्छ जुन परमेश्वर पिताबाट नभई संसारबाट आउँछन्।
- गलाती ५:१९-२१ ले पापमयी स्वभावका कामहरूका सूची दिन्छ।
- गलाती ५:२२-२३ ले पवित्र आत्माको फलको सूची दिन्छ।

## उद्देश्यात्मक अभिव्यक्तिहरू

*कि*, *ताकि*, वा *लाई (को)* जस्ता शब्दहरूले प्रायजसो कुनै पनि काम गरिनुको अभिप्राय वा सो कामको नतिजाको अभिप्रायलाई बताउँछ। उद्देश्य र नतिजा बीचको सम्बन्धलाई विचार गर्न समय लिनुहोस्; किन धर्मशास्त्रले निर्देश दिँदैछ भनेर प्रश्न गर्नुहोस्।

- "मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, (किन?) कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ।"[३९]

- तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु, (किन?) ताकि तपाईंको विरुद्धमा पाप नगँरू।[४०]

- "संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो, ताकि उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं। (उहाँले हामीलाई किन चुन्नुभयो?)"[४१] परमेश्वरले हामीलाई किन बचाउनुभयो? हामीलाई पवित्र बनाउन।

अरू समयमा चाहिँ, अभिव्यक्तिले उद्देश्यलाई कसरी पूरा गर्ने भनेर देखाउँछ:

- "जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो।"[४२]

- जीवनलाई लिएर हामी कसरी ढुक्क हुन सक्छौं? "यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्यौं भने, तिमीहरू जिउनेछौ।"[४३]

---

३९ यूहन्ना १५:१६

४० भजनसंग्रह ११९:११

४१ एफिसी १:४

४२ भजनसंग्रह ११९:९, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

४३ रोमी ८:१३

### शर्त सहितका वाक्यांशहरू

*यदि* बाट सुरु हुने वाक्यांशहरूले प्राय: शर्तलाई देखाउँछ । कहिलेकाहीँ कुनै शर्त पूरा नगरिकनै बाइबलका प्रतिज्ञाहरू पूरा हुनेछन् भन्ने अपेक्षा पाठकहरूले गर्छन्; यद्यपि, एउटा शर्तात्मक प्रतिज्ञा कुनै खास शर्त पूरा गराइमा आधारित छ । यसलाई प्राय: शर्ता सहितका वाक्यांश मार्फत हेरिन्छ ।

**शर्त**: "यसकारण, कोही ख्रीष्टमा छ भने,"
**नतिजा**: त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ; हेर, नयाँ आएको छ ।"[४४]
**शर्त**: "यदि मेरो नाउँमा तिमीहरूले केही माग्छौ भने,"
**नतिजा**: "म गरिदिनेछु ।"[४५]

## तपाईंले पढ्दै गर्दा प्रार्थना गर्नुहोस्

अन्तिम निर्देश स्वभाविकजस्तो लाग्न सक्छ, तर यो महत्त्वपूर्ण छ । एउटा ख्रीष्टियानको लागि, बाइबल अध्ययन र प्रार्थनाको जीवन कहिल्यै अलग-अलग कुराहरू हुनुहुँदैन । बाइबल पढाइ र प्रार्थनालाई अलग्याउनु भनेको हाम्रो दैनिकीमा परमेश्वरसँग गरिने बातचितको दुई वटा पक्षहरूलाई विभाजन गर्नु हो ।

हामीमा बुद्धिको अभाव हुँदा हामीले परमेश्वरको सहायता पाउन सक्छौं भन्ने कुरामा याकूबले हामीलाई विश्वस्त पार्छन्; "यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ ।"[४६] परमेश्वरको वचन बुझ्नमा हामीलाई परमेश्वरको सहायता चाहिँदा यो एउटा आशलाग्दो प्रतिज्ञा हो ।

भजनसंग्रह ११९ ले प्रार्थना र धर्मशास्त्र बीचको सम्बन्धलाई देखाउँछ । भजनसंग्रहका लेखकले आफ्नो परमेश्वरको वचन अध्ययनमा अगुवाइ गर्न बारम्बार परमेश्वरसँग प्रार्थना गर्छन् । त्यसैगरी, हाम्रो अध्ययन गर्ने क्रममा हामीले परमेश्वरको सहायता खोज्न सक्छौं ।

- "मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ ।"[४७]
- "तपाईंका आदेशहरूका शिक्षा बुझ्ने मलाई बनाउनुहोस ।"[४८]
- "हे परमप्रभु, तपाईंका विधिहरू पालन गर्न मलाई सिकाउनुहोस ।"[४९]

धेरै मानिसहरूले धर्मशास्त्रका वचनहरूलाई प्रार्थनामा बदल्ने शक्ति सिकेका छन् । यी खण्डहरूलाई व्यक्तिगत प्रार्थनाहरूमा बदल्ने प्रयास गर्नुहोस्:

- भजनसंग्रह २३ – परमेश्वरको अगुवाइ र सुरक्षाको निम्ति प्रार्थना
- यशैया ४० :२८-३१ – परमेश्वरको शक्तिको निम्ति प्रार्थना
- फिलिप्पी ४ :८-९ – धार्मिक मनको निम्ति प्रार्थना

---

४४ २ कोरिन्थी ५:१७

४५ यूहन्ना १४:१४


४६ याकूब १:५, *इङ्लिस । स्ट्यान्डर्ड भर्सन*

४७ भजनसंग्रह ११९:१८

४८ भजनसंग्रह ११९:२७

४९ भजनसंग्रह ११९:३३

## उदाहरण: १ यूहन्ना १:५-७ माथिको अवलोकन




## पाठ २ का मुख्य बुँदाहरू

१. कुनै एउटा पद अध्ययन गरेर अवलोकनको प्रक्रिया सुरु गर्नुहोस्। त्यो पदलाई हर सम्भव प्रश्नहरू सोध्नुहोस्।

२. तपाईंको अवलोकनको शक्तिलाई उत्कृष्ट बनाउने कदमहरू:

- बुझ्नका लागि पढ्नुहोस्।

- पढ्ने क्रममा प्रश्नहरू सोध्नुहोस्।
  - को?
  - के?
  - कहाँ?
  - कहिले?
- दोहोऱ्याइ तेहोऱ्याइ पढ्नुहोस्।
- व्याकरणको अध्ययन गर्नुहोस्। यी कुराहरूलाई हेर्नुहोस्:
  - क्रियापदहरू
  - संज्ञाहरू
  - परिमार्जकहरू
  - सम्बन्धसुचक वाक्यांशहरू
  - संयोजक शब्दहरू
- त्यस खण्डमा विशेष विस्तृत जानकारीहरूलाई हेर्नुहोस्। यी कुराहरूलाई हेर्नुहोस्:
  - दोहोरिएका शब्दहरू
  - भिन्नताहरू
  - तुलनाहरू
  - सूचीहरू
  - उद्देश्यात्मक अभिव्यक्तिहरू
  - सर्तात्मक वाक्यांशहरू
- पढ्ने क्रममा प्रार्थना गर्नुहोस्।

## पाठ २ मा गर्नुपर्ने कार्यहरू

१. यहोशू १:८ माथिको अवलोकनहरूको एउटा सूची बनाउनुहोस्। यो पदलाई एउटा पन्नामा लेख्नुहोस् र त्यसपछि यी प्रश्नहरू गर्न सुरु थाल्नुहोस्: "को, के, (इत्यादि)।" यो पाठको अन्तिम खण्ड र निर्देशनहरूमा दिइएको उदाहरणलाई प्रयोग गरेर सम्भव भएसम्म अवलोकनहरू गर्नुहोस्। यस चरणमा, तपाईंले पदको व्याख्या गर्दै वा वचन प्रचारको रूपरेखा तयार पार्दै हुनुहुन्न। तपाईंले पदमा भएका विस्तृत जानकारीहरूलाई मात्र हेर्दै हुनुहुन्छ।

२. अरू अभ्यासका लागि, मत्ती २८:१८-२० मा यही प्रक्रियालाई पछ्याउनुहोस्।

## पाठ ३

# अवलोकन:
# ठुला खण्डहरूलाई हेर्नु

### पाठका उद्देश्यहरू

१. धर्मशास्त्र पढ्दा सन्दर्भको महत्त्वलाई पहिचान गर्नुहोस्।

२. पढिएको पुस्तकमा जोड दिएका विस्तृत जानकारीहरूलाई अवलोकन गरेर बाइबलका लेखकहरूको उद्देश्य र अभिप्रायप्रति झनै संवेदनशील हुनुहोस्।

३. धर्मशास्त्रका ठुला खण्डहरूमाथि अवलोकन गर्ने अभ्यास गर्नुहोस्।

४. अझ बढी अध्ययन गर्नका लागि एउटा चार्टमा जानकारीलाई सङ्कलन गर्नुहोस्।

## परिचय

केही पढाइ महत्त्वहीन हुन्छ; लामो समयको उडानमा समय कटाउन हामी उपन्यास पढ्छौँ। केही पढाइको महत्त्व कम हुन्छ; हाम्रो संसारको ताजा हालखबर जान्न हामी समाचारपत्र पढ्छौँ। केही पढाइको महत्त्व अनन्त हुन्छ; परमेश्वरको आवाज सुन्न हामी बाइबल पढ्छौं। धर्मशास्त्र सिकाउन, अर्ती दिन, सच्याउन र धार्मिकतामा तालीम दिन लाभदायक हुन्छ भनेर पावलले लेखे।[५०] यसकारण, हामी परमेश्वरको आवाज सुन्दै बाइबल सावधानीपूर्वक पढ्छौँ।

पाठ २ मा, हामी प्रत्येक पदहरूको अवलोकन गर्छौं। यो पाठमा, हामी ठुला आकारका खण्डहरूको अध्ययन गर्नेछौं। यिनीहरू अनुच्छेदहरू, अध्यायहरू वा पुरै पुस्तक पनि हुन सक्छन्। एउटा ऐतिहासिक कथनमा, एउटा ठुलो आकारको अनुच्छेद नै सम्पूर्ण कथा हुन सक्छ। सुसमाचारहरूमा, हामीले कुनै एउटा दृष्टान्त, अचम्मको काम वा उपदेशको अध्ययन गर्न सक्छौं। पत्रमा भने, एउटा ठुलो आकारको अनुच्छेद एकल विषयवस्तुमा केन्द्रित हुने एकाइ हुन सक्छ।

सुरुमा बाइबल अध्यायहरू र पदहरूमा विभाजित थिएन। १३औं शताब्दीमा, स्टिफन ल्याङ्गटनले अध्ययन गर्न सजिलो होस् भनेर बाइबललाई अध्यायहरूमा विभाजन गरे। १६औं शताब्दीमा, रोबर्ट एस्टिएनले बाइबललाई पदहरूमा विभाजन गरेर छापे। अध्याय र पदका विभाजनहरूले हामीलाई बाइबल अध्ययन गर्न सहायता गर्छ; तैपनि, तिनीहरू सधैं कुनै एक खण्डको स्वभाविक विभाजनहरूसँग मेल खाँदैनन्। अध्यायका विभाजनहरूलाई तपाईंको अध्ययनमाथि नियन्त्रण गर्ने मौका

५० २ तिमोथी ३:१६-१७

नदिनुहोस्; तर्कपूर्ण अनुच्छेदहरूमा खण्डको स्वभाविक विभाजनलाई पछ्याउनुहोस्।

यस पाठमा, हामी नहेम्याह १:४-११ को अनुच्छेदको अध्ययन गर्नेछौं। यसले हाम्रो भविष्यको अध्ययनको लागि एउटा उदाहरण दिनेछ। अनुच्छेद अध्ययनका केही तरिकाहरूलाई हामी सिक्नेछौं। अध्ययनको सबै तरिका सबै पुस्तकमा उपयुक्त हुँदैन भन्ने कुरालाई महसुस गर्नुहोस्। यो अध्यायले तपाईंलाई प्रयोग गर्नका लागि औजारहरूको एउटा बाकस दिनेछ। तपाईंले बाइबलको कुनै पुस्तक अध्ययन गर्दा, तपाईंले यो कुराको निर्णय लिनु आवश्यक हुनेछ, "यो पुस्तकको लागि कुनचाहिँ औजार सबैभन्दा बढी उपयोगी हुन्छ?"

## अनुच्छेदको सन्दर्भ पत्ता लगाउनु

नहेम्याह १:४-११

> यो समाचार सुन्ने बित्तिकै बसेर म रोएँ। म केही दिनसम्म विलाप गर्दैरहेँ, र उपवास बसेँ अनि स्वर्गका परमेश्वरसित प्रार्थना गरेँ।
>
> तब मैले भनेँ, "हे परमप्रभु, स्वर्गका परमेश्वर, महान् र भययोग्य परमेश्वर, तपाईंलाई प्रेम गर्नेहरू र तपाईंका आज्ञा पालन गर्नेहरूसँग तपाईंले आफ्नो करार विश्वाससित राख्नुहुन्छ। इस्राएलका मानिसहरू, तपाईंका दासहरूका पक्षमा रातदिन तपाईंलाई गरेको मेरो विनम्र प्रार्थना सुन्न तपाईंले आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस्। तपाईंको विरुद्धमा हामी सबै इस्राएलीहरूले गरेका पाप म स्वीकार गर्दछु। म र मेरा पिताको घराना पनि त्यसमा दोषी छौं। तपाईंले आफ्ना दा स मोशालाई दिनुभएका आज्ञा, धर्म-विधि र नियमहरूलाई पालन नगरेर हामीले तपाईंको विरुद्धमा घोर अपराध गरेका छौं।
>
> आफ्ना दास मोशालाई यसो भनेर आज्ञा गर्नुभएका वचन सम्झनुहोस्, 'यदि तिमीहरू अविश्वासी भयौ भने म तिमीहरूलाई जाति-जातिहरूका बीचमा तितरबितर पार्नेछु, तर तिमीहरू मतिर फर्क्यौ र मेरा आज्ञाहरू पालन गर्‍यौं भने पृथ्वीको पल्लो छेउसम्म पनि कैदमा रहेका तिमीहरूका निर्वासित मानिसहरूलाई म भेला गर्नेछु, र मेरो नाउँको वासस्थान हुन मैले छानेको ठाउँमा म तिनीहरूलाई फर्काएर ल्याउनेछु।'
>
> तपाईंले आफ्नो महाबल र शक्तिशाली हातद्वारा उद्धार गर्नुभएका तिनीहरू तपाईंका दासहरू र तपाईंका प्रजा हुन्। हे परमप्रभु, तपाईंको दासको विनम्र प्रार्थनामा ध्यानसित कान थाप्नुहोस्, र तपाईंका नाउँको सम्मान गर्न प्रसन्न हुने तपाईंका दासहरूको प्रार्थना सुन्नुहोस्। आज यस मानिसको उपस्थितिमा आफ्नो सेवकमाथि कृपा देखाई उसलाई सफलता दिनुहोस्।"
>
> त्यस बेला म राजाको मद्य टक्र्याउनेहरूका अधिकृत थिएँ।[५१]

यस अनुच्छेदको अध्ययन गर्दा, हामीले यस अनुच्छेदको सन्दर्भ किटान गर्न आवश्यक छ। नहेम्याह १:४ ले यस अध्यायको सुरुआततिर औंल्याउँछ। "यो समाचार सुन्ने बित्तिकै..." यसले हामीलाई अघिल्ला पदहरूमा हेर्न लगाउँछ।

नहेम्याह १:१ ले नेहेम्याहको पुस्तकको सन्दर्भ प्रदान गर्छ। "हकल्याहका छोरा नहेम्याहको विवरण: बीसौं वर्षको किसलेव महिनामा जब म राजधानी शूशनमा थिएँ।" पाठ २ ले यो पदको अध्ययन गर्दैगर्दा सोध्ने प्रश्न दिन्छ।

**को?** "हकल्याहका छोरा नहेम्याह" पछिबाट यो पुस्तक (नहेम्याह ३:१६)मा अर्को नहेम्याहको बारेमा उल्लेख गरिएको छ। पारिवारिक नाउँ (हकल्याहका छोरा)ले कुनचाहिँ नहेम्याहलाई उल्लेख गरिएको हो भनेर देखाउँछ।

---

५१ *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

**कहिले?** "बीसौं वर्षको किसलेव महिनामा" बाइबल शब्दकोशबाट, हामी थाहा गर्छौं कि हिब्रू महिना किसलेव अङ्ग्रेजी महिनाको नोभेम्बर देखि डिसेम्बरमा पर्छ । "बीसौं वर्षमा"ले हामीलाई खासै केही बताउँदैन किनभने लेखकले यो नहेम्याको जीवनको बीसौं वर्ष भन्न खोजेको हो कि, कुनै ऐतिहासिक घटना वा अरू कुनै कुरा उल्लेख गर्न खोजेको भन्ने हामीलाई थाहा छैन । यति बेला, यो वाक्यांशको छेउमा एउटा प्रश्न चिन्ह दिन सक्छौं । नहेम्याह २ मा, हामीले यसको उत्तर थाहा पाउनेछौं; "अर्तासास्त राजाको बीसौं वर्षमा" नहेम्याहले अर्तासास्त राजाको शासनको बीसौं वर्षको नोभेम्बर/डिसेम्बर महिनामा सुरु गरे ।

**कहाँ?** नहेम्याह "राजधानी शूशनमा" थिए । बाइबल शब्दकोश वा मानचित्रहरूबाट, हामी थाहा पाउँछौं कि फारसका त्यहाँ दुई वटा दरबारहरू थिए । गर्मी यामको दरबार एक्बातनामा थियो । जाडो यामको दरबार शूशनमा थियो । यो पुस्तक जाडो यामको दरबार शूशनमा राजा आर्तसास्तसँग नहेम्याह हुँदाको समयबाट सुरु हुन्छ ।

यदि तपाईं आफ्नो कम्प्युटरमा यो खण्ड पढ्दै हुनुहुन्छ भने, हरेक वाक्यांश बीचको सम्बन्ध देखाउन यो अनुच्छेदलाई पुन:फेरबदल गर्नु उपयोगी हुन सक्छ । तब यो अनुच्छेद यस्तो देखिनेछ:

> हकल्याहका छोरा नहेम्याहको विवरण, के भयो भने
> बीसौं वर्षको
> किसलेव महिनामा
> जब म राजधानी शूशनमा थिएँ...

१ पदले नहेम्याहको पुस्तकको स्थान र समय बताउँछ । २ र ३ पदले नहेम्याहको प्रार्थनाको स्थान र समय बताउँछ । जति बेला नहेम्याह शूशनमा थिए, "मेरा दाजुहरूमध्येका एक जना हनानी अरू कोहीसँग यहूदाबाट आइपुगे ।" नहेम्याहले दुई वटा कुराहरू सोधे ।

> मैले यरूशलेमको र
> कैदबाट अरू बाँचेका यहूदीहरूको विषयमा
> तिनीहरूसित सोधपूछ गरेँ ।

त्यसको प्रतिउत्तरमा, यहूदाबाट आएका ती मानिसहरू दुई वटा समस्याहरूको बारेमा बताए:

- "निर्वासनबाट बाँचेर प्रेदशमा आएकाहरूले साह्रै दु:ख र निन्दा सहनुपरिरहेको छ ।"
- यरूशलेमको पर्खाल भत्काइएको छ र त्यसका मूल ढोकाहरू आगोले नष्ट पारिएका छन् ।"

यसले ती समस्याहरूले नहेम्याहको प्रार्थनालाई अभिप्रेरित गरेको देखाउँछ । त्यो प्रार्थनाको सन्दर्भको अध्ययन गरिसकेपछि, हामी त्यो प्रार्थनाको बारेमा अवलोकन सुरु गर्न तयार छौं ।

## अनुच्छेद पढ्दा के कुरालाई हेर्ने

तपाईंको कुनै अनुच्छेदका अवलोकनहरू त्यो अनुच्छेदको शैलीमा निर्भर हुनेछ । ऐतिहासिक कथनहरूमा *को*, *के*, *कहिले* र *कहाँ* जस्ता प्रश्नहरू हुनेछन् । सैद्धान्तिक अनुच्छेदमा चाहिँ त्यसको शिक्षासँग सम्बन्धित प्रश्नहरू हुनेछन् ।[५२]

नहेम्याह १:५-११ एउटा प्रार्थना हो । उनको प्रार्थनामा यी कुराहरू पाइन्छन्:

---

५२ यो खण्डको धेरैजसो सामग्री जे. स्कट ड्युभाल र जे. दानिएल हेज्द्वारा लिखित ग्र्याप्सिङ गड्स वर्ड को अध्याय ३ बाट लिइएको छ, (ग्र्याण्ड र्‍यापिड्स जोनडर्भन, २००१) ।

- "आफ्नो करार विश्वाससित राख्नुहुने, महान् र भययोग्य परमेश्वर" **को प्रशंसा।**
- "तपाईंको विरुद्ध पाप गर्ने हामी इस्राएलका मानिसहरूको पापको **स्वीकार।**
- "यदि तिमीहरू मतिर फर्क्यौ...म तिनीहरूलाई भेला गर्नेछु र मैले छानेको ठाउँमा म तिनीहरूलाई फर्काएर ल्याउनेछु" भन्ने परमेश्वरको प्रतिज्ञामा आधारित **विनम्र प्रार्थना।**

यो चरणमा यस अनुच्छेदमा रहेका असामान्य विस्तृत जानकारीहरूलाई ध्यान दिन महत्त्वपूर्ण छ। नहेम्याहको प्रार्थना लगत्तै जीवनी सम्बन्धी विवरण पाउँछौं। "त्यस बेला म राजाको मद्य टक्र्याउनेहरूका अधिकृत थिएँ।" सुरुमा त यो महत्त्वहीन देखिन्छ, तर जसै कथन अघि बढ्छ यो जानकारी महत्त्वपूर्ण हुनेछ।

यदि हामीले बाइबल शब्दकोशमा *मद्य टक्र्याउने व्यक्ति* शब्दको अध्ययन गर्छौं भने, यो व्यक्ति केवल एउटा साधारण सेवक मात्र होइन भन्ने कुरा हामी थाहा गर्छौं; उनी एक उच्च पदाधिकारी थिए र राजाको विश्वासपात्र थिए।[५३]

अनुच्छेदमा हामीले के कस्ता विस्तृत जानकारीहरूको अवलोकन गर्नुपर्छ? यी कुराहरूलाई ध्यान दिनुहोस्:

## सामान्यदेखि विशेष सम्बन्धहरू

धेरै अनुच्छेदहरू संक्षिप्त विवरणबाट सुरु भएर पछिबाट विशेष विस्तृत जानकारीहरूमा परिणत हुन्छन्। यी विस्तृत जानकारीहरूले थप स्पष्टिकरण सहितको सामान्य कथनलाई पुष्टि गर्छन्।

पावलका पत्रहरूमा सामान्यदेखि विशेष सम्बन्धहरू पाइनु सामान्य कुरा हो। गलाती ५:१६ ले पवित्र आत्मा भएको जीवन र पापमय शरीर बीचको भिन्नतालाई देखाउँछ; "तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड, र पापमय स्वभावका लालसा पूरा नगर।" यो साधारण अभिव्यक्तिलाई त्यसपछि विशेष कुराहरूको एउटा शृङ्खलाद्वारा पुष्टि गरिन्छ। ५:१९-२१ ले शरीरका कामहरूलाई चिनाउँछ; ५:२२-२३ले आत्माको फललाई चिनाउँछ।

केही कथनहरूले सामान्य हुँदै विशेष ढाँचालाई पछ्याउँछन्। उत्पत्ति १ र २ ले पनि साधारण भनाइ हुँदै विशेष विस्तृत जानकारीहरूमा जाने यही ढाँचालाई पछ्याउँछ। यसलाई तीन चरणहरूमा गरिन्छ:

१. उत्पत्ति १:१ ले साधारण अभिव्यक्ति दिन्छ: "आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो।"

२. उत्पत्ति १:३-३१ ले सृष्टको बारेमा अरू विस्तृत जानकारी दिन्छ। पहिलो दिन, परमेश्वरले ज्योति बनाउनुभयो; दोस्रो दिन, परमेश्वरले आकाशबाट पानी अलग गर्नुभयो; इत्यादि।

३. उत्पत्ति २ अध्यायले यसलाई अझ बढी विस्तृत जानकारी दिन्छ। कथनकार संसारको सामान्य सृष्टिबाट मानिसको खास सृष्टिको कथनतिर अघि बढ्छ। कथा सारा संसारबाट एउटा खास स्थान, अदनको बगैंचामा खुम्चिन्छ। परमेश्वरको नाउँ समेत परिवर्तन हुन्छ। उत्पत्ति १ ले शक्तिको विश्वव्यापी नाउँ *परमेश्वर* को प्रयोग गर्छ। उत्पत्ति २ ले *परमप्रभु परमेश्वर* नाउँको प्रयोग गर्छ, एउटा व्यक्तिवाचक नाउँ जसले आदम र हव्वासितको उहाँको घनिष्ट सम्बन्धलाई देखाउँछ।[५४]

यो ढाँचा प्रायजसो साधारण हुँदै विशेषतिर अघि बढ्छ। कहिलेकाहीँ यो क्रम उल्टन्छ र विशेष हुँदै साधारणतिर अघि बढ्छ।

---

५३ जे. डि. डकलस, *न्यू बाइबल डिक्सनरी,* (सेकेण्ड इडिसन), (व्हिटन: टिन्डेल हाउस, १९८२)

५४ हिब्रू नाउँ *एलोहिम* लाई अङ्ग्रेजी बाइबलमा *परमेश्वर* भनेर अनुवाद गरिएको छ; यो एउटा विश्वव्यापी, राजकीय नाउँ हो। हिब्रू नाउँ *यहोवा* लाई अङ्ग्रेजी बाइबलमा "LORD" भनेर अनुवाद गरिएको छ; यो प्रस्थान ३:१४ मा प्रकट गरिएको उहाँको व्यक्तिवाचक नाउँ हो।

१ कोरिन्थी १३ मा, पावलले पद १-१२ मा प्रेमको विस्तृत जानकारी दिन्छन्। यो अध्याय एउटा साधारण अभिव्यक्तिमा अन्त्य हुन्छ जसले पावलका शिक्षाहरूलाई सारांशित गर्छ: "अब विश्वास, आशा, प्रेम यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो।"

## प्रश्न तथा उत्तरका खण्डहरू

जब कुनै अनुच्छेद प्रश्नबाट सुरु हुन्छ, त्यो अनुच्छेदको बाँकी भागलाई त्यही सुरुको प्रश्नको प्रकाशमा पढ्नु पर्छ। रोमीको पुस्तकमा यो ढाँचा पाइनु सामान्य हो। अनुग्रहको कारण पापमय जीवन जिउँदा हुन्छ भनेर तर्क राख्नेहरूलाई पावलले सोध्छन्, "अब हामी के भनौं?" के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त?" त्यसपछि उनले परमेश्वरको अनुग्रहले एउटा ख्रीष्टियानलाई पापमाथि विजयी हुन शक्ति दिनुहुन्छ भन्ने देखाउँछन्, "त्यसो नहोस्! हामी जो पापको लेखि मर्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु?"[५५]

मर्कूसको सुसमाचारले अक्सर यो ढाँचाको प्रयोग गर्छ। मर्कूस २:१-३:६ मा पाँच वटा शृङ्खला प्रश्नहरूबाट सुरु हुन्छन्। जसमा चार पटक विरोधीहरूले एकै खाले प्रश्न गर्छन्। हरेक पटक, येशुले बचाउ गर्दै ती प्रश्नहरूको उत्तर दिनुहुन्छ। अन्तिम पटकमा, येशुले एउटा प्रश्न सोध्नुहुन्छ जसको उत्तर दिन फरिसीहरूले सक्दैनन्। यस ठुलो खण्डलाई यसले कसरी एउटा ढाँचा प्रदान गर्छ भन्ने कुरालाई ध्यान दिनुहोस्। यसबिना, हामी पाँच वटा एकल कथाहरू पढ्छौं। जब हामी प्रश्नोत्तरद्वारा निर्माण भएको यस ढाँचालाई देख्छौं, पाँच वटै कथाहरूले मानिसको पुत्रसँग भएको मसीहको अख्तियारको एउटै गवाही दिन्छन्।

### एक जना पक्षाघाती निको पारिएको (मर्कूस २:१-१२)

प्रश्न: "परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?"
उत्तर: त्यस पक्षाघातीलाई निको पार्नुभएर येशुले आफ्नो त्यो अख्तियार देखाउनुहुन्छ।

### पापीहरूसँग खानपान (मर्कूस २:१३-१७)

प्रश्न: "तिनी किन कर उठानेहरू र पापीहरूसँग बसेर खान्छन्?"
उत्तर: म धर्मीहरूलाई होइन, तर पापीहरूलाई बोलाउन आएको हुँ।"

### उपवास (मर्कूस २:१८-२२)

प्रश्न: "यूहन्नाका चेलाहरू र फरिसीका चेलाहरू उपवास बस्तछन्, तर तपाईंका चेलाहरू किन उपवास बस्दैनन्?"

उत्तर: "जहिलेसम्म दुलहा तिनीहरूका साथमा हुन्छन् तिनीहरू उपवास बस्दैनन्।"

### शबाथ- दिनको पालना (मर्कूस २:२३-२८)

प्रश्न: "शबाथ-दिनमा जे गर्नु अनुचित छ यी चेलाहरू किन त्यही गर्दछन्?"
उत्तर: "मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो।"

---

५५ रोमी ६:१-२

### शबाथ-दिनमा गरिएको चङ्गाइ (मर्कूस ३:१-६)

प्रश्न: "शबाथ-दिनमा भलो वा खराबी कुनचाहिँ गर्नु उचित छ?"
उत्तर: येशुका विरोधीहरू चूप लागे।

## संवाद

सुसमाचारका पुस्तकहरूले बारम्बार येशु र उहाँका वरिपरिका मानिसहरू बीचको संवादलाई वर्णन गर्छ। यस्ता प्रश्नहरू गरेर हामीले येशुको शिक्षालाई अझ राम्रोसँग बुझ्न सक्छौं:

- त्यो संवादमा सहभागीहरू को-को छन्?
- के कस्ता रमितेहरूले त्यो संवाद सुनिरहेका छन्? तिनीहरूले कस्तो प्रतिक्रिया दिन्छन्?
- के कस्ता मतभेद वा परिस्थितिले त्यो संवाद गर्न प्रेरित गर्यो?

मत्ती २१:२३-२२:४६ ले येशु र उहाँका विरोधीहरू बीचको संवादको एउटा शृङ्खलालाई प्रस्तुत गर्छ। हरेक समूहले येशुलाई फसाउन खोज्ने प्रश्नहरू सोधे।

- पहिला, धर्म गुरुहरूले उहाँको अख्तियारमाथि प्रश्न उठाए (मत्ती २१:२३-४६)।
- फरिसी र हेरोदीहरू (उग्र विरोधीहरू) करसम्बन्धी प्रश्न सोधेर उहाँलाई फसाउन एकै खेमामा उभिए (मत्ती २२:१५-२२)।
- सदुकीहरूले (जसले पुनरुत्थानमा विश्वास गर्दैनथे) पुनरुत्थान पछिको विवाहबारे प्रश्न सोधे (मत्ती २२:२३-३२)।
- फरिसीहरूले एक पटक फेरि महान् आज्ञाहरूबारे प्रश्न सोधे (मत्ती २२:३४-४०)।
- अन्तमा, येशुले त्यो भनाभनलाई एउटा प्रश्न सोधेर अन्त्य गर्नुभयो जसको उत्तर तिनीहरूले दिन सकेनन् (मत्ती २२ :४१-४६)।

प्रत्येक समूहले येशुलाई फसाउन खोज्दा त्यो कुरा त्यहाँको भीडले हेरिरहेको थियो, र प्रत्येक प्रश्न सोध्ने व्यक्तिलाई येशुले चुप गराउनुभएको कुरा पनि त्यस भीडले हेरिरहेको थियो। "यो सुनेर भीडहरू उहाँको शिक्षामा छक्क परे।"[५६]

अय्युबको पुस्तकमा संवाद महत्त्वपूर्ण छ। यो पुस्तकमा परमेश्वर र शैतान बीचको कुराकानी, अय्युब र उनका मित्रहरू बीचको कुराकानी र अय्युब र परमेश्वर बीचको कुराकानी पाइन्छ।

हबकूकको पुरै पुस्तकमा त्यस अगमवक्ता र परमेश्वर बीचको संवाद छ। यो पुस्तकको संरचना यस्तो छ:

> **हबकूकको प्रश्न**: परमेश्वरले किन यहूदाको अधर्म सहनुहुन्छ (१:१-४)?
> **परमेश्वरको जवाफ**: बेबिलोनीहरूले यहूदालाई पराजित गर्नेछ (१:५-११)।
>
> **हबकूकको प्रश्न**: कसरी यहूदाको न्याय गर्न परमेश्वरले दुष्ट बेबिलोनलाई प्रयोग गर्नुहुनेछ (१:१२-२:१)
> **हबकूकको प्रश्न**: परमेश्वरका उद्देश्यहरूमा विश्वास गरेर हबकूक जिउनु पर्छ। (२:२-२०)

---

५६ मत्ती २२:३३, *इङ्लिस। स्ट्यान्डड भर्सन*

### भावनात्मक लबज

*भावनात्मक लबज* ले लेखकले व्यक्त गर्दैगरेको भावनाहरूलाई जनाउँछ। धर्मशास्त्र केवल अमूर्त जानकारी मात्र होइन; यो प्रेमी परमेश्वर र उहाँले बनाउनुभएको मानिस बीचको सम्बन्धको कथा हो। त्यस किसिमको घनिष्ट सम्बन्धमा भावना हुन्छ। सचेत पाठकहरूले लेखको भावनाहरूप्रति ध्यान दिन्छन्।

कुनै एक अनुच्छेदको भावनात्मक भाव पत्ता लगाउन, भावना व्यक्त गर्ने शब्दहरूलाई (रमाउनु, घृणा गर्नु, रुनु इत्यादि ) वा सम्बन्ध बताउने शब्दहरूलाई (बुबा, छोरा, छोरी इत्यादि) हेर्नुहोस्। लेखक र कथनका पत्रहरूका भावनालाई ध्यान दिनुहोस्।

» फिलिप्पी १: १-८ पढे लगत्तै गलाती १:१-९ पनि पढ्नुहोस्। प्रत्येक अनुच्छेदको भावनात्मक लबज कस्तो छ? यिनीहरूका परिचयहरूबाट, फिलिपीको मण्डली र गलातीका मण्डलीहरू सँगको पावलको सम्बन्धबाट तपाईंले के निष्कर्ष निकाल्न सक्नुहुन्छ?

## पुरै पुस्तक पढ्दा के हेर्ने

पुरै पुस्तक पढ्दा, हामी संरचना र पुस्तकको मुख्य विषयवस्तुहरूलाई हेर्छौं। यो चरणमा अवलोकन गर्ने कुराहरू:

## जोड दिइएका कुराहरू

अवलोकन गराइद्वारा पुस्तकमा के कुरालाई जोड दिइएको छ भनेर हामी थाहा पाउन सक्छौं।

#### अन्तराल

कुनै पनि पुस्तकमा कुनै विषयको अन्तरालले प्राय: लेखकको लागि के महत्त्वपूर्ण छ भन्ने देखाउँछ। उत्पत्तिमा, चार जना व्यक्तिहरू (अब्राहाम, इसहाक, याकूब र योसेफ) का बारेमा १२-५० अध्यायहरूमा पढ्न सकिन्छ। यसले सृष्टि, पतन, जलप्रलय र बाबेलको धरहराको सम्पूर्ण कथालाई समेट्ने एघार वटा अध्यायहरूसित तुलना गर्छ। अवलोकनको चरणमा यी कुराहरू देख्दा यसले हामीलाई व्याख्याको चरणमा “किन?” भन्ने प्रश्न सोध्न तयार पार्नेछ।

नहेम्याहको पुस्तक पढ्दा, हामीले त्यो पुस्तकको मुख्य स्थान प्रार्थनाले ओगटेको छ भन्ने देख्यौं। नहेम्याहको जीवनको हरेक गम्भीर परिस्थितिमा उनले प्रार्थना गरे। यसलाई ध्यान दिएर, हामी नहेम्याहको चरित्रलाई राम्रोसँग बुझ्न तयार हुन्छौं।

### निर्दिष्ट उद्देश्य

केही पुस्तकहरूमा, लेखकले हामीलाई लेखनको उद्देश्यको बारेमा बताउँछ। बुद्धिको सङ्ग्रह लेख्नुमा सलोमनको उद्देश्यको एउटा निकै लामो भनाइबाट हितोपदेशको पुस्तक सुरु हुन्छ।[५७] यूहन्नाको सुसमाचारले आफ्नो उद्देश्य यसरी बताउँछ: “कि तिमीहरूले येशु परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।”[५८]

#### सामग्रीको अनुक्रम

ऐतिहासिक कथनहरूमा, सामग्रीको अनुक्रमले लेखकको उद्देश्यकलाई देखाउन सक्छ। २ शमूएल १-१० ले दाऊदको विजयी

५७ हितोपदेश १:२-६

५८ यूहन्ना २०:३१

शासनकालको कथालाई बताउँछ। २ शमूएल ११ ले बतशेबासितको दाऊदको व्यभिचारलाई लिपिवद्ध गर्छ। त्यो समयदेखि उता, २ शमूएलले दाऊदको राज्यमा आएका समयस्याहरूलाई पहिल्याउँछ। २ शमूएलको लेखेकले ती समस्याहरू दाऊदको पापलाई लिएर परमेश्वरले गर्नुभएको न्याय हो भनेर देखाउँछ।

नहेम्याहलाई तीन वटा ठुला खण्डहरूमा विभाजन गर्न सकिन्छ। नहेम्याह १-६ मा नहेम्याहले यरूशलेमको पर्खाल पुनर्निमार्ण गर्छन्। नहेम्याह ६-१२ ले यरूशलेममा फर्किएका तीन जना निर्वासित व्यक्तिहरूको सूची दिन्छ र करारको नवीकरणलाई वर्णन गर्छ। नहेम्याह १३ ले यरूशलेममा नहेम्याह दोस्रो पटक फर्किसकेपछि उब्जिएका समस्याहरूलाई बताउँछ। यो अनुक्रमले देखाउँछ कि पर्खालको भौतिक निर्माण मात्र पर्याप्त थिएन; निर्वासनमा पुऱ्याउने समस्याहरूको समाधन गर्ने आत्मिक जागृतिको यहूदालाई खाँचो थियो।

## दोहोरिएका कुराहरू

बाइबल लेखकले कुराहरूलाई जोड दिन सक्ने अर्को तरिका भनेको दोहोऱ्याइ हो।

### दोहोरिएका शब्दहरू वा वाक्यांशहरू

नहेम्याहको पुरै पुस्तकमा *सम्झनु* शब्द दोहोरिएको छ। नहेम्याहले परमेश्वरलाई सोधे, "आफ्ना दास मोशालाई यसो भनेर आज्ञा गर्नुभएको वचन सम्झनुहोस्।"[५९] जति बेला यरूशलेमका मानिसहरूलाई धम्क्याइयो, नहेम्याहले तिनीहरूलाई भने, "महान् र भययोग्य परमप्रभुको सम्झना गर।"[६०] तीन चोटि, नहेम्याहले परमेश्वरले आफूलाई र आफ्नो विश्वसनीयतालाई सम्झनुहुनेछ भन्दै प्रार्थना गर्छन्। स्मरण नहेम्याहको लागि महत्त्वपूर्ण छ; विगतमा परमेश्वरले गर्नुभएको कामले भविष्यमा परमेश्वरको विश्वसनीयताप्रति आत्मविश्वास दिन्छ।

» भजनसंग्रह ११९:१-३२ पढ्नुहोस्। हरेक पदले परमेश्वरको वचनलाई जनाउने कुनै न कुनै शब्द प्रयोग गर्छ। यसबाट, परमेश्वरको वचनको महत्त्वको बारेमा भजनसंग्रहको लेखकले के विश्वास गरे भन्ने कुरा देखाउँदै एउटा सूची बनाउनुहोस्।

### दोहोरिएर देखिने पात्रहरू

प्रेरितको पुस्तकभरि मुख्य-मुख्य विषयहरूमा बारनाबास दोहोरिएर देखिन्छन्। हरेक पल्ट बारनाबास देखिँदा, उनलाई बोलाउने नाउँ "उत्साहको पुत्र" जस्तै भएर जिउँछन्।[६१] बारनाबासले शाऊललाई प्रेरितहरूका अगाडि ल्याउँछन् र शाऊलको परिवर्तनको सत्यताबारे बताउँछन्।[६२] शाऊलसँग मिलेर, बारनाबासले एन्टिओखियामा एउटा मण्डली स्थापना गर्छन्।[६३] पावलले शङ्का गरे पनि, बारनाबासले अपरिपक्क मर्कूस यूहन्नालाई प्रोत्साहन दिन्छन्।[६४] प्रेरितको पुस्तकमा बारनाबासको बारम्बार उपस्थितले सुरुको मण्डलीले विश्वासी चेलाहरू बनाउन येशुले दिनुभएको आज्ञा कसरी पूरा गरे भनेर देखाउँछ।

### दोहोरिएका घटनाहरू वा परिस्थितिहरू

न्यायकर्ताहरूको पुस्तकमा यहोशूको नेतृत्वमा पाएका ठुला विजयहरू हुँदै सामाजिक अराजकतातिर पतित भएको इस्राएको

५९ नहेम्याह १:८, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

६० नहेम्याह ४:१४, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

६१ प्रेरित ४:३६

६२ प्रेरित ९:२७

६३ प्रेरित ११:२२-२६

६४ प्रेरित १२:२५ र १५:३६-३९

कथाहरूको एउटा शृङ्खला छ। परमप्रभुको दृष्टिमा इस्राएलका मानिसहरूले पाप गरेका र तिनीहरूका शुत्रद्वारा पराजित भएका कुराको चक्र सात पल्ट दोहोरिएको छ। हरेक पटक परमेश्वरले तिनीहरूलाई छुटकारा दिन एउटा न्यायकर्ता खडा गर्नुभयो। यो दोहोरिरहने कथाले त्यो जातिको थिर पतनलाई देखाउँछ।

## दिशा परिवर्तन

दिशा परिवर्तन नै लेखकको जोडमा आएको परिवर्तन हो। उदाहरणको लागि, पावलका पत्रहरूको दिशा प्राय: ती पत्रहरूको बीचतिर हुन्छ। परमेश्वरले आफ्ना मानिसहरूका लागि के गर्नुभएको छ सो कुरामा जोड दिँदै एफिसीको पत्र सुरु हुन्छ; एफिसीको दोस्रो खण्डले परमेश्वरप्रति आज्ञाकारी भएर परमेश्वरका मानिसहरूले के गर्नुपर्छ भन्ने कुरामा जोड दिँदछ।

एफिसी १-३ का वर्णात्मक क्रियापदहरूले परमेश्वरले आफ्ना मानिसहरूका लागि के गर्नुभएको छ भन्ने देखाउँछ। परमेश्वरले यी काम गर्नुभएको छ:

- हामीलाई आशीर्वाद दिनुभएको छ (एफिसी १:३)
- हामीलाई चुन्नु भएको छ (एफिसी १:४)
- अघिबाटै नियुक्त गर्नुभयो (एफिसी १:५)
- आफ्ना प्रिय पुत्रमा हामीलाई ग्रहण गर्नुभयो (एफिसी १:६)

एफिसी ४:१ बाट, हाम्रो खातिर परमेश्वरले गर्नुभएको उद्धारको कामयोग्य जीवन जिउने विश्वासीको कर्तव्यलाई सम्बोधन गर्न सुरु गर्छन्। एफिसी अध्यायहरू ४-६ का धेरै क्रियापदहरू आज्ञार्थक छन्। पावलले हामीलाई यस्ता आज्ञाहरू दिन्छन्:

- सत्य बोल (एफिसी ४:२५)
- पवित्र आत्मालाई दु:खित नतुल्याओ (एफिसी ४:३०)
- प्रेममा चल (एफिसी ५:२)
- कसरी हिँड्छौ ध्यानसँग हेर (एफिसी ५:१५)
- आफ्ना बुबा र आमाको मान गर (एफिसी ६:२)
- परमेश्वरका सारा हातहतियार धारण गर (एफिसी ६:११)

परमेश्वरले हाम्रो लागि गर्नुभएको काममा आनन्दित हुनेबाट उहाँको अनुग्रहमा प्रतिक्रिया जनाउँदै हामी कसरी जिउनु पर्छ भन्ने दिशामा आएको परिवर्तन क्रियापदहरूमा देख्न सकिन्छ। यस्ता परिवर्तनहरूको सावधानी पूर्वक अवलोकन गराइले हामीलाई एफिसमा पावलको सन्देशलाई ठीकसँग व्याख्या गर्न तयार बनाउने छ।

## साहित्यिक संरचना

एउटा पुस्तकलाई थुप्रै उपायहरूबाट सङ्गठित गर्न सकिने भए पनि, तीन प्रकारका साहित्यिक संरचनालाई सजिलै पहिचान गर्न सकिन्छ।[६५] आउँदो पाठमा, हामी साहित्यिक संरचनाहरूलाई अरू विस्तृत रूपमा अध्ययन गर्नेछौं।

### जीवनी संरचना

ऐतिहासिक पुस्तकहरू प्रायजसो मुख्य पात्रहरूका वरिपरि सङ्गठित हुन्छन्। संरचनालाई चिन्ह लगाउनाले त्यसले पुस्तकको समग्र ढाँचालाई देखाउँछ। उदाहरणको लागि:

---

६५ यो सामग्री हवार्ड जि. हेन्ड्रिक्स र विलियम डि. हेन्ड्रिक्सद्वारा लिखित *लिभिङ बाइ दि बुक* को अध्याय १५ बाट लिइएको छ (सिकागो: मुडी पब्लिसर्स, २००७)।

| उत्पत्ति १२-५०: चार जना महान् पुरुषहरू | |
|---|---|
| **अध्यायहरू** | **व्यक्ति** |
| उत्पत्ति १२-२५ | अब्राहाम |
| उत्पत्ति २५-२६ | इसहाक |
| उत्पत्ति २७-३६ | याकूब |
| उत्पत्ति ३७-५० | योसेफ |

१ र २ शमूएलले इस्राएलका प्रथम दुई राजाहरू, शाऊल र दाऊदको उदय र पतनलाई केलाउँछ।

| १ र २ शमूएल: इस्राएलका प्रथम दुई राजाहरू | |
|---|---|
| **अध्यायहरू** | **राजाहरूका उदय/पतन** |
| १ शमूएल १-८ | शमूएल |
| १ शमूएल ९-१२ | शाऊलको उदय |
| १ शमूएल १३-३१ | शाऊलको पतन र दाऊदको उदय |
| २ शमूएल १-१० | दाऊदका सफलताहरू |
| २ शमूएल ११-२४ | दाऊदका सङ्घर्षहरू |

## भौगोलिक संरचना

भूगोलले केही पुस्तकका लागि एउटा संरचना प्रदान गर्छ। बाइबलको मानचित्रहरूले यी पुस्तकहरूको संरचनाको रूपरेखा कोर्नमा मद्दत गर्नेछ।

| प्रस्थान: इस्राएलका यात्राहरू | |
|---|---|
| **यात्रा-मार्ग** | **स्थान** |
| प्रस्थान १:१–३:१६ | मिश्रमा इस्राएल |
| प्रस्थान १३:१७–१८:२७ | उजाड स्थानमा इस्राएल |
| प्रस्थान १९–४० | सीनै पर्वतमा इस्राएल |

येशुले आफ्ना चेलाहरूलाई "यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्मै" उहाँको साक्षीहरू हुनलाई आज्ञा दिनुभयो।[६६] प्रेरितको पुस्तकले यही आज्ञालाई सुरुको मण्डलीले पूरा गर्न गरेका कुराहरूलाई पहिल्याउँछ।

६६ प्रेरित १:८

| प्रेरितको पुस्तक: संसारभरि सुसमाचार पुग्छ | |
|---|---|
| **अध्यायहरू** | **स्थान** |
| प्रेरित १-७ | यरूशलेम |
| प्रेरित ८-१२ | यहूदिया र सामरिया |
| प्रेरित १३-२८ | पृथ्वीको अन्तिम छेउसम्म |

## ऐतिहासिक वा कालानुक्रमिक संरचना

केही पुस्तकहरू मुख्य ऐतिहासिक घटनाहरूका वरिपरि सङ्गठित गरिएको हुन्छ, प्रायजसो कालानुक्रमिक रूपमा। यी घटनाहरूलाई चिन्ह लगाउनाले त्यसले पुस्तकको संक्षिप्त विवरण प्रदान गर्छ।

यहोशूको पुस्तकले कनान माथिको विजय र बसोबासलाई पहिल्याउँछ। यहोशूको पुस्तकको संरचनाले विजयको मुख्य घटनाहरूलाई देखाउँछ।

- कनानको पार (यहोशू १–५)
- यरीहो सहरको कब्जा (यहोशू ६)
- ऐ सँगको पराजय (यहोशू ७–८)
- शकेममा करारको नवीकरण (यहोशू ९)
- दक्षिणी क्षेत्रको लडाइँ (यहोशू १०)
- उत्तरी क्षेत्रको लडाइँ (यहोशू ११ –१२)
- त्यस भूमिको विभाजन र बसोबास (यहोशू १३ –२३)
- शकेमको सम्झौताको नवीकरण (यहोशू २४)

यूहन्नाको सुसमाचारले आफ्नो सुसमाचार लेखनको उद्देश्य आफ्नो पुस्तकको अन्त्यमा बताएको छ। "येशुले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। तर यी लेखिएका छन्, कि तिमीहरूले येशु परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।"[६७] यूहन्नाको सुसमाचारलाई यसको उद्देश्य प्राप्त गर्न सात वटा अचम्मका कामहरूको वरिपरि सङ्गठित गरिएको छ। यी सात वटा चिन्हहरूले यस पुरै पुस्तकलाई एउटा संरचना प्रदान गर्छ:

- पानीलाई दाखमद्यमा बदल्नु भएको (यूहन्ना २:१-१२)
- उच्च अधिकारीको छोरोलाई निको पार्नु भएको (यूहन्ना ४:४६-५४)
- बेथस्दामा एक जना रोगीलाई निको पार्नु भएको (यूहन्ना ५:१-४७)
- ५, ००० जनालाई खुवाउनु भएको (यूहन्ना ६:१-४)
- पानीमाथि हिँड्नु भएको (यूहन्ना ६:१५-२१)
- जन्मैको अन्धोलाई निको पार्नु भएको (यूहन्ना ९:१-४१)
- मृत लाजरसलाई जीवित पार्नु भएको (यूहन्ना ११:१-५७)
- येशुको पुनरुत्थान (यूहन्ना २०:१-३१)

---

६७ यूहन्ना २०:३०-३१

## ठुलो दृश्यलाई देख्नु

यस बिन्दुसम्म, हामीले एकल पदहरू, ठुला अनुच्छेदहरू र पुरै पुस्तकहरूको बारेमा विस्तृत जानकारीहरू अवलोकन गरेका छौं।[६८] अवलोकनको क्रमको अन्तिम कदम भनेको ती अवलोकनहरूलाई प्रयोग गर्न सजिलो हुने गरी सङ्गठित गर्नु हो। यसो गर्ने सबैभन्दा राम्रो तरिका भनेको ती सामग्रीलाई एउटा संक्षेप चार्टमा राख्नु हो। यसले धर्मशास्त्रका ठुला खण्डहरू बीचको सम्बन्धहरूलाई देखाउँछ। यसले बाइबल अध्ययनमा व्याख्याको कदम तयारी गर्नमा एउटा स्पष्ट सारांश पनि प्रदान गर्छ।

यो चार्टलाई सङ्गठित गर्ने त्यहाँ थुप्रै गरिकाहरू छन्। चार्टका विधाहरू तपाईंले अध्ययन गरिरहनु भएको अनुच्छेदको ढाँचामा निर्भर हुनेछ। यो खण्डमा, एउटा चार्टले कसरी बाइबल अध्ययनमा मदत गर्न सक्छ भनेर देखाउन हामी विभिन्न किसिमका चार्टहरूलाई प्रयोग गर्नेछौं।

## सम्बन्धित घटनाहरूको एउटा शृङ्खलाको चार्ट बनाउने

अध्यायका विभाजनहरू सधैं पुस्तकको संरचनासँग समानान्तर हुँदैन भन्ने कुरा मैले अघि नै उल्लेख गरिसकैं। घटनाहरूको सम्बन्ध देखाउने चार्टले विभिन्न अध्यायहरूमा पाइने घटनाहरूको शृङ्खलाको एकतालाई देखाउन सक्छ। यसले प्रायजसो घटनाहरू बीचको तुलनाहरू वा भिन्नताहरूलाई देखाउनेछ।

मर्कूस ४:३५– मर्कूस ५:४२ ले चार वटा अचम्मका कामहरूको एउटा शृङ्खला प्रस्तुत गर्छ। सतहमा ती घटनाहरू एकआपसमा सम्बन्धित भएको देखिँदैन। यद्यपि, यदि तपाईंले ती चार वटा कथाहरूलाई तुलना गर्नुहुन्छ भने, तपाईंले देख्नुहुनेछ कि ती कथाहरूले आँधीको समयमा येशुका चेलाहरूमा देखिएको विश्वासको कमी र केही अप्रत्याशित मानिसहरू: भूत लागेको मानिस, रगत बग्ने रोग लागेकी स्त्री र सभाघरको शासकका विश्वास बीचको भिन्नतालाई देखाउँछ। मर्कूसको सुसमाचारले ठुलो विश्वासका यी प्रत्येक कथाहरूका प्रत्यक्षदर्शी चेलाहरू हुन् भनेर देखाउँछ। यी चार वटा कथाहरूलाई सँगै राखेर तुलना गर्दै हेर्नुहोस्:

६८ यस खण्डको यो सामग्री हवार्ड जि. हेन्ड्रिक्स र विलियम डि. हेन्ड्रिक्सद्वारा लिखित *लिभिङ बाइ दि बुक* को अध्याय २४-२५ मा आधारित छ (सिकागो: मुडी पब्लिसर्स, २००७)।

| चार आश्चर्यकर्महरू | | |
|---|---|---|
| **आश्चर्यकर्महरू** | **कथा भित्रका मानिसहरू** | **विश्वासको भूमिका** |
| आँधीलाई शान्त पार्नु भएको | • येशु<br>• चेलाहरू | चेलाहरूसँग विश्वास छैन (४:२०)। |
| भूत लागेकोलाई निको पार्नु भएको | • येशु<br>• भूत लागेको मानिस<br>• गाउँलेहरू<br>• चेलाहरू (दर्शक) | • भूत लागेको मानिसले उहाँको आराधना गर्छ (५:६) र उहाँको साक्षी दिन्छ (५:१८-२०)।<br>• गाउँलेहरूले उहाँलाई इन्कार गर्छन् (५:१७)। |
| रगत बग्ने रोग लागेकी स्त्रीलाई निको पार्नु भएको | • येशु<br>• त्यो स्त्री<br>• चेलाहरू (दर्शक) | त्यो स्त्रीमा विश्वास छ र उहाँलाई छुने पहल गर्छिन् (५:२८, ३४)। |
| याइरसकी छोरीलाई जीवित पार्नु भएको | • येशु<br>• याइरस र उनकी छोरी<br>• विलाप गर्नेहरू<br>• पत्रुस, याकूब र यूहन्ना | याइरसको विश्वास (५:२३)। |

## तपाईंको पालो

मत्ती १३:१-२३ मा आधारित एउटा चार्ट तयार पार्नुहोस्।


१. त्यो कथालाई तीन चोटि पढ्नुहोस्।
२. तपाईंले गर्नु भएका हर सम्भव अवलोकनहरूबाट पत्ता लगाउनुभएको कुरालाई चिन्ह लगाउनुहोस्।
३. यस दृष्टान्तको मुख्य विचारहरू सहित दिइएको चार्ट भर्नुहोस्।

याद राख्नुहोस्, यो चार्ट नै प्रमुख लक्ष्य होइन; यो चार्ट, तपाईंलाई अध्ययन गर्नमा र तपाईंको जीवनमा परमेश्वरको वचनलाई व्यावहारिक रूपमा लागू गर्नमा मदत गर्ने एउटा साधन हो। बाइबल अध्ययनको प्रमुख लक्ष्य परिवर्तन हो। यो दृष्टान्तको अध्ययनमा, यो प्रश्न सोध्नुहोस्, "म कस्तो खालको जमीन हुँ? के मेरो जीवनमा परमेश्वरको वचनलाई ममा फल फलाउन दिइराखेको छु?"

| मत्ती १३: १-२३ – जमीनहरूको दृष्टान्त | | | |
|---|---|---|---|
| **जमीनका प्रकारहरू** | **वृद्धि** | **वृद्धिका रोकावटहरू** | **नतिजाहरू** |
| बाटो | कुनै वृद्धि छैन–<br>बीउ<br>टिपेर लगियो। | सत्य बुझाइको कमीको कारण जमीन धेरै साह्रो छ। | कुनै फल छैन |
| | | | |
| | | | |
| | | | |

## तपाईंको पालो

मर्कूस ५:२१-४३ पढ्नुहोस्। यो एउटा त्यस्तो कथा हो जसमा दुई वटा अचम्मका कामहरू पाइन्छ। रगत बग्ने रोग लागेकी स्त्रीको कथाले याइरस र उनकी छोरीको कथालाई बीचमै रोक्छ। यी कथाहरू बीच के-के तुलनाहरू र भिन्नताहरू छन्? यसको संरचना यस्तो छ:



| मर्कूस ५:२१-४३: तुलनाहरू र भिन्नताहरू | | |
|---|---|---|
| | **याइरस** | **रगत बग्ने रोग लागेकी स्त्री** |
| **तुलना** | ठुलो विश्वास देखाउँछ | ठुलो विश्वास देखाउँछिन् |
| | | |
| | | |
| **भिन्नता** | अख्तियारयुक्त व्यक्ति | सामान्य स्त्री |
| | सबैको अघि येशुकहाँ जान्छ | लुकेर येशुकहाँ जान्छिन् |
| | | |
| | | |

## पुरै पुस्तकलाई चार्टमा उतार्नु

एउटा पुरै पुस्तकलाई संक्षिप्त गर्न चार्टले सहायता गर्न सक्छ। यसले पुस्तकको एउटा ठुलो दृश्य देखाउँछ। चार्ट तयार गर्न, कयौं पटक पुरै पुस्तक पढ्नुहोस्। ठुला खण्डहरूलाई हेर्नुहोस्। पढ्दा, दोहोरिएका शब्दहरूलाई, प्रश्नोत्तरहरूलाई, र पुस्तकको संरचना देखाउने अन्य सम्बन्धहरूलाई चिन्ह लगाउनुहोस्।

| १ पत्रुसको अध्ययन- कष्ट भोगिरहेका सन्तहरूका लागि प्रोत्साहन | | |
|---|---|---|
| **मुक्ति (१:१–२:२०)** | **पूर्ण समर्पण (२:११–३:१२)** | **कष्ट भोगाइ (३:१३–५:११)** |
| • मुक्तिको सुअवसरहरू (१:२-१२)<br>• मुक्तिको उपजहरू (१:१३-२५)<br>• मुक्तिको प्रक्रिया (२:१-१०) | • राज्यमा (२:१३-२५)<br>• परिवारमा (३:१-१२) | • एउटा नागरिको रूपमा (३:१३–४:६)<br>• एउटा विश्वासीको रूपमा (४:७-१९)<br>• एउटा गोठालोको रूपमा (५:१-११) |
| **ख्रीष्टियानको नियति** | **ख्रीष्टियानको कर्तव्य** | **ख्रीष्टियानको अनुशासन** |

१ पत्रुसको तीन वटा ठुला खण्डहरू एकआपसमा सम्बन्धित छन्। पिता परमेश्वरको इच्छा (२:११–३:१२)मा हामी समर्पित नभएसम्म हामीले कष्ट भोगाइ (३:१३–५:११)लाई कहिल्यै बुझ्ने छैनौं ; उहाँको शक्ति हामीले थाहा नगरेसम्म हामी कहिल्यै पिता परमेश्वरमा समर्पित हुने छैनौं (१:१–२:१०)।

## तपाईंको पालो

एफिसीको एउटा चार्ट तयार गर्नुहोस्। यो चार्टले पावलको पत्रको चार वटा विषयवस्तुहरू पहिल्याउन तपाईंलाई मदत गर्नेछ। मैले एउटा उदाहरण दिएको छु। जब तपाईंले सक्नुहुन्छ, यो प्रश्न सोध्नुहोस्:

- प्रत्येक विषयवस्तु बीच के सम्बन्ध छ?
- के यिनीहरूमध्ये एउटा विषयवस्तु अर्को विषयवस्तुभन्दा बढी प्रभावशाली छ?
- पुस्तकको समग्र संरचनामा प्रत्येक विषयवस्तु कसरी सम्बन्धित छ?

| विषयवस्तु | यो विषयवस्तुका पदहरू | पावलको शिक्षाको सारांश |
|---|---|---|
| **अनुग्रह** | | |
| **शैतान** | २:१-२ | |
| **हाम्रो हिँडाइ** | | |
| **प्रार्थना** | | |

## पाठ ३ का मुख्य बुँदाहरू

१. अनुच्छेद र त्यसपछि पुरै पुस्तकको अध्ययन गरेर तपाईंले अवलोकनको प्रक्रियालाई जारी राख्नुहोस्। सुरुमा बाइबल अध्यायहरू र पदहरूमा विभाजित थिएन। तपाईंको अध्ययनमा पढिएको खण्डको स्वभाविक विभाजनलाई तपाईं पछ्याउँदै हुनुहुन्छ भन्ने कुरामा तपाईं सुनिश्चत हुनुहोस्।

२. कुनै एक अनुच्छेद पढ्दा, यी कुराहरू हेर्नुहोस्:

- सामान्यदेखि विशेष सम्बन्धहरू
- प्रश्न तथा उत्तरका खण्डहरू
- संवाद
- भावनात्मक लबज

३. एउटा पुरै पुस्तक पढ्दा, यी कुराहरू हेर्नुहोस्:

- जोड दिएका कुराहरू लेखकले यी कुराहरूलाई जोड दिन सक्छ:
    - अन्तराल
    - निर्दिष्ट उद्देश्य
    - साम्रगीको अनुक्रम
- दोहोरिएका कुराहरू।
    - दोहोरिएका शब्दहरू वा वाक्यांशहरू
    - दोहोरिएर देखिने पात्रहरू
    - दोहोरिएका घटनाहरू वा परिस्थितिहरू
- दिशा परिवर्तन
- साहित्यिक संरचना
    - जीवनी संरचना
    - भौगोलिक संरचना
    - ऐतिहासिक वा कालानुक्रमिक संरचना

४. धर्मशास्त्रको खण्ड वा पुरै पुस्तकको चार्ट बनाउनाले यसले संरचनालाई स्पष्ट पार्न सक्छ।

## पाठ ३ मा गर्नुपर्ने कार्य

पाठ १ मा, यो पाठ्यक्रममा अध्ययन गर्न धर्मशास्त्रको एउटा अनुच्छेदलाई तपाईंले छान्न सक्नुहुन्छ। यस पाठका कदमहरूलाई पछ्याउँदा, तपाईंले पढ्न छान्नुभएको धर्मशास्त्रको खण्डलाई हर सम्भव अवलोकन गर्नुहोस्। याद राख्नुहोस्, तपाईं पदको व्याख्या गर्दै हुनुहुन्न वा वचन प्रचारको रूपरेखा तयार पार्दै हुनुहुन्न। तपाईं केवल त्यो अनुच्छेदको विस्तृत जानकारीहरूलाई हेर्दै हुनुहुन्छ। यदि यो उपयोगी छ भने, तपाईंको अवलोकनहरूलाई संक्षिप्त गर्ने एउटा चार्ट तयार पार्नुहोस्। यदि तपाईं एउटा समूहको रूपमा अध्ययन गर्दै हुनुहुन्छ भने, अर्को भेटघाटमा तपाईंका अवलोकनहरूलाई एकआपसमा बताउनुहोस्।

# पाठ ४

# व्याख्या: परिचय

### पाठका उद्देश्यहरू

१. धर्मशास्त्रलाई ठीकसँग व्याख्या गर्नुको महत्त्वलाई बुझ्नु ।

२. बाइबलीय व्याख्यालाई कठीन बनाउने केही चुनौतीहरूको पहिचान गर्नु ।

३. बेठीक व्याख्यातिर लैजाने धरापहरूबाट होसियार हुनु ।

४. बाइबलीय व्याख्यामा विनम्रता र दयाभावलाई कायम राख्नु ।

## परिचय

के तपाईंलाई पाठ १ को जिनि भन्ने व्यक्ति याद छ? जिनिले हरेक दिन बाइबल पढ्थ्यो, तर आफूले पढेको वचनबाट उसले परमेश्वरले बोल्नुभएको आवाज सुनेन । समस्या के थियो? जिनिसँग आफूले पढेको कुराको व्याख्या गर्ने पद्धति थिएन । उसले पढ्यो, तर उसले बुझेन ।

प्रेरित ८ ले धर्मशास्त्र पढ्ने, तर नबुझ्ने एक जना अर्को मानिसको कथा बताउँछ । प्रारम्भिक मण्डलीको डिकन, फिलिपलाई पवित्र आत्माले यरूशलेमबाट गाजा जाने उजाड-स्थानको बाटोमा लैजानुभयो । त्यहाँ उनले यरूशलेमको मन्दिरमा आराधना गरेर फर्कंदै गरेको एक जना इथोपियाली अधिकारीलाई भेट्टाए । यात्रा गर्ने क्रममा ती अधिकारीले यशैयाको पुस्तक पढिरेहका थिए ।

> **"मलाई समझशक्ति दिनुहोस्, र म तपाईंको व्यवस्थाअनुसार चल्नेछु, अनि सम्पूर्ण हृदयले त्यो पालन गर्नेछु ।"**
>
> **भजनसंग्रह ११९:३४**

त्यस यात्रुलाई फिलिपले सोधे, "तपाईंले पढिरहनु भएको कुरा के तपाईं बुझ्नु हुन्छ?" त्यस नंपुसकले जवाफ दियो, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" जब फिलिपले परमेश्वरको वचन बुझाइदिए, त्यस मानिसले येशु परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गऱ्यो र नयाँ विश्वासीको रूपमा बप्तिस्मा लिए ।

हामी जे पढ्छौं त्यसलाई कसरी व्याख्या गर्ने भनेर थाहा गर्नु अन्यन्त महत्त्वपूर्ण छ । आउँदो केही पाठहरूमा हामी धर्मशास्त्रको

व्याख्या गराइको पद्धतिलाई अध्ययन गर्नेछौं । हामी व्याख्याका व्यावहारिक कदमहरू सिक्नेछौं ।

## व्याख्याको महत्त्व

तीन जना न्यायाधिशहरू अदालतमा आफ्ना कामका बारेमा छलफल गर्दै छन् । पहिलो न्यायाधिशले भन्छ, "त्यहाँ दोषी छ र निर्दोषी दुवै छ । तिनीहरू को हुन् भन्ने आधारमा म तिनीहरूलाई छुट्याउँछु ।" यो न्यायाधिशको लागि, त्यहाँ यथार्थपरक वास्तविकता छ । त्यहाँ दोषी र निर्दोषी हुन्छन् र न्यायाधिशको काम भनेको साँचो के हो भनेर घोषणा गर्नु हो ।

दोस्रो न्यायाधिशले भन्छ, "त्यहाँ दोषी छ र निर्दोष पनि । व्यक्ति दोषी वा निर्दोष के छ भनेर म छुट्याउने प्रयास गर्छु ।" यो न्यायाधिशलाई पनि यथार्थपरक वास्तिकताबारे थाहा छ, तर उसलाई आफ्नो ज्ञानको सीमा पनि थाहा छ । उसले सत्यताको उसको बुझाइमा गल्ती हुन सक्छ भन्ने महसुस गर्छ ।

तेस्रो न्यायाधिशले भन्छ, "त्यहाँ दोषी छ र निर्दोष पनि, तर मैले मेरो फैसलना नसुनाएसम्म तिनीहरूमध्ये कोही पनि न दोषी हुन्छ न निर्दोष नै ।" यो न्यायाधिशले कुनै यथार्थपरक वास्तविकतालाई चिन्दैन । आफूले सृजना गरेको वास्तविकता नै वास्तविकता हो भन्ने कुरामा उनले जोड दिन्छन् । यो केवल उनले सुनाउने फैसला नै हो जसले कुनै कुरालाई सत्य बनाउँछ । यो सत्यको उत्तरआधुनिक दृष्टिकोण हो: त्यहाँ कुनै पूर्ण सत्य भनाइहरू छैनन् ।

दु:खको कुरा, थुप्रै ख्रीष्टियानहरू धर्मशास्त्रको कुनै यथार्थपरक अर्थ छैन भन्ने कुरामा विश्वास गर्छन् । तिनीहरू भन्छन्, "जे कुरा तपाईंको लागि सत्य छ मेरो लागि नहुन सक्छ ।" यो दृष्टिकोणमा, हरेक पाठकले आफ्नै "सत्य" सृजना गर्छ ।

यो कथामा दोस्रो न्यायाधिशले दुई वटा महत्त्वपूर्ण सत्यताहरूलाई सन्तुलित गर्छ:

१. धर्मशास्त्रको त्यहाँ एउटा यथार्थपरक अर्थ छ । हर्वाड हेन्ड्रिक्सले यस्तो भन्छन्, "पढिएको खण्डको 'अर्थ' हाम्रो विषयात्मक विचारहरू होइनन् तर परमेश्वरको यथार्थपरक सत्यता हो ।"[६९] पाठकहरूका रूपमा हाम्रो काम भनेको पढिएको खण्डमा परमेश्वरको सत्यता पत्ता लगाउने हो ।

२. मेरो व्याख्या गलत हुन सक्छ । यसले गर्दा, विनम्रपूर्वक मैले मेरो बुझाइको सीमालाई स्वीकार गर्नुपर्छ ।

अवलोकनको चरणमा हामीले सोध्यौं, "यो खण्डमा म के देख्छु?" व्याख्याको चरणमा, हामी सोध्छौं, "यो खण्डको अर्थ के हो?" यसपछि, हाम्रा जीवनमा धर्मशास्त्रको व्यावहारिक प्रयोगलाई हामी हेर्नेछौं ।


यो प्रश्न गर्दै व्याख्याको प्रक्रियालाई हामी सुरु गर्छौं, "मानव लेखकको लागि यो धर्मशास्त्रको अर्थ के छ? यसले हामीलाई यो प्रश्न सोध्न तयार गर्छ, "मेरो लागि यो धर्मशास्त्रको अर्थ के लाग्छ?"

## ठीक व्याख्याका चुनौतीहरू

बाइबलजस्तो प्राचीन मूलग्रन्थको व्याख्या गर्ने एक आधुनिक पाठकका लागि त्यहाँ थुप्रै चुनौतीहरू छन् । हामीलाई मौलिक लेखकहरूबाट अलग गराउने समय र दुरीले व्याख्या गराइलाई कठिन बनाउँछ । हामी भिन्नै भाषा बोल्छौं । बाइबलीय लेखकहरूका संस्कृतिभन्दा हाम्रो संस्कृति एकदमै फरक छ । एउटा अभ्यास पुस्तिकाले यसरी त्यस चुनौतीलाई प्रस्तुत गर्छ:

६९ हवार्ड जि. हेन्ड्रिक्स र विलियम डि. हेन्ड्रिक्स, *लिभिङ बाइ दि बुक* (सिकागो: मुडी पब्लिसर्स, २००७), २०१

# व्याख्याको यात्रा[७०]




यो तस्बीरले हाम्रो समयमा बाइबलको व्याख्या गराइमा आउने चुनौतीहरूलाई देखाउँछ । बाइबल प्राचीन संसारको लागि लेखिएको थियो (१) । यसको प्रथम पाठकहरू आजको पाठकभन्दा एउटा भिन्नै संस्कृतिमा जिउँथ्ये । तिनीहरूका संसारबाट आजको संसारलाई छुट्ट्याउने नदी (२) ले हामीलाई बाइबल बुझ्न अरू बढी गाह्रो बनाउँछ । यो नदी बाइबलको संसार र हाम्रो संस्कृति बीचका भिन्नताहरूले बनेको छ । आधुनिक पाठक र मौलिक लेखक बीच के भिन्नताहरू छन्?

## भाषा

बाइबल तीन वटा भाषाहरूमा लेखिएको थियो: हिब्रू, ग्रीक र आरामिक । आज, हामी अधिकांशले बाइबललाई हाम्रो आफ्नै भाषामा पढ्छौं । यसले हाम्रो र मौलिक लेखक बीच एउटा दुरी सृजना गर्छ । दोस्रो भाषा बोल्ने जो कोहीले भाषाको कठिनाइहरूलाई बुझ्छ ।

## संस्कृति

सांस्कृतिक कठिनाइ पनि भाषाको कठिनाइ जस्तै छ । धर्मशास्त्रको मानवीय लेखकहरू त्यो संस्कृतिको अङ्ग थिए जुन हाम्रो संसारको भन्दा एकदमै भिन्न थियो । धर्मशास्त्रको हाम्रो अध्ययनमा हामीले यो प्रश्न सोध्नुपर्छ, "बाइबलको सन्देशलाई राम्रोसँग बुझ्न र व्याख्या गर्नमा मलाई मदत गर्ने प्राचीन संस्कृतिबारे मैले के सिक्न सक्छु?"

## भूगोल

बाइबलीय घटनाहरू वास्तविक स्थानहरूमा बस्ने वास्तविक मानिसहरूसँग घटेका घटनाहरू हुन् । भूगोललाई हामी जति

७० जे. स्कट ड्युभाल र जे. दानिएल हेज्, *ग्र्यास्पिङ गड्स वर्ड, थर्ड इडिसन* बाट लिइएका तस्बीरहरू । प्रतिलिपि अधिकार© २०१२, जे. स्कट ड्युभाल र जे. दानिएल हेज । हार्परकोलिन्स ख्रीष्टियन पब्लिसिङसँग स्वीकृति लिएर प्रयोग गरिएको । https://www.harpercollinschristian.com

राम्रोसँग बुझ्छौं, त्यति राम्रोसँग हाम्रो संसारलाई तिनीहरूका संसारबाट छुट्याउने नदीलाई पार गर्न हामी सक्षम हुन्छौं ।

यरीहोदेखि यरूशलेम पुग्न डरलाग्दो पहाडी इलाकाको बाटो भएर जानुपर्थ्यो भन्ने थाहा गराइले पुजाहारी र लेवीको सतर्कतालाई स्पष्ट पार्छ । यसले त्यो सामरीको दयाको पनि अवबोध प्रदान गर्छ जसले एक जना अपरिचित घाइतेलाई मदत गर्न आफ्नै जीवन जोखिममा पार्‍यो ।[७१]

पाठकहरूले सोधेका छन्, "मर्कूस ६ अध्यायमामा येशुले ५, ००० जनालाई खुवाइसकेपछि मर्कूस ८ अध्यायमा चेलाहरूले ४,००० जनालाई खुवाउने येशुको क्षमतामाथि किन शङ्का गरे?" यसको उत्तर एउटा मानचित्र दिन्छ । मर्कूस ७ अध्यायमा, येशु अन्यजातिका बसोबास क्षेत्र डेकापोलिसमा जानुहुन्छ । चेलाहरूका लागि प्रश्न, "**के** येशुले यी मानिसहरूलाई खुवाउन सक्नुहुन्छ?" भन्ने थिएन तर "**के** उहाँले यिनीहरूलाई खुवाउनु हुनेछ?" भन्ने थियो । अन्यजाति अचम्मको कामको अनुभव गर्न लायक छन् भनी तिनीहरूले विश्वास गरेनन् । तिनीहरूले त्यस बेलासम्म येशु सबै मानव जातिका लागि आउनुभएको थियो भन्ने बुझेका थिएनन् ।

| | मर्कूस ६ | मर्कूस ७ | मर्कूस ८ |
|---|---|---|---|
| **स्थान** | गालील | *यात्रा* | डेकापोलिस |
| **मानिस** | यहूदी | | अन्यजातिहरू |

मर्कूस ४ ले गालीलको समुद्रमा आएको आँधीलाई येशुले कसरी शान्त पार्नुभयो भनी बताउँछ । बाइबल मानचित्रबाट गालील समुद्र, समुद्र सतहभन्दा २१० मि. तल पर्ने एउटा ठुलो ताल हो भन्ने हामी थाहा गर्छौं । त्यो तालको चारैतिरको उचाइले एक फनेलको (सोलीजस्तै) काम गर्ने भएकोले, केही मिनेटमै हावाले प्रचण्ड आँधीबेहरीको रूप लिन्छ । आफ्नो जीवन यसै समुद्रमा बिताएका मछुवा, चेलाहरू त्यस्ता प्रचण्ड आँधीहरूसित परिचित थिए । आफ्नो जीवन बचाउन तिनीहरूले गरेका हारगुहारले त्यो कुनै सामान्य आँधी थिएन भन्ने बताउँछ । त्यो एउटा अस्वभाविक शक्तिशाली आँधी थियो, तर त्यो समुद्रलाई शान्त पार्न येशुलाई धेरै शब्दहरूको आवश्यक परेन । त्यसैले त तिनीहरूले भने, "बतास र समुद्रले पनि यिनका आज्ञा मान्ने यिनी त कस्ता मानिस हुन्?"[७२]

## साहित्य

मलाई विभिन्न किसिमका किताबहरू पढ्न मन पर्छ । फरक-फरक साहित्यलाई फरक-फरक तरिकाले पढ्नुपर्छ । यदि म ईश्वरशास्त्रसम्बन्धी किताब पढ्दैछु भने, म महत्त्वपूर्ण वाक्यहरूका मुनि रेखा कोर्नेछु, मैले नबुझेका शब्दहरूलाई खोज्नेछु र मुख्य विचारहरूलाई अतिरिक्त अध्ययनको लागि चिन्ह लगाउनेछु । यदि म एउटा सामान्य कथा पढ्दैछु भने, म त्यसलाई सरसर्ती पढ्नेछु । म कसरी पढ्छु भन्ने कुरा साहित्यको प्रकारमा भर पर्छ ।

यही कुरा धर्मशास्त्रमा लागू हुन्छ । जब हामी रोमीको पत्रलाई पढ्छौं, हामीले पावलको तर्कलाई राम्रोसँग पहिल्याउनु पर्छ किनकि हामी कसरी परमेश्वरको अघि धर्मी ठहरियौं भन्ने उनले देखाउँछन् । जब हामी दृष्टान्तहरू पढ्छौं, एउटा कथाकारले एउटा रोचक कथा मार्फत सिकाएको शिक्षा हामी सुन्छौं ।

अघिल्लो तस्बीरलाई फेरि हेर्नुहोस् । भाषा, संस्कृति, भूगोल र साहित्यको नदीले हामीलाई अलग बनाए तापनि, बाइबलसँग सबै संस्कृतिहरूसँग बोल्ने एउटा सन्देश छ । यो त्यो नदी पारि जाने साँघु (३) हो । यो साँघु बाइबल सिकाउने नियमहरूबाट

७१ लूका १०:२५-३७

७२ मर्कूस ४:३६-४१

बनेको छ। यी नियमहरू हरेक युगका सबै संस्कृतिहरूमा लागू हुन्छ।

यो मानचित्र (४) ले बाइबलीय कथामा हामी कहाँ छौं भन्ने विचार गर्न भन्छ। यदि हामी पुरानो करार पढ्दैछौं भने, ख्रीष्टको आगमनले थुप्रै अगमवाणीहरू र व्यवस्थाहरू पूरा गऱ्यो भन्ने हामीले थाहा पाउनेछौं। यसले धर्मशास्त्रका यी अनुच्छेदहरूलाई हामी कसरी व्याख्या गर्छौं भन्ने कुरालाई परिवर्तन गर्नेछ।

अन्त्यमा, हामी आजको संसारमा आइपुग्छौं (५)। यो कदममा, हामीले थाहा पाएको नियम हाम्रो संसारमा कसरी व्यवहारिक रूपमा लागू हुनेछ भन्ने प्रश्न सोध्छौं।

आउँदो पाठहरूमा यो तस्बीरलाई हामी फेरि हेर्नेछौं। अहिलेका लागि, तपाईंलाई कदमहरू थाहा हुनुपर्छ। पछिका पाठहरूमा हरेक कदमको हामी अध्ययन गर्नेछौं।

## सतर्क हुनुहोस्! बाइबल व्याख्याकारका पासोहरू

त्यहाँ बाइबल व्याख्याकारका थुप्रै पासोहरू छन्। यी पासोहरूमा यी कुराहरू पर्छन्:

## खण्डलाई गलत रूपले पढ्नु

केही प्रचारकहरूले पावलले यसो भने भनेर प्रचार गरेका छन्, "रुपियाँपैसा नै सबै खराबीको जड हो।" तर पावलले त्यसो भनेनन्! उनले भने, "किनकि **रुपियाँपैसाको मोह** नै सबै किसिमका खराबीको जड हो।"[७३] रुपियाँपैसाको मोह नगरिकनै पनि यो पाउन सम्भव छ, र तपाईंसँग धेरै रुपियाँपैसा छैन भने पनि तपाईंले त्यसको मोह गर्न सम्भव छ। पावलको चेताउनी विशेषत: रुपियाँपैसाको बारेमा होइन; यो चेताउनी रुपियाँपैसाको मोहद्वारा नियन्त्रित हृदयको बारेमा हो।

केही ख्रीष्टियानहरू भजनसंग्रह ३७:४ लाई यसो भन्दै गलत तरिकाले बुझ्छन्, "परमेश्वरले मलाई मेरो हृदयका इच्छाहरू पूरा गरिदिने प्रतिज्ञा गर्नुहुन्छ।" म धनी हुन चाहन्छु, त्यसैले परमेश्वरले मलाई धनी बनाउनुहुनेछ। भजनसंग्रहका लेखकले भने, "**परमप्रभुमा** आनन्दित होऊ; र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ। भजनसंग्रहका लेखकले यो प्रतिज्ञा गर्छन् कि यदि हामी परमप्रभुमा आनन्दित हुन्छौं भने, परमेश्वरले हामीलाई हाम्रो आनन्द–परमप्रभु दिनुहुनेछ। पछिबाट, येशुले प्रतिज्ञा गर्नुभयो कि यदि कोही धार्मिकताको निम्ति भोकाउँछ र तिर्खाउँछ भने, हामीलाई धार्मिकताले परिपूर्ण पारिनेछ।[७४] यो आर्थिक उन्नतिको प्रतिज्ञा होइन; यो त्यो भन्दा अझ असल–आत्मिक उन्नतिको प्रतिज्ञा हो।

यो पाठ्यपुस्तकमा हामीले सिकेको पहिलो कदम अवलोकनको थियो। हाम्रा अवलोकनहरू सटिक हुनुपर्छ अन्यथा हाम्रो व्याख्या नै गलत हुनेछ। खण्डलाई गलत तरिकाले पढ्नबाट होसियार हुनुहोस्। कसैले भन्छन् कि बाइबल अध्ययनको पहिलो तीन कदमहरू यी हुन्:

**१.** यो खण्ड पढ्नुहोस्।
**२.** यो खण्डलाई फेरि पढ्नुहोस्।
**३.** कदम २ पछि, यो खण्डलाई फेरि पढ्नुहोस्!

---

७३ १ तिमोथी ६:१०, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

७४ मत्ती ५:६

## पढिएको खण्डलाई बङ्ग्याउनु

इतिहासभरि नै, झुटा शिक्षकहरूले आफ्ना गल्तीहरूको बचाउ गर्न धर्मशास्त्रलाई बङ्ग्याएका छन्। जानीजानी पाप गरिरहने आफ्नो इच्छाको बचाउ गर्न केहीले विश्वासबाट मात्र धर्मी ठहरिने आफ्नो शिक्षालाई बङ्ग्याउने छन् भनेर पावलले चेताउनी दिए।[७५] त्यस्ता समयहरू थिए जति बेला मानिसहरूले दास प्रथा र नाजीद्वारा गरिएको यहूदीहरूको सर्वनाश (होलोकस्ट) को बचाउ गर्न धर्मशास्त्रको प्रयोग गरे। आज, केही सुसमाचार प्रचारकहरूले परमेश्वरका प्रतिज्ञाहरू बङ्ग्याएर समृद्धिको सुसमाचार बनाएका छन् जुन धर्मशास्त्रको सत्यतासँग विपरीत छ।

धर्मशास्त्र बङ्ग्याउनेले आफ्नै विनाश ल्याउँछ भनेर पावलले चेताउनी दिए।[७६] त्यसैगरी, याकूबले शिक्षकहरूको गम्भीर जिम्मेवारीको बारेमा बताउँछन्।[७७] हामी बाइबल सिकाउनेहरू धर्मशास्त्रलाई बङ्ग्याएर झुटा विचारहरूलाई समर्थन गर्नदेखि होसियार हुनुपर्छ।

## अतिरञ्जित विषयात्मक विचार[७८]

बाइबल व्याख्याकारहरूका लागि तीन जना न्यायाधिशहरूको कथाले अर्को पासो: सबै सत्यहरू विषयात्मक छन् भन्ने विचारलाई चित्रण गर्छ। सबै सत्यहरू विषयात्मक छन् भनी विश्वास गर्नेहरूका लागि, बाइबल अध्ययन र बुद्धिको प्रयोग महत्त्वपूर्ण छैन। त्यसको साटो, तिनीहरूले केवल यही प्रश्न गर्छन्, "धर्मशास्त्रको अर्थहरूबारे म के **महसुस** गर्छु?" भावना र अनुभव महत्त्वपूर्ण भए तापनि, धर्मशास्त्रको वास्तविक सत्य त्यसका लेखकले लेखेको कुराप्रति म के महसुस गर्छु भन्नेमा नभई त्यस लेखकले जे लेखे त्यसमा छ।

एक पटक एक जना बाल सङ्गतिको शिक्षिकाले आफ्नो कक्षामा सोधिन्, " यो 'विश्वास' शब्दको अर्थ के हो?" एक जना केटोले उत्तर दियो, "विश्वास भनेको त्यो कुरामा पत्यार गर्नु हो जुन साँचो होइन भन्ने तपाईंलाई थाहा छ।" यो केटोले विश्वासलाई बुझेन। परमेश्वरको वचनमा विश्वासको अर्थ "त्यो कुरामा पत्यार गर्नु जुन साँचो होइन भन्ने तपाईंलाई थाहा छ" भन्ने होइन। विश्वास भनेको धर्मशास्त्रमा इमानदारीपूर्वक हेर्नु, परमेश्वरको वचनको सत्यतामा विश्वास गर्नु, र सत्यताको वचनलाई ठीक तरिकाले चलाउनमा मिहिनेत गर्नु हो।[७९]

परमेश्वरको वचनलाई ठीक तरिकाले चलाउन तपाईंको सारा समझले परमेश्वरलाई प्रेम गर्न आवश्यक हुन्छ। यसमा धर्मशास्त्रका गहन सत्यताहरू खोजी निकाल्न परमेश्वरको वचनलाई खोतल्न आवश्यक हुन्छ।

## सापेक्षवाद

सापेक्षवाद, समयसँगै धर्मशास्त्रको अर्थ परिवर्तन हुन्छ र यसैले यो विषयात्मकसँग सम्बन्धित छ भन्ने धारणा हो।

हवार्ड हेन्ड्रिक्सले यसको उदाहरण दिन्छन्। सुसमाचारका पुस्तकहरूले येशु मृतकबाट जीवित हुनुभयो र उहाँका चेलाहरूले उहाँलाई देखे भनेर सिकाउँछ। १ कोरिन्थी १५ मा, पावलले येशुको पुनरूत्थानलाई हाम्रो भविष्यको पुनरूत्थानको प्रमाणको रूपमा औंल्याउँछन्। आज, केही विद्वान्हरू येशुको वास्तविक पुनरूत्थानको सत्यतालाई अस्वीकार गर्छन्। सन्देहवादी संसारको

---

७५ रोमी ६:१-२

७६ २ पत्रुस ३:१६

७७ याकूब ३:१

७८ हामीसँग सीमित ज्ञान हुने भएकोले, हाम्रा व्याख्याहरूसँग सधैं केही हदसम्म विषयात्मक विचार हुनेछ। मानिस पूर्णतया यथार्थपरक हुन असम्भव छ। तैपनि, हाम्रो विषयात्मक पूर्वाग्रहहरूले हाम्रा व्याख्याहरूलाई कसरी प्रभावित गर्छ भनेर पहिचान गर्न सम्भव छ।

७९ २ तिमोथी २:१५

पूर्वाग्रहहरूलाई स्वीकार गर्दै भन्छन्, "सुसमाचारका लेखकहरू र पावलले आत्मिक पुनरूत्थानको बारेमा कुरा गरिराखेका थिए। तिनीहरूका समयमा, पुनरूत्थान सम्भव छ भनेर मानिसहरू सोँच्थे; आज हामीलाई अझ राम्रोसँग यसबारे थाहा छ। सुसमाचारहरूले देखाउँछ कि येशु "हाम्रा हृदयमा जिउनु" पर्छ। यो सापेक्षवाद हो; यसले धर्मशास्त्रको अर्थ एउटा युगबाट अर्को युगमा परिवर्तन हुन्छ भन्ने सिकाउँछ।

यो सत्य हो कि फरक-फरक समयावधिहरूमा फरक-फरक तरिकाले धर्मशास्त्र व्यावहारिक रूपमा लागू हुनेछ। तैपनि, धर्मशास्त्रको अर्थ पूर्ण छ। व्याख्याकारहरूका रूपमा हाम्रो काम भनेको धर्मशास्त्रको मूल सन्देशलाई पत्ता लगाउनु हो। आजको हाम्रो व्यावहारिक प्रयोग मूल अर्थप्रति सच्चा हुनुपर्छ।

## अतिविश्वस्त

धर्मशास्त्रमा कुनै पूर्ण सत्यता छैन भन्ने यसको धारणाको कारण विषयात्मक विचार एउटा समस्या हो। त्रुटिको कुनै सम्भावना नभएकोले मेरो व्याख्या सही छ भन्ने धारणा: यो विलोम समस्या पनि एउटा खतरा हो। पढिएको खण्डको अर्थका निष्कर्षहरूमा पुग्न हामी परमेश्वरको वचन अध्ययन गर्छौं; र पनि, हाम्रा निष्कर्षहरू गलत हुँदा त्यसलाई स्वीकार गर्ने विनम्रता हामीसँग हुनुपर्छ। हरेक कुराको उत्तर कसैसँग हुँदैन।

व्याख्यामा विनम्रता महत्त्वपूर्ण छ। तपाईंले बाइबल अध्ययन गर्नुहुँदा, तपाईंले त्यस्ता क्षेत्रहरू थाहा पाउनुहुनेछ जसमा धर्मनिष्ठ ख्रीष्टियानहरू असहमत छन्। सँधै एक पक्षले धर्मशास्त्रलाई बङ्ग्याएको छ भन्ने यसको अर्थ कहिल्यै होइन; यो धर्मशास्त्रको सत्यताप्रति प्रतिवद्ध दुवै पक्षहरू बीचको निष्कपट असहमति हुन सक्छ। आफ्नो व्याख्यालाई लिएर हामीले विनम्रता कायम राख्नुपर्छ र हामीसँग असहमत हुनेहरूका व्याख्यालाई लिएर हामीले सहयोगभाव कायम राख्नुपर्छ।

## तपाईंको पालो

धर्मशास्त्रको वास्तविक अर्थबारे गरिएका गलत बयानहरूको एउटा सूची तल पाउनुहुन्छ। सजक पढाइको राम्रो अवबोध प्राप्त गर्न, प्रत्येक उदाहरणमा बङ्ग्याइएको खण्डलाई पत्ता लगाउनुहोस् र बाइबलले वास्तवमा के भन्छ सो कुरामा ध्यान दिनुहोस्। तपाईंहरूका लागि पहिलो उदाहरण मैले गरिदिइसकेको छु।

| केही मानिसहरू के भन्छन् | बाइबलले के भन्छ |
|---|---|
| "रुपियाँपैसा सबै खराबीको जड हो।" | "रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड हो" (१ तिमोथी ६:१०) |
| "येशुले परमेश्वर हुँ भनेर कहिल्यै दाबी गर्नु भएन।" | |
| "काम एउटा श्राप हो भनेर बाइबलले भन्छ।" | |
| "सबै धर्महरूले एउटै लक्ष्यमा लैजान्छ।" | |

## पाठ ४ का मुख्य बुँदाहरू

१. व्याख्याको यो कदमले सोध्छ, "यो खण्डको अर्थ के हो?"

२. व्याख्यालाई कठिन बनाउने केही चुनौतीहरू यहाँ छन्:

- भाषा
- संस्कृति
- भूगोल
- साहित्य

३. बेठीक व्याख्यामा लैजाने केही पासोहरू यहाँ छन्:

- खण्डलाई गलत रूपले बुझ्नु
- पढिएको खण्डलाई बङ्ग्याउनु
- विषयात्मक विचार
- सापेक्षवाद
- अतिविश्वस्त

# पाठ ५

# व्याख्या: सन्दर्भ

## पाठका उद्देश्यहरू

१. धर्मशास्त्रलाई व्याख्या गर्नका लागि ऐतिहासिक-सांस्कृतिक पृष्ठभूमिको महत्त्वलाई बुझ्नु ।

२. खण्डको मूल परिस्थितिबाट आजको संसारको परिस्थितिमा बढ्नको लागि ठोस कदमहरूको पालना गर्नु ।

३. बाइबलका विभिन्न विधाहरू बारेका प्रश्नहरूलाई पहिचान गर्नु ।

४. कसरी एउटा पद त्यसको वरपरको सन्दर्भसँग मेल खान्छ भनेर पहिचान गर्नु ।

५. धर्मशास्त्रको छानिएको अनुच्छदमा यी कदमहरूलाई लागू गर्नु ।

## परिचय

» ट्रङ्क के हो?

तपाईंको तत्कालको जवाफ तपाईंको पृष्ठभूमिमा निर्भर हुन्छ । यदि तपाईंलाई रूखहरू मन पर्छ भने, सम्भवत: तपाईंमा पहिलो विचार रूखको आउँछ । यदि तपाईं भर्खरै मात्र अफिक्री सफारीबाट फर्कनु भएको छ भने, तपाईंमा हात्तीको सुँडको विचार आउन सक्ला । यदि तपाईं ब्रिटिस हुनुहुन्छ र लामो यात्राको तयारी गर्दै हुनुहुन्छ भने, सम्भवत: तपाईंमा त्यो सुटकेसको विचार आउँछ जुन तपाईं यात्रामा लैजान लाग्दै हुनुहुन्छ । यदि तपाईं एक सामान्य अमेरिकी हुनुहुन्छ भने, सम्भवत: तपाईंमा आफ्नो कारको सरसमानहरू राख्ने ठाउँको विचार आउँछ । अर्थको लागि सन्दर्भ आवश्यक पर्छ ।

बाइबल व्याख्याको सबैभन्दा महत्त्वपूर्ण पक्षहरूमध्ये एक भनेको हामीले अध्ययन गर्दैगरेको खण्डको सन्दर्भ हो । यो पाठमा हामी ऐतिहासिक-सांस्कृतिक सन्दर्भ, साहित्यिक सन्दर्भ र खण्डको वरपरको बाइबलीय सन्दर्भलाई अध्ययन गर्न सिक्नेछौं । यो पाठको अन्त्यमा, तपाईंले हरेक किसिमको सन्दर्भको प्रकाशमा धर्मशास्त्रलाई व्याख्या गर्ने अभ्यास गर्नुहुन्छ ।[८०]

---

८० यो अध्यायको धेरैजसो सामग्रीहरू स्कट ड्युभाल र जे. दानिएल हेज्को किताब *ग्र्याप्सिङ गड्स वर्ड, थर्ड इडिसन* को अध्यायहरू ६-७ बाट लिइएको छ (ग्र्यान्ड र्‍यापिड्स: जोन्डरभान, २०१२) ।

## ऐतिहासिक-सांस्कृतिक सन्दर्भ

» कृपया २ तिमोथी ४:६-२२ पढ्नुहोस्।

तिमोथीलाई पावल लेख्छन्, "हिउँद लाग्न अघि नै भरसक आउने प्रयास गर।"[८१] दिइएको पृष्ठभूमिको प्रकाशमा पावलका आग्रहलाई सुन्नुहोस्:

- पावल रोमको झ्यालखानामा थिए। उनी आफ्नो विश्वासको खातिर छिट्टै सहिद हुन जाँदै थिए।
- तिमोथी सयौं कोस टाढा एफिससमा सेवा गर्दै थिए।
- समुद्रको यात्रा वर्षायाममा खतरनाक र हिँउदमा असम्भव थियो। तिमोथीलाई हिउँद नलाग्दै आइपुग्न, उनले यो पत्र पाए लगत्तै त्यहाँबाट हिँड्नु पर्थ्यो।

ऐतिहासिक सन्दर्भले पावलको आग्रह पछाडिको हाम्रो भावनामा अवबोध थप्छ। पावलले "तिमीसँग समय हुँदा मलाई भेट" मात्र भनिरहेका थिएनन्। उनले आफ्ना छोरालाई यो बिन्ती गर्दैछन्, "म मर्नुअघि तिमीलाई एक पटक हेर्न चाहन्छु। यदि तिमीले हिउँदसम्म अबेर गऱ्यौ भने, यात्रा गर्न असम्भव हुनेछ। अति ढिलो हुनु अगावै आऊ।" यदि तपाईंलाई ऐतिहासिक सन्दर्भको बारेमा केही थाहा छैन भने पनि, यो पत्रको सन्देश बद्लिँदैन, तर सन्दर्भले पावलको आग्रहको व्यग्रतालाई देखाउँछ।

ऐतिहासिक र सांस्कृतिक सन्दर्भ महत्त्वपूर्ण छ किनभने परमेश्वरले विश्वव्यापी भाषामा बाइबललाई लेख्न लगाउनु भएन। धर्मशास्त्रबारे दुई वटा अभिव्यक्तिहरू महत्त्वपूर्ण छन्:


१. धर्मशास्त्रका सिद्धान्तहरू हरेक व्यक्ति, हरेक ठाउँ र हरेक समयका लागि सत्य छन्।

२. धर्मशास्त्रका सिद्धान्तहरू खास मानिसहरूलाई, खास स्थानमा र खास समयमा दिइएको थियो।

---

८१ ८१ २ तिमोथी ४:९, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

# व्याख्याको यात्रा[८२]




| | | |
|---|---|---|
| १ | **तिनीहरूको नगर** | धर्मशास्त्रको वास्तविक सन्देश |
| २ | **नदी** | ऐतिहासिक-सांस्कृतिक भिन्नताहरू जसले प्राचीन संसारलाई हाम्रो संसारबाट छुट्याउँछ । |
| ३ | **साँघु** | पढिएको खण्डमा सिकाइएको सिद्धान्त |
| ४ | **मानचित्र** | (पुरानो करारका खण्डरूका) नयाँ करारसँगको सम्बन्ध |
| ५ | **हाम्रो नगर** | हाम्रो संसारमा त्यो सिद्धान्तको व्यावहारिक प्रयोग |

धर्मशास्त्रको ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिलाई हामी जति राम्रोसँग बुझ्छौं, त्यति राम्रोसँग बाइबलको विश्वव्यापी सिद्धान्तहरूलाई बुझ्नेछौं ।

ऐतिहासिक-सांस्कृतिक सन्दर्भलाई हामीले अध्ययन गर्दा, हामी मूल पाठकको तर्फबाट सन्देश बुझ्न बाइबललाई “तिनीहरूका नगर” मा पढ्छौं । त्यसपछि हामी त्यो “नदी,” सांस्कृतिक भिन्नताहरूलाई हेर्नेछौं जसले हाम्रो संसारलाई प्राचीन संसारबाट छुट्याउँछ । बाइबलको संसारमा हामी जति धेरै गहिराइमा पुग्छौं, त्यति धेरै स्पष्टसँग हाम्रो आजको संसारमा परमेश्वरको वचनले बोलेको हामी सुन्न सक्छौं ।

८२ जे. स्कट ड्युभाल र जे. दानिएल हेज्, *ग्र्याप्सिङ गड्स वर्ड, थर्ड इडिसन* बाट लिइएका तस्वीरहरू । प्रतिलिपि अधिकार© २०१२, जे. स्कट ड्युभाल र जे. दानिएल हेज । हार्परकोलिन्स ख्रीष्टियन पब्लिसिङसँग स्वीकृति लिएर प्रयोग गरिएको । https://www.harpercollinschristian.com

धर्मशास्त्रलाई यसको मूल सन्दर्भहरूमा पढ्नु महत्त्वपूर्ण छ किनभने यो बाइबल व्याख्याको लागि एउटा महत्त्वपूर्ण नियमको जग हो: **आज बाइबलीय खण्डको कुनै पनि मान्य व्याख्या त्यस खण्डको मूल सन्देश अनुरूप हुनुपर्छ ।**. खण्डको मूल सन्देशको खण्डन गर्ने अर्थ मैले पत्ता लगाउनु हुँदैन ।

ऐतिहासिक-सांस्कृतिक सन्दर्भ भनेको के हो? ऐतिहासिक-सांस्कृति सन्दर्भ पढिएको खण्डभन्दा बाहिरको सन्दर्भ हो जसले हामीलाई त्यो खण्ड बुझ्नमा मदत गर्छ । यसमा यस्ता प्रश्नहरू पर्छन्:

- उजाड-स्थानमा इस्राएलीका जीवन कस्तो थियो (प्रस्थान-व्यवस्थाको सन्दर्भ)?
- पहिलो शताब्दीमा प्यालेष्टाइनको संस्कृति कस्तो थियो (सुसमाचारका सन्दर्भ)?
- गलाती र फिलिप्पीका पत्रहरूमा पावललाई एकदम धेरै निरास तुल्याउने यहूदीकरण गर्ने व्यक्तिहरू को थिए?

ऐतिहासिक-सांस्कृतिक सन्दर्भको अध्ययन गर्दा सोध्नुपर्ने केही प्रश्नहरू:

### १. बाइबलीय लेखकको बारेमा हामीलाई के थाहा छ?

परमेश्वरले मानव लेखकहरूद्वारा बोल्नुभएको हुनाले, ती लेखकहरूको ज्ञानले हामीलाई परमेश्वरको वचन राम्रोसँग बुझ्न मदत गर्छ ।

पावलका पत्रहरू पढ्दाखेरि, परिवर्तन अघिको उनको जीवन याद गर्नुहोस् । उनले आफ्नो पहिलेको “शरीरमाथिको भरोसा”[८३] को बारेमा बताउँदा, फारिसीहरूलाई होसियारीपूर्वक व्यवस्था पालन गर्नेहरू भनेर सबैभन्दा बढी कदर गरिन्थ्यो भन्ने याद गर्नुहोस् । जब कि हामी तिनीहरूलाई ढोङ्गी र येशुलाई स्वीकार गर्न नचाहनेहरू भनेर सम्झन्छौं, हामीले परमेश्वरको व्यवस्थाप्रतिको तिनीहरूको जोशलाई पनि याद गर्नुपर्छ ।

अर्कोतिर, पावलले आफैलाई पापीहरूका “नाइके” भनेर बताउँदा,[८४] पावलले सुरुको मण्डलीलाई सताए र ख्रीष्टियानहरूलाई मारे भन्ने याद राख्नुहोस् । यिनी दमस्कस जाने बाटोमा ख्रीष्टसँग भेट्नु अघिको आफ्नो जीवन स्मरणमा जिउने मानिस थिए ।

प्रस्थानलाई पढ्दाखेरि, फारोको दरबारमा मोशाका विशेष अधिकारहरूको बारेमा हामीले जान्नुपर्छ । जब हामी दरबारको जीवनको विलासितालाई विचार गर्छौं, हिब्रू ११:२५ अझ बढी अर्थपूर्ण हुन्छ; “पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे ।” जब हामीले जवान मोशाले शैक्षिक तथा सांस्कृतिक सुअवसरहरूको लाभ उठाएको देख्छौं, हामी परमेश्वरले एउटा ठुलो जातिको नेतृत्व गर्न आफ्नो दासलाई तयार गरिरहनु भएको देख्छौं ।

### २. बाइबलीय पाठकको बारेमा हामीलाई के थाहा छ?

बाइबलीय लेखकको बारेमा सिक्नुको साथसाथै, हामीले मूल पाठकको बारेमा सम्भव भएसम्म सिक्नुपर्छ ।

१ र २ इतिहासका धेरैजसो सामग्रीहरू शमूएल र राजाहरूबाट दोहोरिएका छन् । किन? इतिहासका पुस्तकहरू निर्वासनबाट इस्राएल फर्केपछि लेखिएको थियो । राजाहरूले इस्राएललाई परमेश्वरले किन दण्ड भोग्न दिनुभयो भन्ने देखाउँछ; इतिहासले अझै पनि परमेश्वरले आफ्ना मानिसहरूको वास्ता गर्नुहुन्छ भन्ने देखाउँछ ।

यरूशलेमको विनाशको समयतिर यर्मियाले प्रचार गरे । हामीले न्यायको उनको सन्देशलाई पढ्दैगर्दा, हामीले प्रतिज्ञाकृत न्याय हुनै लागेको छ भन्ने कुरा याद गर्नुपर्छ । यद्यपि, यर्मियामा हामी परमेश्वरको प्रतिज्ञालाई पनि पढ्छौं, “जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्छु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई ।”[८५] यो प्रतिज्ञा छुट्काराको पूर्वसन्ध्यामा गरिएको थिएन, निर्वासनको

---

८३ फिलिप्पी ३:४-६

८४ १ तिमोथी १:१५

८५ यर्मिया २९:११

पूर्वसन्ध्यामा गरिएको थियो । आफ्ना मानिसहरूको लागि परमेश्वरको योजनामा पश्चात्तापमा डोऱ्याउने न्यायहरू पनि समावेश थिए ।

१ यूहन्नाको पत्र ज्ञानवाद (ग्नोस्टिक्जम) को प्रारम्भिक रूपको सामना गरिराखेका ख्रीष्टियानहरूलाई सम्बोधन गरेर लेखिएको थियो । ज्ञानवाद (ग्नोस्टिक्जम) ले आत्मा मात्र असल; शरीर दुष्ट छ भनेर सिकायो । येशु वास्तविक मानिस हुनुहुन्थेन; उहाँले केवल मानिसको रूप लिनु मात्र भएको हो भनेर तिनीहरूले सिकाए । यूहन्नाले आफ्ना पाठकहरूलाई येशुको भौतिक शरीर थियो भन्ने कुरा याद दिलाए । "जो सुरुदेखि थियो, जो हामीले **सुनेका** छौं, जो हाम्रै आँखाले हामीले **देखेका** छौं, जो हामीले **हेऱ्यौं** र हाम्रा हातले **छोयौं** ।"[८६]

ग्नोस्टिक्सले मुक्ति गोप्य ज्ञानद्वारा आउँछ भनेर पनि सिकाए । यूहन्नाको पत्रले परमेश्वरको साँचो ज्ञानको लागि हामीले आज्ञा पालन गर्नुपर्छ भन्ने देखाउँछ; "यदि हामीले उहाँका आज्ञाहरू पालन गऱ्यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं ।"[८७] अनन्त जीवन दिने ज्ञानमा प्रेम समावेश हुन्छ; "हामी जान्दछौं, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं, किनभने हामी आफ्ना दाजुभाइहरूलाई प्रेम गर्छौं ।"[८८]

### ३. पढिएको पुस्तकको ऐतिहासिक परिस्थितिको बारेमा हामीलाई के थाहा छ?

कहिलेकाहीँ हामीलाई लेखक वा पाठकका बारेमा थोरै कुरा थाहा हुन्छ, तर सामान्य ऐतिहासिक परिस्थितिको बारेमा पनि थाहा हुन्छ । रूथको पुस्तक कसले लेख्यो हामीलाई थाहा छैन, तर त्यो घटना न्यायकर्ताहरूको समयमा घटेको थियो भन्ने हामीलाई थाहा छ ।[८९] यो यहूदामा सामाजिक अराजकताको समयतिरको थियो । यसले मोआबी विधवा, रूथको विश्वासनियतामाथि प्रकाश पार्छ ।

इस्राएलमा नजिकको नातेदार-छुटाउने व्यक्तिको भूमिकाले नाओमीका मृतक छोराहरूका वैध उत्तराधिकारी दिन रूथलाई विवाह गर्नलाई देखाएको बोअजको निस्वार्थपनमाथि प्रकाश पार्छ । नाओमीको लागि छोरा प्रदान गर्न बोअजले आफ्नै मौलिक अधिकारको बलिदान दिए । त्यसो गरेर, बोअजले दाऊदको वंशमा आफ्नो स्थान बनाए ।[९०]

योनाको पुस्तकको व्याख्या गर्दा ऐतिहासिक पृष्ठभूमि महत्त्वपूर्ण छ :

- निनवे, इस्राएलको सबैभन्दा हिंसक शत्रु अश्शूरको राजधानी थियो ।
- योनाले निनवेमा प्रचार गरिरहेकै समयतिर, आमोस र होशेले परमेश्वरले अश्शूरीहरूको हातबाट इस्राएलको न्याय गर्ने चेताउनी दिइरहेका थिए ।

मानव दृष्टिकोणबाट हेर्ने हो भने, अश्शूरहरूलाई प्रचार गर्न योनाको अनिच्छा ठीकै हो । योनाको पुस्तकले परमेश्वरको दृष्टिकोणलाई देखाउँछ, त्यो परमेश्वरको दृष्टिकोण जसले बिनाकुनै भेदभाव सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ ।

### ४. यो पुस्तकको सांस्कृतिक परिस्थितिको बारेमा के थाहा छ?

धर्मशास्त्रको ऐतिहासिक-सांस्कृतिक सन्दर्भले बाइबलीय समयको सांस्कृतिक रहनसहनलाई पनि हेर्छ । जब हामीले पहिलो शताब्दीको प्यालेष्टाइनको रहनसहनको प्रकाशमा येशुका दृष्टान्तहरूलाई पढ्छौं तिनीहरूमा नयाँ अन्तरदृष्टिकोणहरू पाउँछौं:

---

८६ १ यूहन्ना १:१

८७ १ यूहन्ना २:३

८८ १ यूहन्ना ३:१४

८९ रूथ १:१

९० मत्ती १:६, १६

- असल सामरीको दृष्टान्त यहूदी श्रोताहरूको लागि छक्कलाग्दो थियो । येशुका श्रोताहरू एउटा घाइते यात्रीलाई मदत गर्न असफल भएका यहूदी अगुवाहरूलाई लिएर अचम्मित हुने थिएनन् । तैपनि, तिनीहरूले त्यो उद्धार गर्ने व्यक्ति, "हामीजस्तै" कोही सामान्य यहूदी हुने आशा गरेका थिए । त्यसको विपरीत, येशुले तिनीहरूका कटु शत्रु, घृणित सामरीलाई प्रेमको एउटा नमूनाको रूपमा औंल्याउनुभयो ।

- हराएको छोरोको दृष्टान्तमा हामीले यहूदी बुबाहरू प्रतिष्ठित थिए भन्ने कुरा याद राख्नुपर्छ । राम्रोमा, त्यो बुबाले व्यग्रताका साथ आफ्नो छोरोलाई भेटेको र उसलाई माफी दिएको हुनसक्छ; नराम्रोमा, उसले त्यो छोरालाई भागाउने थियो । बरु, त्यो बुबाले आफ्नो हराएको छोरो फर्केर आएको खुशीमा आफ्नो मानमर्यादालाई एकातिर पन्छायो । यो व्यवहार यति अचम्मलाग्दो छ कि केही पूर्वीय संस्कृतिका मानिसहरूले यो कथालाई "दौडने बुबाको दृष्टान्त" भन्छन् । त्यसैगरी, हाम्रो स्वर्गीय पिताले पनि हामीले क्षमा पाउने क्षणसम्म पर्खिबस्नु हुन्न; बरु, उहाँले विद्रोही पापीहरूलाई खोज्नुहुन्छ । यो हाम्रो पिताको असाधारण प्रेमको चित्रण हो ।

पावलका पत्रहरूलाई पहिलो शताब्दीको सांस्कृतिक अवस्थाहरूको प्रकाशमा पढ्नुपर्छ । एफिसी ५:२१–६:९ पावलका पाठकहरूका लागि छक्कलाग्दो विषय हो । एउटा पत्नीलाई आफ्नो पतिको अधीनमा बस्ने पावलको आज्ञा सामान्य थियो; पतिहरूलाई ख्रीष्टको आफैलाई बलिदान दिने उदाहरण पछ्याउने आज्ञा रोमी श्रोताहरूका लागि अनौठो कुरा थियो । छोराछोरीले आफ्ना आमाबुबाको आज्ञा पालन गरेको अपेक्षा गरिन्थ्यो, तर रोमी समाजमा कसैले पनि बुबाहरूले आफ्ना छोराछोरीहरूलाई क्रोधित नबनाउन भन्दैन्थ्यो ।

जब पावलले फिलिप्पीहरूलाई "स्वर्गको नागरिकता पाएको व्यक्ति"[९१] जसरी जिउनलाई भने, उनले रोमी सम्राज्यमा विशेष नागरिकको विशेषाधिकार पाएको सहरलाई यो कुरा लेख्दैथिए । सेवा निवृत्त सैनिकहरूको बस्तीको रूपमा त्यो सहर स्थापना गरिएको हुँदा, फिलिप्पीका नागरिकहरूले आफ्नो नागरिकतालाई एकदम धेरै महत्त्व दिन्थे । पावलले तिनीहरूको साँचो नागरिकता संसारिक सहरमा नभई, स्वर्गमा छ भनेर तिनीहरूलाई याद दिलाए । यो ऐतिहासिक-सांस्कृतिक पृष्ठभूमिलाई थाहा गर्नाले यसले फिलिप्पीको एउटा राम्रो बुझाइ प्रदान गर्छ ।

## साहित्यिक सन्दर्भ

न्यायकर्ताहरू २१:२०-२१ पढ्नुहोस् । यस्तो प्रचारकको कल्पना गर्नुहोस् जसले भन्छ, "आज म ख्रीष्टियान विवाह अघिको सम्बन्ध (कोर्टसीप)को बारेमा प्रचार गर्न जाँदैछु । न्यायकर्ताहरू २१ ले एउटा ख्रीष्टियानले कसरी श्रीमती ल्याउनुपर्छ भनेर बताउँछ । छिमेकी गाउँमा जानुहोस् र झाडीमा लुकेर बस्नुहोस् । जब त्यस गाउँका तरुनी केटीहरू आउँछन्, तिनीहरूका हात समात्नुहोस् र बोकेर घरमा लैजानुहोस् । यो विवाह अघिको सम्बन्ध (कोर्टसीप) को बाइबलीय उदाहरण हो ।" मलाई लाग्छ तपाईंले यिनको व्याख्यामाथि प्रश्न गर्नुहुनेछ!

यो प्रचारकको व्याख्यामा के समस्या छ? न्यायकर्ताहरूको पुस्तकले बेन्यामीन कुलकाहरूले यसरी आफ्ना लागि श्रीमती ल्याउँथे भनेर बताउँछ । यसले यो पनि बताउँछ कि तिनीहरूले एउटा राम्रो कारणको लागि–इस्राएलको कुलहरूलाई जोगाइराख्न त्यसो गरे । तर, यो प्रचारकले यसको साहित्यिक सन्दर्भलाई बेवास्ता गरिरहेका छन् । यो कथा न्यायकर्ताहरूको पुस्तकको अन्त्यमा छ, यो त्यो पुस्तक हो जसले इस्राएल परमेश्वरको योजनाबाट अराजकतामा पतित भएको देखाउँछ । विवाहको लागि परमेश्वरको योजनालाई देखाउनुको साटो, परमेश्वरको मानिसले विद्रोह गर्दा के हुन्छ भन्ने यो कथाले देखाउँछ ।

कुनै एउटा पदको साहित्यिक सन्दर्भले त्यो खण्डको साहित्यिक विधा (स्वरूप)तिर हेर्छ । सन्दर्भले हामीलाई पढिएको खण्डको सन्देशलाई राम्रोसँग बुझ्न मदत गर्छ । *विधा* शब्दको अर्थ साहित्यको अंशको स्वरूप हो । विधाको बुझाइले व्याख्याका हाम्रा अपेक्षाहरूलाई मार्गदर्शन गर्छ ।

---

९१ फिलिप्पी ३:२०

यदि तपाईं हालसालैको राष्ट्रपति चुनावको बारेमा समाचारपत्रबाट कुनै लेख पढ्दै हुनुहुन्छ भने, तपाईंले सत्यतथ्यहरूको विस्तृत जानकारी पढ्ने अपेक्षा राख्नुहुन्छ: कति जनाले भोट दिए, प्रत्येक प्रत्याशीले कति भोट पाए, कति मतले विजय भयो इत्यादि । यदि तपाईं इतिहासबाट कुनै एक महान् राष्ट्रपतिको बारेमा लेखिएको कविता पढ्दै हुनुहुन्छ भने, तपाईं पूर्णत: अर्कै कुराको अपेक्षा राख्नुहुन्छ: उहाँका ठुला सफलताहरू र उहाँको समयको सुन्दरताको बढाई-चढाईका शब्दहरू । विधाले तपाईंका अपेक्षाहरू निर्धारण गर्छ । यदि त्यो कविताले अब्राहाम लिंकनको पुन:निर्वाचनको अभियानमा उहाँ कति मतले विजयी भए भन्ने बताउँदैन भने पनि तपाईंले गुनासो गर्नुहुन्न; कवितामा यस्तो कुराको अपेक्षा गरिँदैन ।

विद्वानहरूले विधालाई प्रस्ट्याउन खेलको उपमालाई प्रयोग गर्छन् । एक जना युरोपेली फुटबल प्रशंसकले पहिलो चोटि अमेरिकी फुटबल खेल हेर्न गएको दृश्यको कल्पना गर्नुहोस् । अमेरिकी फुटबलमा, खेलाडीहरूले विपक्षी खेलाडीहरूलाई धकेल्न सक्छन्; युरोपेली फुटबलमा, खेलाडीहरूले त्यसो गर्न सक्दैनन् । अमेरिकी फुटबलमा, जो कसैले पनि बल हातले समात्न सक्छ, तर एक जना खेलाडीले मात्र लात्तीले हान्न सक्छ; युरोपेली फुटबलमा, जो कसैले लात्तीले हान्न सक्छ, तर एउटा खेलाडीले मात्र हातले बल समात्न सक्छ । हामीले खेलको नियमहरू नबुझेसम्म, त्यो खेलले अलमल्याइदिनेछ ।[९२]

त्यसैगरी, लेखकहरूले पनि साहित्यको प्रकारअनुसार विभिन्न नियमहरू पालना गर्छन् । बाइबल व्याख्यामा साहित्यको प्रकारलाई बुझ्नु महत्त्वपूर्ण छ । यो धर्मशास्त्रको सत्यता प्रतिको प्रश्न होइन; यो धर्मशास्त्रको व्याख्या प्रतिको प्रश्न हो । बुद्धिको किताब (उपदेशक)ले कुनै पत्र (रोमी)को भन्दा भिन्नै तरिकाले संचार गर्नेछ । भिन्नताहरूका बुझाइले लेखककै अर्थमा हरेक पुस्तकको व्याख्या गर्न हामीलाई मदत गर्छ । धर्मशास्त्रका साहित्यका मुख्य प्रकारहरूको संक्षिप्त परिचय यहाँ दिइएको छ ।

## व्याख्यान

व्याख्यान एक क्रमागत शिक्षण हो । यो क बिन्दुबाट ख बिन्दुमा तार्किक हिसाबले अघि बढ्छ । यो विधालाई नयाँ करारका पत्रहरूमा, खास गरी पावलका पत्रहरूमा पाउन सकिन्छ । ती पत्रहरूमा, पावलले एउटा असल शिक्षकले जस्तै स्पष्ट तरिकाले सत्यतालाई प्रस्तुत गर्छन् ।

व्याख्यानले *त्यसकारण, र* वा *तर* जस्ता योजक शब्दहरूको प्रयोग गर्छ । यसमा प्राय: प्रश्नहरू र उत्तरहरू समावेश हुन्छन् । व्याख्यानले सत्यताको तार्किक प्रस्तुति दिन्छ ।

कलस्सीमा, पावलले ख्रीष्टको स्वभावको व्याख्यानलाई प्रस्तुत गर्छन् । पावलले सिकाउँछन् कि सबै मानवीय विचारहरू र परम्पराहरूभन्दा ख्रीष्ट श्रेष्ठ हुनुहुन्छ । पावलले यस्तो तार्किक ढाँचाको अनुसरण गर्छन्:

१. अभिवादनमा यो पत्र लेखनको कारण समावेश छ (कलस्सी १:१४)

   "उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तिमीहरू पूर्ण होओ ।"

२. पावलले ख्रीष्टको श्रेष्ठताको प्रमाण दिन्छन् (कलस्सी १:१५-२३)

   - उहाँ सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ ।
   - उहाँद्वारा सबै थोकहरू सृजिए ।
   - उहाँ मण्डलीको शिर हुनुहुन्छ ।
   - उहाँद्वारा पुनर्मिलाप हुन्छ ।

---

९२ यो उदाहरण रोबर्ट एच. स्टेइनको किताब *ए बेसिक गाइड टु इन्टरप्रेटिङ दि बाइबल: प्लेइङ बाइ द रूल्स* बाट लिइएको हो, (एडा: बेकर, १९९४), ७५-७६ ।

३. पावलले आफ्ना पाठकहरूलाई यो पत्रमा आफ्नो उद्देश्य याद दिलाउँछन् । उचालिनु भएको ख्रीष्टको सन्देश अन्यजातिहरूकहाँ पुऱ्याउन पावललाई सुम्पिएको छ (कलस्सी १:२४-२५) ।

४. पावलले ख्रीष्टको श्रेष्ठतालाई इन्कार गर्ने शिक्षाहरू विरुद्ध चेताउनी दिन्छन् (कलस्सी २:६-२३) ।

- विधिपरायणवाद
- ईश्वरीयानुभूतिवाद
- सन्यासवाद

५. *त्यसकारण,* ख्रीष्टको श्रेष्ठताको कारण, तपाईंहरूले यसरी जिउनुपर्छ (कलस्सी ३-४):

- ख्रीष्ट प्रतिको समर्पणले हाम्रो नैतिक आचरणलाई असर गर्नेछ ।
  - अब उप्रान्त हामी अनैतिकतामा लिप्त हुनेछैनौं (कलस्सी ३:१-११) ।
  - हामी शान्ति र धन्यवादसाथ जिउनेछौं (कलस्सी ३:१२-१७) ।
- ख्रीष्ट प्रतिको समर्पणले अरूहरूसँगको हाम्रो सम्बन्धहरूलाई असर गर्नेछ (कलस्सी ३:१८–४:६) ।

६. अन्तिम अभिवादनहरूले पाठकहरूलाई कलस्सीका विश्वासीहरू प्रतिको पावलको व्यक्तिगत चासोलाई याद दिलाउँछ (कलस्सी ४:७-१८) ।

पावलको पत्र ख्रीष्टको प्रभुत्वको धर्मसिद्धान्तको व्याख्यान हो । यसले ख्रीष्टको स्वभाव र हामी विश्वासीहरूका जीवनमा यस सत्यले पार्ने असरको बारेमा सिकाउँछ ।

## पत्र

पत्रको विधा व्याख्यानसँग सम्बन्धित छ । पावलका धेरैजसो लेखहरू पत्रहरूको स्वरूपमा छन् । बाइबलीय पत्र पढ्दा हामीले सोध्नुपर्ने केही प्रश्नहरू यहाँ छन्:

### १. यो पत्रको प्रापक को हो?

जति धेरै पत्र पाउने मण्डली वा व्यक्तिको बारेमा हामी थाहा गर्छौं, त्यति धेरै हामीले त्यो पत्रलाई बुझ्नेछौं । हामीले पावलका पत्रहरूको अध्ययन गर्दा, हाम्रो अध्ययनको परिचय लेख्न प्रापक मण्डलीको बारेमा प्रेरितको पुस्तकका उल्लेखहरू पढ्नु उपयोगी हुन्छ । यसले प्राय: त्यो पत्रको राम्रो बुझाइ प्रदान गर्नेछ । उदाहरणको लागि:

- फिलिप्पीको मण्डली सतावटको समयमा जन्मिएको थियो ।[९३] यसले कठिन परिस्थितिहरूमा पनि तिनीहरू आनन्दित हुनुपर्छ भन्ने पावलको निर्देशनलाई प्रकाश पार्छ ।

- (पावलका अरू पत्रहरूजस्तै) एफिसीको पत्र विश्वासीहरूलाई लेखिएको हो । जब पावलले एफिसीका विश्वासीहरू परमेश्वरको सम्पूर्ण पूर्णताले भरिपूर्ण हुनेछन् भनेर प्रार्थना गर्छन्,[९४] त्यसबेला उनले परमेश्वरका छोराछोरीले अरू बढी परमेश्वरको परिपूर्णता पाउनेछन् भनेर प्रार्थना गर्दैछन् । उनले ख्रीष्टियानहरू "प्रेममा उहाँको अघि पवित्र र

---

९३ प्रेरित १६:१२-४०

९४ एफिसी ३:१९

खोट रहित" बनाइनेछन् भनेर प्रार्थना गर्दैछन्।[९५]

**२. लेखक को हुन्? उनी प्रापकसँग कसरी सम्बन्धित छन्?**

जब तपाईंले कुनै चिठ्ठी पाउनुहुन्छ, तपाईंले यो कुरा जान्न चाहनुहुन्छ: "यो चिठ्ठी कसले लेख्यो?" तपाईंले लेखकलाई जति राम्रोसँग चिन्नुहुन्छ, त्यो चिठ्ठी त्यति धेरै रोचक हुनेछ। त्यसैगरी, बाइबलीय पत्रको लेखकको बारेमा जति धेरै हामी थाहा गर्छौं, त्यति धेरै त्यसको सन्देश हामी बुझ्नेछौं।

आफ्नो पत्रहरूमा प्रेरित यूहन्नाले प्रेमलाई सबैभन्दा धेरै जोड दिए। यूहन्नालाई "गर्जनका छोराहरू" भनेर चिनिन्थ्यो (मर्कूस ३:१७) जो येशुलाई इन्कार गर्नेहरूमाथि स्वर्गबाट आगो बर्साउन चाहन्थ्यो (मर्कूस ९:५४)। यसले पुनरूत्थान र पेन्तिकोसले ल्याएको रूपान्तरणको नयाँ बुझाइ प्रदान गर्छ।

कष्ट भोगिरहेकाहरूलाई प्रोत्साहन दिन पत्रुसले आफ्ना पत्रहरू लेखे। उनले तिनीहरूलाई शैतानको आक्रमणको सामनेमा पनि तिनीहरू साहसिलो हुन सक्छन् भन्ने भरोसा दिलाए।[९६] येशुको पक्राउको क्रममा देखिएको पत्रुसको डरको सम्झनाले यस चेलाको जीवनमा भएको रूपान्तरणलाई प्रकाश पार्छ।

लेखक र प्रापक बीचको सम्बन्ध थाहा गराइ प्राय: पत्रको पढाइमा उपयोगी हुन्छ। फिलिप्पीको मण्डलीसितको पावलको मधुर सम्बन्धलाई उनका आनन्दित पत्रभरि देख्न सकिन्छ। अर्कोतिर, पावल र कोरिन्थका विद्रोही विश्वासीहरू बीचको विवादले १ र २ कोरिन्थीका कडा हप्कीहरू दिइयो।

**३. केकस्ता परिस्थितिहरूले यो पत्र लेख्न अभिप्रेरित गऱ्यो?**

पावलका धेरै पत्रहरूलाई अभिप्रेरित गर्ने परिस्थितिहरूका बारे हामीलाई थाहा छ। कोरिन्थीमा उब्जिएका समस्याहरू र प्रश्नहरूको जवाफ दिन १ र २ कोरिन्थी लेखिएका थिए। भगौडे दास, ओनेसिमसको तर्फबाट आग्रहको रूपमा फिलेमोन लेखिएको थियो।

गलातीको पत्रले कुनै पनि पत्रको परिस्थितिहरूलाई बुझ्नुको महत्त्व देखाउँछ। गलातीका केही पदहरूलाई तपाईंले यसरी प्रश्न सोध्नु हुन्छ होला, "गलातीको समस्या के हो?" पावलले यसरी सुरु गर्छन्, "मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ।"[९७] यो कुरा छिट्टै नै स्पष्ट हुन्छ कि व्यवस्था पालन गरेर धर्मी ठहरिने सुसमाचारको लागि विश्वास गरेर अनुग्रहद्वारा धर्मी ठहिरने सुसमाचारलाई त्यहाँका नयाँ विश्वासीहरूले त्यागिरहेका छन्। पावलका संवेगात्मक शब्दहरू ती नयाँ विश्वासीहरू प्रतिको उनको प्रेमबाट अभिप्रेरित छन्। केवल विश्वासद्वारा धर्मी ठहरिनुको सन्देश त्यो सन्देश हो जसमा पावलले आफ्नो जीवन समर्पित गरे। गलातीहरूले झुटो सुसमाचारका लागि सत्यलाई त्यागेकोमा उनी छक्क परे।

## कथन

कथन भनेको कथा हो। धेरैजसो बाइबल कथन विधामा लेखिएको छ: उत्पत्ति, प्रस्थान, गन्तीका केही भागहरू, पुरानो करारका ऐतिहासिक पुस्तकहरू, सुसमाचारहरू र प्रेरितको पुस्तक। जब हामी कथा पढ्छौं हामीले यी प्रश्नहरू सोध्छौं:

---

९५ एफिसी १:४

९६ १ पत्रुस ५:८-९

९७ गलाती १:६, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

### १. कथन शृङ्खला भनेको के हो?

पावलका पत्रहरू पढ्दा, हामी उनको बौद्धिक तर्कलाई खोज्छौं । कथन पढ्दा, हामी कथन शृङ्खलाको स्वरूपलाई खोज्छौं । उदाहरणको लागि, लूकाको सुसमाचारले गालीलमा येशुको सेवाकाइलाई पहिल्याउँछ; त्यसपछि यसले यरूशलेममा येशुको यात्रातिर हेर्छ र चेलापनको बारेमा उहाँको शिक्षामा केन्द्रित हुन्छ; येशुको मृत्यु र यरूशलेममा भएको पुनरूत्थानमा केन्द्रित भएर लूकाले अन्त्य गर्छन् । प्रेरितको पुस्तकमा, लूकाले मण्डलीको बढ्दो सेवाकाइलाई देखाउँछन् । पुन:, भौगोलिक शृङ्खलालाई पछ्याउँछन् । यरूशलेममा सुसमाचा प्रचार गरिन्छ; त्यसपछि सारा यहूदिया र सामरियामा सुसमाचार प्रचार गरिन्छ; अन्त्यमा, रोममा पावलको सेवाकाइद्वारा संसारको अन्तिम छेऊसम्म सुसमाचार पुग्छ ।

### २. यसका पात्रहरू को-को छन्?

बाइबलका कथाहरूका पात्रहरूबाट, हामीले विकास गर्नुपर्ने बलियो पक्षहरू र जोगिनुपर्ने कमिकजोरीहरूलाई हेर्न सक्छौं । हामीले यस्ता प्रश्नहरू सोध्छौं, “के कुराले नहेम्याहलाई एक प्रभावशाली अगुवा बनायो?” र शाऊलको असफलता र दाऊदको सफलतालाई के कुराले फरक पार्यो?” पत्रुस र पावलको सुसमाचारीय तरिकाहरूलाई हामी तुलना गर्छौं । कथनमा, हामीले मानिसको तस्बीर पाउँछौं ।

### ३. यो कथन आज्ञात्मक छ कि वर्णनात्मक ?

कथनहरूको पढाइमा, हामीले त्यसका कार्यहरू आज्ञात्मक छ वा वर्णनात्मक भनेर प्रश्न गर्नुपर्छ । आज्ञात्मक कथाले आफ्ना मानिसहरूबाट परमेश्वर के चाहनुहुन्छ भन्ने कुराको एउटा नमूना प्रदान गर्छ । यसको ठीक विपरीत, वर्णनात्मक कथाले केवल एउटा परिस्थितिको बारेमा बताउँछ; यसले पछ्याउनलाई कुनै नमूना प्रस्तुत गर्दैन ।

यो खण्डको सुरुवातको काल्पनिक प्रचारकले यो प्रश्न गर्न असफल भयो, “के न्यायकर्ताहरूको पुस्तकले त्यसमा उल्लेख कार्य गर्न आज्ञा दिँदैछ वा त्यसलाई वर्णन मात्र गर्दैछ?” न्यायकर्ताहरू २१ ले इस्राएलका क्रियाकलापहरूलाई बताउँछ; यसले त्यस्तै व्यवहार गर्नु भन्ने आज्ञा दिँदैन ।

कथन पढ्दा,हामीले यी प्रश्न सोध्नुपर्छ, “के यो पछ्याउने उदाहरण हो?” वा “के यो केवल वर्णन हो?” धेरैजसो अवस्थाहरूमा, यसको उत्तर सजिलो छ; न्यायकर्ताहरू २१ ले हामीलाई अपहरण गरेर श्रीमती ल्याउने आज्ञा दिन्छ भन्ने कसैले पनि सोच्दैन । तर, धेरै अवस्थाहरू भने त्यति धेरै प्रष्ट छैनन् । विशेष गरी प्रेरितको पुस्तक गाह्रो छ । के सुरुको मण्डलीले गरेको अचम्मका कामहरू हरेरक मण्डलीले गर्नुपर्छ? के पवित्र-आत्माले भरिएका विश्वासीहरूले अन्य भाषाहरूमा बोल्नेछन्? के परमेश्वरसँग झुट बोल्ने सबैलाई पवित्र आत्माले मार्नुहुन्छ?

कुनै खण्ड आज्ञात्मक हो वा वर्णनात्मक भनेर हामीले कसरी निर्णय लिन्छौं? यदि हामीले यो प्रश्नको उत्तर ठीकसँग दिँदैनौं भने, हामीले न्यायकर्ताहरू र प्रेरितको पुस्तकका कथनहरूलाई गलत अर्थ लगाउनेछौं । यदि हामीले यो प्रश्नको उत्तर ठीकसँग दिँदैनौं भने, कथनहरूको हाम्रो पढाइ एकदम विषयात्मक हुन्छ; हामीले आफ्नो व्यक्तिगत रूचिहरूका आधारमा कुराहरूलाई लिने र छान्नेछौं । यो नियमलाई याद राख्नुहोस्: **यदि कुनै खण्ड आज्ञात्मक छ भने, हामीहरूले स्पष्ट निर्देशन पाउने वा अरू खण्डहरूमा पनि उदाहरणहरू दोहोरिने अपेक्षा गर्न सक्छौं** ।

उदाहरणको लागि, प्रेरितको पुस्तकले सुरुका ख्रीष्टियानहरू सुसमाचार प्रचारलाई लिएर जोसिला थिए भन्ने देखाउँछ । यो आज्ञात्मक हो; मत्ती २८:१९-२० ले हामीलाई चेलाहरू बनाउने आज्ञा दिन्छ । प्रेरितको पुस्तकले मण्डलीमा पवित्र आत्माको सक्रियतालाई देखाउँछ । हामी जान्दछौं कि यो मण्डलीय जीवनको एउटा सामान्य पाटो हो किनभने आफ्ना चेलाहरूको सेवाकाइमा पवित्र आत्माले शक्ति दिनुहुनेछ भन्ने येशुले प्रतिज्ञा गर्नुभयो ।[९८] यदि हामी सुसमाचार सुनाउन वा हाम्रो जीवनमा

---

९८ प्रेरित १:८

पवित्र आत्माको शक्ति प्रदर्शन गर्न असफल हुन्छौं भने, हामी प्रेरितको पुस्तकको उदाहरणअनुसार जीवन जिउँदैनौं। यी उदाहरणहरू मण्डलीको लागि आज्ञात्मक हुन्।

प्रेरितको पुस्तकले हामीलाई यो पनि बताउँछ कि ख्रीष्टियानहरूले सबै कुरा बाँडचुँड गर्दथे र व्यक्तिका घर-घरमा आराधना गर्दथे। के धर्मशास्त्रमा यी अभ्यासहरू गर्न आज्ञा दिइएको छ? छैन। यो अभ्यास स्वैच्छिक थियो, आज्ञा थिएन।

> ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? [९९]

पत्रुसकाअनुसार, त्यो पैसा हननियाकै हो; उसले त्यो पैसा मण्डलीलाई दिनु आवश्यक थिएन। त्यसैगरी, धर्मशास्त्रले हामीलाई व्यक्तिका घर-घरमा आराधना गर्ने आज्ञा दिँदैन। ख्रीष्टियानहरूको सतावटले सम्भवत: तिनीहरूलाई सामुदायिक जीवन र घरमा आराधना गर्न लगायो। त्यसरी नै, आज संसारको केही ठाउँका ख्रीष्टियानहरू सार्वजनिक भवनमा भेला हुनु भन्दा घरमा आराधानको लागि भेला हुन सुरक्षित ठान्दछन्। यो कुरा विश्वव्यापी आज्ञामा नभई व्यक्तिविशेष परिस्थितिहरूमा आधारित छ।

यसकारण, हामी यो निष्कर्षमा पुग्न सक्छौं कि घर-घरको आराधना र सबै कुरा बाँडचुँड गर्नु वर्णनात्मक थियो, न कि आज्ञात्मक। प्रेरितको पुस्तकले इतिहासको एउटा कालखण्डको बारेमा बताउँछ; यसले यी अभ्यासहरू सबै युगमा गर्न आज्ञा दिँदैन।

» प्रेरितको पुस्तकमा भाषाहरूको वरदान (वा अन्यभाषा) आज्ञात्मक हो वा वर्णात्मक?

प्रेरितको पुस्तकले पेन्तिकोसको दिनमा दिइएको भाषाहरूको वरदानलाई बताउँछ। धर्मशास्त्रमा कहीँपनि हामीलाई अन्यभाषामा बोल्न आज्ञा दिइएको छैन। प्रेरित २ ले अचम्मका कामको बारेमा बताउँछ जसद्वारा पवित्र आत्माले भर्खरै सुरुवात भएको ख्रीष्टियान मण्डलीको सन्देशलाई सार्वजनिक रूपमा पुष्टि गर्नुभयो।

### ४. त्यो कथनमा केकस्ता सिद्धान्तहरू सिकाइएका छन्?

पावलकाअनुसार, बाइबलका कथनहरू हाम्रो निर्देशनका लागि दिइएका थिए।[१००] तिनीहरूले मानव इतिहासमा परमेश्वरले कसरी काम गर्नुहुन्छ र के कुराले परमेश्वरलाई खुशी र दु:खी पार्छ भन्ने देखाउँछ। पाठकहरूका रूपमा, कथनबाट हामीले सिद्धान्तहरू पत्ता लगाउनुपर्छ।

यस कथाले बिरलै मात्र यसो भन्छ, "इस्राएलीहरूले परमेश्वरको विरुद्ध गनगन गरे र तिनीहरूले दण्ड पाए। तपाईंले परमेश्वर विरुद्ध गनगन गर्नु हुँदैन।"[१०१] बरू, हामीलाई भनिन्छ कि इस्राएलले परमेश्वरको विरुद्ध गनगन गर्यो; हामी तिनीहरूका पापका परिणामहरू देख्छौं, र हामीले सिकाइएको सिद्धान्त देख्ने अपेक्षा गर्नुपर्छ। प्रत्यक्ष आज्ञाहरूको साटोमा, कथनहरूले पछ्याउनुपर्ने सकारात्मक उदाहरणहरू र जोगिनुपर्ने नकारात्मक उदाहरणहरू दिन्छन्। यहोशूको पुस्तकमा, हामी देख्छौं कि परमेश्वरको आज्ञा पालनले विजय ल्याउँछ; न्यायकर्ताहरूको पुस्तकमा, हामी देख्छौं कि अनाज्ञाकारिताले अराजकता ल्याउँछ।

## दृष्टान्त

दृष्टान्त एउटा कथा हो जसले आत्मिक वा नैतिक पाठ सिकाउँछ। यो येशुको सिकाउने तरिकाहरूमध्ये उहाँलाई मन पर्ने

---

९९ प्रेरित ५:३-४, *इङ्‌लिस। स्ट्यान्डर्ड भर्सन*

१०० १ कोरिन्थी १०:११, *इङ्‌लिस। स्ट्यान्डर्ड*

१०१ गन्ती २१:५-६

तरिका हो।[१०२] दृष्टान्तहरूद्वारा, येशुले प्रार्थनाको बारेमा ( मन्दिरमा फरिसी र पापीको प्रार्थना), छिमेकीलाई प्रेम गर्ने बारेमा (असल सामरी), परमेश्वरको राज्यको प्रकृतिको बारेमा (मत्ती १३ का दृष्टान्तहरू), र पापीहरूमाथिको परमेश्वरको दया (हराएको छोरा) सिकाउनुभयो।

दृष्टान्तहरूले कुनै प्रत्यक्ष सामना बिना आफ्ना श्रोताहरूलाई हपार्न येशुलाई सक्षम बनायो। कथाको प्रकृतिले येशुका श्रोताहरूले छक्क पर्दै "उहाँले मेरो बारेमा भन्दैहुनुहुन्छ!" भनेर थाहा नगरूञ्जेल तिनीहरूलाई उहाँका कुराहरू सुन्न कान खोलिदियो। नातान अगमवक्ताले दाऊदलाई एउटा गरिब मान्छेको थुमाको दृष्टान्त बताउँदा ठीक यसै गरे।[१०३] "त्यो मानिस तपाईं नै हुनुहुन्छ," भनेर नतानले नबताएसम्म, दाऊदले त्यो कथा आफ्नो बारेमा थियो भनेर महसुस गरेनन्।

दृष्टान्तको अर्थ पत्ता लगाउन, हामीले यी प्रश्नहरू सोध्छौं:

### १. यो दृष्टान्त भन्नलाई कुन प्रश्न वा परिस्थितिले अभिप्रेरित गऱ्यो?

यदि हाम्रो व्याख्याले येशुलाई सोधिएको प्रश्नको उत्तर दिँदैन भने, सायद हामीले त्यो दृष्टान्तको अर्थलाई थाहा गरेका छैनौं।

उदाहरणको लागि, अगस्टाइनले असल सामरीको दृष्टान्तको एउटा प्रख्यात व्याख्या गरे। अगस्टाइका अनुसार, येशु (सामरी) ले आदम (घाइते मानिस) लाई शैतान (डाँकू) बाट बचाउनुभयो र सुरक्षा दिन मण्डली (पौवा) मा राख्नुभयो। येशुले पाप (घाउचोट) को मलहम पट्टी गर्न पावल (पौवा मालिक) लाई दुई दिनार (यो जीवन र आउने जीवनको प्रतिज्ञा) चुक्ता गर्नुभयो। तर, अगस्टाइनको व्याख्याले येशुको कथालाई अभिप्रेरित गर्ने प्रश्न, "मेरो छिमेकी को हो?" लाई बेवास्ता गर्छ। येशुको दृष्टान्तले उत्तर दिन्छ, "मेरो अघि आउने अभावग्रस्त व्यक्ति नै मेरो छिमेकी – र मेरो कर्तव्य हो।"[१०४]

हराएको छोराको दृष्टान्तले एउटा विशेष परिस्थितिलाई सम्बोधन गऱ्यो। "अब कर उठाउनेहरू र पापीहरू सबै उहाँको कुरा सुन्नलाई उहाँको नजिक आइरहेका थिए। 'यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ' भनी फरिसीहरू र शास्त्रीहरू गनगनाउन लागे। त्यसैले उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो:"[१०५]

- एक जना गोठालोको एउटा भेडो हरायो। जब उसले त्यो भेडा भेट्टाउँछ ऊ कति आनन्दित हुन्छ!
- एक जना स्त्रीले एउटा सिक्का हराईन्। जब तिनले त्यो भेट्टाउँछिन् तिनी कति आनन्दित हुन्छिन्!
- एक जना बुबाको छोरो हरायो। जब त्यो छोरो फर्केर आउँछ त्यो बुबा कति आनन्दित हुन्छ!

त्यसैले, येशुले भन्नुहुन्छ, "म पापीहरूसँग खान बस्दा तिमीहरू छक्क पर्नु पर्दैन। जब एउटा पापीले पश्चात्ताप गर्छ स्वर्ग आनन्दित हुन्छ!"

### २. यो दृष्टान्तको मुख्य अर्थ (वा अर्थहरू) के हो?

यो पहिलो प्रश्नसँग सम्बन्धित छ। आजकलका धेरैजसो शिक्षकहरू बताउँछन् कि दृष्टान्तमा प्रत्येक मुख्य पात्रको आफ्नै एउटा मुख्य अर्थ हुन्छ। दृष्टान्तको प्रमुख पाठ त्यो दृष्टान्तलाई भन्न अभिप्रेरित गर्ने प्रश्न वा परिस्थितिसँग प्रत्यक्ष सम्बन्धित हुनेछ। अरू पाठहरू त्यस कथामा संलग्न पात्रहरूबाट आउन सक्छ।

हराएको छोराको दृष्टान्तले तीन जना मानिसहरूलाई प्रस्तुत गर्छ। पापीहरूका पश्चात्तापमा स्वर्ग आनन्दित हुन्छ भन्ने कथाको प्रमुख पाठलाई हामीले पहिले नै हेरिसक्यौं। यसले येशुको कथालाई अभिप्रेरित गर्ने परिस्थितिलाई सम्बोधन गर्छ। ती तीन जना पात्रहरूले हामीलाई के सिकाउँछ?

---

१०२ मत्ती १३:३४

१०३ २ शमूएल १२:१-१०

१०४ लूका १०:३६-३७

१०५ लूका १५:१-३, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

| पात्र | पाठ |
|---|---|
| हराएको छोरा | परमेश्वरकहाँ फर्केर आएर पश्चात्ताप गर्ने पापीहरूले सजिलै क्षमा पाउनेछन्। |
| मायालु बुबा | द्वेषभाव राखेर क्षमा दिन तत्पर हुनुको साटो, हाम्रो स्वर्गीय पिता क्षमा दिनमा आनन्दित हुनुहुन्छ। |
| जेठो दाजु | एउटा साँचो छोरोको हृदय बिना नियमकानून पालना गर्न सम्भव छ। |

**३. दृष्टान्तमा केकस्ता सांस्कृतिक विस्तृत जानकारीहरू महत्त्वपूर्ण छन्?**

प्राय: येशुका दृष्टान्तहरू उहाँको संस्कृतिका अपेक्षित मान्यताहरू विपरीत गए। जसले तिनीहरूलाई छक्कलाग्दो बनायो: एउटा विद्रोही छोरालाई स्वागत गर्न बुबा कुदेर जान्छ; एउटा सामरी नायक बन्छ; एउटा शक्तिहिन विधवाले दुष्ट र शक्तिशाली न्यायाधीशलाई पराजित गर्छिन्। जति धेरै हामी दृष्टान्तको सांस्कृतिक परिस्थितिलाई बुझ्छौं, त्यति धेरै स्पष्टसँग त्यसको सन्देशलाई हामीले देख्छौं।

यस पाठमा पहिले नै उल्लेख गरिएँझै, यहूदी बुबाहरू दगुरदैनन्; येशुको दृष्टान्तमा यसले बुबाको प्रेमलाई प्रकाश पार्छ। असल सामरीलाई यहूदी श्रोताले कहिल्यै असल ठान्ने थिएनन्; यसले आफ्नो छिमेकीलाई साँचो प्रेम गर्नुको अर्थ के हो भन्ने कुरालाई प्रकाश पार्छ। दुष्ट न्यायाधिशले त्यो विधवाले वाक्क लगाएकी भएर मात्र तिनको कुरा सुन्यो; यो आफ्ना छोराछोरीहरूका ठाउँमा काम गर्दा आनन्दित हुनुहुने हाम्रो स्वर्गीय पितासँग भिन्न छ।[१०६]

## कविता

अय्युब, भजनसंग्रह, हितोपदेश, उपदेशक, श्रेष्ठगीत, विलाप र केही अगमवाणीका पुस्तकहरूमा कविता पाइन्छ। कविता कथन शृङ्खला वा बौद्धिक तर्कमा निर्भर हुँदैन। कवितामा, हामी कविको हृदयका कुराहरू सुन्छौं; खास गरी हामी त्यो कवितामा अभिव्यक्त गरिएका भावनाहरूप्रति संवेदनशील हुन्छौं।

अङ्ग्रेजी कविताभन्दा भिन्न, हिब्रू कविता अनुप्रासमा आधारित हुँदैन। हिब्रू कविताका विशेषताहरूको बुझाइले यसको सुन्दरतालाई अझ राम्रोसँग कदर गर्न मदत गर्न सक्छ।

### समानान्तरता

हिब्रू कविता अक्सर समानान्तरतामा आधारित हुन्छ। समानान्तरतामा, एउटै विचारलाई व्यक्त गर्न दुई वटा पङ्क्तिहरूले विभिन्न शब्दहरू प्रयोग गर्छन्। हिब्रू कविताले केही भन्छ र त्यसलाई त्यसपछि अलिक फरक शब्दहरूमा दोहोऱ्याउँछ। समानान्तरताहरू तीन किसिमका छन्:

*पर्यायवाची समानान्तरता*: दोस्रो पङ्क्तिले पहिलो पङ्क्तिको विचारलाई अधिक शक्तिशाली बनाउँछ।

१. हे परमप्रभु, तपाईंको मार्ग मलाई देखाउनुहोस्;
२. तपाईंको बाटोमा हिँड्न मलाई सिकाउनुहोस्।[१०७]

---

१०६ लूका १८:१-८

१०७ भजनसंग्रह २५:४

१. धार्मिकताको मार्गमा जीवन हुन्छ;
२. त्यस मार्ग सँगसँगै अमरत्व छ।[१०८]

*विरोधात्मक समानान्तरता* : दोस्रो पङ्क्तिमा पहिलो पङ्क्तिको अन्तर बताइन्छ। बुद्धिमान र मूर्खका मार्गहरू बीच अन्तर देखाउन हितोपदेशमा यो स्वरूपलाई बारम्बार प्रयोग गरिएको छ।

१. बुद्धिमान् छोराले आफ्ना बुबालाई खुशी तुल्याउँछ:
२. तर मूर्ख छोराले आफ्नी आमालाई पिरोल्छ।[१०९]

१. धर्मीको सम्झना गर्नु आशिष्मय हुनेछ:
२. तर दुष्टको नाउँचाहिँ सडेर जानेछ।[११०]

*संश्लेषणात्मक समानान्तरता*: दोस्रो पङ्क्तिले पहिलो पङ्क्तिको विचारमा जानकारी थप्छ।

१. परमप्रभु मेरा गोठाला हुनुहुन्छ;
२. मलाई केही कुराको अभाव हुँदैन।[१११]

१. सबै कुराभन्दा बढी, आफ्नो हृदयलाई सुरक्षित राख्;
२. किनभने त्यो सारा जीवनको मूल हो।[११२]

सामानान्तरतालाई व्याख्या गर्दा, दोस्रो पङ्क्तिले पहिलो पङ्क्तिमा के अर्थ थप्छ सो प्रश्न गर्नुहोस्। के यसले पहिलो पङ्क्तिलाई अधिक शक्तिशाली बनाउँछ, के कुनै नयाँ जानकारी थप्छ, वा के यसले पहिलो पङ्क्तिको अन्तर बताउँछ?

## आलङ्कारिक भाषा

सबै बाइबलीय पुस्तकहरूमा आलङ्कारिक भाषा पाइने भए तापनि, कवितामा यसको विशेष महत्त्व छ। हिब्रू कवितामा पाइने आलङ्कारिक भाषामा यी पर्छन्:

- *उपमाहरू* ले त्यस्ता दुई वटा कुराहरूको तुलना गर्छ जुन कुनै न कुनै तरिकाले उस्तै छ। "परमप्रभु मेरा गोठाला हुनुहुन्छ।"[११३]
- *अत्युक्ति* ले कुनै तर्कलाई जोड दिन जानीजानी गरिने बढाई-चढाईलाई प्रयोग गर्छ। विलापको भजनमा, दाऊदले आफ्नो दु:ख यसरी वर्णन गर्छ, "हरेक रात म रोएर मेरो ओछ्याउन भिजाउँछु।"[११४]
- *मानवीकरण* ले अमानवीय कुराहरूलाई मानवीय विशेषताहरूमा चित्रण गर्छ। "बुद्धि सडकहरूमा चर्को सोरले कराउँछ; त्यसले आफ्नो आवाज बजारहरूमा उचाल्छ।"[११५]

---

१०८ हितोपदेश १२:२८
१०९ हितोपदेश १०:१
११० हितोपदेश १०:७
१११ भजनसंग्रह २३:१
११२ हितोपदेश ४:२३
११३ भजनसंग्रह २३:१
११४ भजनसंग्रह ६:६, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*
११५ हितोपदेश १:२०

- *अवतारवाद* ले मानवीय स्वभावहरू देखाउने परमेश्वरको वर्णन गर्छ। परमेश्वरले "आफ्ना आँखाले मानिसको सन्तानको जाँच गर्नुहुन्छ।"[११६]

कविताको आलङ्कारिक भाषाको व्याख्या गर्दा, अलङ्कारले गद्यको अर्थमा के थप्छ भन्ने प्रश्न गर्नुहोस्। उदाहरणको लागि, "परमप्रभु मेरो गोठालो हुनुहुन्छ" भन्नु "परमेश्वरले मेरो हेरविचार गर्नुहुन्छ" भन्नु भन्दा बढी हो। यसले उहाँको हेरचाहको बारेमा बताउँछ, तर यसले उहाँको प्रेम, उहाँको नेतृत्व, शत्रुहरूबाटको उहाँको सुरक्षा र उहाँको हेरचाहबाट भौंतारिँदा पाइने उहाँको अनुशासनको बारेमा पनि बताउँछ।

## बुद्धिको साहित्य

अय्युब, हितोपदेश र भजनसंग्रहका केही भागहरू र याकूबले बुद्धि साहित्य भनेर चिनिने यस विधाको प्रतिनिधित्व गर्छन्। यस स्वरूपमा, एक बुद्धिमान शिक्षकले जीवन कसरी चल्छ भनेर एक जवान पाठकलाई सिकाउँछ। यो निर्देशनले हितोपदेशको पुस्तकमा जसरी छोटो भनाइहरूको स्वरूप वा अय्युबको पुस्तकमा जसरी लामो संवादहरूको स्वरूप लिन सक्छ।

सतहमा, हितोपदेशलाई व्याख्या गर्न सजिलो छ; यसले आफ्नो सन्देशलाई छोटकरीमा र स्पष्टसँग व्यक्त गर्छ। "सुख-विलासको प्रेम गर्ने दरिद्र हुनेछ: दाखमद्य र तेललाई प्रेम गर्ने कहिल्यै धनी हुनेछैन।"[११७]

यद्यपि, यो स्वरूपमा एउटा विशेष चुनौती छ। हितोपदेशले जीवनको एउटा सामान्य दृष्टिकोण बताउँछ, *तर* यो सबै परिस्थितिमा लागू हुँदैन। एउटा सामान्य सत्यको रूपमा, कामको साटो सुखसयललाई प्रेम गर्ने गरिब हुनेछ। यो सामान्य सत्य हो, तर त्यहाँ थुप्रै अपवादहरू छन्। केही धनाढ्यहरूले काम नगरिकनै तिनीहरूले धनसम्पत्ति विरासतमा पाएका छन्। तिनीहरू पिउँदै र खेल्दै आफ्ना दिन बिताउँछन्, र पनि तिनीहरू धनी छन्। अरू मानिसहरू कडा परिश्रम गर्छन् र पनि गरिब नै रहन्छन्। हितोपदेशले विश्वव्यापी सत्य नभई, एउटा सामान्य सत्य सिकाउँछ।

यस्तै भिन्नता अय्युबको पुस्तकमा देखिन्छ। अय्युबका साथीहरूका कुरा ठीक थियो; एउटा सामान्य सिद्धान्तको रूपमा, परमेश्वर प्रतिको आज्ञाकारिताले आशिष् ल्याउँछ र अनाज्ञाकारिताले न्याय ल्याउँछ। तर, अय्युबले यो सामान्य नियममा अपवाद देखाउँछ। अय्युब आफ्नो धार्मिकताको *कारण* कष्ट भोग्दैछ।

बुद्धिको पुस्तकलाई व्याख्या गर्दा हामीले यी प्रश्नहरू सोध्नुपर्छ:

### १. यो धर्मशास्त्रमा सिकाइएको सामान्य सिद्धान्त के हो?

माथि उद्धृत हितोपदेश २१:१७ मा, सिकाइएको सिद्धान्त भनेको कडा मिहिनेत र अनुशासनको मूल्य हो। अधिकांश हितोपदेशहरूले एउटा अनुच्छेदमा विकास गर्न सकिने सिद्धान्तको सारांश दिन्छन्।

### २. यो सिद्धान्तमा कस्ता अपवादहरू छन्?

हितोपदेश २१:१७ को सन्दर्भमा, हामी दैनिक जीवनमा अपवादहरू देख्छौं। यसले सिद्धान्तलाई अस्वीकार गर्दैन; यसले यति मात्र देखाउँछ कि बुद्धिमान व्यक्ति सामान्य सत्य र अपवादहरू दुवैप्रति संवेदशनशील हुनुपर्छ।

---

११६ भजनसंग्रह ११:४, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

११७ हितोपदेश २१:१७

**३. कुन-कुन बाइबलीय पात्रहरूले यो सिद्धान्तको नमूना प्रस्तुत गर्छन्?**

हितोपदेशको व्याख्या गर्दा, त्यो हितोपदेशमा सिकाइएको सिद्धान्तको नमूना प्रस्तुत गर्ने बाइबलीय पात्रलाई पत्ता लगाउनु उपयोगी हुन सक्छ । उदाहरणको लागि, हितोपदेशले भन्छ, "जब अहङ्कार आउँछ, तब अपमान पनि आइलाग्छ, तर नम्रताले बुद्धि ल्याउँछ ।"[११८] शाऊलको अहङ्कार र दाऊदको पाप स्वीकार गर्ने विनम्रताले वास्तविक जीवनमा यो हितोपदेश कस्तो देखिन्छ भन्ने कुरा देखाउँछ ।

## भविष्यसूचक साहित्य

व्याख्या गर्न सबैभन्दा गाह्रो किसिमको साहित्यहरूमध्ये एक भविष्यसूचक साहित्य पनि हो । भविष्यसूचक साहित्यलाई प्रभावकारी रूपमा व्याख्या गर्न, यी प्रश्नहरू सोध्नुहोस्:

**१. अगमवक्ताले आफ्नो संसारलाई के भने?**

सामान्य बुझाइभन्दा ठीक विपरीत, भविष्यूचक साहित्य केवल पछिको कुराको भविष्यवाणी मात्र होइन । अगमवक्ताले सर्वप्रथम उसको आफ्नै संसारसँग कुराकानी गरे ।

उदाहरणको लागि, आमोसले विद्रोही इस्राएल जातिलाई लेखे । समृद्धिको आनन्द उठाइरहेको र परमेश्वरको व्यवस्था पालना नगर्दा पनि हुन्छ भनी ठान्ने मानिसहरूलाई आमोसले न्यायको सन्देश घोषणा गरे । इस्राएलको न्याय हुन्थ्यो किनभने तिनले न्याय र धार्मिकतालाई त्यागेकी थिइन ।[११९]

**२. उनको सन्देशप्रति त्यहाँका मानिसहरूले कस्तो प्रतिक्रिया दिए?**

आमोसको सन्देशप्रति इस्राएको प्रतिक्रियालाई बेथेलको प्रधान पुजाहारी, अमस्याहले प्रतिनिधित्व गरिएको छ । उहाँले आमोसलाई उत्तरी राज्य अब प्रचार नगर्न र फर्केर यहूदामा जान आज्ञा दिनुभयो ।[१२०]

**३. हाम्रो आजको संसारमा यस अगमवक्ताको सन्देशले के सिद्धान्त सिकाउँछ?**

प्राचीन इस्राएलमा आफ्ना मानिसहरूका लागि परमेश्वरले तोक्नुभएको मापदण्ड न्याय र धार्मिकता थिए, आजको समयमा पनि उहाँ आफ्ना मानिसहरूबाट न्याय र धार्मिकता चाहनुहुन्छ । धर्मी जीवन जिउने उहाँको बोलावटलाई बेवास्ता गर्दै परमेश्वरको भवनमा हामी आराधना गर्न सक्दैनौं ।[१२१]

यी प्रश्नहरूले अगमवक्ताको संसारलाई हाम्रो संसारमा रूपान्तरण गर्छन् । अगमवक्ताको संसारलाई हेरेर, आजको हाम्रो व्याख्या मूल सन्देशमा आधारित छ कि छैन भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं ।

## बाइबलीय सन्दर्भ

बाइबलीय व्याख्यामा विचार गर्नुपर्ने अर्को कुरा भनेको वरपरको सन्दर्भ हो । यस कदममा, हामी सोध्छौं, "यो पद, अनुच्छेद, अध्याय र पुस्तक बाइबलका बाँकी भागसँग मेल खान्छ?"

---

११८ हितोपदेश ११:२, *इङ्लिस । स्ट्यान्डर्ड भर्सन*

११९ आमोस ५:७

१२० आमोस ७:१०-१३

१२१ आमोस ५:२२-२४

मानौं तपाईंले कुनै पत्रबाट एउटा वाक्य लेखिएको एउटा कागजको टुक्रा भेट्टाउनुभयो । त्यसमा लेखिएको छ, "अँ, ७ ठीक छ ।" त्यो वाक्यको मतलब के हो?

- हुन सक्छ त्यसको लेखकले कसैसँग भेटघाटको समय तोकेको थियो । बेलुकी ७ बजे भेटघाट गर्न सकिन्छ भनेर उसले स्वीकृति जनाउँदैछ ।
- हुन सक्छ त्यस लेखकको श्रीमतीले एउटा नोट पठाएर यस्तो सोध्छिन्, "शुक्रवार बेलुकीको खानाका लागि मैले कति जनालाई बोलाउँदा हुन्छ?" उसले उत्तर दिन्छ, "अँ, सात (जना) ठीक छ ।"
- हुन सक्छ त्यस लेखकले ८ रुपियाँमा कुनै किताब बेच्ने प्रस्ताव राखेको थियो । कसैले सोध्यो, "के तपाईंले ७ रुपियाँमा दिनुहुन्छ?" त्यसको जवाफमा लेखकले भन्यो, "अँ, ७ ठीक छ ।"

हामीले एकल वाक्यलाई त्यसको सन्दर्भ थाहा पाएपछि मात्र बुझ्छौं । हामी एउटा पुरै अनुच्छेदको सन्दर्भमा वाक्यलाई पढ्छौं । हामी एउटा पुरै पत्रको सन्दर्भमा एउटा अनुच्छेद पढ्छौं । ठुलो सङ्ख्याको कुरा गर्दा, हामीले दुई व्यक्तिहरू बीच भएको पत्रहरूको शृङ्खलाको सन्दर्भमा एउटा पत्र पढ्न सक्छौं ।

धर्मशास्त्रको सवालमा पनि यही हुन्छ । एकल पदहरूलाई त्यसका वरपरका पदहरू, अध्याय र पुस्तकको सन्दर्भमा पढ्नुपर्छ । सन्दर्भ, तात्कालिक अनुच्छेद हुँदै पुरै बाइबलमा सर्दै जान्छ ।


एकल पदलाई ठीकसँग बुझ्न, हामीले त्यसको वरपरको सन्दर्भलाई हेर्नुपर्छ । भजनसंग्रह १:३ ले परमेश्वरको व्यवस्थामा आनन्दित हुने व्यक्तिलाई एउटा अद्भुत प्रतिज्ञा गर्छ । ऊ प्रशस्त पानी पाएको रूखजस्तै हुन्छ जसले फल फलाउँछ । "त्यसले जे गर्छ, त्यसमा त्यो सफल हुन्छ ।"[१२२] केही मानिसहरूले यो हरेक इमानदार विश्वासीको लागि गरिएको भौतिक समृद्धिको प्रतिज्ञा हो भन्ने दाबी गर्छन् ।

तर, जब तपाईंले भजनसंग्रह १ को बाँकी खण्ड पढ्नुहुन्छ, यो भौतिक आशिष्मा होइन तर प्रभुको व्यवस्था पालन गर्नेहरूको आत्मिक फलवन्ततामा केन्द्रित हुन्छ । यसको लेखकले यो प्रतिज्ञासँगै अन्त्य गर्छ; परमप्रभुले "धर्मीहरूको मार्गको रक्षा गर्नुहुन्छ, तर दुष्टहरूको मार्ग नष्ट हुनेछ ।" यसमा परमेश्वरबाट ज्ञात (हेरिएको र स्वीकृत) मार्ग र विनाशतिर लैजाने मार्ग बीच भिन्नता गरिएको छ ।

बाँकी सबै भजनसंग्रहहरूमा र सम्पूर्ण बाइबलमा यसलाई हेर्दैजाँदा, यो सन्देशलाई पुष्टि गर्न सकिन्छ । विश्वासीको समृद्धि भौतिक धनसम्पत्तिमा होइन, तर परमेश्वरको स्वीकृतिमा छ । यो साँचो समृद्धि हो ।

अनुच्छेदलाई त्यसको सन्दर्भमा पढ्न, तीन वटा कदमहरूको पालना गर्नुहोस्:

- पुस्तकलाई कसरी अनुच्छेदहरूमा विभाजन गरिएको छ भन्ने तय गर्नुहोस् । तपाईंले पढिरहनु भएको पदको तात्कालिक सन्दर्भ के छ?
- अनुच्छेदको मुख्य विचारलाई एक वा दुई वटा वाक्यहरूमा संक्षेप गर्नुहोस् । यसले तपाईंलाई पुरै खण्डको सन्देश बुझ्नमा मदत गर्नेछ ।




१२२ *इङ्लिस । स्ट्यान्डर्ड भर्सन*

- पुरै पुस्तक पढ्नुहोस् र सोध्नुहोस्, “मैले अध्ययन गर्दैगरेको यो अनुच्छेद यो पुस्तकको सन्देशसँग कसरी मिल्छ?”

  डि = पुरै बाइबल
  सि = पुरै पुस्तक
  बि = अनुच्छेद वा अध्याय
  ए = पद

  ५ = बाइबल
  ४ = पावलका पत्रहरू
  ३ = रोमी
  २ = रोमी १२-१५
  १ = रोमी १२:१-२

रोमी १२:१-२ ले हामीलाई परमेश्वरमा पूर्णरूपले समर्पण हुन भन्दछ ।

> यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक ।

यसले एउटा खण्ड सुरु गर्छ (रोमी १२-१५) जसले यो समर्पण एउटा ख्रीष्टियानको दैनिक जीवनमा कस्तो देखिनेछ भन्ने देखाउँछ । तात्कालिक सन्दर्भबाट अघि बढ्दै, रोमी १२-१५ ले धर्मसिद्धान्तका निर्देशनको एघार अध्यायहरूमा जान्छ जसले परमेश्वरको अघि हामी कसरी धर्मी ठहरियौं भन्ने देखाउँछ ।

रोमीको सन्दर्भभन्दा बाहिर, पावलका हरेक पत्रहरूले हाम्रो ख्रीष्टियान विश्वासको व्यावहारिक अभ्यासको बारेमा उनको चासोलाई देखाउँछ । अन्त्यमा, रोमी १२:१-२ आज्ञाकारिता र परमेश्वरप्रति समर्पणको सम्पूर्ण बाइबलीय सन्देशमा मेल खान्छ । उदाहरणको लागि, रोमी १२:१-२ को भाषाले लेवीको बलिदानको भाषालाई प्रतिबिम्बित गर्छ । जति धेरै हामीले वृहत बाइबलीय सन्दर्भलाई बुझ्छौं, त्यति धेरै पावलका शब्दहरू अरू बढी शक्तिशाली हुन्छन् ।

## तपाईंको पालो

» तलका प्रत्येक पदहरू पढ्नुहोस् र त्यसपछि तिनीहरूका तात्कालिक सन्दर्भलाई पढ्नुहोस् । सन्दर्भले पदबारे तपाईंको बुझाइलाई कसरी असर पार्छ सो छलफल गर्नुहोस् ।

  **१.** मत्ती १८:२० पढ्नुहोस् । यसको अर्थ के हो?
  **२.** अब मत्ती १८:१५-२० पढ्नुहोस् । के यसले १८:२० पदको अर्थलाई असर पार्छ?

  **१.** रोमी ८:२८ पढ्नुहोस् । यसले के प्रतिज्ञा गर्छ?
  **२.** अब रोमी ८:२८-३० पढ्नुहोस् । ८:२८ मा के कुराको प्रतिज्ञा गरिएको छ?

  **१.** प्रकाश ३:२० पढ्नुहोस् । कसलाई निमन्त्रण गरिएको छ?
  **२.** प्रकाश ३:१४-२१ यो निमन्त्रणामा कसलाई सम्बोधन गरिएको छ?

## निष्कर्ष: सन्दर्भ अध्ययनका खतराहरू

यो पाठलाई अन्त्य गर्ने क्रममा, हामीले धर्मशास्त्रको सन्दर्भ अध्ययनका केही खतराहरूलाई विचार गर्नुपर्छ। **एउटा खतरा** भनेको **बेठीक जानकारी हो**।

एक जना विद्यार्थीले मत्ती १९:२३-२४ बाट प्रस्तुति दियो। उसले भन्यो कि येशुको समयमा यरूशलेमका एउटा ढोकालाई "सियोको नाथ्री" भनिन्थ्यो। यो ढोका यति तलसम्म थियो कि त्यो ढोकाबाट बलजफती भित्र पस्न ऊँटले त्यसको सबै बोझ तल झार्नुपर्थ्यो।

यो विधार्थीको प्रस्तुतिमा दुई वटा समस्याहरू थिए:

१. येशुको समयमा यस्तो ढोका भए-नभएको कुनै ऐतिहासिक प्रमाण छैन। "सियोको नाथ्री" को अर्थ येशुको समयमा पनि उही थियो जस्तो अहिले हाम्रो समयमा छ, लुगा सिउने सियोको प्वाल।

२. उसको पृष्ठभूमिको जानकारी गलत भएकोले, त्यो विधार्थी त्यस खण्डको विषयमा गलत निष्कर्षमा पुग्यो। स्वर्गको राज्यमा बलजफती प्रवेश गर्न हामीले हाम्रो जीवनका सबै अतिरिक्त कुराहरूबाट छुटकारा पाउनुपर्छ भन्ने उसको प्रस्तुतिको आशय थियो।

तर, येशुले धनी र शक्तिशालीलाई परमेश्वरको राज्यमा प्रवेश गर्न एकदम धेरै गाह्रो छ भनेर सिकाउँदै हुनुहुन्थेन; उहाँले यो कुरा असम्भव छ भनेर सिकाउँदै हुनुहुन्थ्यो! यो सुनेर उहाँका चेलाहरू तीन छक्क पर्दै सोधे, "तब कसले उद्धार पाउन सक्छ?"

"यो गाह्रो छ, तर यदि तिमीहरूले धेरै प्रयास गर्छौं भने, तिमीहरू बलजफती भित्र पस्न सक्छौ" भन्ने उत्तर येशुले दिनुभएन। उहाँले त्यस सुसमाचारमा रहेको खुशीको खबर दिनुभयो: "मानिसहरूका लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ।" सन्दर्भको अध्ययनमा, गलत जानकारीले तपाईंलाई गलत बोटोतिर दोहोऱ्याउन नदिनुहोस्।

**दोस्रो खतरा भनेको** पढिएको खण्डको सन्देशभन्दा पनि सन्दर्भको अध्ययनलाई महत्त्वपूर्ण **बनाइदिनु हो**। गलत प्रकारको ज्ञानले घमण्ड ल्याउँछ, तर प्रेमले निर्माण गर्छ भनेर पावलले कोरिन्थीका ख्रीष्टियानहरूलाई याद दिलाउँछन्।[१२३] सन्दर्भका विस्तृत जानकारीहरूद्वारा हामी मोहित भएर हामीले पढ्दैगरेको खण्डको सन्देशलाई बिर्सन सक्ने सम्भावना हुन्छ।

हामीले सामरीको संस्कृतिको बारेमा सबैकुरा सिक्न सक्छौं र असल सामरीको दृष्टान्तको उद्देश्यलाई बिर्सन सक्छौं: "जाऊ र त्यसै गर।" यस्तो अवस्थामा, हाम्रो ज्ञान बेकार हुनेछ। धर्मशास्त्रको सन्देश बुझ्न अध्ययन गर्नुहोस्; त्यसकै खातिर अध्ययनमै नडुब्नुहोस्। आफ्नो धेरै ज्ञानमा घमण्ड गर्नलाई होइन, तर अझ प्रभावकारी रूपमा प्रचार गर्न र सिकाउनलाई अध्ययन गर्नुहोस्!

## पाठ ५ का मुख्य बुँदाहरू

१. ठीक व्याख्याको लागि हामीले धर्मशास्त्रको कुनै पनि एक खण्डको सन्दर्भ अध्ययन गर्न आवश्यक छ।

२. ऐतिहासिक-सांस्कृतिक सन्दर्भले बाइबलको सांस्कृतिक परिस्थितिलाई विचार गर्छ। यसले यी प्रश्नहरू गर्छ:

- बाइबलीय लेखकको बारेमा हामीलाई के थाहा छ?
- बाइबलीय पाठकको बारेमा हामीलाई के थाहा छ?

---

१२३ १ कोरिन्थी ८:१, *इङ्गलिस। लिश स्ट्यान्डर्ड भर्सन* पावल ज्ञानको विरोधी होइनन्; उनले भर्खरै हुर्कदै गरेका मण्डलीहरूलाई असल शिक्षा दिन आफ्ना पत्रहरू लेखे। तर, कोरिन्थीको अहङ्कारपूर्ण "ज्ञान" ले विनाशमा डोऱ्यायो, तर सुद्धृढिकरणमा होइन।

- पुस्तकको ऐतिहासिक परिस्थितिको बारेमा हामीलाई के थाहा छ?
- पुस्तकको सांस्कृतिक परिस्थितिको बारेमा हामीलाई के थाहा छ?

**३.** साहित्यिक सन्दर्भले अनुच्छेदको विधा(साहित्यिक स्वरूप)लाई विचार गर्छ । बाइबलका केही महत्त्वपूर्ण विधाहरूमा यी पर्छन्:

- व्याख्यान: क्रमवद्ध शिक्षण

- पत्र: पावलको लेखनको सबैभन्दा सामान्य विधा / पत्र पढ्दा, हामी सोध्छौं:

  - यसको प्रापक को हो?
  - यसको लेखक को हो, उनी प्रापकसँग कसरी सम्बन्धित छन्?
  - केकस्ता परिस्थितिहरूले यो पत्र लेखनलाई अभिप्रेरित गर्यो?

- कथन: कथा कथन पढ्दा, हामी सोध्छौं:

  - कथन शृङ्खला भनेको के हो?
  - यसका पात्रहरू को-को हुन्?
  - यो कथन आज्ञात्मक छ वा, वर्णनात्मक?
  - यो कथनमा केकस्ता सिद्धान्तहरू सिकाइएका छन्?

- दृष्टान्त: त्यो कथा जसले आत्मिक वा नैतिक पाठ सिकाउँछ । दृष्टान्त पढ्दा, हामी सोध्छौं:

  - यो दृष्टान्त भन्न कुन प्रश्न वा परिस्थितिले अभिप्रेरित गऱ्यो?
  - यो दृष्टान्को मुख्य अर्थ (वा अर्थहरू) के हो?

- कविता हिब्रू कविताले यी कुराहरूको प्रयोग गर्छ:

  - समानान्तरता । एउटै विचारलाई व्यक्त गर्न दुई वटा पङ्क्तिहरूले विभिन्न शब्दहरू प्रयोग गर्छन ।
  - आलङ्कारिक भाषा

- बुद्धिको साहित्य: जीवन कसरी चल्छ भनेर सिकाउँछ । बुद्धिका पुस्तकहरू पढ्दा, हामी सोध्छौं:

  - सिकाइएको सामान्य सिद्धान्त के हो?
  - यस सिद्धान्तका अपवादहरू केकस्ता छन्?
  - कुन-कुन बाइबलीय पात्रहरूले यो सिद्धान्तको नमूना प्रस्तुत गर्छन्?

- भविष्यसूचक साहित्य । अगमवक्ताका पुस्तकहरू पढ्दा, हामी सोध्छौं:

  - अगमवक्ताले आफ्नो संसारलाई के भने?
  - त्यस सन्देशप्रति मानिसहरूको प्रतिक्रिया के थियो?
  - हाम्रो आजको संसारमा यस अगमवक्ताको सन्देशले के सिद्धान्त सिकाउँछ?

**४.** बाइबलीय सन्दर्भले एकल पद कसरी धर्मशास्त्रको बाँकी भागसँग मिल्छ भन्ने कुरालाई विचार गर्छ ।

## पाठ ५ गर्नुपर्ने कार्य

पाठ १ मा, यो पाठ्यपुस्तकको अवधिभर अध्ययन गर्नको लागि धर्मशास्त्रको एउटा खण्ड छान्नुहोस्। तपाईंले छान्नुभएको खण्डको ऐतिहासिक-सांस्कृतिक, साहित्यिक र बाइबलीय सन्दर्भको अध्ययन गर्नुहोस्। एक पृष्ठको नोटहरू तयार पार्नुहोस् जसमा यस पाठको सन्दर्भको छलफलमा तपाईंले गर्नुभएका हर सम्भव

प्रश्नहरूका उत्तर छन्।

सोध्नुहोस्:

- यसको लेखक को थियो?
- उसले किन लेख्यो?
- उसको पृष्ठभूमि के थियो?
- उसको श्रोता को थियो?
- तिनीहरूको समस्या के थियो?
- यो खण्डको वरपरको परिस्थितिहरू केकस्ता थिए?
- यो पुस्तक लेखनको समयमा केकस्ता ऐतिहासिक घटनाहरू घटे?
- कुन सांस्कृतिक तत्त्वहरूले यो पुस्तकलाई प्रस्ट्याउन मदत गर्छ?
- यो पुस्तक कुन विधामा पर्छ?

विधा निर्धारण गरिसकेपछि, यो पाठमा सोध्न भनिएका प्रश्नहरू सोध्नुहोस्।

यो खण्डको बाइबलीय सन्दर्भलाई निर्धारण गर्न त्यस वरपरको अध्याय पढ्नुहोस्।

## पाठ ६

# व्याख्या: शब्द अध्ययन

### पाठका उद्देश्यहरू

१. गहन शब्द अध्ययनको मूल्यलाई कदर गर्नु ।

२. शब्द अध्ययन गर्दा गरिने सामान्य गल्तीहरूबाट जोगिनु ।

३. शब्द अध्ययन गर्ने प्रक्रियालाई बुझ्नुहोस् र लागू गर्नु ।

४. शब्द अध्ययनमा शब्दानुक्रमणिका र बाइबल शब्दकोश जस्ता साधनको प्रयोग गर्नु ।

५. बाइबलका आलङ्कारिक भाषाको पहिचान गर्नु ।

## परिचय

बाइबल अर्थले भरिएको छ, तर दु:खको कुरा, केही मानिसहरूले यसको सन्देशलाई नबुझिकनै यसलाई पढ्छन् ।[१२४]

बाइबल पदहरू, अनुच्छेदहरू, अध्यायहरू र पुस्तकहरू मिलेर बनेको छ, तर यिनीहरूमा सबैभन्दा सानो एकाइ शब्द हो । यो पाठ शब्दहरूको अध्ययनबारे हो । हामी ती साधनहरूलाई हेर्नेछौं जसले तपाईंलाई बाइबलको हाम्रो अनुवाद पछाडिको ग्रीक र हिब्रू शब्दहरूको अध्ययन गर्न सक्षम बनाउनेछ ।

यसको मतलब यो होइन कि ग्रीक र हिब्रू अध्ययन नगरिकन तपाईंले बाइबल बुझ्नै सक्नुहुन्न भन्ने होइन । ग्रीक र हिब्रूमा धर्मशास्त्र अध्ययन गरेका अनुवादकहरूका होसियारीपूर्ण कामले गर्दा, हामीलाई आफ्नै भाषामा बाइबल पढ्न सक्षम बनाउने ती संस्करणहरू हामीसँग छ ।

तर पनि, धर्मशास्त्रको मूल शब्दहरूको अध्ययन गर्नुको फाइदा ठुलो छ । जुनसुकै संस्करणमा, हामीले मौलिक लेखको विभिन्न रङहरूमध्ये केहीलाई गुमाउँछौं । जति धेरै हामीलाई मौलिक भाषाबारे थाहा हुन्छ, त्यति धेरै धर्मशास्त्रको हाम्रो अध्ययन

१२४ यो अध्यायको धेरैजसो सामग्रीहरू स्कट ड्युभाल र जे. दानिएल हेज्को किताब *ग्र्याप्सिङ गड्स वर्ड* को अध्याय ८ बाट लिइएको छ (ग्रयान्ड र्यापिड्स: जोन्डरभन, २००५) ।

गहन हुन्छ । शब्द अध्ययनहरूले धर्मशास्त्रको चहकिला रङहरूप्रति हाम्रा आँखालाई खोलिदिन्छ ।

यसको एउटा उदाहरण हेरौं । येशुले भन्नुभयो, "र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ ।"[१२५] द *इङ्‌लिस । स्ट्यान्डर्ड भर्सन* ले यसलाई यसरी अनुवाद गर्छ: "उहाँले तिमीहरूलाई अर्को सल्लाहाकार दिनुहुन्छ ।" "सल्लाहकार" वा "सहायक"को ग्रीक शब्दको अर्थ "कुनै व्यक्तिको छेऊमा बस्न बोलाइएको अर्को व्यक्ति" भन्ने हो । पवित्र आत्मा हामीलाई सान्त्वना दिन, प्रोत्साहन दिन, मार्गदर्शन गर्न, सहायता गर्न र शिक्षा दिन पठाइनु भएको हो । यी सबै अर्थहरू यो वाक्यांशमा समेटिएको छ, "उहाँले तिमीहरूलाई सान्त्वना दिनुहुनेछ ।"

पिताले हाम्रो लागि पवित्र आत्मालाई पठाउनुहुनेछ भनेर येशुले प्रार्थना गर्नुहुँदा, हामीले कस्तो अद्‌भुत वरदान पायौं सो बुझ्नुहोस् । सङ्कष्टको समयमा हामीलाई बचाउन पवित्र आत्मा धरै टाढाबाट आउनु पर्दैन । बरु, सङ्कष्टमा सधैं हाजिर रहनुहुने हाम्रो सहायता, सान्त्वनाकर्ता हाम्रो जीवनमा अनुग्रहको सेवा गर्न सधैं हाम्रै छेऊमै हुनुहुन्छ ।[१२६]

शब्द अध्ययन बाइबल अध्ययनको दृष्टिकोणबाट एकदमै इनामदायी हुनसक्छ । धर्मशास्त्रका शब्दहरूद्वारा परमेश्वरले आफैंलाई प्रकट गर्नुभयो; यस पाठमा, हामी ती शब्दहरूमध्ये केहीको अध्ययन गर्नेछौं ।

## शब्द अध्ययनका केही सामान्य गल्तीहरू

जब हामीले शब्द अध्ययनहरू गर्न सुरु गर्छौं, त्यहाँ केही गल्तीहरू छन् जुन गर्नबाट हामी जोगिनुपर्छ । यस्ता गल्तीहरूले अक्सर गलत व्याख्याहरूतिर लैजान्छ ।

## मूल शब्दहरूको गलत बुझाइ

एक जना अङ्ग्रेजी सिक्दैगरेको व्यक्तिको बारेमा कल्पना गर्नुहोस् । उसले पुतलीको बारेमा पढ्छ । उसले पुतली कहिल्यै देखेको छैन, तर उसले यसको शब्द अध्ययन गर्छ । उसले आफ्ना साथीहरूलाई भन्छ, "पुतली अङ्ग्रेजी दुई वटा मूल शब्दहरूबाट बनेको छ– बटर र फ्लाइ । पुतली त्यो उड्ने किरा हो जुन चाहिँ उड्दैगएर बटर (नौनी घ्यु)को भाँडोमा पऱ्यो । यो व्यक्तिले मूल शब्दहरूको अध्ययन गरेको छ, तर यो पूर्णत: गलत छ; पुतलीको बटर (नौनी घ्यु)सँग केही लिनुदिनु छैन!

कहिलेकाहीँ व्यक्तिले कुनै एउटा ग्रीक शब्दलाई हेर्छ र भन्छ, "यो दुई वटा मूल शब्दहरूबाट बनेको छ," र त्यसपछि ऊ पूर्णत: गलत निष्कर्षमा पुग्छ! यो पाठमा, हामी कहिलेकाहीँ अर्थपूर्ण हुनसक्ने मूल शब्दहरूलाई हेर्नेछौं । तर अर्थको लागि अन्तिम मार्गदर्शक भनेको त्यो शब्द प्रयोग गरिएको सन्दर्भ हो ।

## शब्दलाई यसको मौलिक समयावधिको अर्थमा भन्दा अर्कै अर्थमा बुझ्नु

मेरो मन पर्ने किताबहरूमध्ये एक "अक्सफोर्ड इङ्लिस । डिक्सनरी" हो । मलाई यो किताब मन पर्छ किनभने यसले वर्षहरूसँगै कसरी शब्दहरूका अर्थहरू परिवर्तन भएका छन् भन्ने देखाउँछ । कहिलेकाहीँ कुनै एउटा शब्द विगतमा भन्दा अहिले भिन्नै अर्थमा प्रयोग गरिन्छ । यदि शब्दको अर्थ बदलिएको छ भने त्यो शब्दको अर्थ गलत तरिकाले नलिनमा हामी सचेत हुनुपर्छ ।

डि. ए. कार्सनले यस्तो गलत बुझाइको एउटा साधारण उदाहरण तर्फ औंल्याउँछन् । पावल लेख्छन् कि ख्रीष्टको सुसमाचार "विश्वास गर्ने प्रत्येका मुक्तिको निम्ति परमेश्वरको शक्ति हो ।"[१२७] ग्रीक शब्द शक्ति, अङ्ग्रेजी शब्द *डाइनामाइट* जस्तै सुनिने

१२५ यूहन्ना १४:१६

१२६ भजनसंग्रह ४६:१

१२७ रोमी १:१६

भएकोले, केही प्रचारकहरूले भनेका छन् कि पावलले "मुक्तिको निम्ति परमेश्वरको शक्ति हो" भन्दैगर्दा उनले मनमा *डाइनामाइट* शब्दको बारेमा सोचिरहेका थिए । यो पक्का हो कि, पावलको समयमा डाइनामाइटको अस्तित्व थिएन । सुसमाचारको बारेमा कुरा गर्दा डाइनामाइटभन्दा अझ बढी शक्तिशाली कुराको बारेमा पावल सोचिरहेका छन् । पावलको लागि, सुसमाचारको शक्तिको मापक बम होइन; सुसमाचारको शक्तिको मापक रित्तो चिहान हो । पुनरूत्थान सुसमाचारको साँचो *डाइनामिस* हो ।[१२८]

## प्रत्येक पटकको प्रयोगकै अर्थमा शब्दलाई परिभाषित गर्नु

सन्दर्भको पाठमा, प्रत्येक सन्दर्भमा *ट्रङ्क* शब्दलाई एउटै अर्थमा लिन सक्दैनौं भन्ने हामीले सिक्यौं । यसरी नै, बाइबलीय लेखकहरूले पनि एकभन्दा बढी अर्थमा शब्दहरूका प्रयोग गरे । हामीले कुन सन्दर्भमा त्यो शब्द प्रयोग गरिएको छ भनेर हेर्नुपर्छ ।

उदाहरणको लागि, धर्मशास्त्रमा *मुक्ति* शब्दको एकभन्दा बढी अर्थ लाग्छ । यसले शत्रुहरू वा खतराबाट छुटकारा पाउनुको अर्थलाई जनाउन सक्छ; यसले रोगबिमारबाट छुटकारा पाउनुको अर्थलाई जनाउन सक्छ; यसले पापबाट छुटकारा पाउनुको अर्थलाई जनाउन सक्छ । यूहन्ना ३:१७ मा, मुक्तिले पापको दण्ड र शक्तिबाट छुटकारा पाउनुको अर्थलाई जनाउँछ । अर्कोतिर, जकरियाले "शत्रुहरूका हातबाट बचाइने" छन् भनेर प्रार्थना गर्छन् ।[१२९] जकरिया शत्रुहरूबाट राजनैतिक छुटकारा दिनको लागि प्रार्थना गर्दै छन् । यदि हामीले दुवै पदहरूमा एउटै अर्थमा शब्दहरूलाई परिभाषित गर्ने हो भने हामीले ती पदहरूलाई गलत बुझ्छौं ।

यी सबै कुराले विज्ञ बाहेक अरूका लागि शब्द अध्ययन गाह्रो छ भन्ने जस्तो सुनिन सक्छ । चिन्ता नलिनुहोस्; यसको प्रक्रिया गाह्रो छैन । शब्द अध्ययनको लागि हामीले तीन-कदम प्रक्रियाको प्रयोग गर्नेछौं । प्रक्रिया यस्तो छ:

१. अध्ययनको लागि शब्द छान्नुहोस् ।
२. त्यो शब्दको अर्थ के **हुन सक्छ** सो निश्चित गर्नुहोस् ।
३. त्यो शब्दको अर्थ के **हो** सो निश्चित गर्नुहोस् ।

## कदम एक: अध्ययनको लागि शब्दहरू छान्नुहोस् ।

बाइबलका प्रत्येक शब्दको लागि हामीले गहन अध्ययन गर्नु आवश्यक छैन । अध्ययनको लागि महत्त्वपूर्ण शब्दहरूलाई छान्न, यी कुरा हेर्नुहोस्:

- खण्डको अर्थक लागि महत्त्वपूर्ण मुख्य शब्दहरू
- दोहोरिएका शब्दहरू
- आलङ्कारिक भाषा
- अस्पष्ट वा बुझ्न गाह्रो शब्दहरू

» रोमी १२:१-२ पढ्नुहोस् र अध्ययनको लागि महत्त्वपूर्ण शब्दहरूलाई गोलो घेरा लगाउनुहोस् । शब्दलाई गोलो घेरा लगाउनु बाहेक, त्यो शब्द छान्नुको कारणलाई चिन्ह लगाउनुहोस्:

ए = मुख्य शब्द
बि = दोहोरिएको शब्द
सि = आलङ्कारिक भाषा

---

१२८ डि. ए. कार्सन, *एक्सेजेटिकल फलासिज्*, (सेकेण्ड इडिसन) ((ग्र्यान्ड र्यापिड्स: बेकर बुक्स, १९९६),३४

१२९ लूका १:७१

डि = अस्पष्ट वा बुझ्न गाह्रो शब्द

यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक ।

तपाईंले चिन्ह लगाउनु भएका केही शब्दहरू यी हुन सक्छन्:

ए = मुख्य शब्द: *अनुरोध, अर्पण, ढाँचा, परिवर्तित होओ, मनमा नयाँ भई*
बि = दोहोरिएको शब्द: *यो अनुच्छेदमा एउटै छैन ।*
सि = आलङ्कारिक भाषा: *जिउँदो बलि*
डि = अस्पष्ट वा बुझ्न गाह्रो शब्द: *आत्मिक उपासना, जाँच्न*

## कदम दुई: यो शब्दको अर्थ के हुन सक्छ सो निश्चित गर्नु

जब हामी यो शब्दको अर्थ के हुन सक्छ भनेर सोध्छौं, हामी यो शब्दका सबै सम्भव अर्थहरूका बारेमा विचार गर्दै हुन्छौं । यसलाई *अर्थको शृङ्खला* भनिन्छ, जुन शब्दको सबै सम्भव अर्थहरूको सूची हो ।

उदाहरणको लागि, *स्प्रिङ* शब्दको अर्थको फराकिलो दायरामा यी अर्थहरू पर्छन्:

- हिउँदपछि आउने अर्को याम
- गूड्ल्किएको धातु
- उफ्रने कार्य
- पानीको मुहान

हरेक सम्भावित अर्थहरू थाहा पाउनाले त्यसले हामी एउटा मात्र अर्थमा सीमित छैनौं र त्यसका अरू सम्भावनाहरूलाई बेवास्ता गर्दैनौं भन्ने सुनिश्चित गर्छ । हाम्रो बाइबल हिब्रू र ग्रीक भाषाहरूमा लेखिएको हुनाले, हामी हाम्रो खण्डका हिब्रू र ग्रीक शब्दहरूका सम्भावित अर्थहरू खोज्नमा मदत लिन शब्दानुक्रमणिकाको प्रयोग गर्नेछौं । तपाईंले कुनै पनि प्रमुख बाइबल संस्करणको मुद्रित शब्दानुक्रमणिका पाउन सक्नुहुन्छ । यो शब्द अध्ययनको सबैभन्दा बढी बहुमूल्य संसाधन हो ।

## शब्द अध्ययनको लागि शब्दानुक्रमणिकालाई प्रयोग गर्नु

यस पाठको लागि, म किङ्ग जेम्स भर्सनमा आधारित *स्ट्रङ्ग्स् एक्सहस्टिभ कन्कर्डेन्स (शब्दानुक्रमणिका)* को प्रयोग गर्नेछु ।[१३०]

---

१३० म *द न्यू स्ट्रङ्ग्स् एक्सहस्टिभ कन्कर्डेन्स अफ दि बाइबल* को प्रयोग गर्दैछु (न्यासभिल: थोमस नेल्सन, १९८४) । तपाईंको बाइबल संस्करणसँग सम्बन्धित कुनै पनि शब्दानुक्रमणिकाको प्रयोग गर्न सक्नुहुन्छ । अनलाइन संस्करण यहाँ उपलब्ध छ: http://www.biblestudytools.com/concordances/strongs-exhaustive-concordance/ यदि तपाईंले आफ्नो शब्द अध्ययनको लागि यो अनलाइन संसाधनको प्रयोग

यदि तपाईंसँग शब्दानुक्रमणिका छ भने, यो पाठ अगाडि बढ्दै जाँदा त्यसलाई तपाईंले प्रयोग गर्न सक्नुहुन्छ। आउनु होस् शब्दानुक्रमणिकाले शब्द अध्ययनमा कसरी मदत गर्छ हेरौं। रोमी १२:१-२ को शब्दहरूको अध्ययनको सूचीमा, मैले *प्रमाण* शब्द समावेश गरेको छु। यदि तपाईंले आजको प्रयोगको अर्थ यो अङ्ग्रेजी शब्दको बारेमा सोच्नुहुन्छ भने, यसको अर्थ, "कुनै कुरा साँचो छ भनेर देखाउनु" भन्ने सोच्न सक्नु हुन्छ। यो शब्दको अध्ययनले हामीलाई के सिकाउँछ हेरौं।

## १. बाइबलमा यो शब्द कहाँ प्रयोग गरिएको छ?

जब तपाईंले *स्ट्रङ्ग्स्* मा *प्रमाण* शब्दलाई हेर्नुहुन्छ, तपाईंले बाइबलमा यो शब्द प्रयोग भएको ठाउँहरूको एउटा सूची भेट्टाउनुहुनेछ। हामी रोमीको पुस्तकमा भएकोले, हामी नयाँ करारका उदाहरणहरूमा केन्द्रित हुनेछौं।

- लूका १४:१९ मा, एक जना मानिसले येशुलाई यसो भन्छ, "मैले पाँच हल गोरु किनेको छु, म ती **जाँच्न (हेर्न)** जान्छु: म बिन्ती गर्दछु, मलाई माफी होस्।"
- यूहन्ना ६:५-६ मा, जम्मा हुँदैगरेको भीडलाई खुवाउन रोटी कहाँबाट किन्ने भनेर येशुले फिलिपलाई सोध्नुभयो। उहाँले "तिनलाई **जाँच्न** यो भन्नुभएको थियो: किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो।"
- प्रेरित २४:१३ र २५:७: ले केही कुरा साँचो हो भनेर देखाउने आधुनिक अर्थमा "जाँच्न" शब्दको प्रयोग गर्छ। "न त मलाई अहिले दोष लाइरहेका कुराहरूको यिनीहरूले **प्रमाण** दिन सक्छन्।" "तिनी आएपछि यरूशलेमबाट आएका यहूदीहरू तिनको वरिपरि उभिए, र पावलको विरुद्धमा अनेक गम्भीर अभियोग लगाए, जसको तिनीहरूले **प्रमाण** दिन सकेनन्।

रोमी १२:२ मा बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको पावलको *पुष्टि* को प्रयोग हो। पावले प्रायजसो *पुष्टि* लाई जाँच गर्ने अर्थमा प्रयोग गर्छन्:

- २ कोरिन्थी ८:८ "मैले यो आज्ञाको रूपमा भनेको होइनँ, तर अरूहरूको जोशसँग तुलना गरेर तिमीहरूको प्रेम पनि साँचो हो भन्ने **जाँच्न** (पुष्टि गर्न) लाई मैले यो भनेको हुँ।"
- २ कोरिन्थी १३:५ "तिमीहरू विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैले आफैलाई जाँचेर हेर; आफैलाई **जाँच**। जाँचमा असफल भएनौ भने येशु ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भन्ने तिमीहरूलाई थाहा हुनुपर्ने हो?"
- गलाती ६:४ "प्रत्येकले आफ्नै कामको **जाँच** गरोस्, तब मात्र त्यसले आफैलाई अरूसँग तुलना नगरी आफैमाथि गर्व गर्न सक्छ।"
- १ थेसलोनिकी ५:२१ "सबै कुराको **जाँच** गर; जुन कुरा असल छ त्यसैमा दृढ रहो।"

## २. प्रयोग गरिएको ग्रीक वा हिब्रू शब्द कुन हो?

जब हामी दुई भाषाहरू बीच यताउता गर्छौं, हामीले चाँडै नै "*ग्रीकको यो शब्द* अङ्ग्रेजीको *यो शब्द* समान छ" भन्नु जति अनुवाद गर्न सजिलो छैन भन्ने थाहा पाउँछौं। बरु, एउटा ग्रीक शब्दको केही अङ्ग्रेजी शब्दहरू उपयुक्त अनुवाद हुन सक्छ। एउटा अङ्ग्रेजी शब्दलाई विभिन्न ग्रीक शब्दहरूको अनुवाद गर्नमा प्रयोग गर्न सकिन्छ। यसले गर्दा, शब्दानुक्रमणिकामा अङ्ग्रेजी शब्दहरूलाई खोजिसकेपछि, हामी प्रयोग गरिएको खास ग्रीक वा हिब्रूलाई हेर्नेछौं।

*स्ट्रङ्ग्स्मा* रोमी १२:२ को *पुष्टि* शब्दको मुनि, तपाईंले अङ्क १३८१ भेट्नुहुन्छ। यसले रोमी १२:२ मा "जाँच्न" भनेर अनुवाद गरिएको शब्दको ग्रीक शब्दलाई जनाउँछ।

---

गर्नुहुन्छ भने, "स्ट्रङ्ग्स् नम्बर्स" मा ठिक चिन्ह दिइएको बाकसलाई हेर्नुहोस्।

अन्य सन्दर्भ-पदहरूलाई हेर्दा, तपाईंले यूहन्ना र प्रेरितका प्रविष्टिहरू बाहेक एउटा बेग्लै अङ्क देख्नुहुनेछ । यसले हाम्रो लागि अर्थलाई सङ्कुचित पार्न सुरु गर्छ । पावल विरुद्धको अभियोग प्रमाणित गर्ने बारेमा लूकाले (प्रेरित २४ र २५ मा)लेख्दा, उनले एउटा बेग्लै ग्रीक शब्दको प्रयोग गरे । हामी *स्ट्रङ्ग्स्* मा #१३८२ अङ्कको अर्थमा केन्द्रित हुन चाहन्छौं । यसले हामीलाई अर्को कदममा लैजान्छ ।

## शब्द अध्ययनको लागि बाइबल शब्दकोशको प्रयोग गर्नु

यदि तपाईंसँग *स्ट्रङ्ग्स् कन्कर्डेन्स* छ भने, तपाईंसँग पहिले नै एउटा साधारण बाइबल शब्दकोश छ । *स्ट्रङ्ग्स्* को पछाडितिर दिइएको ग्रीक शब्दकोशमा जानुहोस् । #१३८२ को शब्दको परिभाषा यस्तो छ:

> १३८१ । *डोकिमाझो* : जाँच्नु, स्वीकृत गर्नु, अनुमति दिनु, छुट्याउनु, जाँच गर्नु, मनपराउनु, अनुमोदन गर्नु, अजमाउनु

यसले हामीलाई के.जे. भी. मा "जाँच्नु" भनेर अनुवादित शब्दकोको लागि अर्थहरूको एउटा फराकिलो दायरा प्रदान गर्छ । यदि तपाईंले अनलाइन शब्दानुक्रमणिका प्रयोग गर्नुहुन्छ भने, तपाईंहरूलाई अझ फाइदा हुन्छ; तपाईंले तुरुन्तै अन्य ठाउँहरूमा कसरी अनुवाद गरिएको छ भनेर हेर्न सक्नुहुन्छ । ग्रीक शब्द *डोकिमाझो* नयाँ करारमा २३ पटक प्रयोग गरिएको छ । के. जे. भी. ले *डोकिमाझो* लाई यसरी अनुवाद गर्छ ।

| *डोकिमाझो* लाई यी अर्थहरूमा ... अनुवाद गरिएको छ । | कति चोटि |
|---|---|
| पुष्टि गर्नु | १० चोटि |
| अजमाउनु | ४ चोटि |
| स्वीकृत गर्नु | ३ चोटि |
| छुट्याउनु | २ चोटि |
| अनुमति दिनु | २ चोटि |
| मनपराउनु | १ चोटि |
| जाँच गर्नु | १ चोटि |

यो पहिलो कदमले हामीलाई रोमी १२:२ मा पावलको अर्थ के हो भनेर बताउँदैन, तर यसले अर्थहरूको एउटा शृङ्खलालाई देखाउँछ । रोमी १२ को *पुष्टि* शब्दको अर्थ परमेश्वरको इच्छालाई स्वीकृत गर्नु लाग्न सक्छ; यसको अर्थ परमेश्वरको इच्छालाई अनुमति दिनु लाग्न सक्छ; यसको अर्थ परमेश्वरको इच्छालाई अजमाउनु लाग्न सक्छ ।

बाइबलका अन्य शब्दकोशहरूमा अझ वृहत परिभाषा पाइन्छ । यदि तपाईंले *स्ट्रङ्ग्स्* को अनलाइन संस्करण प्रयोग गर्नुहुन्छ भने, यो *थेयर्स बाइबल डिक्सनरी* सँग जोडिएको छ । यसले एउटा वृहत परिभाषा दिन्छ:

- परिक्षण गर्नु, जाँच्नु, प्रमाणित गर्नु, निहार्नु (वास्तविक हो कि होइन भनेर हेर्नु)
- जाँचिसकेपछि, स्वीकृति गरिसकेपछि, योग्य ठानिसकेपछि वास्तविक हो भनेर पहिचान गर्नु

परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" भन्नुको अर्थ:

- परमेश्वरको इच्छा के हो भनेर परिक्षण गर्नु र जाँच्नु हो वा
- परमेश्वरको इच्छालाई वास्तविक हो भनेर पहिचान गर्नु हो ।

आउनुहोस् तेस्रो कदममा अझ गहिरिएर हेरौं ।

## कदम तीन: सन्दर्भमा त्यो शब्दको अर्थ के लाग्छ सो सुनिश्चित गर्नुहोस्

अब हामीसँग शब्दको लागि अर्थको एउटा फराकिलो दायरा भएकोले यस पदको सबैभन्दा उपयुक्त अर्थ पत्ता लगाउन हामी सन्दर्भलाई हेर्छौं । याद राख्नुहोस्, सन्दर्भले अर्थलाई सुनिश्चित गर्छ । *स्प्रिङ* को परिभाषा सुनिश्चित गर्ने सबैभन्दा राम्रो तरिका भनेको यो शब्द वरपरका वाक्यलाई पढ्ने हो:

- हीउँद कठोर भइरहेको छ, तर हामी एउटा सुन्दर (स्प्रिङ) वसन्तको आशा गर्छौं ।
- हाम्रो सहरमा पानी दुषित छ; त्यसैले हामी पहाडको (स्प्रिङ)मुहानको पानी बोक्छौं ।
- हाम्रो ढोकाको स्प्रिङ खुकुलो छ; यसले अब ढोका बन्द गर्दैन ।
- जब इलाना ढोकाबाट भित्र पस्छिन्, हामी पर्दा पछाडिबाट पुष्पवर्षा (स्प्रिङ) गर्नेछौं र "ह्याप्पी बर्थडे" भनेर गाउँनेछौं ।

हामीले पाठ ५ मा सन्दर्भको महत्त्वलाई हेर्‍यौं, त्यसैले हामीले यो विषयलाई पुन: हेर्ने छैनौं । सन्दर्भको भूमिकालाई संक्षेप गर्न र शब्दको सबैभन्दा उपयुक्त परिभाषा सुनिश्चित गर्न हामी त्यस शब्द वरपरका पद, अध्याय, र पुस्तकलाई हेर्छौं ।

शब्द अध्ययन गर्दा, केही प्रश्नहरूले सन्दर्भको आधारमा अर्थलाई संकुचित गर्छन्:

### १. के यो शब्दलाई परिभाषित गर्ने त्यहाँ कुनै भिन्नता वा तुलना छ?

एफिसी ४:२९ ले चेताउनी दिन्छ, "तिमीहरूका मुखबाट भ्रष्ट बोली (कुवाक्य) ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस् ।" यदि हामीले *भ्रष्ट बोली (कुवाक्य)* शब्दलाई माथिका कदमहरू पछ्याएर अध्ययन गर्छौं भने, हामीले यसको अर्थको एउटा यस्तो फराकिलो दायरालाई भेट्टाउनेछौं: "सडेको, थाङ्ने, काम नलाग्ने, खराब, फोहर, प्रयोग गर्न अयोग्य, व्यर्थको ।" एफिसी ४ को भ्रष्ट बोली (कुवाक्य)को अर्थ यिनीहरूमध्ये कुनै एक हुन सक्छ ।

जब हामी यो पदको तात्कालिक सन्दर्भलाई हेर्छौं, भ्रष्ट बोली (कुवाक्य) र सुधार गर्ने बोली बीचको भिन्नता गरिएको देख्छौं । सुधार गर्ने बोली त्यो भाषा हो जुनले सुन्नेमा अनुग्रह ल्याउँछ । यो सन्दर्भले देखाउँछ कि भ्रष्ट बोली (कुवाक्य) अपवित्र भाषाभन्दा बढी हो; भ्रष्ट बोली (कुवाक्य) त्यस्तो कुनै पनि कुराकानी हो जुनले निर्माण गर्नुको साटो भत्काउने काम गर्छ । यदि मेरा शब्दहरूले मेरो कुरा सुन्नेमा अनुग्रह ल्याउँदैन भने, म भ्रष्ट बोली (कुवाक्य) को प्रयोग गर्दैछु । देख्नुहुन्छ नि शब्द अध्ययन कति उपयोगी–पत्यारलाग्दो छ भनेर?

### २. अन्य ठाउँहरूमा लेखकले यो शब्दलाई कुन अर्थमा प्रयोग गर्छ?

यूहन्ना ३:१६ मा, येशुले निकोदेमसलाई भन्नुहुन्छ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।" धर्मशास्त्रको *संसार* शब्दको अर्थको फराकिलो दायराले देखाउँछ कि यसले यी अर्थ लाग्न सक्छ:

- भौतिक संसार
- मानव जाति
- परमेश्वरबाट बिरानो भएका मानिसहरू

- विश्वासीहरू जस्तो मानिसहरूको एउटा खास समूह

यूहन्नाले यो अन्तिम अर्थमा *संसार* शब्दको प्रयोग गर्छन् भन्ने केही राम्रा शिक्षकहरूको तर्क छ; तिनीहरू भन्छन् येशुले विश्वास गर्न चुनिएकाहरूका बारेमा मात्र कुरा गर्दै हुनुहुन्छ। तर, जब हामी अन्य ठाउँहरूमा पनि *संसार* शब्दलाई हेर्छौं, हामी देख्छौं कि यूहन्नाले अक्सर परमेश्वर र उहाँको उद्देश्यको विरोध गर्नेलाई जनाउन *संसार* शब्दको प्रयोग गर्छन्।

- यूहन्ना १:१० "उहाँ **संसार**मा हुनुहुन्थ्यो, **संसार** उहाँद्वारा बनियो, तापनि **संसार**ले उहाँलाई चिनेन।" संसारले उहाँलाई चिनेन।

- यूहन्ना ७:७ "**संसार**ले तिमीहरूलाई घृणा गर्न सक्दैन, तर मलाई त घृणा गर्दछ, किनकि संसारको विषयमा त्यसका कामहरू दुष्ट छन् भनी म गवाही दिन्छु।" संसारले उहाँलाई घृणा गर्छ।

- यूहन्ना १४:१७ "यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई **संसार**ले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ। संसारले सत्यको आत्मालाई ग्रहण गर्दैन।

यूहन्नाले परमेश्वरबाट बिरानो भएकाहरूलाई वर्णन गर्न *संसार* शब्दको प्रयोग गर्छन्। यसले येशुको प्रतिज्ञाको दायरालाई देखाउँछ: "किनभने परमेश्वरले उहाँबाट बिरानो भएकाहरूलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो।" येशुले यहाँ एउटा चुनिएको समूहको बारेमा बताउँदै हुनुहुन्न। बरु, परमेश्वरले उहाँबाट बिरानो भएकाहरूलाई यस्तो प्रेम गर्नुभयो, कि तिनीहरू बचाइन सकोस् भनेर उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो।

### ३. के सन्दर्भले कुनै अर्थ तर्फ सङ्केत गर्छ?

कहिलेकाहीँ पदको फराकिलो सन्दर्भले अर्थ देखाउँछ। लूका १:७१ को सन्दर्भले देखाउँछ कि *उद्धार गरिएका* शब्दले राजनीतिक छुटकारालाई जनाउँछ; जकरियाले प्रार्थना गर्छन् कि इस्राएललाई "हाम्रा शत्रुहरूबाट र हामीलाई घृणा गर्ने मानिसहरूका हातबाट उद्धार गरिनेछ।" यो शत्रुबाटको छुटकारा हो। छुटकारा (उद्धार)ले अब्राहामलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञा पूरा गर्नेछ (लूका १:७३)।

छ पदहरूपछि, लूकाले *उद्धार* शब्दलाई गहिरो अर्थमा प्रयोग गर्छन्। पवित्र आत्माको अगुवाइद्वारा, जकरियाले आफ्नो छोरोलाई "आफ्ना मानिसहरूलाई तिनीहरूका पाप क्षमाद्वारा उद्धारको ज्ञान दिने सर्वोच्चको अगमवक्ता भनिनेछ" भन्ने देख्छन्। यहाँ, उद्धार पाप क्षमासँग सम्बन्धित छ।

यो प्रार्थनमा *बचाउनु* शब्दको दुवै अर्थहरूलाई प्रयोग गरिएको छ। हामी जकरियाको प्रार्थनाको सन्दर्भबाट अर्थलाई सुनिश्चित गर्छौं।

आउनुहोस् रोमी १२: २ को शब्द *पुष्टि* मा फर्केर जाऔं। हामीले देख्यौं कि *पुष्टि* को अर्थ परमेश्वरको इच्छालाई स्वीकृत दिनु, अनुमति दिनु वा परिक्षण गर्नु भन्ने लाग्न सक्छ। जब हाम्रो मन नयाँ हुन्छ, हामीले परमेश्वरको इच्छा के हो सो जाँच्न सक्नेछौं भनेर पावल लेख्छन्। यसले देखाउँदैन कि हामीले अरू कसैलाई परमेश्वरको इच्छाको सत्यता देखाउनेछौं भनेर पावल भन्दैछन्। बरु, हामी आफैंले परमेश्वरको इच्छा के हो भनेर थाहा गर्नेछौं। यसले हाम्रो जीवनमा परमेश्वरको इच्छालाई जाँच्ने वा चिन्ने अर्थलाई संकुचित गर्छ। *पुष्टि* गर्नु भनेको कुनै कुरा वास्तविक हो कि होइन भनेर सुनिश्चित गर्न त्यसलाई होसियारपूर्वक जाँच्नु हो।

यही अर्थमा पावलले रोमीका अरू ठाउँमा यो शब्दको प्रयोग गर्छन्। रोमी २:१७ मा, पावलले व्यवस्था पालनाको कारण परमेश्वरको इच्छा थाहा छ भनेर दाबी गर्ने एक जना यहूदीको बारेमा बताउँछन्। यो व्यक्तिले "आफूलाई व्यवस्थाबाट शिक्षा

दिइएको हुनाले उहाँको इच्छा के हो भनेर थाहा गर्छ र के उत्कृष्ट छ सो **पुष्टि** गर्छ भनेर पावल लेख्छन्।[१३१] यो त्यही व्यक्ति हो जसले व्यवस्था पालनद्वारा परमेश्वरको इच्छालाई जाँचेको र थाहा गरेको छु भनेर दाबी गर्छ।

परमेश्वरको इच्छा *पुष्टि* गर्नु भनेकै उहाँको इच्छा जाँच्नु र चिन्नु हो। हाम्रो नयाँ गरिएको मनमा परमेश्वरको आत्माको काम र समर्पणको जीवनद्वारा, हामी परमेश्वरको इच्छा चिन्न सक्षम हुनेछौं। जीवनका दोधारहरूको सामना गर्दैगर्दा, हामीसित विकल्पहरूको परिक्षण गर्ने र परमेश्वरको उत्तम कुरा सुनिश्चित गर्ने क्षमता हुनेछ।

रोमी १२:२ ले परमेश्वरको इच्छा हामी थाहा गर्न सक्छौं भन्ने आत्मविश्वास दिन्छ। हामी उहाँमा पूर्ण समर्पित छौं ("जिउँदो बलिको रूपमा अर्पण गर")। हामी संसारबाट फर्किएका छौं ("यस संसारको ढाँचामा नचल")। हाम्रो मनमा नयाँ भई हामी परिवर्तन भएका छौं। फलस्वरूप, हामी परमेश्वरको सिद्ध इच्छा के हो भनेर थाहा गर्न र पछ्याउन सक्नेछौं।

## *अर्पण* शब्दको शब्द अध्ययन (रोमी १२:१)

"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।"

*अर्पण* शब्दको अर्थको फराकिलो दायरा के हो? *स्ट्रङ्ग्स् एक्जस्टिभ कन्कर्डेन्स* मा हेर्दा, हामी पाउँछदौं कि यो ग्रीकबाट(Gk ३९३६- *paristemi (परिस्टेमी)*) अनुवादित शब्द *अर्पण* लाई विभिन्न अर्थमा प्रयोग गरिएको छ।

- लूका २:२२ मा, योसेफ र मरियमले येशुलाई "परमप्रभुको सामुन्ने **समर्पण** गर्न" मन्दिरमा लगे। तिनीहरूले जेठो जन्मिने सम्बन्धी पुरानो करारको व्यवस्था पूरा गर्दै थिए; "पहिलो जन्मने हरेक जेठोचाहिँ परमप्रभुको निम्ति पवित्र कहलाइनेछ।"[१३२] जेठो जन्मिनेलाई अर्पण गर्नु ले त्यस बालकमाथिको परमेश्वरको स्वामित्वको प्रतिनिधित्व गर्छ।
- आफ्नो पक्राउमा येशु सोध्नुहुन्छ, "तिमीहरू के ठान्दछौ, के म आफ्ना पितालाई बिन्ती गर्न सक्दिनँ, र उहाँले तुरुन्तै स्वर्गदूतहरूका बाह्र पल्टनभन्दा बढी मेरो निम्ति पठाइदिनुहुन्न र?"[१३३] मत्ती २६:५३ मा, *(paristemi) परिस्टेमी* शब्दको अर्थ "**उपलब्ध गराउनु वा कसैको अधिकारमा राख्नु**" हो।
- मर्कूस १४:४७ ले येशुको पक्राउको दृश्यलाई यसरी वर्णन गर्छ, "त्यहाँ **नजिक उभिने**हरूमध्ये कुनै एउटाले तरवार थुतेर प्रधान पूजाहारीको कमारालाई प्रहार गऱ्यो, र त्यसको कान च्वाट्ट काटिदियो।" यहाँ, *परिस्टेमी (paristemi)* को अर्थ कुनै कुरा वा कसैको नजिक उभिनु हो।
- प्रेरित १:३ ले भन्छ, "आफ्नो दु:ख-भोगपछि धेरै अकाट्य प्रामाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित **प्रस्तुत** गर्नुभयो।"[१३४] *प्रस्तुत* गर्नु को अर्थ आफैलाई चेलाहरूकहाँ प्रकट गर्नु हो।
- प्रेरित ४:२६ ले *परिस्टेमी (paristemi)* शब्दलाई "शत्रुको विरोध गर्नु वा विरुद्ध खडा हुनु" को अर्थमा प्रयोग गर्छ। "परमप्रभुको विरुद्धमा र उहाँका अभिषिक्त जनको विरुद्धमा पृथ्वीका राजाहरू **खडा भए**, र शासकहरू एकसाथ भेला भए।"
- प्रेरित २४:१३ मा, *परिस्टेमी (paristemi)* शब्दको अर्थ कुनै कुरा पुष्टि गर्नु हो। "न त मलाई अहिले दोष लाइरहेका कुराहरूको यिनीहरूले **प्रमाण दिन** सक्छन्।"

---

१३१ रोमी २:१७-१८

१३२ *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

१३३ *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

१३४ *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

जब हामी पावलको यो शब्दको प्रयोगलाई ध्यान दिन्छौं, हामीले यी अर्थहरूलाई पाउँछौं:

- रोमी ६:१३: "आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई **समर्पण नगर**। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ **दिइहाल**।"
- रोमी १४:१०: "किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने **खडा** हुनेछौं।"
- रोमी १६:२: पावलले फिबीको प्रशंसा गर्छन् र "तिनलाई चाहिएको कुनै पनि **सहायता** तिनलाई दिन" रोमी ख्रीष्टियानहरूलाई आग्रह गर्छन्।
- एफिसी ५:२७: ख्रीष्टले मण्डलीलाई पवित्र र निष्खोट पार्न चाहनुहुन्छ "ताकि उहाँले दाग वा चाउरी नभएको मण्डलीलाई आफैकहाँ **प्रस्तुत** गर्न सकून्।"

बाइबल शब्दकोशबाट, हामी थाहा पाउँछौं कि *परिस्टेमी (paristemi)* शब्दका धेरै अर्थहरू छन्:

- प्रेरित १:३ मा जस्तै, छेउमा वा नजिकै राख्नु
- मर्कूस१४:४७ मा जस्तै, नजिकै उभिनु
- मत्ती २६:५३ मा जस्तै, उपलब्ध गराउनु
- प्रेरित २४:१३ मा जस्तै, पुष्टि गर्नु
- लूका २:२२ र रोमी ६:१३ मा जस्तै, समर्पण गर्नु
- रोमी १६:२ मा जस्तै, सहायता गर्नु वा दिनु

*प्रस्तुत गर्नु* वा *परिस्टेमी (paristemi)* शब्दका अर्थहरूको एउटा फराकिलो दायरा छ। त्यसोभए, रोमी १२:१ को *परिस्टेमी (paristemi)* शब्दको अर्थ के हो*?* आफैलाई जिउँदो बलिको रूपमा अर्पण गर्नुको अर्थ के हो?

सन्दर्भले अर्थ*लाई सुनिश्चित गर्छ भन्ने कुरा याद राख्नुहोस्।* ख्रीष्टद्वारा गर्नुभएको उद्धारमा परमेश्वरले देखाउनुभएको महान् कृपालाई पावलले देखाउँदै छन्। (रोमी १-११) अब उनले यस महान् मुक्ति प्रतिको हाम्रो अपेक्षित प्रतिक्रिया देखाउँछन्। हामी तुरुन्तै देख्न सक्छौं कि केही सम्भावित अर्थहरू ("नजिकै राख्नु," "नजिकै उभिनु, " "पुष्टि गर्नु, " वा "सहायता गर्नु" सम्म पनि) यो सन्दर्भसँग मेल खाँदैन।

मत्ती २६:५३ को अर्थ मेल खान सक्छ; सायद पावलले हामीलाई परमेश्वरको अघि "आफैलाई उपलब्ध गराउ" भनिरहेको हुनसक्छ। तैपनि, रोमी १२:१ ले पुरानो करारको बलिदानको चित्रको प्रयोग गर्छ। यसले परमेश्वरको अघि उपलब्ध हुने भन्दा अर्को गहन अर्थतिर सङ्केत गर्छ; यसले परमेश्वरमा आफैलाई पूर्णरूपले समर्पण गर्न भन्छ। जसरी एउटा पशु बलि पूर्णतया परमेश्वरको हुन्छ, त्यसरी नै एउटा ख्रीष्टियान पूर्णतया उहाँमा समर्पित हुन्छ। बेदीमा आफैंलाई हामीले जिउँदो, पवित्र र मनपर्दो बलिका रूपमा अर्पण गर्छौं। रोमी १२: १ मा, *अर्पण* शब्दको अर्थ परमेश्वरमा आफैंलाई पूर्णतया समर्पण गर्नु हो। रोमी १-११ ले हाम्रा पापका लागि कसरी स्वच्छापूर्वक ख्रीष्टले आफैलाई एउटा जिउँदो बलिको रूपमा अर्पण गर्नुभयो भन्ने देखाउँछ; त्यसकारण, हामीले पनि स्वइच्छापूर्वक परमेश्वरको अघि एउटा जिउँदो बलिको रूपमा दिनुपर्छ।

## विशेष अवस्था: आलङ्कारिक भाषा

पाठ ५ मा, हामी छोटकरीमा आलङ्कारिक भाषाको प्रयोगलाई हेर्नेछौं। हामीले जतिसुकै सावधानी पूर्वक शब्द अध्ययन गरे तापनि, यदि हामीले लेखको भाषालाई बुझेनौं भने हाम्रो निष्कर्षहरू गलत हुनेछ। आलङ्कारिक भाषामा, शब्दहरूको शाब्दिक अर्थ नभई, लेखकको कल्पना महत्त्वपूर्ण कुरा हो।[१३५]

१३५ यो खण्डको सामग्री हवार्ड जि. हेन्ड्रिक्स र विलियम हेन्ड्रिक्सको किताब *लिभिङ बाइ दि बुक* को अध्याय ३६ बाट लिइएको छ (सिकागो:

आलङ्कारिक भाषाको व्याख्याले शाब्दिक अर्थलाई अस्वीकार गर्दैन। भाषाको शाब्दिक व्याख्या गर्नु भनेको लेखकको भाषालाई बुझ्नु हो। जब कुनै बाइबलीय लेखकले आलङ्कारिक भाषामा लेख्छ, शाब्दिक व्याख्याले त्यसलाई आलङ्कारिक रूपमा व्याख्या गर्न हामीलाई भन्दछ।

हामी सबै जनाले आलङ्कारिक भाषाको प्रयोग गर्छौं। तपाईं कुनै एक जना छिमेकीको बगैंचामा हेर्दै हुनुहुन्छ भन्ने कल्पना गर्नुहोस्। तपाईंले आफ्नो छिमेकीलाई सोध्नुहुन्छ, “तपाईंले यस्ता सुन्दर बोटबिरुवा कसरी उमार्नुहुन्छ?” तिनले जवाफ दिइन्, “मेरो बुढी औंला हरियो छ।” तपाईंको छिमेकीको अर्थ यो होइन, “मेरो हातमा भएको सबैभन्दा ठुलो अङ्क हरियो छ।” उनले आलङ्कारिक भाषाको प्रयोग गर्दैछिन् जसको अर्थ हो, “मसँग बोटबिरुवाहरू हुर्काउने असाधारण क्षमता छ।”

बाइबलले पनि यसरी नै संचार गर्छ। येशुले हेरोदलाई स्याल भन्नुभयो।[136] यो पदमा शब्द अध्ययन गर्नु भनेको बाइबलमा *स्याल* शब्द कति पटक प्रयोग गरिएको छ भनेर पत्ता लगाउने, यसको अर्थको फराकिलो दायरा निश्चित गर्ने र त्यसपछि यसको अर्थलाई संकुचित गर्न यसको सन्दर्भ अध्ययन गर्ने भन्नु खोजेको होइन। यस्तो अवस्थामा, *स्याल* शब्दको अध्ययनमा यो प्रश्न सोध्नुपर्छ, “येशुका श्रोताहरूमा स्यालको पहिचानले के सङ्केत गऱ्यो?” कसैलाई स्याल भन्नुको अर्थ तिनीहरू धूर्त र सायद डरछेरुवा थिए भन्ने लाग्छ।

कुनै भनाइ शाब्दिक हो वा आलङ्कारिक भनेर हामी कसरी थाहा गर्छौं? विचार गर्नलाई यहाँ दुई वटा निर्देशहरू छन्:

१. जति बेला अनुच्छेदले तपाईंलाई आलङ्कारिक अर्थको प्रयोग गर्न भन्छ त्यसै गर्नुहोस्। उत्पत्ति ३७ दुई वटा सपनाहरूसँग सम्बन्धित छ। बाइबलमा सपनाले प्राय: आलङ्कारिक सन्देश संचार गऱ्यो। अन्नको बिटाहरूले वा सुर्य, चन्द्र र ताराहरूले योसेफलाई निहुरिएर दण्ड गरेको योसेफको सपनालाई शाब्दिक कथाको रूपमा हामी लिँदैनौं। बरु, यो एउटा सपना हो भन्ने भनाइले हामीलाई आलङ्कारिक भाषाको अपेक्षा राख्न लगाउँछ। यस अवस्थामा, यसको व्याख्या उत्पत्ति ३७:८ र १० मा गरिएको छ।

२. शाब्दिक अर्थ लगाउन असम्भव वा बेतुका भएको बेला आलङ्कारिक अर्थको प्रयोग गर्नुहोस्। प्रकाश १:१६ मा, प्रभु आफ्नो मुखबाट निस्केको धारिलो दुईधारे तरवार सहित प्रकट हुनुभयो। कल्पनाले भरिएको पुस्तकमा, यो येशुको वास्तविक तस्बीर हो भन्ने लाग्दैन। बाइबल शब्दकोशले हामीलाई बताउँछ कि एउटा विजयी राजाले त्यस खाले ठुलो औपचारिक तरवार बोक्थ्यो। जब हामी प्रकाशको पुस्तकमा अघि बढ्छौं, हामी देख्छौं कि दुईधारे तरवार सहितको येशुको त्यो तस्बीर दुष्टको शक्तिमाथि परमेश्वरको अन्तिम विजयको सन्देशसँग मेल खान्छ।

याद राख्नुहोस् कि परमेश्वरले सत्य लुकाउन होइन, तर सत्यको संचार गर्न उहाँको वचन दिनुभयो। बाइबलका अधिकांश आलङ्कारिक भाषा स्पष्ट हुनेछ। पाठ ५ मा हामीले आलङ्कारिक भाषाको एउटा सूची देख्यौं। यसले तपाईंलाई आलङ्कारिक भाषा कसरी व्याख्या गर्ने भनेर एउटा राम्रो समझ दिन्छ। तपाईंले आलङ्कार युक्त भाषा थाहा गर्नु भएपछि, यो प्रश्न गर्नुहोस्, “परमेश्वरले यो विशेष कल्पना गर्न किन प्रेरित गर्नुभयो?” यो कल्पनामा के सत्यता छ?”

प्रकाश ५ मा, यहूदाका कुलको सिंह परमेश्वरको सिंहासन अघि प्रकट हुन्छ। तपाईंलाई यो आलङ्कारिक भाषा थाहा नभएसम्म यसको कुनै अर्थ लाग्दैन। बाइबल शब्दकोशले तपाईंलाई “यहूदाका कुलको सिंह” मसिहाको उपाधि हो भनेर बताउनेछ। त्यसपछि तपाईंले सोध्नुहुन्छ, “यूहन्नाले यो उपाधिको प्रयोग किन गर्छन्? यो उपाधिले येशुको बारेमा हामीलाई के बताउँछ?” आलङ्कारिक भाषा थाहा पाउनुले हामीलाई येशुको उद्धारमयी शक्तिको यूहन्नाको कल्पनालाई बुझ्न मदत गर्छ।

---

मुडी पब्लिसर्स, २००७)।

१३६ लूका १३:३२

## निष्कर्ष

यो अध्यायमा धेरै प्राविधिक जानकारीहरू समावेश छन्; कृपया यिनीहरू व्यावहारिक महत्त्वको हुन धेरै जटिल छ भन्ने नठान्नुहोस्। परमेश्वरको वचन बहुमूल्य कुराहरूको ढुकुटी हो। जसै तपाईं परमेश्वरको वचनको गहिराइमा पुग्नुहुन्छ, तपाईंले हरेक दिन नयाँ बहुमूल्य कुराहरू भेट्टाउनुहुनेछ।

बुद्धि खोज्ने व्यक्तिलाई हितोपदेशका लेखकले यस्तो प्रतिज्ञा गर्छ; "यदि तैंले चाँदीँझै त्यसलाई खोजिस्, र गाडधनँझै त्यो खनिस् भने, तैंले परमप्रभुको भय बुझ्नेछस्, र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस्।"[१३७] परमेश्वरको वचनभन्दा ठुलो अर्को कुनै ज्ञानको स्रोत छैन। धर्मशास्त्रको तपाईंको अध्ययनले अनन्तको इनामहरू ल्याउनेछ।

१३७ हितोपदेश २:४, ५

## पाठ ६ का मुख्य बुँदाहरू

१. शब्द अध्ययनले हाम्रा संस्करणहरूको मूल लेखमा पाइने ग्रीक र हिब्रू शब्दहरूको जाँच गर्छ।

२. शब्द अध्ययन गर्दा यी गल्तीहरू गर्नबाट जोगिनुहोस्:

- मूल शब्दहरूको गलत बुझाइ
- शब्दलाई यसको मौलिक समयावधिको अर्थमा भन्दा अर्कै अर्थमा बुझ्नु
- प्रत्येक पटकको प्रयोगकै अर्थमा शब्दलाई परिभाषित गर्नु

३. शब्द अध्ययनका त्यहाँ तीन वटा कदमहरू छन्:

- अध्ययनको लागि शब्दहरू छान्नुहोस।
    - पढिएको खण्डको अर्थको लागि महत्त्वपूर्ण शब्दहरूमा ध्यान दिनुहोस।
- त्यो शब्दको अर्थ के हुन सक्छ भन्ने सुनिश्चित गर्नुहोस।
    - त्यो शब्दको सम्भावित अर्थ सुनिश्चित गर्न शब्दानुक्रमणिकाको प्रयोग गर्नुहोस।
- त्यो शब्दको सन्दर्भअनुसार के अर्थ लाग्न सक्छ भन्नेमा सुनिश्चित हुनुहोस। यसो गर्न, यी प्रश्नहरू गर्नुहोस्:
    - के यो शब्दलाई परिभाषित गर्ने त्यहाँ कुनै भिन्नता वा तुलना छ?
    - अन्य ठाउँहरूमा लेखकले यो शब्दलाई कुन अर्थमा प्रयोग गर्छ?
    - के सन्दर्भले कुनै अर्थ तर्फ सङ्केत गर्छ?

४. कुनै पनि आलङ्कारिक भनाइलाई व्याख्या गर्न दुई चोटि लाग्छ:

- जब पढिएको खण्डले त्यसो गर्न भन्छ
- जति बेला शाब्दिक अर्थ थाहा गर्न असम्भव हुन्छ वा बेतुका देखिन्छ

## पाठ ६ गर्नुपर्ने कार्यहरू

१. शब्दानुक्रमणिका प्रयोग गरेर, प्रेरित १:८ को शब्द *शक्ति* को अर्थ हेर्नुहोस्। यो शब्द प्रेरितको पुस्तकमा कति चोटि प्रयोग गरिएको छ? हरेक पटक यसको ग्रीक शब्दलाई कुन अर्थमा अनुवाद गरिएको छ?

तपाईंले *डुनामिस(dunamis)* शब्दलाई "अचम्मका कामहरू" भनेर अनुवाद गरिएको भेट्टाउनुहुनेछ। प्रेरित १: ८ मा "अचम्मका कामहरू" भन्दा अझ राम्रो अनुवाद "शक्ति" हो भनेर बताउने यसको सन्दर्भलाई के भन्ने?

२. शब्दानुक्रमणिकामा *आशा* शब्दलाई हेर्नुहोस्।

- पावलले यो शब्दलाई रोमी ४:१८ मा प्रयोग गर्छन्। उनले आफ्नो पत्रहरूमा यो शब्दको ग्रीक रूपलाई कति चोटि प्रयोग गर्छन्?
- मत्ती, मर्कूस र लूकामा यो शब्दको ग्रीक रूपलाई कति चोटि प्रयोग गरिएको छ?
- *आशा* शब्दको ग्रीक रूपलाई के १ कोरिन्थी १३:१३ मा पनि प्रयोग गरिएको छ?

३. याकूब १:२ को *आपत्-विपत्* शब्दको शब्द अध्ययन गर्नुहोस्। यो शब्दको अर्थको फराकिलो दायरा सुनिश्चित गर्नुहोस्। त्यसपछि यो पदमा यसको अर्थ के लाग्छ सो सुनिश्चित गर्नुहोस्।

- यदि तपाईं एउटा समूहमा पढ्दै हुनुहुन्छ भने, तपाईंको अध्ययन आफ्नो समूहमा बताउनुहोस्।
- यदि तपाईं एक्लै अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंको शब्द अध्ययनको आधारमा एउटा छोटो बाइबल पाठ तयार गर्नुहोस्।

४. पाठ १ मा, यो पाठ्यपुस्तकको समयावधिभर अध्ययन गर्न तपाईंले धर्मशास्त्रको एउटा खण्ड छान्नुभयो। सो खण्ड पढ्नुहोस् र त्यसका महत्त्वपूर्ण शब्दहरूमाथि शब्द अध्ययन गर्नुहोस्।

पाठ ७

# व्यावहारिक प्रयोग

### पाठका उद्देश्यहरू

१. बाइबलका व्यावहारिक प्रयोगका मिथ्या प्रतिस्थापनहरूबाट होसियार हुनु ।

२. खण्डको व्याख्याबाट व्यावहारिक प्रयोगमा जाने प्रक्रियालाई पछ्याउनु ।

३. खण्डको व्यावहारिक प्रयोग पत्ता लगाउन सोध्नुपर्ने खास प्रश्नहरू थाहा गर्नु ।

४. छानिएको धर्मशास्त्रको खण्डमा यी कदमहरूको अभ्यास गर्नु ।

## परिचय

» तपाईंको हालको बाइबल अध्ययनमा **व्याख्या** र **व्यावहारिक प्रयोग** बीचको सम्बन्धबारे छलफल गर्नुहोस् । तपाईंले प्रचार गर्नुहुँदा वा सिकाउनुहुँदा : आजको संसारमा यस खण्डको व्याख्या वा व्यावहारिक प्रयोगमध्ये कुन सजिलो छ? तपाईंले धर्मशास्त्र पढ्नुहुँदा वा वचन सुन्नुहुँदा, के तपाईंले त्यसलाई आफ्नो जीवनमा व्यावहारिक रूपमा लागू गर्न सक्नुहुन्छ?

रोबर्टले भन्नुभयो, "पास्टर, के हामी भेट्न सक्छौं? बाइबलको बारेमा सोध्नुपर्ने मसँग एउटा ठुलो प्रश्न छ ।" पछिबाट त्यो हप्ता, हामी भेट्यौं र रोबर्टको मनमा उठेको समस्यालाई सम्बोधन गर्ने अनेकौं धर्मशास्त्रका खण्डहरूलाई हेर्‍यौं । त्यसको केही मिनेटपछि, रोबर्टले आफ्नो बाइबल बन्द गर्नुभयो र भन्नुभयो, "इमानदार भएर भन्नुपर्दा । बाइबलले के भन्छ भन्ने मलाई पहिले नै थाहा थियो, तर म यिनीहरूलाई पालना गर्न चाहन्न । यो गर्न मेरो लागि धेरै गाह्रो छ ।"

> **"कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ ।"**
>
> **याकूब १:२३-२४**
> *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

रोबर्टको समस्या व्याख्या थिएन; समस्या व्यावहारिक प्रयोग थियो । धर्मशास्त्रले के भन्छ भनेर हेर्नु र यसका अर्थ व्याख्या गर्नु मात्र पर्याप्त छैन; हाम्रो जीवनमा यसलाई हामीले व्यावहारिक रूपमा लागू गर्नुपर्छ । प्राय: व्याख्याकै चरणमा बाइबल

अध्ययन समाप्त हुन्छ ।

धर्मशास्त्रको खण्डले के भन्छ भन्ने अवलोकन गरेर हामी अध्ययन सुरु गर्छौं; यसको अर्थ के हो भन्ने व्याख्या गरेर त्यसलाई जारी राख्छौं; हाम्रो जीवनमा त्यो खण्डलाई व्यावहारिक रूपमा लागू गरेर अध्ययनको अन्त्य गर्नुपर्छ । हामीले तीन वटा प्रश्नहरूबाट यो प्रक्रियालाई संक्षेप गर्न सक्छौं:

- खण्डले के भन्छ? (अवलोकन)
- खण्डको अर्थ के हो? (व्याख्या)
- यो खण्ड मेरो जीवनमा कसरी लागू हुन्छ? (व्यावहारिक प्रयोग)

## व्यावहारिक प्रयोगका प्रतिस्थापनहरू

भजनसंग्रहको लेखकले लेखे कि जो व्यक्ति परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छ र त्यसमा मनन् गर्छ त्यो व्यक्ति "खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ ।"[१३८] शैतानले हामीलाई बाइबलबाट टाढा राख्ने प्रयास गर्छ । यदि हामीले परमेश्वरको वचनको पोषण लिएनौं भने हामी आत्मिक रूपमा सुक्नेछौं र मर्नेछौं भन्ने त्यसलाई थाहा छ ।[१३९]

यदि शैतानले हामीलाई परमेश्वरको वचनबाट टाढा राख्न सक्दैन भने, त्यसले हाम्रो जीवनमा उहाँको वचनको सत्यतालाई व्यावहारिक रूपमा लागू गर्नबाट टाढा राख्ने प्रयास गर्छ । जबसम्म परमेश्वरको वचन पालना गर्दैनौं, तबसम्म हामी कहिल्यै फलवन्त हुनेछैनौं । यदि शैतानले हामीलाई बाइबल पढ्नबाट टाढा राख्न सक्दैन भने, त्यसले व्यावहारिक प्रयोगको विकल्प रोज्नलाई लोभ्याउनेछ ।

## हामी व्यावहारिक प्रयोगको प्रतिस्थापन गर्छौं

धर्मशास्त्रको खण्डलाई होसियार पूर्वक अध्ययन गर्न र व्यवहारमा लागू नगरिकन नै यसको व्याख्या गर्न सकिन्छ । दाऊदले एउटा गरिबको भेडा चोर्ने एक जना धनी मानिसको बारेमा नातानको दृष्टान्त सुनेपछि, उनले त्यसको ठीक व्याख्या गर्दै जवाफ दिए । "जीवित परमप्रभुको नाउँमा म भन्दछु, कि यस्तो काम गर्ने मानिस मृत्युको योग्य छ! त्यसले दयामाया नगरेर यस्तो काम गरेबापत त्यस पाठीको साटो चार गुणा तिर्नुपर्छ ।"[१४०]

दाऊदको व्याख्या (बुझाइ) सही थियो । उनले परमप्रभुको नाउँमा प्रतिउत्तर दिए; उनले न्यायमा जोड दिए; उनले सट्टाभर्ना माग गरे । कसैले पनि दाऊदको व्याख्यामा गल्ती भेटेनन्, तर दाऊदले त्यो दृष्टान्तलाई आफ्नै जीवनमा लागू गर्न चुके । त्यस अगमवक्ताले व्यावहारिक प्रयोग बताए, "...त्यो मानिस तपाईं नै हो!... "[१४१]

यो प्रचारकहरू र शिक्षकहरूका एउटा विशेष खतरा हो । हामी आफ्नै अनाज्ञाकारितालाई बेवास्ता गर्दै अरूलाई धर्मशास्त्रको वचन सिकाउन सक्छौं । आज्ञाकारिता बिनाको व्याख्याको विरुद्ध याकूबले चेताउनी दिए । "यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ ।"[१४२] हामीले धर्मशास्त्रलाई ठीकसँग व्याख्या गरिसकेपछि, यसलाई व्यवहारमा लागू गर्न चुक्नु हुँदैन । हामीले व्यावहारिक प्रयोगलाई व्याख्याले प्रतिस्थापन गर्नु हुँदैन ।

---

१३८ भजनसंग्रह १:२-३

१३९ यो पाठको सामग्री हर्वड जि. हेन्ड्रिक्स र विलियम डि. हेन्ड्रिक्सको किताब *लिविङ बाइ दि बुक* बाट लिइएको छ (सिकागो: मुडी पब्लिसर्स, २००७) ।

१४० २ शमूएल १२:५-६

१४१ २ शमूएल १२:७

१४२ याकूब ४:१७, *इङ्लिस । स्ट्यान्डर्ड भर्सन*

## हामीले पूर्ण आज्ञाकारितालाई आंशिक अनुपालनले प्रतिस्थापन गर्छौं

धर्मशास्त्रको वचन अध्यन गर्न, यसको अर्थ लगाउन र हामीलाई पूर्णत: परिवर्तन गर्न नदिकनै यसका व्यावहारिक प्रयोगका केही क्षेत्रहरू पत्ता लगाउन सम्भव छ। हामीले हाम्रो जीवनमा धर्मशास्त्रको वचन पालन गरेको, तर अनाज्ञाकारिताको सबैभन्दा भित्री क्षेत्रहरूलाई बेवास्ता गरेको क्षेत्रहरूलाई पनि भेट्टाउन सक्छौं ।

सायद हामी पढ्छौं, "तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्।"[१४३] शब्द अध्ययनबाट, हामी थाहा पाउँछौं कि "भ्रष्ट बोली (कुवाक्य)" त्यो हो जसले सुन्नेहरूलाई चोट पुऱ्याउँछ।[१४४] व्यावहारिक प्रयोगको कदममा, हामीले आफ्ना महत्त्वपूर्ण सम्बन्धहरूको जाँच गर्छौं। हामी सोध्छौं:

- "के मेरा प्रवचनहरूले मेरो मण्डलीका सदस्यहरूलाई निर्माण गर्छ?" "हो; म एक विश्वासिलो पास्टर हुँ।"
- "के मेरा छोराछोरीहरूसँग म उत्साहजनक शब्दहरू बोल्छु?" "हो; म एक मायालु बुबा हुँ।"
- "के म मेरी श्रीमतीलाई हौसला दिन्छु?" "अहँ; प्राय: म नकारात्मक प्रतिक्रियाहरू जनाउँछु।"

मेरी श्रीमतीसँगको मेरो संवादमा परमेश्वरको आत्मा मलाई परिवर्तन गर्न चाहनुहुन्छ। शैतानले मेरी श्रीमतीसँगको मेरो सम्बन्धको विषयमा यो खण्डबाटको जीवन-परिवर्तन गर्ने व्यावहारिक प्रयोगलाई अन्य क्षेत्रका आज्ञापालनले प्रतिस्थापन गर्न लोभ्याउँछ। त्यसले पूर्णत: आज्ञापालनमा आफैंलाई समर्पित गर्नुको साटो आंशिक आज्ञापलनलाई स्वीकार गर्ने परीक्षा दिन्छ।

## हामीले पश्चात्तापलाई तर्कसङ्गत व्याख्याले प्रतिस्थापन गर्छौं

एक जना व्यवस्थाका पण्डितले येशुलाई सोध्यो, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" येशुले उत्तर दिनुभयो, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर् र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।"

त्यो व्यवस्थाका पण्डितले धर्मशास्त्र बुझेको थियो। "तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशुलाई भने, 'मेरो छिमेकीचाहिँ को हो त?"[१४५] उसको समस्या व्याख्या थिएन; उसको समस्या व्यावहारिक प्रयोग थियो। त्यो व्यवस्थाको पण्डितले आफ्नो प्रेमको कमीलाई तर्कसङ्गत बनाए।

सायद परमेश्वरको आत्माले भन्नुहुन्छ, "तिम्रा शब्दहरूले तिम्रो श्रीमतीमा सुधार ल्याउँदैन; यो भ्रष्ट बोली (कुवाक्य) हो।" मैले परमेश्वरको वचन पढेको छु; मै त्यसको अर्थ बुझेको छु; यो अब त्यस वचनलाई लागू गर्ने समय हो। बरु, मैले यस्तो तर्क गर्न सक्छु, "तपाईंले मेरो श्रीमतीलाई चिन्नु हुन्न। उनी सधैं नकारात्मक छिन। यदि म नकारत्मक छु भने, यो तिनी नै अति नकारात्मक भएकीले गर्दा हो। यो मेरो गल्ती होइन!" मैले के गरेको छु र? परमेश्वरको वचन पालना गर्न नसकेकोमा पश्चात्ताप गर्नुको साटो मेरो व्यवहारलाई मैले तर्कसङ्गत बनाएको छु।

## हामीले रूपान्तरणलाई भावनाले प्रतिस्थापन गर्छौं।

याकूबले परमेश्वरको वचन सुन्ने तर त्यसको पालना नगर्ने व्यक्तिको बारेमा लेखे।[१४६] कहिलेकाहीँ व्यक्तिले परमेश्वरको वचन सुन्छ र साँच्चै परिवर्तन हुन्छ, तर उसले साँचो परिवर्तनलाई भावनात्मक प्रतिक्रियाले प्रतिस्थापन गर्ने मौका दिन्छ। हरेक

१४३ एफिसी ४:२९

१४४ पाठ ६ को शब्द अध्ययनलाई हेर्नुहोस्।

१४५ लूका १०:२५-२९

१४६ याकूब १:२३-२४

पास्टरलाई कुनै विषयमा वचन प्रचार गर्नुको निराशा थाहा छ, प्रचार गरिएको विषयमा मानिसहरूले भन्छन्, "यस वचनले मेरो दोष देखाइदियो," तर त्यसपछि तिनीहरूमा कुनै स्थायी परिवर्तन देखिँदैन।

मैले एउटा विवाहसम्बधी सेमिनारमा एफिसी ४:२९ बाट शिक्षा सुने। त्यस सेमिनारको अन्ततिर प्रतिवद्धता जनाउने समयमा, मेरी श्रीमतीलाई मैले भने, "मलाई माफ गर। म सकारात्मक बोली बोल्न चाहन्छु। म आफैलाई सुधार्नेछु!" यद्यपि, यसको केही समयमै म कठोर वचन बोल्ने, नकारात्मक कुरा गर्ने र कुवाक्य बोल्ने मेरो पुरानै बानीमा फर्किएँ।

के भयो? त्यहाँ भावनात्मक प्रतिक्रिया थियो, तर साँचो परिवर्तन थिएन। यो खतरनाक छ; लगातारको असफलतापछि, हामी यो कुरामा विश्वस्त भयौं कि परिवर्तन असम्भव छ। सत्य प्रतिको भावनात्मक प्रतिक्रियालाई साँचो परिवर्तन र आज्ञाकारिताले पछ्याउनु पर्छ।

## धर्मशास्त्रलाई व्यावहारिक रूपमा लागू गर्ने कदमहरू

आफूलाई ऐनामा हेर्ने र त्यसपछि आफू कस्तो छु भनेर बिर्सने व्यक्तिको बारेमा बताइसकेपछि, याकूबले धर्मशास्त्रलाई आफ्नो जीवनमा ठीकसँग लागू गर्ने व्यक्तिको बारेमा बताउँछन्। "तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर **काम गर्ने पनि हुन्छ**, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।"[१४७] परमेश्वरको वचन सुन्नु मात्र नै पर्याप्त छैन, हामीले परमेश्वरको वचनलाई व्यावहारिक रूपमा लागू पनि गर्नुपर्छ। धर्मशास्त्रको ठीक व्यावहारिक प्रयोगको लागि के आवश्यक छ?

## कदम १: थाहा गर्नुहोस्

धर्मशास्त्रलाई ठीकसँग लागू गर्न, हामीलाई दुई वटा कुरा थाहा हुनुपर्छ।

### १. तपाईंलाई खण्डको बारेमा थाहा हुनुपर्छ।

यही कारणले गर्दा अवलोकन र व्याख्याका पाठहरू महत्त्वपूर्ण छन्। यदि हामीलाई खण्डको बारेमा थाहा छैन भने, हाम्रो व्यावहारिक प्रयोग गलत हुनेछ। यो प्रश्न सोधेर हामी व्यावहारिक प्रयोगको कदम सुरु गर्छौं, "यो धर्मशास्त्रलाई पहिलो शताब्दीका ख्रीष्टियानहरूले तिनीहरूका समयमा कसरी व्यावहारिक रूपमा लागू गरे?"

उदाहरणको लागि, पावलले लेखे, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।"[१४८] केही शिक्षकहरूले यसलाई एउटा प्रतिज्ञाको रूपमा लिएका छन् कि हामीले चाहेको सबै कुरा हामी पाउन सक्छौं किनकि, "ख्रीष्टले मलाई शक्ति दिनुहुन्छ।" खेलाडीहरूले भन्छन्, "आजको खेल म जित्नेछु किनभने 'ख्रीष्टद्वारा म सबै कुरा गर्न सक्छु।'" निको पार्नेहरूले आफ्ना श्रोताहरूलाई भन्छन्, "यदि तपाईंसँग यथेष्ट विश्वास छ भने, तपाईं निको हुनुहुनेछ किनभने 'ख्रीष्टद्वारा तपाईं सबै कुरा गर्न सक्नुहुन्छ।'" समृद्ध सुसमाचारका प्रचारकहरू भन्छन्, "परमेश्वर तपाईंलाई धनी बनाउन चाहनुहुन्छ। केवल तपाईं परमेश्वरसँग सहकार्य गर्नुहोस्। तपाईंले 'ख्रीष्टद्वारा सबै कुरा गर्न सक्नुहुन्छ।'"

"फिलिप्पीका ख्रीष्टियानहरूले यो पदलाई व्यावहारिक रूपमा कसरी लागू गरे?" भनी सोध्दा, हामी थाहा पाउँछौं कि यो पद संसारिक सफलताको प्रतिज्ञा थिएन, तर आत्मिक धैर्यताको प्रतिज्ञा थियो। पावल रोमको झ्यालखानामा थिए; उनको पाठकहरू सतावट भोगिरहेका थिए। "सबै कुरा"को अर्थ संसारिक सफलता होइन; "सबै कुरा"को अर्थ सतावटको सामना गर्दा धैर्य गर्नु हो। पावलले सबै परिस्थितिहरूमा सन्तुष्ट रहन सिके किनभने ख्रीष्टद्वारा उनी सबै कुरा गर्न सक्थे। यो अर्थ आरादायी जीवन होइन; यसको अर्थ यो हो कि चुनौतीहरूको सामना गर्दा उनले आफ्नो सन्तुष्टिको भावना गुमाएनन्।

---

१४७ याकूब १:२५, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

१४८ फिलिप्पी ४:१३, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

**२. तपाईंले आफैलाई चिन्नु पर्छ ।**

पावलले तिमोथीलाई चेताउनी दिए कि प्रभावकारी ढङ्गले अरूहरूको सेवा गर्न उनले आफैलाई चिन्नुपर्छ । "आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियार बस । यी कुरामा लागिरह । यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरूलाई समेत बचाउनेछौ ।"[१४९] तिमोथीले आफू र आफूले प्रचार गरेका धर्मसिद्धान्तमा राम्रोसँग ध्यान दिँदा, उसले आफ्नो श्रोताको प्रभावकारी ढङ्गले सेवा गर्ने थिए ।

मैले यो खण्डको बारेमा र यसका प्रथम पाठकहरूमा यो कसरी लागू हुन्थ्यो भन्ने थाहा पाइसकेपछि, मैले आफ्नै बारेमा र मेरो समयमा यो खण्ड कसरी लागू हुन्छ भन्ने बारेमा थाहा गर्नुपर्छ । सायद म आफैलाई हेर्छु र देख्छु कि म नकारात्मकताले ग्रसित छु । फिलिप्पी ४:१३ ले मलाई जीवनका चुनौतीहरू आत्मविश्वासका साथ सामना गर्न भन्छ किनकि "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा म सबै कुरा गर्न सक्छु ।"

अब व्यावहारिक प्रयोग स्पष्ट– खास दुवै हुन्छ । यो पदसँगै, म यस्तो लेख्न सक्छु, "ख्रीष्टियान मूल्यमान्यताहरूको विपरीत वातावरणमा काम गर्दा, विश्वास योग्य रहनमा मलाई शक्ति प्रदान गर्न म परमेश्वरको अनुग्रहमा भरोसा गर्नेछु । **ख्रीष्टद्वारा** म सबै कुरा गर्न सक्छु ।" यसले यो पदलाई पहिलो शताब्दीबाट एक्काइसौं शताब्दीमा लान्छ ।

## कदम २: सम्बन्धित गर्नु

जोन वेस्लीले लेखे, "ख्रीष्टको सुसमाचारले कुनै धर्म चिन्दैन तर समाजलाई चिन्छ; कुनै पवित्रतालाई चिन्दैन तर सामाजिक पवित्रतालाई चिन्छ ।"[१५०] हामी समाजबाट लुकेका भिक्षुहरू जसरी सुसमाचार योग्य जीवन बाँच्दैनौं, तर अरूहरूसँग सम्बन्धमा रहने विश्वासीहरूको रूपमा बाँच्छौं । हामी अरूहरूबाट अलग भएर होइन, तर मण्डली समुदायको सन्दर्भभित्र रहेर पवित्रतामा बढ्छौं ।

धर्मशास्त्रको ठीक व्यावहारिक प्रयोगले वास्तविक संसारमा काम गर्नेछ । परमेश्वरको वचन जीवनका सबै क्षेत्रहरूसित सम्बन्धित छ । धर्मशास्त्रलाई व्यावहारिक रूपमा लागू गर्दैगर्दा, म यो प्रश्न गर्दिनँ, "यो खण्डको 'धार्मिक' व्यावहारिक प्रयोग के हो?" बरु, म सोध्छु, "जीवनको हरेक क्षेत्रमा यो खण्डअनुसार कसरी जिइनेछ?"

केही समय अघि, हामीले एफिसी ४:२९ लाई हेऱ्यौं । यो पदको व्यावहारिक प्रयोगलाई मैले विचार गर्ने क्रममा, मैले आफ्ना सङ्गी विश्वासीहरूसितको सम्बन्धमा यसलाई लागू गर्नुपर्छ । "के मेरा वचनले सङ्गी विश्वासीहरूलाई निर्माण गर्छ वा चोट पुऱ्याउँछ ?" यो पदलाई मैले मेरो परिवारसँग सम्बन्धित गर्नुपर्छ: "के मेरा बोलीवचनले मेरो परिवारलाई निर्माण गर्छ, वा यसले मेरा श्रीमती र छोराछोरीको आत्मविश्वासलाई कमजोर बनाउँछ?" यो पदलाई मैले मेरो कामसँग सम्बन्धित गर्नुपर्छ: "के म सकारात्मक कुरा गर्ने कर्मचारी हुँ, वा म नकारात्मक कुराहरू गर्छु?" एफिसी ४:२९ जीवनको हरेक क्षेत्रसँग सम्बन्धित छ ।

यसैकारण पावलले लेखे कि आफ्ना मालिकहरूसँग ठीक सम्बन्ध राखेर जिउने दासहरूले सबै कुरामा हाम्रा मुक्तिदाता परमेश्वरको धर्मसिद्धान्तको शोभा बढाउनेछन् ।[१५१] धर्मशास्त्रको सावधानी पूर्वक व्यावहारिक प्रयोगले हाम्रो वरिपरिका मानिसहरूमा सुसमाचारलाई आकर्षक बनाउँछ ।

## कदम ३: अभ्यास

बाइबल अध्ययनको अन्तिम लक्ष्य भनेको दैनिक व्यावहारिक प्रयोग हो । २ तिमोथी २:३-६ मा, पावलले ख्रीष्टियानहरूलाई

---

१४९ १ तिमोथी ४:१६, *स्ट्यान्डर्ड भर्सन*

१५० जोन र चार्ल्स वेस्लीको *हिम्स् एण्ड सेक्रेड पोयम्स* को १७३९ संस्करणको १५०भूमिका ।

१५१ तीतस २:१०

सिपाहीहरू, धावकहरू र किसानहरूको रूपमा वर्णन गर्छन्। यी तस्बीरहरूले आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहने व्यक्तिको बारेमा बताउँछ। युद्धको दौडान सिपाहीहरूले आराम गर्दैनन्; धावक दौडको आधा दूरी पार गरेर रोकिँदैन; किसानले आफ्नो काम नसकेसम्म जोत्न बन्द गर्दैन। ख्रीष्टियान जीवनले धैर्यताको माग गर्छ। "हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं।"[१५२]

तपाईंले धर्मशास्त्र अध्ययन गर्दा, सोध्नुहोस्, "के यो सत्य अभ्यास गर्नुपर्ने मेरो जीवनमा त्यहाँ कुनै क्षेत्र छ?" यदि छ भने, तपाईंको जीवनमा यस सत्यलाई क्रमिक रूपमा लागू गर्न परमेश्वरसँग मदत माग्नुहोस्। यसो गर्ने क्रममा, परमेश्वरले तपाईंलाई अरू बढी सत्यता प्रकट गर्नुहुनेछ। तपाईंमा आत्मिक भोजनको भोक झनै बढी बढ्नेछ।

यदि परमेश्वरले एफिसी ४:२९ बाट तपाईंको बोलीवचनबारे दोषी ठहराउनुहुन्छ भने, तपाईं निमार्ण गर्ने बोलीवचन अभ्यास गर्नमा प्रतिबद्ध हुनुपर्छ। यो कुरा हरेक दिन कुनै व्यक्तिको जीवनमा दया देखाउने अवसरको लागि परमेश्वरसँग बिन्ती गर्नु जतिकै सजिलो हुन सक्छ। यसको अर्थ तपाईंले कुवाक्य बोलेको सुन्ने तपाईंका विश्वासयोग्य साथीलाई चेताउनी दिन अनुरोध गर्नु भन्ने हुनसक्छ। यसरी हरेक दिन परमेश्वरको वचन अभ्यास गर्न सक्छौं।

### बाइबलीय व्यावहारिक प्रयोगको अभ्यास

कलेजमा मेरो एक जना साथी थियो जसले परिक्षाको एउटा खास क्षेत्रसँग सङ्घर्ष गर्यो। वुडरोलाई शब्दहरू सहितका त्यस्तो सङ्गीतका शैलीहरू मन पर्दथ्यो जसले उनलाई उनको कमोजोरीको क्षेत्रमा परीक्षित गर्थ्यो। वुडरो त्यस परिक्षामामाथि विजय हुन चाहन्थ्यो, तर उसले आफ्नो जीवनमा निरन्तर धर्मशास्त्रलाई लागू गरेन।

सेप्टेम्बरमा, हाम्रो स्कूलमा जागृति सभा हुने गर्दथ्यो। वुडरो पश्चात्ताप गर्न अघि जान्थ्यो। ऊ हाम्रो छात्रावासमा फर्किन्थ्यो र आफ्ना बेकारका सङ्गीत फ्याँक्थ्यो। एक हप्तासम्म, ऊ ती कुराबाट टाढा रहन्थ्यो। त्यसपछि फेरि उसले त्यस्तै खालका सङ्गीतका नयाँ रेकर्डिङ किन्न थाल्दथ्यो। यसको केही समयमै ऊ निराश हुन्थ्यो; नोभेम्बरसम्ममा, उसले भन्थ्यो, "म विश्वासबाट पछि हटेको छु।"

फेब्रुअरीमा, हाम्रो बाइबल कन्फ्रेन्स हुन्थ्यो। वुडरो पश्चात्ताप गर्न अघि जान्थ्यो। उसले आफ्ना रेकर्डिङहरू सबै फ्याँकिदिन्थ्यो र एक हप्तासम्म ऊ ती कुराबाट टाढा बस्थ्यो। त्यसपछि अप्रिलमा, उसले केही अरू रेकर्डिङहरू किन्थ्यो–र यो प्रक्रिया पुनः दोहोरिन्थ्यो!

वुडरोलाई के आवश्यक थियो? राम्रो व्याख्याको? होइन! उसलाई आफ्नो कमजोरी थाहा थियो; शुद्ध मन राख्ने बारेमा बाइबलले के भन्छ भन्ने उसलाई थाहा थियो; केही सङ्गीतले आत्मिक हिँडाइमा असर गर्छ भन्ने उसलाई थाहा थियो। वुडरोको समस्या व्याख्या थिएन; उसले मात्र आफूले जानेको कुरालाई अभ्यास गर्नुपर्दथ्यो।

तपाईंले कस्तो खाले व्यावहारिक प्रयोगको अभ्यास गर्नु आवश्यक छ?

## सोध्नुपर्ने प्रश्नहरू

मेरो कलेजको कक्षाहरूमध्ये एकमा, विद्यार्थीहरूले बाइबल पढ्दा त्यसको एउटा दैनिकी लेख्न म तिनीहरूलाई भन्छु। धर्मशास्त्रलाई आफ्ना जीवनमा व्यावहारिक रूपमा प्रयोग गर्ने तरिकाहरू खोज्न ती विद्यार्थीहरूले पाँच वटा प्रश्नहरू सोध्छन्।

#### १. के टाढा रहनुपर्ने कुनै पाप छ?

थुप्रै ख्रीष्टियानहरू धर्मशास्त्रको आज्ञा पूरा गर्न असफल भएको क्षेत्र आफ्नो जीवनमा पाउँदा निरास हुन्छन्। जब परमेश्वरले

१५२ हिब्रू १२:१, *इङ्लिस। स्ट्यान्डर्ड भर्सन*

आफ्नो वचनबाट हाम्रो जीवनमा पापको कुनै क्षेत्रबारे बोल्नुहुन्छ, त्यसको उत्तर निराशा होइन । त्यसको उत्तर उहाँको वचनप्रति आज्ञा पालन गर्ने इच्छा हो ।

### २. के दाबी गर्ने कुनै प्रतिज्ञा छ?

कहिलेकाहीँ व्यावाहरिक प्रयोग भनेको केवल परमेश्वरका प्रतिज्ञाहरूलाई दाबी गर्नु हो । यहाँ हामी त्यस प्रतिज्ञालाई ठीकसँग व्याख्या गर्ने कुरामा होसियार हुनुपर्छ । केही प्रतिज्ञाहरू केही खास व्यक्तिहरू वा इस्राएललाई गरिएका थिए । हामी प्रतिज्ञालाई त्यसको सन्दर्भबाहिर नलिन होसियार हुनुपर्छ । यद्यपि, जब हामीले प्रतिज्ञालाई यसको बाइबलीय सन्दर्भमा होसियार पूर्वक व्याख्या गर्छौं र यो सबै विश्वासीहरूलाई गरिएको प्रतिज्ञा हो भन्ने कुरा थाहा गर्छौं, हामीले आफ्नो जीवनमा त्यस प्रतिज्ञालाई दाबी गर्न सक्छौं ।

### ३. के उठाउनुपर्ने कुनै कदम छ?

सोध्नुहोस्, "धर्मशास्त्रको यो खण्डको कारण मैले के गर्नुपर्छ?" यो खण्डले के सत्यता सिकाउँदै छ? के यसले मेरो धर्मसिद्धान्तमा भएको कुनै त्रुटीबारे मलाई चेताउनी दिन्छ? के मैले धर्शास्त्रसँग मेल खान आफ्नो सोचाइ परिवर्तन गर्नुपर्छ? यो धर्मशास्त्रको कारण मैले कस्तो कदम उठाउनुपर्छ?"

यसको एउटा उदाहरण प्रार्थना हो । हामीले दाऊद, पावल, नहेम्याह र येशुको प्रार्थनाबारे पढ्दा, हाम्रो आफ्नो प्रार्थनाको जीवनका लागि नमुनाहरू पाउँछौं । पावल वा येशुको प्रार्थनाहरूको नक्कल गर्नु भन्दा प्रार्थना गर्न सिक्नु कति राम्रो हुन्छ! पढ्दै गर्दा, म यी प्रार्थनाहरूलाई मेरो आफ्नै जीवनमा अङ्गाल्ने काम गर्न सक्छु ।

### ४. के पालना गर्नुपर्ने कुनै आज्ञा छ?

पावलका पत्रहरूको दोस्रो भागमा प्राय: आज्ञाहरू छन् । सामान्यतया यी आज्ञाहरू एकदम सरल र सीधा छन् । कहिलेकाहीँ ख्रीष्टियानहरू आफूलाई थाहा भइसकेको कुराको सरल प्रयोगलाई बेवास्ता गर्दै गहन सत्यहरूको खोजी गर्छन्!

एक जना लेखकले स्पष्ट सत्यलाई बेवास्ता गर्दै गहन सत्यताहरूको खोजी गर्नुको खतराको बारेमा लेखे । उनले ग्रीक भाषाको नयाँ करारमाथिको उनको पहिलो अध्ययनहरूका बारेमा लेखे । "येशुले यसो भन्नुहुँदा, 'तिम्रो क्रूस उठाऊ र मेरो पछि लाग," यसको मूल ग्रीक लिपि यस्तो छ, 'तिम्रो क्रूस उठाऊ र मेरो पछि लाग ।' यो अर्थ बुझ्नु बारेमा थिएन, तर यसलाई पालना गर्नु बारे हो, जुन गाह्रो छ ।"[१५३]

कहिलेकाहीँ गर्नुपर्ने यति मात्रै हो, "ज्यू, प्रभु । म पालना गर्नेछु ।"

### ५. के पछ्याउनुपर्ने कुनै उदाहरण छ?

धर्मशास्त्रको धेरै भागमा जीवनी पाइन्छ । हामीले जीवन पढ्दा, यो सोध्छौं, "के पछ्याउनुपर्ने कुनै उदाहरण छ?"

जब हामी उत्पत्ति १८ मा अब्राहामको बारेमा पढ्छौं, हाम्रो संसारको लागि मध्यस्थता गरेर अब्राहामको उदाहरणलाई पछ्याउन सक्छौं । हालसालै मैले नाइजेरियाको एउटा कक्षामा पढाएँ । नाइजेरिया मुसलमान र ख्रीष्टियान बीचको द्वन्दले विभाजित छ । एक जना विद्यार्थीले आफ्ना सहपाठीहरूलाई सोध्यो, "हामी मुसलमानहरूका लागि प्रार्थना गर्नुको साटो तिनीहरूसँग किन लड्छौं? के हामी परमेश्वरले तिनीहरूलाई मुक्ति दिन सक्नु हुन्छ भन्ने कुरामा विश्वास गर्छौं? यदि सक्नुहुन्छ भने, हामीले अब्राहामको उदाहरण पछ्याउनुपर्छ र तिनीहरूका मुक्तिको लागि मध्यस्थता गर्नुपर्छ!" व्यावहारिक प्रयोग यही हो ।

---

१५३ एन्डि क्राउच, *"क्रिष्ट्यानिटी टुडे,"* को लेख "इन्फरमेसन एण्ड फरमेसन," मार्च २०१४, ७

## यसलाई अभ्यास गर्नुहोस्।

हामीले रोमी १२:१-२ बाट अवलोकनहरू गरेका छौं। यी पदहरूका महत्त्वपूर्ण शब्दहरूमा हामीले शब्द अध्ययन गरेका छौं। पावलको सन्देशलाई ठीकसँग व्याख्या गर्ने क्रममा हामीले ऐतिहासिक, सांस्कृतिक र बाइबलीय सन्दर्भलाई अध्ययन गरेका छौं।

अब हामी सबैभन्दा महत्त्वपूर्ण कदमको लागि तयार छौं। रोमी १२:१-२ लाई तपाईंको जीवनमा तपाईंले कसरी व्यावहारिक रूपमा प्रयोग गर्नुहुन्छ?

» यो खण्डको हाम्रा अघिल्ला पाठहरूमा तपाईंले लेख्नुभएका नोटहरूलाई समीक्षा गर्नुहोस्। त्यसपछि यो खण्डलाई तपाईंको जीवनमा लागू गर्न तपाईंले गर्न सक्ने तीन वटा विशेष कुराहरूको सूची बनाउनुहोस्।

» यदि तपाईं यो पाठ कुनै समूहमा अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंका व्यावहारिक प्रयोगहरू आफ्नो समूहसँग बाँडचूँड गर्नुहोस्। यदि तपाईं भविष्यमा फेरि भेट्नु हुँदैछ भने, जवाफदेहीता सिर्जना गर्नुहोस्। केही प्रतिवद्धताहरू जनाउनुहोस्, र तपाईंको व्यावहारिक प्रयोगमा तपाईंले कस्तो गर्दै हुनुहुन्छ भन्ने कुरा सोधेर त्यो समूहलाई पुन: भेटघाट गर्न अनुरोध गर्नुहोस्।

## निष्कर्ष

यो पाठ्यपुस्तक अरूहरूलाई सिकाउनको लागि बाइबलको व्याख्याको बारेमा हो। परमेश्वरको वचनको सेवकहरूको रूपमा हामीलाई यही गर्न बोलाइएको छ। तर पनि, यसमा खतरा छ। यदि हामी होसियार हुँदैनौं भने, केवल वचन प्रचार र शिक्षा दिनको लागि हामी बाइबल अध्ययन गर्न सक्छौं। हामी आफ्ना जीवनमा बाइबलीय सत्यता लागू गर्न असफल हुन सक्छौं।

पास्टरहरू, शिक्षकहरू र मण्डलीका अगुवाहरूको रूपमा हामीले दिनहुँ आफ्नो आत्मिक जीवनलाई पोषण गर्नुपर्छ भन्ने कुरालाई कहिल्यै बिर्सनु हुँदैन। अरूहरूलाई सिकाउने हाम्रो प्रयासमा, हामीले आफ्नै हृदयलाई परमेश्वरको वचनको रोटी खुवाउन बिर्सनु हुँदैन। हामीले आफ्नो पोषण गर्दा मात्र परमेश्वरका मानिसहरूको सेवा गर्नलाई आवश्यक आत्मिक शक्ति हामीसँग हुन्छ।

पावल यस खतराबारे जानकार थिए। उनले यस्तो डरलाग्दो सम्भावनाको बारेमा लेखे कि "नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।"[१५४] आफ्नै हृदयमा परमेश्वरको अनुग्रहलाई इन्कार गरेर अरूहरूलाई सो कुरा सिकाउनु कत्ति डरलाग्दो कुरा हुन्छ। अरूहरूलाई सिकाउन अध्ययन गर्नुहोस्, तर परमेश्वरले तपाईंको आफ्नै हृदयमा बोल्नु भएको सुन्नको लागि पनि अध्ययन गर्नुहोस्।

## के तपाईं भोको हुनुहुन्छ? दैनिक भोजनको महत्त्व[१५५]

लामो समयसम्म मैले मेरो आत्मालाई खुवाउने विचारलाई बुझिनँ। मैले पेशागत र ख्रीष्टियान कर्तव्यको रूपमा बाइबल अध्ययन गरैं। मैले यसको आनन्द उठाएँ, तर मेरो आत्मालाई खुवाउने काम उद्देश्यपूर्वक भन्दा पनि बढी आकस्मिक थियो। मैले सेवाकाइका जिम्मेवारीहरूको तयारी गर्न निरन्तर बाइबल पढैं, तर "परमेश्वरको चोखो दूध" पिउनको लागि त्यो थिएन।[१५६] मैले आत्मिक भोजनको महत्त्वलाई बुझिनँ।

---

१५४ १ कोरिन्थी ९:२७

१५५ यो खण्ड डा. स्टिफन गिब्सनले लेखिएका हुन्।

१५६ १ पत्रुस २:२

खानुले दैनिक र दीर्घकालीन रूपमा असर गर्छ। एकै पटकको स्वस्थ भोजनले तपाईंले आफ्नो कोलेस्ट्रोललाई घटाउन सक्नु हुन्न, र तपाईंले एकै दिनको परमेश्वरको वचनले आत्मिक शक्ति बढाउन सक्नु हुन्न। शारीरिक स्वस्थ निर्माण गर्न नियमित स्वस्थ भोजन चाहिन्छ भने, आत्मिक शक्ति बढाउन परमेश्वरको वचनको दीर्घकालीन भोजन चाहिन्छ। तैपनि, जसरी बिहानको नास्ताले त्यस दिन परिश्रम गर्न शक्ति दिन्छ, त्यसरी नै परमेश्वरको वचनको भोजन त्यस दिन तपाईंले सामना गर्ने सबै कुराका लागि महत्त्वपूर्ण हुन्छ।

## यसलाई अभ्यास गर्नुहोस्

» लूका १४:२५–१७:१० मा दृष्टान्तहरू र शिक्षाको एउटा शृङ्खला पाइन्छ। अन्तिम पटक येशुले यरूशलेमको यात्रा गर्नुहुँदा, उहाँले आफ्ना चेलाहरूलाई अन्तिम आज्ञा दिनुभयो। तपाईंले येशुको शिक्षालाई पढ्दैगर्दा, यी पदहरूबाट विशेष व्यवहारिक प्रयोगहरू पत्ता लगाउनुहोस्। सोध्नुहोस्:

- के टाढा रहनुपर्ने कुनै पाप छ?
- के दाबी गर्ने कुनै प्रतिज्ञा छ?
- के उठाउनुपर्ने कुनै कदम छ?
- के पालना गर्नुपर्ने कुनै आज्ञा छ?
- के पछ्याउनुपर्ने कुनै उदाहरण छ?

## पाठ ७ का मुख्य बुँदाहरू

१. परमेश्वरको वचन ठीकसँग व्याख्या गर्नु मात्र पर्याप्त छैन; हाम्रो दैनिक जीवनमा यसलाई हामीले व्यावहारिक रूपमा लागू गर्नु पर्छ ।

२. शैतानले हामीलाई व्यावहारिक प्रयोगलाई प्रतिस्थापनहरूले फेरबदल गर्न लोभ्याउँछ:

- हामीले व्यावहारिक प्रयोगलाई व्याख्याले प्रतिस्थापन गर्न सक्छौं ।
- हामीले पूर्ण आज्ञाकारितालाई आंशिक अनुपालनले प्रतिस्थापन गर्छौं ।
- हामीले पश्चात्तापलाई तर्कसङ्गत व्याख्याले प्रतिस्थापन गर्छौं ।
- हामीले रूपान्तरणलाई भावनाले प्रतिस्थापन गर्छौं ।

३. हाम्रो जीवनमा धर्मशास्त्रलाई व्यावहारिक रूपमा प्रयोग गर्न हामीले तीन वटा कदहरू पछ्याउनुपर्छ:

- थाहा गर्नुहोस्:
    - खण्डको अर्थ ।
    - आफ्नै बारेमा र हाम्रो आवश्यकताको बारेमा यो खण्डले के भन्छ ।
- धर्मशास्त्रलाई वास्तविक संसारसित सम्बन्धित गर्नुहोस् ।
- हरेक दिन व्यावहारिक प्रयोगलाई अभ्यास गर्नुहोस् ।

४. तपाईंको जीवनमा धर्मशास्त्रलाई व्यावहारिक रूपमा लागू गर्ने तरिकाहरू थाहा गर्न, यी प्रश्नहरू सोध्नुहोस्:

- के टाढा रहनुपर्ने कुनै पाप छ?
- के दाबी गर्ने कुनै प्रतिज्ञा छ?
- के उठाउनुपर्ने कुनै कदम छ?
- के पालना गर्नुपर्ने कुनै आज्ञा छ?
- के पछ्याउनुपर्ने कुनै उदाहरण छ?

### पाठ ७ गर्नुपर्ने कार्य

पाठ १ मा, यो पाठ्यपुस्तकभर अध्ययन गर्न तपाईंले धर्मशास्त्रको एउटा खण्डलाई छान्नुभयो । अवलोकन र व्याख्याको क्रममा तपाईंले बनाउनुभएका नोटहरूलाई प्रयोग गर्दै, तपाईंले अध्ययन गरिरहनुभएको धर्मशास्त्रको खण्डको व्यावहारिक प्रयोगका कदमहरूको एउटा सूची बनाउनुहोस् ।

पाठ ८

# व्याख्याका नियमहरू

### पाठका उद्देश्यहरू

१. बाइबल व्याख्याका आधारभूत नियमहरूलाई बुझ्नु ।

२. छानिएको धर्मशास्त्रको खण्डहरूमा यी नियमहरूलाई लागू गर्नु ।

३. यी नियमहरू पछ्याउन असफल हुँदा त्यसले कसरी धर्मसैद्धान्तिक त्रुटितिर लान सक्छ भन्ने कुरामा होसियार हुनु ।

## परिचय

मेरो बुबा एक कामदार हुनुहुन्थ्यो । उहाँ मर्मत सम्भारका परियोजनाहरू गर्न मन पराउनु हुन्थ्यो । लामो समय लगाएर उहाँले आफ्ना परियोजनाहरूबाट औजारहरू र सामग्रीहरू सङ्कलन गर्नु भएको थियो । धेरैजसो ती औजारहरू उहाँको उपकरण भण्डारमा होसियारी पूर्वक व्यवस्थित गरिएका थिए, तर केही औजाररू (पेचकस, किला, गोलो टेप इत्यादि) विविध कुराहरू राख्ने दराजमा राखिएका थिए । यो दराजमा त्यस्ता कुराहरू थिए जुन अन्यत्र अटाउँदैन थिए । यो दराज अव्यवस्थित देखिए तापनि, यो विविध दराज ती सामानहरू चाहिँदा महत्त्वपूर्ण हुन्थ्यो ।

यो पाठ्यपुस्तकको पाठ ८ लाई "विविध दराज" भन्न सकिन्छ । हामी तपाईंको व्याख्यालाई मार्गदर्शक गर्ने सामान्य नियमहरूलाई हेर्नेछौं । मैले यो पाठलाई व्याख्याको प्रक्रियाको पाठपछि राखेँ किनभने हामीले गर्नुपर्ने पहिलो कुरा भनेको खण्डमा ध्यान केन्द्रित गर्नु हो ।

तथापि, यो पाठका नियमहरू धर्मशास्त्रको अध्ययनको लागि महत्त्वपूर्ण छन् । यी नियमहरू बुद्धिमान् बाइबल शिक्षकहरूले आफ्नो अध्ययनलाई मार्गनिर्देश गर्न विकास गरेका हुन् । यी नियमहरूलाई बुझ्ने र तपाईंको अध्ययनमा यिनीहरूलाई लागू गर्ने समय लिनुहोस् ।

» त्यो धर्मशास्त्रको खण्ड पत्ता लगाउनुहोस् जसमा तपाईंको समूहका सदस्यहरूको असहमति छ । (यदि तपाईंले असहमतिको कुनै कुरा पाउनु भएन भने, तपाईंले त्यो धर्मशास्त्रको खण्डमा छलफल गर्न सक्नुहुन्छ जहाँ तपाईंको व्याख्या अर्को मण्डलीको व्याख्याभन्दा फरक छ) । यो प्रश्नमा छलफल गर्नुहोस्: "बाइबलबारे कस्ता पूर्वानुमानहरूले मलाई यस व्याख्यामा पुर्‍यायो?" यस बिन्दुमा, तपाईंको लक्ष्य भनेको आफ्नो व्याख्यालाई पुष्टि गर्ने होइन । अहिलेको

लक्ष्य तपाईं जे बिश्वास गर्नुहुन्छ त्यो **किन** विश्वास गर्नुहुन्छ भनेर बुझ्ने हो । यसबाट लाभ उठाउनको लागि, आफ्ना पूर्वानुमानहरूलाई पहिचान गर्न इमानदार हुनुहोस् र तपाईंसँग असहमत हुनेहरूका पूर्वधारणाहरूप्रति सम्मान देखाउनुहोस् ।

## निष्कर्षबाट होइन, खण्डबाट सुरु गर्नुहोस् ।

मेरो जि.पि.एस.मा कुनै एक ठेगाना हालेँ र दिशानिर्देशको लागि क्लिक गरेँ । त्यस जि.पि.एस.ले घुम्तीहरूको एउटा शृङ्खला देखायो । मैले सबै दिशाहरूतिर हेरेँ र भनेँ, "यो जि.पि.एस. गलत छ ।" मैले पुन: ठेगाना हालेँ । "फेरि गलत छ!" मेरो सहयात्रीले भन्यो, "यो जि.पि.एस. गलत छ भनेर तपाईंलाई कसरी थाहा भो?" आत्मविश्वास्त हुँदै मैले जवाफ दिएँ, "मलाई ठेगाना थाहा छ । यो जि.पि.एस. गलत छ ।" त्यसको केही घण्टापछि, म पूर्णत: असफल भएँ, मैले मेरो हार स्वीकार गरेँ र मेरो जि.पि.एस.ले देखाएको दिशानिर्देशलाई पछ्याउन थालेँ । मेरो गल्ती के थियो? मैले निष्कर्षबाट सुरु गरेँ । मेरो उत्तर ठीक थियो भन्ने कुरामा म विश्वस्त थिएँ, त्यसैले फरक उत्तर दिने नक्साको कुरा सुन्न मैले अस्वीकार गरेँ ।

केही मानिसहरूले बाइबललाई यसैगरी पढ्छन् । एक पटक मैले एक जना प्रचारकले धर्मशास्त्रको त्यो पद पढेको सुनेको छु जुन उसलाई मन पर्दैनथ्यो । उनले भन्यो, "यसको अर्थ के हो मलाई थाहा छैन, तर यसले जे भन्छ त्यो यसको अर्थ होइन ।" उनले आफ्नो निष्कर्ष ("यो शिक्षासित म सहमत छैन") बाट सुरु गरेको थियो र त्यसपछि धर्मशास्त्र पढेको थियो । उनले धर्शास्त्रको त्यो खण्डलाई आफ्नो निष्कर्ष अनुरूप गर्न सकेनन्, त्यसैले उनले त्यो धर्मशास्त्रको खण्डलाई बेवास्ता गर्ने निर्णय गऱ्यो ("यसले जे भन्छ त्यो यसको अर्थ होइन") ।

धर्मशास्त्रलाई व्याखया गर्न, हामीले धर्मशास्त्रबाट सुरु गर्नुपर्छ र त्यसपछि हाम्रो निष्कर्षमा पुग्नुपर्छ । हामी सबै जनासँग केही न केही पूर्वानुमानहरू हुन्छन् । हामीले एउटा खास दृष्टिकोणबाट सुरु गर्छौं । त्यो ठीकै छ । समस्या त्यसबेला हुन्छ जब हाम्रा पूर्वानुमानहरूले धर्मशास्त्रको स्पष्ट शिक्षालाई बेवास्ता गर्न लगाउँछ । हामी निष्कर्षबाट नभई, खण्डबाट सुरु गर्छौं भन्ने कुरामा सुनिश्चित हुनुपर्छ । हामीले हाम्रा पूर्वानुमानहरूले खण्डलाई बेवास्ता गर्न दिनु हुँदैन ।

### उदाहरण

"यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।" (मत्ती ५:४८)

केही मानिसहरू भन्छन्, "सिद्ध कोही छैन!" त्यसैले तिनीहरूले येशुको आज्ञालाई बेवास्ता गर्छन् । तिनीहरूले आफ्ना निष्कर्ष ("सिद्ध कोही छैन!")बाट सुरु गरेका छन् र त्यसपछि धर्मशास्त्र पढ्छन् ।

मत्ती ५:४८ पढ्दा, हामीले यो प्रश्न सोध्नुपर्छ, "'सिद्ध' भन्नुको येशुको अर्थ के हो?" हामी कसरी हाम्रा स्वर्गमा हुनुहुने पिताजस्तै हुनुपर्छ?" मत्ती ५:४८ ले भन्दा अघिका पदहरूले यसको उत्तर दिन्छ: हामीले आफ्ना शत्रुलाई प्रेम गर्नुपर्छ र जसरी हाम्रा स्वर्गमा हुनुहुने पिताले "सबैका लागि सुर्य उदय हुन दिनुहुन्छ" त्यसरी नै हामीले तिनीहरूलाई राम्रो व्यवहार गर्नुपर्छ । हामीसँग सिद्ध प्रेम हुनुपर्छ ।

## धर्मशास्त्रका शिक्षाहरूले एकअर्काको खण्डन गर्दैनन् ।

हामीले मानिसद्वारा लिखित कुनै किताब पढ्दा, कुनै बिन्दुमा गएर आफ्नै खण्डन गर्न सक्छ । निश्चित रूपमा दुई मानवीय लेखहरू केही मुद्दाहरूमा एकले अर्काको खण्ड गर्ने सम्भावना रहन्छ । तर, बाइबल परमेश्वरको वचन हो; यसले आफ्नो खण्डन आफैले गर्दैन ।

परमेश्वर परिवर्तन हुनुहुन्न ।[१५७] यसैले गर्दा, सयौं वर्षसम्म थुप्रै मानवीय लेखकहरूद्वारा उहाँ बोल्नु भए पनि, उहाँको वचन सुसङ्गत छ । परमेश्वरको वचन आफैले आफ्नो खण्डन गर्दैन ।

यो सिद्धान्त प्रेरणाको धर्मसिद्धान्तको अत्यावश्यक नतिजा हो । यदि धर्मशास्त्रको परम स्रोत परमेश्वर हुनुहुन्छ भने, बाइबलले आफ्नो खण्डन आफैले गर्न सक्दैन । राम्रो बाइबल व्याख्याको लागि यो कुरा महत्त्वपूर्ण छ । जब दुई खण्डहरूले एक-अर्काको खण्डन गरेजस्तो *देखिन्छ*, मैले यी मध्ये एक खण्डलाई कतै गलत पो बुझें कि भनेर प्रश्न गर्नुपर्छ । जब मैले प्रत्येक खण्डलाई राम्रोसँग बुझ्छु, मैले दुवै खण्डहरू सत्य छन् भनेर देख्नेछु ।

## उदाहरण

"व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ" (रोमी ३:२८)

"व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशु ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ" (गलाती २:१६)

"तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन ।" (याकूब २:२४)

विश्वास र कामहरूको भूमिकाबारे पावल र याकूबको एकअर्कासँग विमति थियो भन्ने केही पाठकहरू विश्वास गर्छन् । व्यवस्था पालनाविना मानिस धर्मी ठहरिन्छ भनेर पावल जोड दिन्छन् । याकूब लेख्छन् कि कामद्वारा मानिस धर्मी ठहरिन्छ, विश्वासद्वारा मात्र होइन ।

धर्मशास्त्र आफैले आफ्नो कुरा खण्डन नगर्ने भएकोले, यी दुवै शिक्षाहरू सही छन् भन्ने कुरा हामी जान्दछौं । हामी कामद्वारा होइन, विश्वासद्वारा धर्मी ठहरिन्छौं । तर, मानिस केवल विश्वासद्वारा मात्र नभई, कामद्वारा धर्मी ठहरिन्छ ।

याकूब र पावलका पत्रहरूका बाँकी भागले देखाउँछ कि यी दुई प्रेरितहरू यो कुरामा सहमत छन्: व्यवस्था पालन (धर्मकर्म) ले मुक्ति दिँदैन । तथापि, याकूब र पावल यो कुरामा सहमत छन्: यदि विश्वासद्वारा हामी धर्मी ठहरिएका छौं भने, हाम्रो जीवनको सम्पूर्ण चालचलन (काम!) फरक हुनेछ । हाम्रो दैनिक जीवनले हाम्रो उद्धार गर्ने विश्वासको वास्तविकताको गवाही दिन्छ । उन्नायकहरूका शब्दमा, "हामी विश्वासद्वारा मात्र धर्मी ठहरिएका छौं, तर त्यो विश्वासद्वारा होइन जुन एक्लो छ ।"

## धर्मशास्त्र आफैं नै धर्मशास्त्रको सबैभन्दा राम्रो अनुवादक हो

यो नियम अघिल्लो नियमसँग नजिकबाट सम्बन्धित छ । धर्मशास्त्र आफैले आफ्नो खण्डन नगर्ने भएकोले, अर्थ कम स्पष्ट भएका खण्डहरूलाई बुझ्नमा हाम्रो मदत गर्न हामीले सादा अर्थ भएका खण्डहरूलाई प्रयोग गर्न सक्छौं । अधिक गाह्रो पदहरूको व्याख्या गर्न हामी ती पदहरूको प्रयोग गर्छौं जुन स्पष्ट छन्; अधिक गाह्रो पदहरूको हाम्रो व्याख्यामा अनुरूप गर्न सरल पदहरूलाई बङ्ग्याउँदैनौं ।

एउटा व्याख्याको अभ्यासपुस्तकले यसरी भन्छ: "अक्सर बाइबलको एउटा भागमा अस्पष्ट कुरा अर्को भागमा स्पष्ट हुन्छ ।"[१५८] सम्पूर्ण धर्मशास्त्रको अध्ययनद्वारा हामीले सरल खण्डहरूलाई अधिक गाह्रो खण्डहरूमाथि प्रकाश पार्न दिनुपर्छ ।

## एउटा उदाहरण

"नत्रता मृतकहरूका निम्ति बप्तिस्मा लिएको अर्थ के भयो, मृतकहरू जीवित नपारिने भए ता तिनीहरूका निम्ति मानिसहरूले

१५७ याकूब १:१७

१५८ वाल्टर कैसर र मोइसेस सिल्वा, *एन इन्ट्रोडक्सन टु बिब्लिकल हर्मेन्यूटिक्स* (ग्र्याण्ड र्यापिड्स: जोनडर्भन, १९९४), १३२ ।

किन बप्तिस्मा लिन्छन्?" (१ कोरिन्थी १५:२९)

के यो पदले मरेकाको प्रतिनिधित्व गर्नेहरूलाई हामीले बप्तिस्मा दिनुपर्छ भनेर बताउँछ? केही मानिसहरू यस्तै सोच्छन्, तर पावलले हामीलाई मृतकका निम्ति बप्तिस्मा दिने आज्ञा दिँदैनन्।

केही अनुवादकहरू विश्वास गर्छन् कि यसले पहिलो शताब्दीमा बप्तिस्मा लिनु अगावै मर्ने नयाँ विश्वासीहरूका निम्ति केही विश्वासीहरूलाई बप्तिस्मा दिइएको थियो भन्ने सङ्केत गर्छ। पावल भन्छन् कि यदि पुनरूत्थान हुँदैन भनेता यो अभ्यासको कुनै अर्थ छैन। अरू अनुवादकहरू चाहिँ यो कुरामा विश्वास गर्छन् कि "मृतकका निम्ति बप्तिस्मा"ले रोमी ६:३-५ लाई जनाउँछ जहाँ बप्तिस्माले हामीलाई ख्रीष्टसँग उहाँको मृत्युमा एक गराउँछ भनेर उल्लेख गरिएको छ। यी दुवै सन्दर्भमा पावलले हामीलाई मृतकका निम्ति बप्तिस्मा दिने आज्ञा दिँदैनन्।

हाम्रो व्याख्या जेसुकै भए तापनि, "धर्मशास्त्र नै धर्मशास्त्रको सबैभन्दा राम्रो अनुवादक हो" भन्ने नियमले १ कोरिन्थी १५:२९ मा लैजान्छ। जब हामी मत्ती २८:१९ र प्रेरित २:४१, ८:१२, र १९:५ पढ्छौं, बप्तिस्मा जीवित विश्वासीका निम्ति थियो भन्ने हामी देख्छौं। १ कोरिन्थी १५:२९ ले स्पष्टसँग मृतकका निम्ति बप्तिस्मा दिने आज्ञा नदिने भएकोले र अन्य पदहरूले स्पष्टसँग सुरुको मण्डलीको अभ्यासलाई देखाउने भएकोले, १ कोरिन्थी १५ ले मृतकका निम्ति बप्तिस्मा दिने आज्ञा दिन्छ भनेर विश्वास गर्ने कुनै कारण छैन।[१५९]

## धर्मशास्त्रको लेखन बुझियोस् भन्नकै लागि थियो।

परमेश्वरको वचनको अर्थ व्याख्याको सामान्य माध्यमहरू प्रयोग गरेर धर्मशास्त्रमै भेट्टाउन सकिन्छ। परमेश्वरको वचन रहस्यमय सांकेतिक शब्दहरूमा लेखिएको छैन।

धर्मशास्त्रको धेरैजसो भागलाई यसको अर्थ बुझ्न होसियार भएर अध्ययन गर्नुपर्छ भन्ने कुरा साँचो हो, तर यसको सत्य हामीबाट लुकाइएको छैन। बाइबलका महत्त्वपूर्ण सत्यताहरू अस्पष्ट पदहरूमा पुरिएका छैनन्। भजनसंग्रहको लेखकले भने, "तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो।"[१६०] परमेश्वरको वचनको उद्देश्य हामीलाई अगुवाइ गर्ने हो, सत्य लुकाउने होइन।

> **"नौलो व्याख्याहरू अक्सर गलत हुन्छन्।"**
>
> **गर्डन फि**
>
> *हाउ टु रिड द बाइबल*

परमेश्वरको वचनको सन्देशलाई खोल्ने कुनै खास चाबीहरूको आवश्यक पर्दैन। "बाइबलका लुकाइएका सांकेतिक शब्दहरूलाई खोल्ने" भनेर दाबी गर्ने किताबहरूसित एकदम होसियार हुनुहोस्। हामीले उहाँको वचन बुझ्न सकौं भनेर नै परमेश्वर बोल्नुभयो।

## एउटा उदाहरण

"तर त्यस दिन र घडीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले।" (मत्ती २४:३६)

केही वर्षको अन्तरालमै, कोही न कोहीले दाबी गर्नेछ, " येशु अर्को वर्ष फर्केर आउँदै हुनुहुन्छ भन्ने परमेश्वरले मलाई प्रकाश दिनुभयो।" १९८७ को एउटा लोकप्रिय किताबले १९८८ मा सशरीर उठाइलगिने कुरा (र्‍याप्चर) को भविष्यवाणी गर्‍यो।

---

१५९ यो उदाहरणको स्रोत डा. स्टिफन गिब्सन हुनुहुन्छ। व्याख्या सम्बन्धी जानकारी *इङ्लिस। स्ट्यान्डर्ड भर्सन स्टडी बाइबल* र *न्यू बाइबल कमेन्ट्री* बाट लिइएको हो।

१६० भजनसंग्रह ११९:१०५

त्यही लेखकले अर्को वर्ष १९८९ मा पनि सशरीर उठाइलगिने कुरा (र्‍याप्चर) को बारेमा भविष्यवाणी गर्दै लेख्यो । हारोल्ड क्याम्पिङ सशरीर उठाइलगिने कुरा (र्‍याप्चर) को दोहोरे भविष्यवाणीको लागि प्रख्यात भए । "भविष्यवाणी विज्ञहरू" भनेर चिनिने व्यक्तिहरू जस्तो कि ज्याक भ्यान इम्पे र मारिलिन एगीले प्रभुको दोस्रो आगमनको दोहोरे भविष्यवाणीहरू गरेका छन् । तिनीहरू गलत प्रमाणित हुँदा तिनीहरूले दोस्रो आगमनको मितिलाई सारे ।

जब तपाईंले कसैबाट प्रभुको दोस्रो आगमनको खास मितिबारे भविष्यवाणी गरेको सुन्नुहुन्छ, येशुले भन्नुभएको यो कुरालाई तपाईंले सम्झनुपर्छ, यी कुराहरू कतिखेर हुनेछन् भन्ने "कसैलाई थाहा छैन ।" आज पिताको योजनाहरूका बारेमा येशुलाई भन्दा बढी थाहा छ भनेर कसरी अर्को व्यक्तिले दाबी गर्न सक्छ? यो पदको एकदम सामान्य अर्थले येशुको दोस्रो आगमनको दिन थाहा छ भनेर दाबी गर्ने जो कोहीको विरुद्ध हामीलाई चेताउनी दिन्छ ।

## बाइबलीय आज्ञाले बाइबलीय प्रतिज्ञालाई सूचित गर्छ ।

सबै सुसमाचारवादी लेखकहरूले यो नियमलाई स्वीकार गर्दैनन्, तर यो धर्मशास्त्रलाई व्याख्या गर्न महत्त्वपूर्ण छ भनी म विश्वास गर्छु । यो नियमले सिकाउँछ कि यदि परमेश्वरले कुनै आज्ञा दिनुहुन्छ भने, उहाँले त्यसको पालना गर्न सम्भव तुल्याउनुहुन्छ ।

एकजना यसो भन्ने बुबाको बारेमा कल्पना गर्नुहोस्, "छोरा, मलाई खुशी पार्न तिमी दुई मिनेटभित्र एक माइल कुद्नु पर्छ ।" केही समयका लागि, त्यो छोरोले आफूले सक्दो प्रयास गर्न सक्ला, तर आफ्नो बुबाको अपेक्षा पूरा गर्न ऊ सदैव असफल हुनेछ । अन्त्यमा, त्यो छोरो निरास हुनेछ र प्रयास गर्न बन्द गर्नेछ । के यो असल बुबा हो?

केही मानिसहरू परमेश्वर एक अव्यावहारिक पिता हुनुहुन्छ भन्ने कल्पना गर्छन् । "पवित्र होऊ," भनेर परमेश्वरले भन्नुहुँदा,[१६१] "हामी उहाँको यो आज्ञा पालना गर्न सक्दैनौं भन्ने परमेश्वर जान्नुहुन्छ" भनी तिनीहरू भन्छन् । जोन क्यालभिनले भने कि परमेश्वरले असम्भव कुराहरूको माग गर्नुहुन्छ । उहाँले तिनीहरूको उपहास गर्नुहुन्छ "जसले परमेश्वरको (आज्ञा)द्वारा मानिसहरूका शक्ति मापन गर्छ ।"[१६२] क्याल्भिनले विश्वास गरे कि हामीले पालना गर्न सक्दैनौं भन्ने जानेरै परमेश्वरले हामीलाई आज्ञा दिनुभएको हुन सक्छ । के तपाईं परमेश्वर सांसारिक बुबाभन्दा बढी खराब हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ?

हामी "परमेश्वरको आज्ञाहरूद्वारा मानिसहरूका शक्ति" मापन गर्दैनौं । **हामी परमेश्वरको शक्तिद्वारा परमेश्वरका आज्ञाहरू मापन गर्छौं ।** हाम्रो शक्तिले हामी परमेश्वरका आज्ञाहरू पालना गर्न सक्दैनौं, तर मायालु स्वर्गीय पिताले आफ्ना आज्ञाहरू पालना गर्न आफ्ना छोराछोरीहरूलाई सशक्त पार्नुहुन्छ । हामी विश्वास गर्छौं कि एक जना मायालु बुबाले असम्भव आज्ञाहरू दिएर आफ्ना छोराछोरीहरूलाई निराश बनाउने छैन । धर्मशास्त्रको हरेक आज्ञा त्यसलाई पालना गर्ने अनुग्रह सहित दिइएको छ ।

येशुले आज्ञा दिनुभयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू ।"[१६३] यो पालना गर्नुपर्ने आज्ञा र प्राप्त गर्नुपर्ने प्रतिज्ञा दुवै हो । अविभाजित हृदयले परमेश्वरलाई प्रेम गर्ने परमेश्वरको आज्ञाले हामीले उहाँमा भरोसा राखेको खण्डमा उहाँले हामीलाई एउटा अविभाजित हृदय दिने उहाँको प्रतिज्ञालाई जनाउँछ ।

## उदाहरण

"यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ" (मत्ती ५:४८)

यसको सन्दर्भबाट, हामी थाहा गर्छौं कि येशुले प्रेमतिर सङ्केत गर्दै हुनुहुन्छ, गर्ने कामतिर होइन । हामी यो पनि बुझ्छौं कि यो हाम्रो आफ्नै प्रयासहरूबाट गर्न सकिने कुरा होइन । परमेश्वर जसले हामीलाई सिद्धा हुने आज्ञा दिनुहुन्छ उहाँले नै त्यो

१६१ परमेश्वरले यो आज्ञा एक पटक मात्र होइन, धेरै पटक दिनुहुन्छ । (लेवी ११:४४, ४५; २०:७; र१ पत्रुस १:१६ हेर्नुहोस्)

१६२ *इपिस्टल्स अफ पाउल टु द रोमन्स एण्ड थेस्लोनियन्स* को १ थेसलोनिकी ५:२३ माथिको १६२जोन क्याल्भिनको टिप्पणी ।

१६३ मत्ती २२:३७

आज्ञा पूरा गर्नुहुन्छ । भजनसंग्रहका लेखकले गवाही दिन्छन्, "उनै परमेश्वर, जसले मलाई शक्तिशाली तुल्याउनुहुन्छ, र मेरो मार्गलाई सिद्ध तुल्याउनुहुन्छ ।"[१६४]

हामीले येशुको आज्ञालाई राम्रोसँग बुझ्नुपर्छ । यसलाई येशुको शिक्षाको तात्कालिक सन्दर्भको प्रकाशमा र सिद्ध (अखण्डित) हृदय र सिद्ध (अलग गरिएको) मानिसबारे दिइएको बाइबलीय शिक्षाको प्रकाशमा पढ्नुपर्छ । एक पटक यो कुरा बुझिसकेपछि, येशुको आज्ञा मानिसले गर्न नसक्ने असम्भव मानक नभई, एउटा अनुग्रही प्रतिज्ञा बन्छ ।

## बाइबलका तीन लेन्सहरू

सुसमाचारवादी ख्रीष्टियानहरू भएकाले, हामी धर्मसिद्धान्त (शिक्षा) र अभ्यास दुवैका लागि बाइबललाई अन्तिम अख्तियारको रूपमा स्वीकार गर्छौं । उन्नायकहरूले *सोला स्क्रिप्टुरा* (धर्मशास्त्रद्वारा मात्र) शब्दावलीलाई मुक्तिको लागि आवश्यक सबै ज्ञानहरू बाइबलमा छ भन्ने अर्थमा प्रयोग गरे । आज, हामी यही सिद्धान्तमा कायम छौं ।


यद्यपि, जेजस्ता अर्थहरूमा हामी पढ्छौं त्यही अर्थमा व्याख्या गर्छौं भन्ने कुरालाई थाहा गर्नु महत्त्वपूर्ण छ । अधिकांश सुसमाचारवादीहरूका लागि, त्यहाँ तीन वटा झ्यालहरू वा लेन्सहरू छन् जसद्वारा हामी बाइबल पढ्छौं । यी लेन्सहरूले कुनै पनि प्रकारले धर्मशास्त्रको अख्तियारलाई प्रतिस्थापन गर्दैन । तिनीहरू केवल ती झ्यालहरू हुन् जसद्वारा हामी धर्मशास्त्र पढ्छौं र बुझ्छौं ।

धर्मशास्त्रलाई पूर्ण बुझ्नको लागि, हामीले यी तीन वटै लेन्सहरूको प्रयोग गर्नुपर्छ । यदि हामीले एउटा लेन्सलाई बेवास्ता गऱ्यौं भने, हामीले धर्मशास्त्रको गलत व्याख्या गर्न सक्छौं । यी झ्यालहरूको प्रयोग गरेर बाइबल पढ्नुले हामीलाई परमेश्वरको वचनको सन्देश राम्रोसँग बुझ्न मदत गर्छ ।

यो तस्बीरले यी लेन्सहरूको बाइबलसँगको सम्बन्ध देख्नमा तपाईंलाई मदत गर्न सक्छ । बाइबललाई हामी यी लेन्सहरूद्वारा हेर्छौं ।[१६५]

## लेन्स १: तर्क

**बाइबलका तीन लेन्सहरू**




*तर्क* हामीले प्रयोग गर्ने पहिलो लेन्स हो । यो लेन्सले सोध्छ, "यो धर्मशास्त्रको तर्कसङ्गत बुझाइ के हो?" तर्कको लेन्सले हामीलाई धर्मशास्त्रमा हामी जे पढ्छौं सो बुझ्न हाम्रो दिमागको प्रयोग गर्न भन्छ । यसले महसुस गराउँछ कि धर्मशास्त्रलाई दिमागले तर्कसङ्गत रूपमा बुझ्छ ।

---

१६४ भजनसंग्रह १८:३२

१६५ यो उदाहरण ड्यानी कोलम्यानको वेबब्लगबाट लिइएको हो: https://dannycoleman.blogspot.com/२०१३/०२/quadrilateral-lenses.html.

केही ख्रीष्टियानहरू तर्कको प्रयोगको विरोध गर्छन्; परमेश्वरको वचन बुझ्न हाम्रो पतित दिमागलाई विश्वास गर्न सकिँदैन भनी तिनीहरू तर्क गर्छन्। तर, पावलले आफ्ना तर्कहरू राख्ने क्रममा सोचविचार गर्न निरन्तर अनुरोध गर्छन्। उदाहरणको लागि, रोमीमा पावलले राखेको प्रश्नहरूको एउटा शृङ्खलाले उनका पाठकहरूलाई मुक्तिको ठुला सत्यताहरूको तार्किक बुझाइतिर डोऱ्याउँछ। हाम्रो तर्क कहिल्यै अन्तिम अख्तियार नभएकोले, हामीले धर्मशास्त्रको तर्कसङ्गत अर्थलाई बेवास्ता गर्नुहुँदैन।

## लेन्स २: परम्परा

धर्मशास्त्रलाई हेर्ने दोस्रो लेन्स *परम्परा* हो। परम्पराले सोध्छ, "इतिहासभर ख्रीष्टियानहरूले यस धर्मशास्त्रको खण्डलाई कसरी बुझेका छन्?" परम्पराले इतिहासभरका अन्य ख्रीष्टियानहरूको अन्तरदृष्टिसँग खण्डको हाम्रो बुझाइको जाँच गर्छ।

परम्परामा सुरुको मण्डलीको विश्वासको अभिव्यक्ति, विगतमा ख्रीष्टियानहरूलाई एक बनाउने महत्त्वपूर्ण धर्मसिद्धान्तहरू, र सुरुका पुस्ताका शिक्षाहरू पर्छन्। परम्पराले मण्डलीको इतिहासभरि बाइबललाई कसरी व्याख्या गरियो भन्ने देखाउँछ।

मण्डलीको परम्पराले सबै मुद्दाहरूमा सहमति जनाउँदैन; मण्डलीले जताततै र सबै समयमा जे सिकाएको छ त्यो नै सबैभन्दा आधिकारिक परम्परा हो। एकल सम्प्रदायको परम्परालाई सम्मान गर्नुपर्छ, तर यससँग विश्वव्यापी मण्डलीको परम्पराको जत्तिकै अख्तियार हुँदैन।

**"परम्परा युगौंदेखिको आत्माको शिक्षण क्रियाकलापको फल हो... यो अचूक छैन, तर यो नगण्य पनि छैन, र यदि हामीले यसलाई बेवासता गर्यौं भने हामी आफैलाई दरिद्र बनाउँछौं।"**

**जे. आइ. प्याकर**
*"अपहोल्डिङ द युनिटी अफ स्क्रिप्चर टुडे"*

परमेश्वरले आफ्नो वचन बुझ्नमा हामीलाई मदत गर्न परम्पराद्वारा बोल्नुहुन्छ। यदि तपाईंले २००० वर्षसम्म कसैले नदेखेको कुरा धर्मशास्त्रमा तपाईंले भेट्नुहुन्छ भने, तपाईंले गल्ती गर्नुभएको छ भनेर तपाईंले मानिलिनु पर्छ!

## लेन्स ३: अनुभव

*अनुभव* अन्तिम लेन्स हो। यो लेन्सले सोध्छ, "के मेरो बुझाइ अन्य ख्रीष्टियानहरूका अनुभवसँग मिल्छ?" अनुभवलाई अन्तिममा राखेर, हामी व्यक्तिगत अनुभवलाई यथार्थपरक सत्यभन्दा माथि राख्ने विषयात्मकवादबाट टाढै रहन्छौं। यद्यपि, अनुभव परम्परा र तर्कसित सन्तुलित गर्दा बहुमूल्य हुन्छ।

यी प्रत्येक लेन्स महत्त्वपूर्ण छ। यदि हामीले परम्पराको मात्र प्रयोग गर्छौं भने, हामी मण्डलीको शिक्षा धर्मशास्त्र समान छ भनी ठान्ने रोमन क्याथोलिकको त्रुटियुक्त दृष्टिकोणमा फस्नेछौं। यदि हामीले तर्कको मात्र प्रयोग गर्छौं भने, हामी तर्कवादमा फस्नेछौं जसले दिमागलाई अन्तिम अख्तियारको रूपमा हेर्छ। यदि हामीले अनुभवको मात्र प्रयोग गर्छौं भने, हामी भावनात्मकतामा फस्नेछौं जसले धर्मशास्त्रको शिक्षालाई व्यक्तिगत अनुभवले प्रतिस्थापन गर्छ। यी प्रत्येकलाई हाम्रो अध्ययनमा प्रयोग गर्नुपर्छ–र प्रत्येक धर्मशास्त्रको अख्तियारको अधीनमा रहनुपर्छ।

## उदाहरण

"यसैकारण म पिताको सामने आफ्न घुँडा टेक्छु,... ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" (एफिसी ३:१४-२१)

एफिसीका विश्वासीहरू परमेश्वरसँगको आफ्नो सम्बन्धमा अझ गहिरिँदै जाऊन् भनेर पावलले प्रार्थना गरे। तिनीहरू परमेश्वरको सारा पूर्णताले भरिपूर्ण होऊन् भनेर उनले प्रार्थना गरे। यदि हामीले यो प्रार्थनालाई यी तीन लेन्सहरूद्वारा पढ्ने

हो भने के पाउँछौं?

***कारण*** पावलको प्रार्थना पढ्दा, हाम्रो तर्कले प्रश्न गर्छ, "के यो प्रार्थना धर्मशास्त्रको बाँकी खण्डहरूसँग सङ्गत छ?" के यस प्रार्थनालाई ख्रीष्टियानको लागि गरिएको अर्थपूर्ण जीवनको प्रतिज्ञाको रूपमा व्याख्या गर्नु मुनासिब छ? अरू धर्मशास्त्रका खण्डहरूलाई हेर्दा, हामी देख्छौं कि रोमी १२:१, १ थेसलोनिकी ५:२३ र अरू पदहरूले विश्वासीको लागि उपलब्ध अर्थपूर्ण जीवनको बारेमा सङ्केत गर्छ । परमेश्वरको सारा पूर्णताले भरिपूर्ण हुने वास्तविकता मुनासिब छ ।

***परम्परा*।** सबै विश्वासीहरूका लागि परमेश्वरले घनिष्ठ सम्बन्धको प्रतिज्ञा गर्नुहुन्छ भन्ने सबै पुस्ताका ख्रीष्टियानहरूले सिकाएका छन् । विश्वासीहरूमा परमेश्वरले यो उद्देश्य कसरी पूरा गर्नुहुन्छ भन्ने कुराको वर्णनमा सबै ख्रीष्टियानहरू एकमत भएको पाइँदैन, तर मण्डलीको इतिहासभरि, आफूसँग घनिष्ठ सम्बन्ध राख्न परमेश्वरले आफ्ना छोराछोरीहरूलाई बोलाउनुहुन्छ भन्ने कुरामा विभिन्न पृष्ठभूमिका ख्रीष्टियानहरू सहमत भएका छन् ।

दोस्रो शताब्दीमा, इरेनियसले लेखे कि हाम्रो लागि परमेश्वरको उद्देश्य "हामीलाई उहाँको स्वरूप र प्रतिरूपमा निर्माण गर्ने" हो ।[१६६] हरेक विश्वासी परमेश्वरको सारा पूर्णताले भरिपूर्ण हुन सक्छन् भन्ने इरेनियसले विश्वास गरे । चौथो शताब्दीमा, पूर्वीय लेखहरू जस्तै निस्साको जर्जले परमेश्वरको सारा पूर्णताले अरू धेरै भरिपूर्ण भएर ख्रीष्टियनले "महिमासँग महिमा" साट्नु पर्छ भनेर सिकाए । सत्रौं शताब्दीमा फ्रेन्च क्याथोलिक फ्रान्कोइस फेनेलोनले लेखे कि, परमेश्वरको अनुग्रहमय शक्तिद्वारा, हामी "येशुजस्तै जिउन र उहाँले जस्तै सोच्न..." सक्छौं ।[१६७] परमेश्वरको अनुग्रहद्वारा, हामी उहाँको स्वरूपमा ढल्न सक्छौं ।

***अनुभव*।** इतिहासभरका महान् ख्रीष्टियानहरूको अनुभवले अर्थपूर्ण जीवन प्रतिको तिनीहरूको भोकलाई देखाउँछ । हरेक निष्ठावान् ख्रीष्टियान परमेश्वरको बारेमा अरू धेरै जान्न भोकाउँछ । महान् ख्रीष्टियानहरूका गवाहीहरूले देखाउँछ कि यो भोक परमेश्वरको अनुग्रहले तृप्त पारिएको थियो ।

## तपाईंको पालो

यो पाठको सुरुवातमा, तपाईंले त्यो खण्ड हेर्नुभयो जसमा तपाईंका समूहका सदस्यहरू असहमत थिए । यो पाठमा व्याख्याको नियमहरूको अध्ययन गरिसकेपछि, त्यो खण्डमा फर्केर जानुहोस् । यी प्रश्नहरू सोध्नुहोस्:

- के म निष्कर्षबाट सुरु गर्दैछु? मैले धर्मशास्त्र पढ्न अघि नै यसले के भन्नुपर्छ भन्ने के मैले निर्णय गरिसकेको छु?
- के यस खण्डको मेरो व्याख्या धर्मशास्त्रका अन्य खण्डहरूसँग विरोधाभास छ?
- के अरू पदहरूले यो खण्डको स्पष्ट समझ दिन्छ?
- के मेरो व्याख्या लुकेको सन्देशमा आधारित छ, वा सम्भवत भएसम्म स्पष्टसँग मैले यो खण्डको व्याख्या गर्दैछु?
- के यो खण्डले आज्ञा दिन्छ? यदि दिन्छ भने, यो आज्ञाद्वारा अभिप्रेत प्रतिज्ञा के हो?
- युगौंदेखिको ख्रीष्टियान मण्डलीको परम्पराले यो खण्डको बारेमा के भन्छ?
- यो खण्डको स्पष्ट र तर्कसङ्गत बुझाइ के हो?
- यो खण्डको बारेमा मेरो अनुभव र अन्य ख्रीष्टियानका अनुभवले के भन्छ?

---

१६६ विलियम एम. ग्रेटहाउसको *फ्रम दि एपस्टल्स टु वेस्ली* मा उद्धृत गरिएँझै (कनकास सिटी: बेकन हिल प्रेस, १९७९), ३८

१६७ *फ्रम दि एपस्टल्स टु वेस्ली* , ८५

यी प्रश्नहरूले कुनै खण्डको व्याख्यामा तपाईं पूर्णत: सहमत हुनुहुनेछ भन्ने कुराको जिम्मा लिँदैन । यद्यपि, यिनीहरूले सहमतिका क्षेत्रहरूलाई भेट्टाउनमा तपाईंलाई मदत गर्न सक्छ । यदि मदत गर्न सकेन भने पनि, यी प्रश्नहरूले परमेश्वरको वचनको अख्तियारप्रति प्रतिवद्ध निष्कपट ख्रीष्टियानहरू धर्मशास्त्रका केही खण्डहरूको व्याख्यामा असहमत हुनुको कारणहरूलाई औंल्याउन मदत गर्न सक्छ ।

## पाठ ८ मुख्य बुँदाहरू

१. बाइबल व्याख्याको आधारभूत नियमहरूको बुझाइले तपाईंलाई अध्ययनमा गलत निष्कर्षमा पुग्नदेखि रोक्नमा मदत गर्नेछ ।

२. निष्कर्षबाट होइन, खण्डबाट सुरु गर्नुहोस् । तपाईंका पूर्णधारणाहरूका कारण खण्डलाई बेवास्ता नगर्नुहोस् ।

३. धर्मशास्त्रका शिक्षाहरूले एकअर्काको खण्डन गर्दैनन् । यदि दुई वटा खण्डहरू विरोधाभाषी देखिन्छन् भने, यी मध्ये कुनै एक खण्डलाई तपाईंले गलत बुझ्नुभयो कि भनेर प्रश्न गर्नुहोस् ।

४. धर्मशास्त्र नै धर्मशास्त्रको सबैभन्दा राम्रो अनुवादक हो । सरल खण्डहरूलाई धेरै गाह्रो खण्डहरू व्याख्या गर्न दिनुहोस् ।

५. धर्मशास्त्र बुझ्नकै लागि लेखिएको थियो । खण्डको एकदम सामान्य अर्थलाई हेर्नुहोस् ।

६. बाइबलीय आज्ञाले बाइबलीय प्रतिज्ञालाई अभिप्रेत गर्छ । परमेश्वर जसले आज्ञा दिनुहुन्छ उहाँले नै हाम्रो आज्ञा पालनलाई सशक्त गर्नुहुन्छ ।

७. *सोला स्क्रिप्टुरा* सिद्धान्तको अर्थ बाइबलमा मुक्तिको लागि आवश्यक सबै ज्ञान छ भन्ने हो ।

८. परमेश्वरको वचन बुझ्न हामीलाई मदत गर्ने तीन वटा लेन्सहरूद्वारा हामी धर्मशास्त्रलाई हेर्छौं:

- तर्क: खण्डको अर्थको तर्कसङ्गत बुझाइ ।
- परम्परा: इतिहासभरका अरू ख्रीष्टियाहरूका अन्तर्दृष्टिहरू ।
- अनुभव: ख्रीष्टियानहरूका आत्मिक अनुभव ।

# पाठ ९

# बाइबल अध्ययन पुस्तकालयको निर्माण

### पाठका उद्देश्यहरू

१. एउटा असल बाइबल अध्ययन पुस्तकालय विकास गर्नुको महत्त्वलाई पहिचान गर्नु।

२. एउटा पुस्तकालय विकास गर्नको लागि एउटा योजना बनाउनु।

३. बाइबल अध्ययनको सस्तो र नि:शुल्क स्रोत सामग्रीहरूलाई थाहा गर्नु।

## परिचय

» तपाईंको वचन प्रचार वा बाइबल पाठ तयारीमा सबैभन्दा उपयोगी हुने किताबहरूका बारेमा छलफल गर्नुहोस्।

राम्री बन्द नहुने झ्याल मर्मत गर्न तपाईंले एक जना सिकर्मीलाई बोलाउनुभएको कुराको कल्पना गर्नुहोस्। जब उसले आफ्नो उपकरण बाकस झिक्छ, तपाईंले देख्नुहुन्छ कि त्यो लगभग रित्तो छ; वास्तवमा, त्यसमा केवल एउटा हतौडा छ। त्यस सिकर्मीले भन्छ, "म धेरै औजारहरूको प्रयोग गर्दिनँ। धेरै औजारहरूले मलाई अलमल गराउँछ।"

तपाईं चिन्तित हुन सुरु गर्नुहुन्छ। जब उसले आफ्नो हतौडाले झ्यालमा हिर्काउन सुरु गर्छ, तपाईं चिच्याउन सक्नुहुन्छ, "रोकिनुस्! तपाईंले मेरो झ्याल भत्काउनुहुनेछ! तपाईंलाई हतौडाको होइन, पेचकसको आवश्यकता छ। ठीक औजारहरू चलाउनुहोस्।"

पुस्तकालय पास्टरको उपकरण बाकसको एउटा महत्त्वपूर्ण भाग हो। म एक जना पास्टलाई भेट्न गएँ जसको कुनै पुस्तकालय थिएन। किताब किन्न नसक्ने गरिब उनी थिएनन्; उनीसँग थुप्रै किताबहरू र डि.भि.डि. हरू थिए। भेटघाटको क्रममा उनले भने, "म बाइबल र ईश्वरशास्त्रको बारेमा धेरै पढ्दिनँ। धेरै अध्ययनले मलाई अलमल्याउँला कि भन्ने मलाई डर लाग्छ।" यस पास्टरको उपकरण बाकस लगभग रित्तो थियो।

**"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर।"**

**२ तिमोथी २:१५**

*इङ्लिस स्ट्यान्डर्ड भर्सन*

यस पाठमा हामी एउटा पुस्तकालय कसरी निर्माण गर्ने भनेर सिक्नेछौं । किताबहरू महङ्गा हुन सक्ने भएकोले, पहिलो चरणमा सबैभन्दा महत्त्वपूर्ण किताबहरूको सूची बनाउँदै, यसलाई हामी केही चरणहरूमा गर्नेछौं । सम्भव हुँदा नि:शुल्क अनलाइन स्रोत सामग्रीहरूलाई हामी हेर्नेछौं ।

यस पाठका धेरै किताबहरू अघिल्ला पाठहरूमा पहिलेबाटै उल्लेख गरिसकेको छ । यस पाठले तपाईंलाई एउटा राम्रो बाइबल अध्ययन पुस्तकालय निर्माण गर्नमा अगुवाइ गर्न सबै जानकारीहरूलाई एउटै ठाउँमा सङ्कलन गर्नेछ । यस पाठले तपाईंको उपकरण बाकस भर्नमा तपाईंलाई मदत गर्नेछ ।

## कदम एक: आधारभूत कुराहरू

तपाईंको उपकरण बाकसमा तपाईंले जोड्न चाहेको पहिलो उपकरणहरू यी हुन्:

## शब्दानुक्रमणिका

सविस्तृत शब्दानुक्रमणिका तपाईंको बाइबल अध्ययनको लागि सबैभन्दा महत्त्वपूर्ण सामग्रीहरूमध्ये एक हो । शब्दानुक्रमणिका बाइबलको सूची हो; यसले बाइबलका सबै शब्दहरूलाई वर्णानुक्रम अनुसार, ती शब्दहरूका प्रत्येक पदहरूसँगै सूचीकृत गर्छ ।

जेम्स स्ट्रङ्ग *न्यू स्ट्रङ्ग्स् एक्सहस्टिभ कन्कर्डेन्स* न्यासभिल: थोमस नेल्सन, २००३ ।

*स्ट्रङ्ग्स् कन्कर्डेन्स* किङ जेम्स बाइबलको सबैभन्दा लोकप्रिय शब्दानुक्रमणिका हो । यो शब्दानुक्रमणिकाको अनलाइन संस्करण यहाँ उपलब्ध छ:

www.biblestudytools.com/concordances/strongs-exhaustive-concordance/

त्यहाँ बाइबलका अन्य संस्करणहरूसँग सम्बन्धित शब्दानुक्रमणिकाहरू पनि छन् । भेटिने प्रत्येक शब्दलाई सूचीकृत गर्ने सविस्तार शब्दानुक्रमणिकाको प्रयोग गर्नुहोस् । धेरैजसो बाइबलहरूको पछाडिपट्टि पाइने सानो शब्दानुक्रमणिका अपूर्ण छन्; तिनीहरूले प्रत्येक शब्दको मात्र केही उदाहरणहरू दिनेछन् ।

## बाइबल शब्दकोशहरू

बाइबल शब्दकोशहरूले शब्दहरू, ठाउँहरू र मानिसहरूका पृष्ठभूमिको जानकारी दिन्छ । हिब्रू र ग्रीक शब्दहरुको शब्दकोशले तपाईंले मौलिक भाषाहरू अध्ययन नगरिकनै आधारभूत शब्द अध्ययन गर्न तपाईंलाई सक्षम बनाउँछ । लोकप्रिय बाइबल शब्दकोशहरू यी हुन्:

| |
|---|
| हवार्ड मार्शल, जे. आइ. पेकर, र डि. जे. वाइजम्यान। *न्यू बाइबल डिक्सनरी* डाउनर्स ग्रोभ: इन्टरभार्सिटी प्रेस, १९९६। |
| डब्लू. ई. भाइन। *एन एक्सपोजिटरी डिक्सनरी अफ ओल्ड एण्ड न्यू टेष्टामेन्ट वड्‌र्स* न्यासभिली। थोमस नेल्सन,२००३।<br><br>यी सबैभन्दा पुरानो र सबैभन्दा धेरैले प्रयोग गर्ने बाइबल शब्दकोशहरू हुन्। |
| यहाँ अनलाइन बाइबल शब्दकोशहरू उपलब्ध छन् www.biblestudytools.com/dictionaries/ |

## बाइबल संक्षिप्त सन्दर्भ पुस्तिका

बाइबल संक्षिप्त सन्दर्भ पुस्तिकाले लेखक र इतिहासको बारेमा सामान्य जानकारी सहित बाइबलका प्रत्येक पुस्तकको परिचय प्रदान गर्छ।

| |
|---|
| हेनरी हाली *हालीज् बाइबल ह्याण्डबुक* ग्र्याण्ड र्‍यापिड्स: जोनर्डभान, २०१२।<br><br>*हालीज् बाइबल ह्याण्डबुक* विभिन्न संस्करणहरूमा उपलब्ध छ र यो सामान्यतया सस्तो छ। |
| जे. दानिएल हेज् र जे. स्कट ड्युभाल। *बेकर इलुस्ट्रेटेड बाइबल ह्याण्डबुक* एडिए: बेकर, २०११।<br><br>यो *बेकर बाइबल ह्याण्डबुक* को नयाँ विकल्प हो। |

## बाइबलका मानचित्र

बाइबल मानचित्रमा बाइबलमा उल्लेखित प्रत्येक स्थानको नक्सा, उत्खनन् गरिएका सहरहरूका तस्बीरहरू र प्राचीन संसारका सामग्रीहरू हुन्छन्।

| |
|---|
| कार्ल रासम्युसेन *जोन्डर्भन एट्लास अफ द बाइबल* ग्र्याण्ड र्‍यापिड्स: जोन्डर्भन, २०१० ।<br><br>यो एउटा राम्रो बाइबल मानचित्र हो । तर पनि, कुनै पनि बाइबलको मानचित्रले राम्रोसँग काम गर्नेछ । |
| अनलाइन बाइबल नक्साचित्र यहाँ उपलब्ध छ www.bibleatlas.org । |

## बाइबल संस्करणहरू[१६८]

तपाईंलाई मन पर्ने संस्करण बाहेक, अर्को वैकल्पिक संस्करण पढ्दा पदबारे नयाँ अन्तर्दृष्टि पाउन सकिन्छ । दुई वटा मुख्य कारणहरूको आधारमा संस्करणहरू भिन्न छन्:

### लक्षित पाठक

केही संस्करणहरूले साधारण बोली बोल्ने पाठकलाई सम्बोधन गर्छन् । १ यूहन्ना २:२ का दुई वटा संस्करणहरू यहाँ दिइएको छ:

| *किङ जेम्स भर्सन* | *न्यू लिभिङ ट्रान्सलेसन* |
|---|---|
| "उहाँ हाम्रा पापका निम्ति प्रायश्चितको बलिदान हुनुहुन्छ ।" | "उहाँ आफै नै हाम्रा पापका निम्ति प्रायश्चितको बलिदान हुनुहुन्छ ।" |
| "प्रायश्चित" ले पाप क्षमाको लागि आवश्यक बलिदानबारे बताउँछ । यस अवधारणामा दुई विचारहरू महत्त्वपूर्ण छ:<br>• पाप विरुद्धको परमेश्वरको क्रोध<br>• प्रायश्चितको निम्ति बाटो प्रदान गर्ने परमेश्वरको कृपा<br>पुरानो करारमा, पशु बलिद्वारा पापको प्रायश्चित गरिन्थ्यो । नयाँ करारमा, ख्रीष्ट संसारको प्रायश्चितको बलिदानको रूपमा आउनुभयो । | *न्यू लिभिङ ट्रान्सलेसन* मा "प्रायश्चितको बलिदान" वाक्यांशले बुझ्न गाह्रो शब्दावली "प्रपिसियन" लाई प्रतिस्थापन गर्छ । |

केही संस्करणहरूले त्यस्ता अवधारणहरूलाई बताउँछन् जुन अख्रीष्टियान वा नयाँ विश्वासीले बुझ्न नसक्छन् । यहाँ रोमी ११:१६ का दुई संस्करणहरू छन्:

---

१६८ संस्करणका विषयमा अधिक जानकारीको लागि, २०११ को संस्करणको रूपमा आएको किताब, गड्स *रिभाइभलिस्टकमा* डा. एलन ब्राउनको अप्रिल महिनाको लेख, "फ्रम द माइन्ड अफ गड टु द माइन्ड अफ म्यान," पढ्नुहोस् । यो लेख यहाँ उपलबध छ https://www.gbs.edu/wp-content/uploads/2015/10/1104_gods_revivalist.pdf नोभेम्बर २, २०२० मा हेरिएको ।

| *किङ जेम्स भर्सन* | *न्यू सेन्च्युरी भर्सन* |
|---|---|
| “किनकि यदि पहिलो पिठो पवित्र छ भने, समस्त पिठोको ढिका पवित्र हुन्छ ।” | “यदि मुछेको पिठोको एक अंश प्रथम-भेटीको रूपमा अर्पण गरिएको छ भने, समस्त ढिका पवित्र हुन्छ ।” |
| यसले बालीको पहिलो हिस्सा परमेश्वरलाई अर्पण गर्ने पुरानो करारको व्यवस्थालाई जनाउँछ (गन्ती १५:२१) | केही पाठकहरूलाई “अगौटे फल” को पुरानो करारको पृष्ठभूमि थाहा नहुने भएकाले, *न्यू सेन्च्युरी भर्सन* ले यो शब्दावलीलाई व्याख्या गर्न शब्दहरू थप्छ । |

## अनुवादको सिद्धान्त

केही संस्करणहरू (*किङ जेम्स भर्सन, न्यू अमेरिकन स्ट्यान्डर्ड* र *इङलिस स्ट्यान्डर्ड भर्सन*) ले मौलिक हिब्रू वा ग्रीक लिपिको व्याकरण र वाक्य संरचनालाई कायम राख्ने प्रयत्न गर्छन्। सम्भव भएसम्म, यी संस्करणहरूले मौलिक लिपिमा जस्तै मौलिक शब्दको क्रम र वाक्यहरूका विभाजनलाई यथावत् राख्छन्।

अरू संस्करणहरू (*न्यू इन्टरनेश्नल भर्सन, न्यू लिभिङ ट्रान्सलेसन* र *न्यू सेन्च्युरी भर्सन*) ले अहिलेको भाषामा त्यसका सन्देशलाई सञ्चार गर्ने प्रयत्न गर्छन्। यहाँ २ कोरिन्थी १०:१३ को विभिन्न संस्करणहरू यहाँ छ:

| थप शाब्दिक अनुवादहरू | |
|---|---|
| ***किङ जेम्स भर्सन* (के.जे.भि.)** | “हामी चाहिने भन्दा बढी गर्व गर्दैनौं, तर तिमीहरूसम्मै पुग्नका निम्ति परमेश्वरले हामीलाई जुन हद तोकिदिनुभएको त्यसैभित्र नै रहनेछौं ।” |
| ***इङलिस स्ट्यान्डर्ड भर्सन* (ई.एस.भि)** | “हामी सीमा नाघेर गर्व गर्दैनौं, तर तिमीहरूसम्मै पुग्नका निम्ति परमेश्वरले हामीलाई तोकिदिनुभएको सीमाभित्र नै रहनेछौं ।” |
| **सरलीकृत अनुवादहरू** | |
| ***न्यू इन्टरनेश्नल भर्सन* (एन.आइ.भि)** | “तैपनि, हामी तोकिएको सीमा भन्दा बाहिर गएर गर्व गर्नेछैनौं, तर तिमीहरूसम्म पुग्न जुन हद परमेश्वरले हामीलाई तोक्नुभएको त्यसैभित्र रहनेछौं ।” |
| ***न्यू सेन्च्युरी भर्सन* (एन.सी.भि)** | “तर हामीलाई दिइएको कामको दायरा नाघेर हामी घमण्ड गर्दैनौं । ।” “परमेश्वरले हामीलाई दिनुभएको कामको दायराभित्र रहेर नै हामी घमण्ड गर्नेछौं, र यसमा तिमीहरूसँगको काम पनि पर्छ ।” |

जुन संस्करण मौलिक लिपिसँग मिल्दोजुल्दो छ त्यही संस्करण प्रयोग गरेर तपाईंको अध्ययन सुरु गर्न म सल्लाह दिन्छु। त्यसपछि, यदि कुनै पद बुझ्न सकिएन भने, सरलीकृत संस्करणले तपाईंलाई बुझ्नमा मदत गर्न सक्छ। मेरो आफ्नो पढाइमा, म के.जे. भि. र ई.एस. भि. संस्करणहरू प्रयोग गर्छु किनभने तिनीहरू मौलिक भाषाकै दुरुस्त अनुवाद हुन्। जब मलाई कुनै पदलाई सरल रूपमा बुझ्नु छ भने, म एन.एल.टि. वा यस्तै अन्य संस्करण पढ्छु। तपाईंले अनलाइनमा विभिन्न संस्करणहरू बीच तुलना गर्न सक्नुहुन्छ www.biblegateway.com ।

५-६ वटा किताबहरूको यो समूहले बाइबल अध्ययनको लागि एउटा सानो, आधारभूत पुस्तकालय प्रदान गर्नेछ। अनलाइन संसाधनहरूलाई प्रयोग गरेर तपाईंले एकदम थोरै पैसामा पुस्तकालयको यो भाग निर्माण गर्न सक्नुहुन्छ। यसले तपाईंलाई बाइबल व्याख्याको लागि एउटा आधारभूत उपकरण बाकस दिनेछ।

## कदम दुई: तपाईंको पुस्तकालयको वृद्धिविस्तार

अध्ययन गर्दै जाँदा, तपाईंले थुप्रै सामग्रीहरूको आवश्यकता महसुस गर्न सक्नुहुन्छ। सिकारु सिकर्मीको लागि एक वा दुई वटा पेचकस(हरू) नै पर्याप्त हुन्छ। उसले गाह्रो कामहरू गर्ने प्रयास गर्दा, कुनैकुनै कामका लागि विशेष पेचकसहरू चाहिने रहेछ भन्ने थाहा पाउँछ। समय बितेसँगै, उसले आफ्नो उपकरण बाकसमा अरू किसिमका पेचकसहरू थप्छ।

यो खण्डमा सूचीकृत गरिएका संसाधनहरूले बाइबल अध्ययनका लागि तपाईंको उपकरण बाकसलाई विस्तार गर्नेछ। जब तपाईंले यी कुराहरूलाई तपाईंको पुस्तकालयमा थप्न सक्नुहुन्छ जसले बाइबल अध्ययनको लागि तपाईंले अरू बढी सुसज्जित बनाउनेछ।

### बाइबल अध्ययन

राम्रो अध्ययन बाइबलमा टिप्पणी, बाइबल संक्षिप्त सन्दर्भ पुस्तिका, शब्दानुक्रमणिका र मानचित्रहरू सबै हुन्छ। टिप्पणीले लेखकहरूका ईश्वरशास्त्री पूर्वाग्रहरूलाई दर्साउने भएकोले, तपाईं होसियार हुनुपर्छ। यद्यपि, तपाईंको अध्ययनको लागि अध्ययन बाइबल एउटा राम्रो सुरुवात बिन्दु हो।

*थम्प्सन चेन रेफ्रेन्स बाइबल* क्रिकब्राइड न्यापिड्स कम्पनी।

*थम्प्सन चेन रेफ्रेन्स बाइबल* एक सय वर्षभन्दा अघि पहिलो पटक प्रकाशित भएको थियो र यसलाई हजारौं बाइबलका विद्यार्थीहरूले प्रयोग गरेका छन्। *थम्प्सन चेन रेफ्रेन्स बाइबल* मा कुनै टिप्पणी पाइँदैन; बरु, यसले अध्ययनको शिर्षकमा तपाईंलाई मार्गनिर्देश गर्न एउटा गणनाको प्रणाली प्रयोग गर्छ। मलाई लाग्छ तपाईंले किन्न सक्ने यो सबैभन्दा बहुमूल्य संसाधन हो। (तपाईंले थम्प्सन बाइबलमा प्रयोग गरिएका शिर्षकहरूको शृङ्खलालाई यहाँ देख्न सक्नुहुन्छ www.studylight.org/con/tcr/.)

*लाइफ एप्लिकेसन स्टडी बाइबल* ग्रयाण्ड न्यापिड्स: जन्डर्भान।

*लाइफ एप्लिकेसन स्टडी बाइबल* मा हेरक पुस्तकको संक्षिप्त विवरण, एकल पदहरूका नोटहरू, बाइबलका पत्रहरूका तस्बीरहरू, नक्साचित्र र शब्दानुक्रमणिका समाविष्ट छन्। यो *किङ जेम्स, न्यू अमेरिकन स्ट्यान्डर्ड, न्यू इन्टरनेश्नल र न्यू लिभिङ ट्रान्सलेसन* जस्ता संस्करणहरूमा उपलब्ध छ।

### बाइबल टिप्पणीहरू

एक भोल्युममा सीमित टिप्पणीले बाइबलको प्रत्येक पुस्तकमाथिको व्यक्तिगत भोल्युमहरूको गहिराइ (वा लागत) विना प्रत्येक पदका नोटहरू प्रदान गर्छ। तपाईंले आफ्नो पुस्तकालय निर्माण गर्दैगर्दा, तपाईंले प्रत्येक पुस्तकहरूमाथिको व्यक्तिगत टिप्पणीहरू जोड चाहनुहुन्छ होला, तपाईं एक भोल्युममा सीमित टिप्पणीबाट सुरु गर्न चाहनुहुन्छ होला।

| |
|---|
| *न्यू बाइबल कमेन्ट्री* डाउनर्स ग्रोभ: इन्टरभार्सिटी प्रेस, १९९४।<br><br>यस मान्य टिप्पणीले हरेक पुस्तकको परिचय दिन्छ र यसमा धर्मशास्त्रको हरेक खण्डको टिप्पणी छ। |
| *एडम क्लर्क कमेन्ट्री अन द बाइबल*<br><br>यो एकल भोल्युम टिप्पणी होइन। यद्यपि, यसको नि:शुल्क संस्करण अनलाइनमा उपलब्ध छ www.studylight.org/com/acc एडम क्लर्क जोन वेस्लीको समकालीन थिए। उनी एक प्रतिशाली विद्वान् र धार्मिक व्यक्ति थिए। उनको टिप्पणीले थुप्रै पुस्ताका प्रचारकहरू र बाइबल शिक्षकहरूमा प्रभाव पारेको छ। |

## बाइबल पृष्ठभूमि

टिप्पणीहरू र बाइबल पृष्ठभूमिका पुस्तकहरूले बाइबलको सांस्कृतिक र ऐतिहासिक सन्दर्भ प्रदान गर्छ। बाइबलीय संसारको रहनसहनको बुझाइले तपाईंलाई धर्मशास्त्रको सन्देशबारे एउटा राम्रो बुझाइ प्रदान गर्नेछ।

उदाहरणको लागि, येशुका दृष्टान्तहरू उहाँको समयका सांस्कृतिक अभ्यासहरूमा आधारित छन्; पेन्टाटुकले अक्सर इस्राएलका छिमेकीहरूको मूर्तिपूजक अभ्यासप्रति प्रतिक्रिया जनाउँछ; पावलका लेखहरूले बहुईश्वरमा विश्वास गर्ने संसारमा जिइराखेका ख्रीष्टियानहरूलाई सम्बोधन गर्छन्। जब हामीले यो पृष्ठभूमिलाई बुझ्छौं, हामी धर्मशास्त्रको शिक्षालाई व्याख्या गर्न अरू बढी सुसज्जित हुन्छौं।

| पुरानो करार |
|---|
| जोन एच. वाल्टन, भिक्टोर एच. म्याथ्युज्, र मार्क डब्लू. चाभालास। *द आइ.भि.पि. बाइबल ब्याकग्राउण्ड कमेन्ट्री: पुरानो करार* डाउनर्स ग्रोभ: इन्टरभार्सिटी प्रेस, २०००। |
| युजिन एच. मेरिल। *किङडम अफ प्रिस्ट्स: ए हिस्ट्री अफ ओल्ड* एडिए: बेकर, १९८७। |
| **नयाँ करार** |
| क्रेग एस. किनर *द आइ.भि.पि. बाइबल ब्याकग्राउण्ड कमेन्ट्री: न्यू टेष्टामेन्ट* डाउनर्स ग्रोभ: इन्टरभार्सिटी प्रेस, १९९३। |
| एभर्रेट फर्गुसन *ब्याकग्राउण्ड्स अफ अर्ली क्रिष्टयानिटी* ग्र्याण्ड र्‍यापिड्स: एर्डम्यान्स, २००३। |

## निष्कर्ष

मेरो बुबा अख्रीष्टियान घरमा हुर्कनु भएको थियो, र उहाँले बाइबल कलेज जाने अवसर पाउनुभएन। बुबासँग कलेजको शिक्षा थिएन, तर उहाँले प्रचार गर्ने बोलावट पाउनुभएपछि, उहाँले सत्यको वचनलाई ठीकसँग प्रयोग गर्न चाहनुभयो।[१६९]

मेरो बुबाले आफ्नो मण्डलीको सेवा गर्न उहाँले एउटा राम्रो उपकरण बाकस निर्माण गर्नुपर्छ भन्ने बुझ्नुभएको थियो। करिब पचास वर्षको सेवाकाइभर, उहाँले आफ्नो उपकरण बाकस विस्तार गर्ने काम गर्नुभयो। उहाँले स-साना मण्डलीहरूमा सेवा गर्नुभयो र ठुलो पुस्तकालयको लागि उहाँसँग पैसा थिएन। यद्यपि, धेरै वर्ष लगाएर उहाँले एउटा पुस्तकालय निर्माण गर्नुभयो जसमा यहाँ मैले उल्लेख गरेका किताबहरू छन्।

सबैभन्दा महत्त्वपूर्ण कुरा, मेरो बुबाले आफ्नो पुस्तकालयका किताबहरूको प्रयोग गर्नुभयो। यदि उपकरण बाकसको बिर्को खिया लागेको बन्द अवस्थामा छ भने त्यसले केही फाइदा पुऱ्याउँदैन! सजाउनको लागि किताबहरू नकिन्नुहोस्; तिनीहरूलाई पढ्न किन्नुहोस्। मेरो बुबाले साप्ताहिक रूपमा आफ्नो *स्ट्रङ्ग्स् कन्कर्डेन्स* प्रयोग गर्नुभयो। उहाँको *हालीज् बाइबल ह्याण्डबुक* धेरै प्रयोग गरिएकोले थोत्रो भएको थियो। उहाँले हिब्रू र ग्रीक शब्दहरूबारे सिक्न प्राय: *भाइन्स बाइबल डिक्सनरी* मा हेर्नुभयो। उहाँलाई *थम्प्सन चेन रेफ्रेन्स बाइबल* मन पर्थ्यो र उहाँले प्रचार गर्नुभएको हरेक वचनको लागि उहाँले *एडम क्लर्क कमेन्ट्री* अध्ययन गर्नुभयो।

मेरो बुबाले कहिल्यै कलेजको डिप्लोमा लिनु नभए तापनि, उहाँ साँचो बाइबलको विद्यार्थी हुनुहुन्थ्यो। उहाँले आफ्नो मण्डलीको प्रभावकारी रूपमा सेवा गर्न यी संसाधनहरूको प्रयोग गर्नुभयो। तपाईंले यस अध्यायका संसाधनहरूलाई प्रभावकारी सेवाकाइको लागि तपाईंको उपकरण बाकस निर्माण गर्न प्रयोग गर्नुहुनेछ भन्ने मलाई आशा छ।

---

१६९ २ तिमोथी २:१५

**पाठ १०**

# सबै कुरालाई एकै ठाउँमा ल्याउनु

### पाठका उद्देश्यहरू

१. छानिएको धर्मशास्त्रको खण्डहरूको व्याख्याको कदमहरूलाई व्यावहारिक रूपमा प्रयोग गर्ने अभ्यास गर्नु ।

२. बाइबल खण्डको विस्तृत अध्ययन गर्दै कागज वा मौखिक प्रस्तुतिको तयारी गर्नु ।

## परिचय

यस पाठ्यपुस्तकमा हामीले अवलोकन, व्याख्या र व्यावहारिक प्रयोगका कदमहरूलाई हेरेका छौं । हामीले व्याख्या गर्दा जोगिने पर्ने खतराहरूलाई हेरेका छौं । हामीले धर्मशास्त्रको अध्ययन गर्दा पछ्याउनुपर्ने महत्त्वपूर्ण नियमहरूबारे सिकेका छौं । बाइबल अनुवादकको रूपमा तपाईंको उपकरण बाकसमा हुनुपर्ने औजारहरूलाई हामीले हेरेका छौं । पालैपालो प्रत्येक कदमलाई हामीले अभ्यास गरेका छौं ।


यो अन्तिम पाठमा हामी सबै कुरालाई एकै ठाउँमा ल्याउनेछौं । यो पाठ दुई वटा खण्डहरूमा विभाजित छ । यो पाठको पहिलो खण्डमा हामी धर्मशास्त्रको दुई खास विधाहरूमा व्याख्याको यात्राले कसरी काम गर्छ भनेर हेर्नेछौं ।[१७०] तपाईंले पुरानो र नयाँ करारका खण्डहरू दुवैमा यी कदमहरूलाई अभ्यास गर्ने अवसर पाउनुहुनेछ ।

यो पाठको दोस्रो खण्डमा तपाईंले कुनै एउटा धर्मशास्त्रको खण्डमा यी सम्पूर्ण प्रक्रियालाई लागू गर्नुहुनेछ । पाठ एकमा तपाईंले छान्नुभएको खण्डलाई प्रयोग गरेर तपाईंले एउटा अध्ययन तयार गर्नुहुन्छ जसमा तपाईं व्याख्या प्रक्रियाको प्रत्येक कदम मार्फत अघि बढ्नुहुन्छ ।

---

१७० यस खण्डको धेरैजसो सामग्रीहरू जे. स्कट ड्युभाल र जे. दानिएल हेज्को *ग्र्यास्पिङ गड्स वर्ड: ए ह्याण्ड्स-अन एप्रोच टु रिडिङ, इन्टरप्रेटिङ, एण्ड एप्लाइङ द बाइबल* (ग्र्याण्ड र्यापिड्स: जोन्डर्भान, २०१२) बाट लिएको हो ।

## व्याख्याको यात्रा[१७१]




| | | |
|---|---|---|
| १ | **तिनीहरूका नगर** | धर्मशास्त्रको मूल सन्देश |
| २ | **नदी** | ऐतिहासिक-सांस्कृतिक भिन्नताहरू जसले प्राचीन संसारलाई हाम्रो संसारबाट छुट्याउँछ |
| ३ | **साँघु** | पढिएको खण्डमा सिकाइएको सिद्धान्त |
| ४ | **मानचित्र** | (पुरानो करारका खण्डरूका) नयाँ करारसँगको सम्बन्ध |
| ५ | **हाम्रो नगर** | हाम्रो संसारमा यस सिद्धान्तको व्यावहारिक प्रयोग |

## व्याख्याको यात्रा नयाँ करारका पत्रहरू

अधिकांश नयाँ करार पत्रहरूको स्वरूपमा छ । पावलका पत्रहरू मण्डलीहरू र पास्टरहरूलाई लेखिएका थिए । याकूब, पत्रुस, यूहन्ना र यूहदाले मण्डलीहरूलाई पत्रहरू लेखे । ती पत्रहरू बीच भिन्नताहरू भए तापनि, तिनीहरूमा केही विशेषताहरू भने साझा छन् । नयाँ करारका पत्रहरू:

१. **आख्तियारपूर्ण ।** नयाँ करारका पत्रहरू तिनीहरूका लेखकको उपस्थितिको विकल्प थिए । पत्रले लेखकको अख्तियारको प्रतिनिधित्व गर्यो; प्राय: यो अख्तियारबारे शुरूवाती पदहरूमा भनिएको हुन्थ्यो ।[१७२]

---

१७१ जे. स्कट ड्युभाल र जे. दानिएल हेज्को किताब *ग्र्यास्पिङ गड्स वर्ड, थर्ड इडिसन* बाट लिइएका तस्बीरहरू । जे.दानिएल हेज्मा प्रतिलिपि अधिकार © २०१२ सुरक्षित । हार्परकोलिन्स ख्रीष्टियन पब्लिसिङसँग स्वीकृति लिएर प्रयोग गरिएको । https://www.harpercollinschristian.com

१७२ उदाहरणको लागि, एफिसी १:१ ले पावलको प्रेरितीय अख्तियारको बारेमा बताउँछ: "पावल, परमेश्वरको इच्छाद्वारा येशु ख्रीष्टको प्रेरित ।"

२. **परिस्थिति अनुरूप।** नयाँ करारका पत्रहरूले प्राय: विशेष परिस्थितिहरू वा समस्याहरूलाई सम्बोधन गरे। उदाहरणको लागि, गलातीको पत्र विधिपरायणवाद जोखिममा परेको मण्डलीलाई लेखिएको थियो। पावलले ख्रीष्टमा प्राप्त हाम्रो स्वतन्त्रतालाई जोड दिए। यसको ठीक विपरीत, कोरिन्थीको मण्डलीले घोर अनैतिकता सहने हदसम्म स्वतन्त्रता लिइरहेका थिए। १ कोरिन्थीमा पावलले आज्ञा पालन प्रतिको हाम्रो जिम्मेवारीलाई जोड दिन्छन्।

३. **विश्वासीहरूलाई गरिएको सम्बोधन।** नयाँ करारका पत्रहरूका प्रतिज्ञाहरू परमेश्वरको छोराछोरीहरूलाई गरिएका प्रतिज्ञाहरू हुन्। जब हामी पवित्र हुने पावलका आज्ञाहरूबारे पढ्छौं, हामीले यी आज्ञाहरू विश्वासीहरूलाई दिएका हुन् भन्ने याद राख्नुपर्छ। अविश्वासी आफ्नै शक्तिमा पवित्र हुन सक्छ भनेर पावलले अनुमान लगाउँदैनन्; परमेश्वरको अनुग्रहले मात्र हामी पवित्र हुन्छौं। यी ख्रीष्टियानहरूलाई लेखिएका पत्रहरू हुन्।

**नयाँ करारका पत्रहरूको संरचना**

**परिचय**

- लेखकको नाउँ र दर्जा
- प्रापकहरू
- अभिवादन
- आरम्भिक प्रार्थना

**मुख्य भाग** (पत्रको मुख्य सन्देश)

**निष्कर्ष** (यसमा यी सामग्रीहरू पर्छन्, जस्तै)

- यात्राका योजनाहरू (तीतस ३:१२)
- प्रशंसा र अभिवादनहरू (रोमी १६)
- अन्तिम निर्देशहरू (कलस्सी ४:१६-१७)
- आशिषको प्रार्थना (एफिसी ६:२३-२४)
- परमेश्वरको स्तुतिगान (यहूदा २४-२५)

नयाँ करारका पत्रहरूलाई व्याख्या गर्दा, हामीले पत्रको बारेमा हर सम्भव अवलोकन गरेर सुरु गर्छौं, यसको सन्देश सुनिश्चित गर्न हामी निरन्तर त्यस पत्रको अध्ययन गर्छौं र हाम्रो संसारमा त्यसका सिद्धान्तहरूलाई व्यावहारिक रूपमा लागू गरेर अन्त्य गर्छौं। व्याख्याको यो यात्राले हामीलाई प्रथम प्रापकहरूको संसारबाट आधुनिक पाठकको संसारमा लैजान्छ।

## अवलोकन

जब तपाईंले कुनै साथीको चिठ्ठी पाउनुहुन्छ, तपाईंले सोमवार एक अनुच्छेद, मंगलवार अर्को अनुच्छेद गर्दै थोरथरै गरेर पढ्नु हुन्न। बरु, तपाईं एक ठाउँमा बस्नुहोस् र पुरै पत्र पढ्नुहोस्। यसैगरी पावलका पत्रहरू पढ्नुहोस्। पावलको सन्देशको संक्षिप्त विवरण पाउन पुरै पत्रहरूलाई पढ्नुहोस्। जब तपाईंले पढ्नुहुन्छ, हामीले पाठ २ र ३ मा सिकेका प्रश्नहरू सोध्दै अवलोकनहरूको एउटा सूची बनाउनुहोस्। जति विस्तृत रूपमा तपाईंले अवलोकन गर्नुहुन्छ, पत्रको व्याख्या गर्न तपाईं त्यति नै सुसज्जित हुनुहुन्छ।

## व्याख्या

तपाईंले पुरै पत्र पढिसकेपछि, स-साना खण्डहरू अध्ययन गर्न तपाईं तयार हुनुहुन्छ। तपाईंले पूर्ण खण्डहरू अध्ययन गर्नको लागि अनुच्छेदहरूलाई चिनो लगाउनुहोस्। एउटा अनुच्छेदमा केही पदहरू हुन सक्छन्, वा यसमा पुरै एक अध्याय पनि हुन सक्छ। तपाईंले समग्रमा पुरै खण्डलाई नै अध्ययन गर्न चाहनुहुन्छ। पत्रको व्याख्यामा तीन वटा प्रमुख प्रश्नहरू हुन्छन्:

**१. प्रथम पाठकका लागि यो खण्डको अर्थ के थियो?**

यसको उत्तर दिन, तपाईंले पाठ ९ का औजारहरूको प्रयोग गरेर यस्ता प्रश्नहरूको उत्तर दिनुहुनेछ:

- लेखक र उनका पाठकहरू बीचको सम्बन्ध कस्तो थियो?
- के कस्ता परिस्थितिहरूले यो पत्र लेख्न अभिप्रेरित गर्यो?
- यस खण्डमा महत्त्वपूर्ण शब्दहरू के-के छन्? ती शब्दहरूमाथि शब्द अध्ययन गर्नुहोस्।

**२. बाइबलीय पाठक र हाम्रो संसार बीच के भिन्नताहरू छन्?**

यसको उत्तर दिन, त्यस खण्डको ऐतिहासिक-सांस्कृतिक सन्दर्भलाई केलाउनुहोस्। मौलिक संस्कृतिको बारेमा अध्ययन गर्न र त्यस बेलाको संसारको बारेमा सक्दो जान्न बाइबल शब्दकोशको प्रयोग गर्नुहोस्। यसले तपाईंलाई तिनीहरूका र हाम्रो संसार बीच तुलना गर्न सक्षम बनाउँछ।

**३. यस खण्डमा कस्ता सिद्धान्तहरू सिकाइएका छन्?**

व्याख्याको लागि यो एउटा मुख्य प्रश्न हो। बाइबलीय सिद्धान्त विश्वव्यापी छ; यो कुनै एउटा सांस्कृतिक सन्दर्भमा सीमित छैन। १-२ वटा वाक्यहरूमा यो सिद्धान्तलाई बताउनुहोस्।

तपाईंले पाउनुभएका सिद्धान्तहरू धर्मशास्त्र सङ्गत छन् कि छैनन् भन्ने सुनिश्चित गर्न, यी प्रश्नहरू सोध्नुहोस्:

- के यस खण्डमा यो सिद्धान्त स्पष्टसँग सिकाइएको छ?
- के यो सिद्धान्त विश्वव्यापी छ? के यो सबै समय र मानिसहरूका लागि सत्य छ?
- के यो सिद्धान्त धर्मशास्त्रको बाँकी भागसँग सुसङ्गत छ?

## व्यावहारिक प्रयोग

अन्त्यमा, त्यस सिद्धान्तलाई हाम्रो संसारमा व्यावहारिक रूपमा लागू गर्नुहोस्। स्मरण रहोस् कि कदम २ मा तपाईंले पाउनुभएको सिद्धान्तलाई विभिन्न तरिकाहरूमा लागू गर्न सकिन्छ। यस कदममा, हरेक दिन परमेश्वरको वचनअनुसार जिउनमा तपाईंलाई अगुवाइ गर्न पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्।

## आउनुहोस् अभ्यास गरौं।

व्याख्याको यस यात्रामा हिब्रू १२:१-२ लाई लिँऔ।

## अवलोकन

यी पदहरू बारेका अवलोकनहरूको एउटा सूची बनाउनुहोस्। यदि तपाईं कुनै समूहमा अध्ययन गर्दै हुनुहुन्छ, तपाईंका अवलोकनहरूबारे छलफल गर्नुहोस्। तपाईंले सोध्नुपर्ने प्रश्नहरू यस्ता छन्:

- यी पदहरूभन्दा ठीक अघि के आयो? *यसकारण* ले अघिल्लो खण्डलाई औंल्याउँछ।
- यी पदहरूमा *हामीलाई* र *हाम्रा* भनेको को हो? के तिनीहरू विश्वासीहरू हुन् वा अविश्वासीहरू हुन्?
- *साक्षीहरूको बादल* भनेको को हुन्? तपाईंले उत्तर पहिलो प्रश्नसँग सम्बन्धित हुनेछ।
- यस खण्डमा तपाईंले सोध्न सक्ने अरू प्रश्नहरूको एउटा सूची बनाउनुहोस्।

## व्याख्या

### १. प्रथम पाठकहरूका लागि यो खण्डको अर्थ के थियो?

तपाईंले हिब्रू पढ्नुहुँदा, तपाईंले थाहा गर्नुहुन्छ कि यी विश्वासीहरू यहूदी पृष्ठभूमिका थिए। तिनीहरू सतावटका कारण निरास थिए र यहूदी परम्पराहरूमा फर्केर जान परिक्षित हुँदै थिए। यसका लेखकले तिनीहरूलाई आफ्नो विश्वासमा अडिक रहन प्रोत्साहन दिन्छन्। उनले आफ्ना पाठकहरूलाई यस्तो प्रोत्साहन दिन्छन्:

- यसका लेखकले ख्रीष्टयान जीवनको चित्रण गर्न दौडलाई एउटा रूपकको प्रयोग गर्छन्। दौडको लागि खास प्रतिवद्धताहरू चाहिन्छ:
    - तिनीहरूलाई बाधा दिने कुनै पनि कुराहरूलाई तिनीहरूले पन्छ्याउनुपर्छ।
    - तिनीहरू दौडमा कायम रहिरहनुपर्छ; यो छोटो दुरीको दौड नभई, म्याराथन हो।
    - तिनीहरू आफू सहभागी भएको वा दौड्न लागेको दौड दौडनैपर्छ। तिनीहरू अर्कै ट्र्याकमा दौडन सक्दैनन्।[१७३]
- यसका लेखकले विश्वासयोग्य रहन दुई वटा ठुला प्रोत्साहनहरू दिन्छन्:
    - साक्षीहरूको एउटा ठुलो बादलले दौड पूरा गरिसकेको छ।
    - येशुले क्रूसलाई सहनुभयो र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बसेर हाम्रो निम्ति मध्यस्थता गर्नुहुन्छ।

मूल पाठकको लागि हामीले हिब्रूका १२:१-२ को सन्देशलाई संक्षेप गर्न सक्छौं। "दौडको चित्रण प्रयोग गरेर यसका लेखकले आफ्ना पाठकहरूलाई ख्रीष्ट प्रतिको तिनीहरूका प्रतिवद्धतामा कायम रहिरहनलाई चुनौती दिन्छन्। विगतका परमेश्वरका सेवकहरू र येशुको उदाहरणहरूले देखाउँछ कि यसका पाठहरूले सफलतापूर्वक आफ्नो दौड पूरा गर्न सक्छन्।"

### २. बाइबलीय पाठक र हाम्रो संसार बीच के भिन्नताहरू छन्?

- आजका धेरैजसो ख्रीष्टियानहरू यहूदीधर्मबाट धर्मपरिवर्तन गरेर आएका होइनन्।
- आजका धेरै ख्रीष्टियानहरूले शारीरिक सतावटको सामना गर्नु पर्दैन।

---

१७३ ती विश्वासीहरू यहूदीधर्मको "सजिलो" बाटो लिनलाई परिक्षित भएका थिए।

**३. यस खण्डमा कस्ता सिद्धान्तहरू सिकाइएका छन्?**

हिब्रू १२:१-२ मा तपाईंले कम्तिमा पनि तीन वटा सिद्धान्तहरू पाउन सक्नुहुन्छ:

- ख्रीष्टियान जीवनको लागि प्रयास र सहनशीलता चाहिन्छ। हिब्रूको पुस्तकले देखाउँछ कि यदि म सहनशीलताका साथ दौडिनँ भने **दौडमा असफल हुने सम्भावना हुन्छ।**
- विगतका परमेश्वरका सेवकहरूले हाम्रो ख्रीष्टियान दौडमा हामीलाई हौसला दिन्छन्। हिब्रूको पुस्तकले देखाउँछ कि येशु ख्रीष्टको अनुग्रहद्वारा **दौड पूरा गर्न सम्भावना छ।**
- ख्रीष्टियान दौड पूरा गर्न, हाम्रो प्रगतिमा बाधा पुऱ्याउने सबै कुरालाई अस्वीकार गर्नुपर्छ र येशु र उहाँको उदाहरणमा केन्द्रित हुनुपर्छ।

## व्यावहारिक प्रयोग

यस कदममा हामी सोध्छौं, "मेरो जीवनमा यो सिद्धान्तलाई म कसरी लागू गर्नेछु?" यो कदममा विस्तृत हुनुहोस्। उदाहरणको लागि, मैले सूचीकृत गरेको पहिलो सिद्धान्त भनेको दौड पूरा गर्नको निम्ति आवश्यक प्रयास र सहनशीलता थियो। यस व्यावहारिक प्रयोगको कदममा, मैले यस्तो लेख्न सक्छु:

> म आराधना सङ्गतिमा, दैनिक प्रार्थना र बाइबल अध्ययनमा सधैं सहभागी हुँदै र परीक्षामाथि विजय हुन परमेश्वरको अनुग्रहको खोजी गर्दै हिब्रू १२:१-२ अनुसार जीवन जिउनेछु।

## तपाईंको पालो

यी खण्डहरूमध्ये एकलाई व्याख्याको यात्रामा लिनुहोस्। तपाईंको समूहका अन्य सदस्यहरूलाई तपाईंका निष्कर्षहरू बताउनुहोस्।

- रोमी ८:२६-२७
- गलाती ५:१६-१८
- कलस्सी ३:१-४
- १ पत्रुस ५:६-७

## व्याख्याको यात्रा: पुरानो करारको व्यवस्था

अधिकांश पेन्टाटुकको भाग व्यवस्थाले ओगटेको छ। यहूदी धर्मगुरुहरूले *तोरह* मा ६१३ वटा आज्ञाहरूलाई सूचीकृत गरे। आज पनि यी मध्ये धेरै व्यवस्था स्पष्ट रूपमा लागू हुन्छन्।

- "हत्या नगर्नू" (प्रस्थान २०:१३)।
- "आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर" (लेवी १९:१८)।

अन्य व्यवस्थाको उद्देश्य भने त्यति स्पष्ट छैन।

- "तिमीहरूले दुई किसिमका धागो मिसिएको लुगा नलगाओ" (लेवी १९:१९, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*)।
- "सुँगुर... ती तिमीहरूका लागि अशुद्ध हुन्। तिनीहरूको मासु नखानू, तिनीहरूको सिनु नछुनू" (व्यवस्था १४:८, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*)

अर्को पाठ्यपुस्तकमा, हामीले नयाँ करारको विश्वासीको लागि पुरानो करारको व्यवस्थाको उपयोगितालाई अध्ययन गरेका

छौं ।[१७४] यस पाठमा हामी पुरानो करारको व्यवस्थालाई व्याख्या गर्ने अभ्यास गर्ने छौं ।

## अवलोकन

तपाईंले पाठहरू २ र ३ मा सिक्नुभएका कलाहरूको प्रयोग गरेर खण्डलाई पढ्नुहोस् र हर सम्भव अवलोकन गर्नुहोस । तपाईंले अध्ययन गरिरहनुभएको व्यवस्थाको वृहत् सन्दर्भमाथि विचार गर्नुहोस । वरिपरिको कथनलाई विचार गर्नुहोस । व्यवस्था यसको तात्कालिक सन्दर्भमा कसरी मेल खान्छ?

## व्याख्या

तपाईंको अवलोकनहरूको आधारमा व्यवस्थाको व्याख्या गर्नुहोस् र आजको लागि यसको सन्देश पत्ता लगाउनुहोस । सोध्नुहोस्:

**१. प्रथम पाठकका लागि यो खण्डको अर्थ के थियो?**

इस्राएलले व्यवस्थालाई कसरी व्याख्या गर्थ्यो भनेर बुझ्न, यस्ता प्रश्नहरू सोध्नुहोस्:

- के उजाड-स्थान (प्रस्थान, लेवी)का मानिसहरू वा तिनीहरू प्रतिज्ञाको देशमा प्रवेश गर्ने तयारी गरिरहेका छन् (व्यवस्था)?
- के व्यवस्था र त्यसको वरपरका पदहरू बीच कुनै सम्बन्ध छ?
- के व्यवस्था इस्राएलको इतिहाससित सम्बन्धित कुनै खास परिस्थिति प्रतिको प्रतिक्रिया हो?
- के व्यवस्था इस्राएलको कृषि सम्बन्धीको परिवेशसँग सम्बन्धित छ?
- के व्यवस्था पुरानो करारको बलि प्रथासँग सम्बन्धित छ?

**२. बाइबलीय पाठक र हाम्रो संसार बीच के भिन्नताहरू छन्?**

हाम्रो संसार र नयाँ करारका पत्रहरूमा हामीले देखेका भिन्नताहरू भन्दा पनि बढी भिन्नताहरू पुरानो करारमा छन। उदाहरणको लागि:

- अहिले हामी यरूशलेमको मन्दिरमा जाँदैनौं; पवित्र आत्मा प्रत्येक विश्वासीमा निवास गर्नुहुन्छ ।
- हामी बलिहरू चढाएर परमेश्वरकहाँ जाँदैनौं; सबैका लागि एकै चोटि ख्रीष्ट मर्नुभयो ।[१७५]
- हामी ईश्वरतन्त्रको अधीनमा बाँचिरहेका छैनौं;[१७६] हामी संसारिक सरकारहरूको अधीनमा बाँचिरहेका छौं ।

**३. यस खण्डमा कस्ता सिद्धान्तहरू सिकाइएका छन्?**

पुरानो करारको व्यवस्थाको ठोस व्यावहारिक प्रयोग परिवर्तन भए तापनि, हामी त्यस व्यवस्थाले सिकाएको विश्वव्यापी सिद्धान्तलाई खोज्छौं । यो त्यो साँघु हो जसले धर्मशास्त्रलाई यसको प्राचीन परिवेशबाट आधुनिक संसारमा ल्याउँछ । यो सिद्धान्त पुरानो करारको पाठक र समकालीन पाठक दुवैका लागि सान्दर्भिक हुन्छ ।

---

१७४ सेफर्ड्स ग्लोबल क्लासरूमको पाठ्यपुस्तक, *पुरानो करारको खोज,* पाठ ३ लाई हेर्नुहोस ।

१७५ हिब्रू १०:१०

१७६ *ईश्वरतन्त्र* भनेको परमेश्वरको प्रत्यक्ष शासन हो ।

यो सिद्धान्तलाई १-२ वाक्यहरूमा बताउनुहोस्। यो सिद्धान्त साँच्चिकै बाइबलीय छ कि छैन भनेर सुनिश्चित गर्न, यी प्रश्नहरू सोध्नुहोस्:

- के यस खण्डमा यो सिद्धान्त स्पष्टसँग सिकाइएको छ?
- के यो सबै समय र मानिसहरूका लागि सत्य छ?
- के यो सिद्धान्त धर्मशास्त्रको बाँकी भागसँग सुसङ्गत छ?

**४. के नयाँ करारले यस सिद्धान्तलाई कुनै किसिमले परिमार्जन गर्छ?**

हामीले पुरानो करारका खण्डहरू अध्ययन गर्दा व्याख्याको प्रक्रियामा यो प्रश्नलाई थप्नुपर्छ। यदि मैले पुरानो करारको खण्डमा एउटा विश्वव्यापी सिद्धान्त भेटेँ भने, त्यो सिद्धान्त आज पनि लागू हुन्छ। यद्यपि, नयाँ करारले यसको व्यावहारिक प्रयोग पुरानो करारको समयभन्दा फरक छ भनेर देखाउन सक्छ।

उदाहरणको लागि, प्रस्थान २०:१४ को आज्ञा “व्यभिचार नगर्नू” लाई लिँऔ। डाँडाको उपदेशमा येशुले यसलाई केवल क्रियाकलापहरूमा मात्र नभई, विचारमा समेत लागू गर्न विस्तार गर्नुहुन्छ।[१७७] येशुको शिक्षाले प्रस्थान २० को यो सिद्धान्तलाई रद्द गर्दैन; यसले यसको व्यावहारिक प्रयोगलाई झनै प्रगाढ बनाउँछ।

## व्यावहारिक प्रयोग

यस कदममा तपाईंले पुरानो करारको व्यवस्थामा बताइएको यो सिद्धान्त आजको विश्वासीको जीवनमा व्यावहारिक रूपमा लागू हुनेछ भन्ने प्रश्न सोध्नुहुन्छ।

## आउनुहोस् अभ्यास गरौं

यस व्याख्याको यात्रामा व्यवस्था १४:८ लाई लिउँ।

## अवलोकन

एउटा पदको लागि, तपाईंसँग केही अवलोकनहरू हुन सक्छ। यद्यपि, त्यसको सन्दर्भलाई ध्यान दिनु महत्त्वपूर्ण छ। व्यवस्था १४:२ मा देखिने सन्दर्भ महत्त्वपूर्ण छ। यो पद १४ अध्यायका सबै व्यवस्थाको प्रेरणा हो; संसारका सबै मानिहरूबाट अलग्गै जातिको रूपमा इस्राएल चिनिनुपर्छ।

## व्याख्या

**१. प्रथम पाठकका लागि यो खण्डको अर्थ के थियो?**

- एउटा यहूदीको लागि, अशुद्ध हुनुको मतलब के थियो?
- के अशुद्धताले नैतिक दोष बुझाउँथ्यो वा केवल प्रथा सम्बन्धी दोषलाई बुझाउँथ्यो?
- अशुद्धता हटाउन एउटा यहूदीले के गर्नुपर्थ्यो?[१७८]

---

१७७ मत्ती ५:२८

१७८ तपाईंले बाइबल शब्दकोशमा “अशुद्ध” शब्द हेरेर यसबारे अध्ययन गर्न सक्नुहुन्छ।

प्रथम पाठकको लागि हामीले व्यवस्था १४:८ को सन्देशलाई संक्षेप गर्न सक्छौं: इस्राएल परमेश्वरको निम्ति अलग गरिएको पवित्र जाति भएकोले (१४:२), तिनीहरूले अन्य मानिसहरूमा सामान्य मानिने थुप्रै खानेकुराहरू र अभ्यासहरूबाट टाढै रहनुपर्थ्यो। तिनीहरू पवित्र हुनुपर्थ्यो; त्यस्ता खानेकुराहरूले तिनीहरूलाई त्यसबेलासम्म रीति पूर्वक अशुद्ध बनाउँथ्यो जबसम्म तिनीहरू शुद्धि हुने प्रथाद्वारा चोखिँदैनथ्ये।

**२. बाइबलीय पाठक र हाम्रो संसार बीच के भिन्नताहरू छन्?**

नयाँ करार अन्तर्गत, अब हामी मोशाको व्यवस्थाको खास प्रयोगहरू अनुसार जिउँदैनौं।

**३. यस खण्डमा कस्ता सिद्धान्तहरू सिकाइएका छन्?**

मुख्य सिद्धान्त पवित्रता हो (व्यवस्था १४:२), पवित्र परमेश्वरले आफ्ना मानिसहरूलाई पवित्र हुन बोलाउनुहुन्छ। परमेश्वरका मानिसहरूले पाप र सबै अशुद्ध कुराहरूबाट अलग बस्नुपर्छ।

**४. के नयाँ करारले यस सिद्धान्तलाई कुनै किसिमले परिमार्जन गर्छ?**

मर्कूस ७:१५-२३ मा हामीले खाएको खानेकुराले हामीलाई अशुद्ध बनाउँदैन; अशुद्ध मानिसभित्रबाट आउने दुष्ट विचारहरू र इच्छाहरूले अशुद्ध बनाउँछ भनेर येशुले सिकाउनुभयो। यसलाई प्रेरित १०:१०-१६ मा थप समर्थन गरिएको छ।

## व्यावहारिक प्रयोग

येशुको शिक्षाको प्रकाशमा पुरानो करारको व्यवस्थाको व्याख्याले के देखाउँछ भने दुषित मनलाई उक्साउने जुनसुकै कुराले परमेश्वरले आफ्ना मानिसहरूलाई दिनुभएको अलग हुने आज्ञाको उल्लङ्घन गर्छ। यस व्यावहारिक प्रयोगको कदममा, म यसलाई यसरी लेख्न सक्छु:

> शुद्ध मनले परमेश्वरकहाँ जाने मेरो क्षमतामा बाधा पुऱ्याउने कुराहरूबाट टाढा रहँदै म व्यवस्था १४:८ को पालना गर्नेछु। म परमेश्वरको निम्ति अलग गरिएको व्यक्ति जसरी जिउनेछु। मेरो मनलाई अशुद्ध पार्ने कुनै पनि मनोरञ्जन, विचार वा पठन सामग्रीहरूबाट म टाढा बस्नेछु।

## तपाईंको पालो

यी खण्डहरूमध्ये एकलाई व्याख्याको यात्रामा लिनुहोस्। तपाईंको समूहका सदस्यहरूलाई तपाईंका निष्कर्षहरू बताउनुहोस्।

- लेवी २६:१
- लेवी २३:२२
- व्यवस्था २२:८
- लेवी २३:३

## अन्तिम गर्नुपर्ने कार्य

पाठ १ मा, दिइएका धर्मशास्त्रका खण्डहरूमध्ये एकलाई छान्नुहोस्।

- व्यवस्था ६:१-९
- यहोशू १:१-९
- मत्ती ६:२५-३४
- एफिसी ३:१४-२१
- कलस्सी ३:१-१६

अब तपाईंले व्याख्याको यात्राको प्रत्येक कदम अभ्यास गर्नुभएको छ, तपाईंले छान्नुभएको धर्मशास्त्रको गहन अध्ययन गर्नुहोस्। जब तपाईंले अध्ययन गरिसक्नुहुन्छ, तपाईंले आफ्नो अध्ययनलाई यी स्वरूपहरूमा तयार गर्नुहोस्:

१. यदि तपाईं समूहमा अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंका अवलोनकहरू देखाउने एउटा पाठ प्रस्तुत गर्नुहोस्, त्यस खण्डका सिद्धान्तहरूलाई सिकाउनुहोस् र आजका विश्वासीहरूमा त्यो खण्ड कसरी व्यावहारिक रूपमा लागू हुन्छ भनेर देखाउनुहोस्।

२. यदि तपाईं एक्लै अध्ययन गर्दै हुनुहुन्छ भने, ५-६ पृष्ठमा लेख्नुहोस् जसमा तपाईंले व्याख्याको यात्राको प्रत्येक कदमहरू देखाउनुहोस्।

# सिफारिस गरिएका संसाधनहरू

### पाठ १

यस पाठ्यपुस्तकभर प्रयोग गरिएका संसाधनहरूका सूची यहाँ छ।


बाइबल । *इङलिस स्ट्यान्डर्ड भर्सन*।

कार्सन, डि.ए. *एक्सेजेटिकल फलासिज्* (दोस्रो संस्करण) । एडिए: बेकर बुक्स, १९९६।

ड्युभाल, जे. स्कट र जे. दानिएल हेज। *ग्र्यापिङ गड्स वर्ड: ए ह्याण्ड-अन एप्रोच टु रिडिङ, इन्टरप्रेटिङ, एण्ड एप्लाइङ द बाइबल ।* ग्र्याण्ड र्यापिड्स: जोन्डर्भन, २०१२।

फि, गर्डन डि. र डगलस स्टुअर्ट। *हाउ टु रिड द बाइबल फर अल इट्स वर्थ*। ग्र्याण्ड र्यापिड्स: जोन्डर्भन, २००३।

हेन्ड्रिक्स, हवार्ड जि. र विलियम डि. हेन्ड्रिक्स। *लिभिङ बाइ दि बुक ।* सिकागो: मुडी प्रेस, २००७।

क्लेइन, विलियम डब्लू., क्रेग एल. ब्लमबर्ग, र रोबर्ट एल. हब्बर्ड, जुनियर, *इन्ट्रोडक्सन टु बिब्लिकल इन्टरप्रिटेसन ।* न्या-सभिल: थोमस नेल्सन, १९९३।

भिर्कलेर, हेनरी ए. र क्यारिलन अयायो। *हर्मन्यूटिक्स: प्रिन्सिपल्स एण्ड प्रोसेसेस अफ बिब्लिकल इन्टरप्रिटेसन*। एडिए: बेकर बुक्स, २००७

जक, रोय बि. *बेसिक बाइबल इन्टरप्रिटेसन* कोलोराडो स्प्रिङस्: डेबिड सि. कूक, १९९१।


### पाठ २

यी संसाधनहरू अनलाइनमा नि:शुल्क उपलब्ध छन्।

श्रव्य (अडियो) बाइबल। https://www.faithcomesbyhearing.com

बाइबल शब्दकोशहरू। https://www.biblestudytools.com/dictionaries/

बाइबल पढाइ योजना पात्रोहरू। https://www.bible.com

बाइबल संस्करणहरू। https://www.biblegateway.com

अनलाइन बाइबल मानचित्रहरू। https://www.bibleatlas.org

### पाठ ३

यी बाइबल व्याख्याका अनलाइन व्याख्यानहरूले तपाईंलाई बाइबल व्याख्याको गहन बुझाइ दिन सक्छ।

डा. वाल्टर मार्टिन। “Biblical Hermeneutics One by Dr. Walter Martin.” (बाइबलीय व्याख्याशास्त्र एक, डा. वाल्टर मार्टिन) https://www.youtube.com/watch?v=mJQGVzlLN-Yमा उपलब्ध छ।

सात मिनेट सेमिनारी। “Why Bible Background Matters.” (बाइबलको पृष्ठभूमिले किन महत्त्व राख्छ) https://www.youtube.com/watch?v=-wiIK८A२EFkमा उपलब्ध छ।

सात मिनेट सेमिनारी। “The Role of Archaeology in Biblical Studies.” (बाइबलसम्बन्धी अध्ययनहरूमा पुरा-तत्वको भूमिका) https://www.youtube.com/watch?v=Dm३HlLoNOakमा उपलब्ध छ।

# गर्नुपर्ने कार्यहरूका अभिलेख

**विद्यार्थीको नाम** ______________________________

प्रत्येक गर्नुपर्ने कार्य पूरा भएपछि चाल्नुपर्ने कदम। सेफड्‌र्स ग्लोबल क्लासरूमबाट प्रमाण-पत्र पाउनको लागि सबै गर्नुपर्ने कार्यहरू पूरा गर्नुपर्ने छ।

| पाठ | गर्नुपर्ने कार्यहरू | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| १० | | | | |

सेफड्‌र्स ग्लोबल क्लासरूमको शिक्षा पूरा गरेको प्रमाण-पत्रको निवेदनपत्रलाई हाम्रो वेवसाइटबाट भर्न सकिन्छ: www.shepherdsglobal.org. प्रमाण-पत्रहरू ए.जि.सि. को अध्यक्षबाट आफ्ना विद्यार्थी(हरू)को लागि निवेदनपत्र भरिदिने प्रशिक्षकहरू र सहजकर्ताहरूकहाँ विद्युतीय माध्यमबाट पठाइनेछ।

# उद्धृत धर्मशास्त्रका खण्डहरू


**उत्पत्ति १,** ३६, ३७
**उत्पत्ति २,** ३७
**उत्पत्ति ३,** २३
**उत्पत्ति १२-२५,** ४३
**उत्पत्ति १२-५०,** ४३
**उत्पत्ति १८,** १०६
**उत्पत्ति २५-२६,** ४३
**उत्पत्ति २७-३६,** ४३
**उत्पत्ति ३७,** ९६
**उत्पत्ति ३७-५०,** ४३

**प्रस्थान १,** ४३
**प्रस्थान ३,** ३७
**प्रस्थान १३,** ४३
**प्रस्थान १९,** ४३
**प्रस्थान २०,** १३५, १३६

**लेवी ११,** ११३
**लेवी १९,** १३५
**लेवी २३,** १३८
**लेवी २६,** १३८

**गन्ती १५,** १२३
**गन्ती २१,** ७२

**व्यवस्था ६,** १६, १३९
**व्यवस्था १४,** १३५, १३७, १३८
**व्यवस्था २२,** १३८

**यहोशू १,** १६, ३२, ४४, १३९
**यहोशू ६,** ४४
**यहोशू ७,** ४४
**यहोशू ९,** ४४
**यहोशू १०,** ४४
**यहोशू ११,** ४४
**यहोशू १३,** ४४
**यहोशू २४,** ४४

**यहोशू २१,** ६६, ७१

**रूथ १,** ६५

**१ शमूएल १-८,** ४३
**१ शमूएल ९-१२,** ४३
**१ शमूएल १३-३१,** ४३

**२ शमूएल १-१०,** ४३, ४३
**२ शमूएल ११,** ४०
**२ शमूएल ११-२४,** ४३
**२ शमूएल १२,** ७२, १००

**नहेम्याह १,** ३४, ३५, ३६, ४१
**नहेम्याह १-६,** ४०
**नहेम्याह २,** ३५
**नहेम्याह ३,** ३५
**नहेम्याह ४,** ४१
**नहेम्याह ७-१२,** ४०
**नहेम्याह १३,** ४०

**भजनसंग्रह १,** ७८, ७९, १००
**भजनसंग्रह ६,** ७६
**भजनसंग्रह ११,** ७६
**भजनसंग्रह १८,** ११४
**भजनसंग्रह २३,** २९, ७५
**भजनसंग्रह २५,** ७५
**भजनसंग्रह ३७,** ५७
**भजनसंग्रह ४६,** ८६
**भजनसंग्रह ११९,** १०, १७, २८, २९, ४१, ५३, ११३,

**हितोपदेश १,** ४०, ७६
**हितोपदेश २,** २०, ९७
**हितोपदेश ४,** ७५
**हितोपदेश १०,** २७, ७५
**हितोपदेश ११,** २७, ७७
**हितोपदेश १२,** ७५
**हितोपदेश १४,** २७
**हितोपदेश १५,** २७
**हितोपदेश २१,** ७६, ७७
**हितोपदेश २५,** २७
**हितोपदेश २६,** २८

**यशैया ४०,** २९

**यर्मिया २९,** २४, ६५

**आमोस ५,** ७७, ७८
**आमोस ७,** ७७

**ओबदिया,** ८

**मत्ती १,** ६५
**मत्ती ४,** ११
**मत्ती ५,** ५८, ११०, ११४, १३६
**मत्ती ६,** १६, १३९
**मत्ती १३,** १४, ४७, ७२
**मत्ती १८,** ८०
**मत्ती १९,** ८०
**मत्ती २१,** ३८
**मत्ती २२,** ३८, ३९, ११४
**मत्ती २४,** ११३
**मत्ती २६,** ९४, ९५
**मत्ती २८,** ३२, ७१, ११२

**मर्कूस १,** १७, १८
**मर्कूस २,** ३७, ३८
**मर्कूस ३,** ३८, ६९
**मर्कूस ४,** ४६, ५६
**मर्कूस ५,** ४६, ४८
**मर्कूस ६,** ५६
**मर्कूस ७,** ५६, १३७
**मर्कूस ८,** ५६
**मर्कूस ९,** १९
**मर्कूस १४,** ९४, ९५

**लूका १,** ८७, ९३
**लूका २,** ९४, ९५
**लूका ९,** ६९
**लूका १०,** ५६, ७३, १०१
**लूका १३,** ९६
**लूका १४,** ८९, १०७
**लूका १५,** ७३
**लूका १८,** ७४
**लूका २४,** २०, २१

**यूहन्ना १,** ९२
**यूहन्ना २,** ४४
**यूहन्ना ३,** ८७, ९२
**यूहन्ना ४,** ४४
**यूहन्ना ५,** ४४
**यूहन्ना ६,** ४५, ८९
**यूहन्ना ७,** ९२
**यूहन्ना ९,** ४५
**यूहन्ना ११,** ४५
**यूहन्ना १४,** २९, ८६, ९३
**यूहन्ना १५,** २६, २८
**यूहन्ना २०,** ४०, ४४, ४५

**प्रेरित १,** १८, २०, २२, २५, ४४, ७१, ९४, ९५, ९८
**प्रेरित १-७,** ४४
**प्रेरित २,** ७२, ११२
**प्रेरित ४,** ४१, ९४
**प्रेरित ५,** ७१
**प्रेरित ८,** २२, ५३
**प्रेरित ८-१२,** ४४
**प्रेरित ९,** ४१
**प्रेरित १०,** १३७
**प्रेरित ११,** ४१
**प्रेरित १२,** ४१
**प्रेरित १३-२८,** ४४
**प्रेरित १६,** ६९
**प्रेरित २४,** ८९, ९०, ९४, ९५

**रोमी १,** ८७
**रोमी १-११,** २५, ९५,
**रोमी २,** ९३
**रोमी ३,** १११
**रोमी ४,** ९८
**रोमी ६,** ३७, ५८, ९४, ९५, ११२
**रोमी ८,** २८, ८०, १३४
**रोमी ११,** १२२
**रोमी १२,** २४, २५, ७९, ८०, ८८, ८९, ९०, ९१, ९३, ९४, ९५, १०६, ११६
**रोमी १२-१५,** ७९
**रोमी १२-१६,** २५
**रोमी १४,** ९५
**रोमी १६,** ९५, १३१

**१ कोरिन्थी २,** १४
**१ कोरिन्थी ३,** २८
**१ कोरिन्थी ८,** ८१
**१ कोरिन्थी ९,** १०७
**१ कोरिन्थी १०,** ७२
**१ कोरिन्थी १३,** ३७, ९८
**१ कोरिन्थी १५,** ५९, ११२

**२ कोरिन्थी १,** २६
**२ कोरिन्थी ५,** २९
**२ कोरिन्थी ८,** ९०
**२ कोरिन्थी १०,** १२३
**२ कोरिन्थी १३,** ९०

**गलाती १,** ३९, ७०
**गलाती २,** १११
**गलाती ५,** २६, २८ , ३६ , १३४
**गलाती ६,** ९०

**एफिसी १,** २८, ४२ , ६९ , १३१
**एफिसी १-३,** ४२
**एफिसी ३,** १६, ६९, ११६, १३९
**एफिसी ४,** २६, ४२, ९२, १०१, १०२ , १०४
**एफिसी ५,** २७, ४२, ६६, ९५
**एफिसी ६,** ११, ४२, १३१,

**फिलिप्पी १,** ३९,
**फिलिप्पी ३,** ६४, ६६
**फिलिप्पी ४,** २९, १०२, १०३,

**कलस्सी १,** ६८
**कलस्सी २,** ६८
**कलस्सी ३,** १६, २६, ६८, १३४, १३९
**कलस्सी ३-४,** ६८
**कलस्सी ४,** ६८, १३१

**१ थेसलोनिकी ५,** ९०, ११३, ११६,

**२ थेसलोनिकी ४०,** २२

**१ तिमोथी १,** ६४
**१ तिमोथी ४,** १०३
**१ तिमोथी ६,** ५७, ६०,

**२ तिमोथी २,** ५९, १०४, ११९, १२६,
**२ तिमोथी ३,** ९, ११, ३३
**२ तिमोथी ४,** ६२

**तीतस २,** १०४
**तीतस ३,** १३१फिलेमोन, २४, ७०

**हिब्रू ४,** ११
**हिब्रू १०,** १३६
**हिब्रू ११,** ६४
**हिब्रू १२,** १०४, १३३, १३४

**याकूब १,** १३, १४, २९, ९८, ९९, १०२, १११
**याकूब २,** १११
**याकूब ३,** २७, ५८
**याकूब ४,** १०१

**१ पत्रुस १,** ११३
**१ पत्रुस २,** १०, १०७
**१ पत्रुस ५,** ६९, १३४

**२ पत्रुस ३,** ५८

**१ यूहन्ना १,** २७, ३०, ६५
**१ यूहन्ना २,** २८, ६५, १२२
**१ यूहन्ना ३,** ६५

**यहूदा,** १३०, १३१

**प्रकाश १,** ९६
**प्रकाश ३,** ८०
**प्रकाश ५,** ९६

# सूची


**अतिविश्वस्त,** ५५

**अनुभव,** १०९

**अनुवादक,** १०५

**अभ्यास,** ९७

**अर्थको शृङ्खला,** ८२

**अर्थहरूको शृङ्खला,** ८४

**अवलोकन,** ११, १२३

**आलङ्कारिक भाषा,** ७०, ८८

**उद्देश्यात्मक अभिव्यक्तिहरू,** २७

**ऐतिहासिक वा कालानुक्रमिक,** ४१

**ऐतिहासिक-सांस्कृतिक सन्दर्भ,** ५८

**कथन,** ६५

**कथन शृङ्खला,** ६६

**कथनहरू,** ६७

**कविता,** ६९

**गलत रूपले पढ्नु,** ५३

**चार्ट,** ४२

**चुनौतीहरू,** ५०

**जीवनी संरचना,** ३९

**जोड दिइएका,** ३७

**तर्क,** १०८

**तर्कसङ्गत,** ९५

**तुलना,** ८५

**तुलनाहरू,** २६

**दिशा परिवर्तन,** ३९

**दृष्टान्त,** ६७

**दोहोरिएका,** २५, ३८

**धर्मशास्त्रलाई तोडमोड गर्नु,** ५४

**पत्रहरू,** ६४, १२२

**परम्परा,** १०९

**परिपक्वता,** ८

**परिवेश,** १२

**पवित्र आत्मा,** १३

**पश्चात्ताप,** ९५

**पाठक,** ६०, ११६

**पारिभाषिक शब्दहरू,** ११

**पुन: वर्णन,** २०

**पुरानो करारको व्यवस्था,** १२६

**प्रश्न,** ३५

**प्रश्नहरू सोध्नु,** ७१, ७२

**प्रश्नहरू सोध्नुहोस्,** २०

**प्रार्थना,** १३, २८, ३३

**फलासिज्,** ८०

**फेरि पढ्नुहोस्,** ५३

**बङ्ग्याइएको,** ५५

**बाइबल अध्ययन,** ११८

**बाइबलका तीन लेन्सहरू,** १०८

**बाइबलका नक्साचित्रहरू,** ११५

**बाइबल टिप्पणीहरू,** ११८

**बाइबल पढाइ योजना पात्रोहरू,** १३१

**बाइबल पृष्ठभूमि,** ११९

**बाइबल मानचित्रहरू,** १३१

**बाइबल व्याख्याकारका पासोहरू,** ५३

**बाइबल शब्दकोश,** ८४

**बाइबल शब्दकोशहरू,** ११४, १३१

**बाइबल संक्षिप्त सन्दर्भ पुस्तिका,** ११५

**बाइबल संस्करणहरू,** ११६, १३१

**बाइबलीय लेखकहरू,** ६५

**बारम्बार,** २१

**बुद्धिको साहित्य,** ७१

**भविष्यसूचक साहित्य,** ७२

**भावनात्मक,** ३७

**भिन्नता,** ८५

**भिन्नताहरू,** २६

**भौगोलिक संरचना,** ४०

**मूल शब्दहरू,** ८०

**योजनाहरू,** २३

**लेखकहरू,** ६०

**वर्णनात्मक कथा,** ६६

**विरोधाभासहरू,** १०४

**विषयात्मक विचार,** ५४

**व्याकरण,** २३

**व्याख्या,** १२, ५१, ९४, १२४

**व्याख्यान,** ६३

**व्यावहारिक प्रयोग,** १२, १२४

**व्यावहारिक प्रयोगका प्रतिस्थापनहरू,** ९४

**शब्दको अर्थ,** ८५, ८६, ८८

**शब्दानुक्रमणिका,** ८२, ११४

**शर्त सहितका वाक्यांशहरू,** २८

**श्रव्य (अडियो) बाइबल,** १३१

**सतर्क हुनुहोस्!,** ५३

**सन्दर्भ,** ३२, ७२, ७५, ८५

**सन्दर्भ: ऐतिहासिक-सांस्कृतिक सन्दर्भ,** ६१

**सन्दर्भ: साहित्यिक सन्दर्भ,** ६२

**समानान्तरता,** ६९

**संरचना,** १२

**संरचना,** साहित्यिक, १२

**संवाद,** ३६

**सापेक्षवाद,** ५४

**सामान्य गल्तीहरू,** ७५, ८०, १०४

**सामान्यदेखि विशेष सम्बन्धहरू,** ३४

**साहित्यिक संरचना,** १२

**सोध्नुपर्ने प्रश्नहरू,** ६४, ९८

**सोध्ने प्रश्न,** ३२

**सोला स्क्रिप्टुरा,** १०८

**सोला स्क्रिप्टुरा (धर्मशास्त्रको पूर्णता),** १०

**हामीले प्रश्नहरू सोध्छौं,** ६५

# सेफर्ड्स
# ग्लोबल क्लासरूम
# पाठ्यपुस्तक

## धर्मसिद्धान्त सम्बन्धीको आधारभूत पाठ्यक्रमहरू

### ख्रीष्टियान विश्वासहरू

यो एउटा सुव्यवस्थित ईश्वरशास्त्रको पाठ्यपुस्तक हो जसले बाइबल, परमेश्वर, मानिस, पाप, ख्रीष्ट, मुक्ति, पवित्र आत्मा, मण्डली र अन्त्यका समयहरू बारेका ख्रीष्टियान धर्मसिद्धान्तहरूलाई वर्णन गर्छ ।

### रोमीको पुस्तक

यो पाठ्यपुस्तकले मण्डलीमा विवादित भएका थुप्रै मुद्दाहरूमाथि छलफल गर्दै रोमीको पुस्तकमा बताइएअनुसार मुक्तिको ईश्वरशास्त्र र मिसनहरूका बारेमा सिकाउँछ ।

### अन्तको दिनको सिद्धान्त

यो पाठ्यपुस्तकले बाइबलीय पुस्तकहरू, दानिएल र प्रकाशका साथै अगमवाणीका वचनहरूका अन्य खण्डहरूका बारेमा सिकाउँछ र यसले अत्यावश्यक धर्मसिद्धान्तहरू जस्तो कि ख्रीष्टको दोस्रो आगमन, अन्तिम न्याय र परमेश्वरको अनन्तको राज्यका कुराहरूलाई जोड दिन्छ ।

### पवित्र जीवनको धर्मसिद्धान्त र अभ्यास

यो पाठ्यपुस्तकले एउटा ख्रीष्टियानबाट परमेश्वरले गर्नुहुने अपेक्षा र उसलाई सशक्त गर्नुहुने पवित्र जीवनको बाइबलीय वर्णनलाई बताउँछ ।

### मण्डलीको धर्मसिद्धान्त र अभ्यास

यो पाठ्यपुस्तकले मण्डलीको सदस्यता, बप्तिस्मा, प्रभु-भोज, दशांस भेटी र आत्मिक नेतृत्व जस्ता बाइबलीय विषयहरू र मण्डलीको लागि परमेश्वरको परिकल्पना र योजनालाई व्याख्या गर्छ ।

## बाइबल सर्वेक्षणका पाठ्यपुस्तकहरू

### पुरानो करारको खोज

यो पाठ्यपुस्तकले पुरानो करारका ३९ वटा पुस्तकहरूका शिक्षाहरू र अत्यावश्यक विषयवस्तु सिकाउँछ ।

### नयाँ करारको खोज

यो पाठ्यपुस्तकले नयाँ करारका २७ वटा पुस्तकहरूका शिक्षाहरू र अत्यावश्यक विषयवस्तु सिकाउँछ ।

### बाइबलीय व्याख्याका नियमहरू

यो पाठ्यपुस्तकले हाम्रो जीवन र परमेश्वरसितको हाम्रो सम्बन्धलाई अगुवाइ गर्न बाइबललाई ठीकसँग व्याख्या गर्ने नियमहरू र विधिहरू सिकाउँछ ।

## सुसमाचार प्रचार र चेलापन पाठ्यपुस्तकहरू

### विश्वासको रक्षा (एपलोजेटीक) शास्त्रको परिचय

यो पाठ्यपुस्तकले संसारालाई हेर्ने ख्रीष्टियान दृष्टिकोणका लागि वैज्ञानिक, ऐतिहासिक र तात्त्विक आधारको बारेमा सिकाउँछ र तर्क तथा वास्तविकतासित ख्रीष्टियान विश्वास कसरी अनुरूप छ भन्ने देखाउँछ ।

### विश्वका धर्महरू र झुटा शिक्षाहरू

यो पाठ्यपुस्तकले इभान्जेलिकल विश्वासीलाई अठार वटा धार्मिक समूहहरूका शिक्षालाई बुझ्न र ठीकसँग प्रतिक्रिया दिन सिकाउँछ ।

### बाइबलीय सुसमाचार प्रचार र चेलापन

यो पाठ्यपुस्तकले सुसमाचार प्रचारका विधिहरूलाई मार्गदर्शन गर्ने बाइबलीय नियमहरू प्रस्तुत गर्छ । यसले सुसमाचारका स्वरूपहरूको वर्णन गर्छ र नयाँ विश्वासीहरूलाई चेला बनाउनमा उपयोगी पाठहरू प्रदान गर्छ ।

### आत्मिक निर्माण

यो पाठ्यपुस्तकमा विद्यार्थीहरूले येशुको मनोभाव राख्न, आफ्नो पितासँग येशु सम्बन्धित हुनुभए जसरी परमेश्वरसँग सम्बन्धित हुन, येशुजस्तै विनम्र हुन, येशुको आत्मिक र व्यक्तिगत अनुशासनहरू अभ्यास गर्न, येशुले जस्तै कष्ट भोगाइ सहन र येशुले निर्माण गर्नुभएको ख्रीष्टियान समुदाय (मण्डली)मा सहभागी हुन सिकाउँछ ।

### व्यावहारिक ख्रीष्टियान जीवन

यो पाठ्यपुस्तकले रुपैयाँपैसाको प्रयोगमा, सम्बन्धमा, वातावरणमा, राज्यसँगको सम्बन्धमा, मानव अधिकारमा र अन्य व्यावहारिक क्षेत्रहरूमा बाइबलीय नियमहरूलाई लागू गर्छ ।

### ख्रीष्टियान विवाह र परिवार

यो पाठ्यपुस्तकले जीवनका विभिन्न उमेरहरूमा हुने मानवीय विकासमाथि एउटा ख्रीष्टियान दृष्टिकोण दिन्छ र पारिवारिक भूमिकाहरू र सम्बन्धहरूमा बाइबलीय नियमहरूलाई लागू गर्छ ।

## ख्रीष्टियान अगुवापनका पाठ्यपुस्तकहरू

### सेवाकाइ प्रेरित अगुवापन

यो पाठ्यपुस्तकले अगुवाहरूलाई ख्रीष्टियान चरित्रलाई जोड दिँदै मूल्य-मान्यताहरू पत्ता लगाउने, उद्देश्यलाई महसुस गर्ने, दर्शन बाँडचूड गर्ने, लक्ष्यहरू निर्धारण गर्ने, रणनीतिको योजना बनाउने, त्यसमाथि कार्य गर्ने र सफलताहरू हासिल गर्ने जस्ता कामहरूद्वारा संस्थाहरूलाई नेतृत्व प्रदान गर्न सिकाउँछ ।

### येशुको जीवन र सेवाकाइ

यो पाठ्यपुस्तकले २१ औं शताब्दीमा सेवाकाइ र अगुवापनको एउटा नमूनाको रूपमा येशुको जीवनबारे अध्ययन गर्छ ।

### सञ्चारका नियमहरू

यो पाठ्यपुस्तकले संचार, प्रभावकारी उद्घोषका विधिहरू र बाइबलीय प्रवचन प्रचारको तयारी र प्रस्तुतिकरणका विधिहरूको ईश्वरशास्त्रलाई सिकाउँछ ।

### ख्रीष्टियान आराधनाको परिचय

यो पाठ्यपुस्तकले आराधनाले कसरी विश्वासीको जीवनका सबै पक्षहरूमा प्रभाव पार्छ भन्ने कुरा बताउँछ र व्यक्तिगत तथा सामूहिक आराधनाका अभ्यासहरूलाई अगुवाइ गर्न आवश्यक सिद्धान्तहरू दिन्छ ।

## मण्डली इतिहासका पाठ्यपुस्तकहरू

### मण्डली इतिहासको सर्वेक्षण १

यो पाठ्यपुस्तकले कसरी मण्डलीले आफ्नो मिसन पूरा गर्छ र अत्यावश्यक धर्मसिद्धान्तद्वारा प्रारम्भिक मण्डलीदेखि धर्मसुधारको समयसम्मको मण्डली सुरक्षित राख्यो भन्ने वर्णन गर्छ ।

### मण्डली इतिहासको सर्वेक्षण २

यो पाठ्यपुस्तकले मण्डलीको वृद्धि-विस्तार कसरी भयो र धर्मसुधारको समयदेखि आधुनिक समयसम्म के कस्ता चुनौतीहरूको सामना गर्‍यो भन्ने वर्णन गर्छ ।